# सामुदायिक रेडियो



# हाते किताब

(निर्देशिका)

Colin Fraser and Sonia Restrepo Estrada

UNESCO 2001

युनेस्कोद्वारा अंग्रेजीमा प्रकाशित यो पुस्तक विश्वका विभिन्न भाषामा प्रकाशित भएको छ। विनयकुमार कसजूद्वारा नेपालीमा अनुवाद गरिएको पुस्तक युनेस्को र नेपाल प्रेस इन्स्टिच्युट मिलेर सन् २००३ मा नेपाली भाषामा प्रकाशित गरिएको थियो । पुस्तकको मूल डिजाइन प्राप्त नभएकोले अनुवादकसँग भएको पाठ्य सामग्रीको पीडीएफ फाइल सर्वसुलभताकालागि वेबसाइट www.kasajoo.com मा राखिएको छ। सचित्र मूल डिजाइन प्राप्त भएभा मूल रूपमै राखिने छ। – अनुवादक।

# कृतज्ञता

उदारतापूर्वक सघाउनुहुने निम्नलिखित महानुभाव तथा संस्थाहरुप्रति हामी आभार तथा कृतज्ञता व्यक्त गर्छौं : सामुदायिक प्रसारकहरुको अन्तर्राष्ट्रिय संस्था (AMARC) का मारिया भिक्टोरिया पोलेन्को (Maria Victoria Polanco), सोफी ली (Sophie Ly), तथा एल्भिरा ट्रुग्लिया (Elvira Truglia) ; क्रिस्चियन कम्युनिकेसनका लागि अन्तर्राष्ट्रिय संगठन (WACC) का डेभिड सेन्क्स् (David Shanks) ; मालार्ड कन्सेप्ट लिमिटेडका मार्टिन एलार्ड (Martin Allard) ; युके कम्युनिटी मिडिया एसोसिएसनका लाविर हलेट (Lawrie Hallet) ; पाँच वटा परियोजना अध्ययनका लेखकहरु लुई एन. ताविङ (Louie N. Tabing), इयान प्रिंगल (Ian Pringle), एलेक्स र विल्ना क्वारमाइन (Alex and Wilna Quarmyne), जेन इब्राहिम (Zane Ibrahim) तथा एडम्स र ब्रुस गिरार्ड (Ms. Adams and Bruce Girard)।

लुई ताबिङलाई विशेष घन्यवाद छ । साँच्चैको सामुदायिक रेडियोको अवधारणा तयार पार्ने र व्यवहारमा उतार्ने काममा उहाँको अग्रगामी/नेतृत्वकारी भूमिका /अगुवाइ, यस विषयमा उहाँका अनगिन्ती लेख रचनाहरु यो हाते किताबमा परेका धेरैजसो सामग्रीका प्रेरणा बनेका छन् ।

# भूमिका

आमसंचारको अनुसन्धानमा धैरै काम भइसकेको छ । ती अनुसन्धानको नतिजाबाट संचारविदहरुले हमेसा एउटै निस्कर्ष निकालेका छन् । त्यो के भने त्यस्ता क्षेत्र, समुदाय र अल्पसंख्यक वर्गहरु धैरै छन् जसलाई आमसंचार माध्यमहरुले ती क्षेत्र, समुदाय र वर्गलाई चाहिने सूचना दिने, उनीहरुको विचार पोख्ने मौका दिँदैनन् । यो खाँचो पूरा गर्न ती क्षेत्र, समुदाय वा वर्गलाई केन्द्रित गरेर, उनीहरुको आवश्यकता अनुसार तयार परिएको, सानो आधारका स्थानीय संचार माध्यमहरु आवश्यकछन् भनेर उनीहरुले किटान गरेका छन् ।

वितेका दुई दशकमा युनेस्कोले सामुदायिक संचार माध्यमहरुका बारेमा धेरै अध्ययन गराइसकेकोछ र यस विषयमा पुस्तिकाहरु प्रकाशित गरिसकेको छ । युनेस्कोले सामुदायिक संचार माध्यमको बारेमा प्रकाशित गरेको पहिलो पुस्तिका फ्रान्सेस बेरिगानले लेखेको ***पहुँच : सामुदायिक संचार माध्यमका केही पश्चिमी ढाँचाहरु** (Access: Some Western Models of Community Media)* थियो । यो पुस्तिका १९७७ मा निस्केको थियो । १९८१ मा यो खोज विकासशील देशहरुतिर फैलियो र उनै लेखकले अध्ययन गरेर लेखेको ***सामुदायिक संचार - विकासमा सामुदायिक संचार माध्यमहरुको भूमिका** (Community Communication - the Role of Community Media in Development)* पुस्तिका प्रकाशित भयो । (रिपोर्टस् एण्ड पेपर्स अन मास कम्युनिकेसन श्रृंखलामा ९० औं प्रकाशन) । केही वर्षपछि पिटर लेविसले युनेस्कोको लागि ***शहरहरुमा जनताका लागि संचार माध्यम*** (१९८४) अध्ययन प्रतिवेदन तयार पारे । यसमा शहरी सामुदायिक संचार माध्यमहरुसँग संबंधित अनेकौं केस स्टडीहरु अर्थात् घटना र परिस्थितिहरुको अध्ययन र विश्लेषण तथा दुई वटा अनुसन्धान भेलाका निष्कर्षहरु प्रस्तुत गरिएका छन् ।

त्यसपछिका वर्षहरुमा, युनेस्कोले अफ्रिका (होमा बे, १९८२) र एशियामा (महावेली, १९८६ र ताम्बुली सामुदायिक रेडियोहरु, १९८२) सामुदायिक रेडियो स्थापना गर्न थाल्यो । सामुदायिक रेडियो बढाउने "आन्दोलन" को बारेमा १९९७ मा प्रकाशित ***युनेस्को विश्व संचार प्रतिवेदन*** (UNESCO World Communication Report) मा छापिएको छ ।

युनेस्कोको अवधारणा अनुसार सामुदायिक रेडियो निमुखा वा बोल्न नसक्ने सोझा सीधा मानिसहरुलाई बोली दिने अर्थात् बोल्न सघाउने माध्यम हो । यसले उपेक्षित जनताको मुखको रुपमा काम गर्छ । यो संचारको मुटु तथा समाजहरुमा प्रजातान्त्रिक प्रक्रिया हो । सामुदायिक रेडियोको माध्यमबाट नागरिकहरुले आफूसँग सरोकार राख्ने निर्णयहरुबारे आफ्नो विचार अरुसमक्ष पुर्‍याउँछन् । पारदर्शिता र असल शासन व्यवस्थाका विचारहरुले सामुदायिक रेडियो मार्फत नयाँ आयाम पाउँछन् अनि प्रजातन्त्र बलियो हुन्छ । विकासका विभिन्न विषयहरु, यसका अवसरहरु, अनुभवहरु, सीप र जनचासोका बारेमा समसामयिक र उपयोगी सूचना दिनसक्ने अदभूत क्षमताले गर्दा सामुदायिक रेडियोले गाउँले र शहरका सुविधा विहीनहरुको विकास प्रयासलाई तीब्रताका साथ अघिबढन सघाउँछ । श्रोताहरुको साक्षरता दरमा कमी र महिलाहरुलाई प्रचारको वस्तु र श्रोताको रुपमा मात्र होइन विकासमा सहभागीको रुपमा साथै मूल्यवान स्रोतको रुपमा संलग्न गराउनसक्ने क्षमताले गर्दा सामुदायिक रेडियो समुदायको विकासमा एउटा अत्यन्त प्रभावकारी साधन बन्छ । युनेस्कोको विशेष परियोजना *Women Speaking to Women community radio stations for the empowerment of women* ले यो कुरा स्पष्ट पारेको छ ।

मल्टिमिडिया र अनलाइन संचारको युगमा इन्टरनेटको बारेमा छलफल गर्न र यसको महत्व दर्शाएर माग बढाउने काममा सामुदायिक रेडियोको भूमिका झनझन बढेको छ । श्रीलंकाको कोत्मले इन्टरनेट रेडियोको प्रयोगले रेडियो स्टेसनले गाउँले समुदायमा इन्टरनेटको उपयोग बढाउन, भाषाको बाधा फुकाउन र पूर्वाधारको अभाव हटाउन सक्छ भन्ने साबित गरेको छ । रेडियोको उपयोग गरेर साथै श्रोताहरुको जिज्ञासा मेटाउन इन्टरनेट ब्राउज गर्दै त्यसबाट पाइएको सूचना र ज्ञान श्रोताहरुसँग बाँडचुँड गर्दै यो नयाँ अवसरले  पूरै समुदायलाई संलग्न र सबल बनाउँछ ।

यही पृष्ठभूमिमा यो हाते किताबले सामुदायिक रेडियोमा लागेका संचारका विभिन्न तह र फाँटमा काम गर्नेहरु, प्राविधिकहरु, अपरेटरहरु, कार्यक्रम उत्पादकहरुलाई आम जनतालाई उनीहरुको विकासका सरोकारका विषयहरु स्पष्ट पार्ने, समस्या समाधान गर्ने र एकआपसमा छलफल गर्ने काममा संलग्न गराएर समुदायको विकासका लागि सामुदायिक संचार माध्यमलाई बढी प्रभावकारी ढंगले उपयोग गर्न सघाउन सक्छ भन्ने मेरो विश्वास छ ।

यो हाते किताब संचार विशेषज्ञहरु र कार्यान्वयन कर्ताहरुको अनुभव र नयाँनयाँ चिन्तनमा आधारित छ । यसमा योगदान दिनेहरुको विशेष उल्लेख गर्न चाहन्छु :  घाना ब्रोडकास्टिङ कर्पोरेसनका पूर्व डाइरेक्टर अफ इन्जिनियरिङ स्व. जेक मिल्स जसले साउण्ड मिक्सरको मूल नमुना तयार गरे; युनेस्कोको मूल नमुना ट्रान्समिटरका डिजाइनर तथा इलेक्ट्रोनिक इन्जिनियर मार्टिन एलार्ड; अफ्रिकाका लागि पूर्व युनेस्को क्षेत्रीय संचार सल्लाहकार तथा अफ्रिकाको पहिलो सामुदायिक रेडियो होमा बेका परियोजना व्यवस्थापक एलेक्स क्वारमाइन; महावेली सामुदायिक रेडियोका परियोजना व्यवस्थापकका रुपमा काम गरेका युनेस्कोमा संचार नीति तथा अनुसन्धान शाखाका पूर्व प्रमुख कार्लोस अर्नाल्डो; युनेस्को संचार विकास विभागका इन्जिनियर जर्ज डुपोँ हेनियस; एशियाका लागि युनेस्को क्षेत्रीय संचार सल्लाहकार तथा कोत्मले इन्टरनेट रेडियो परियोजनाका योजनाकार विजयानन्द जयविरा; युनेस्को संचार तथा सूचना फाँटका क्वामे बोआफो; ताम्बुली सामुदायिक रेडियोका परियोजना व्यवस्थापक तथा "ग्रामीण प्रसारण" (Village on the Air) का योजनाकार लुई ताबिङ । यो पुस्तिका तयार पार्न आफ्नो समय तथा बहुमूल्य टिप्पणीहरु दिएर साथै विभिन्न व्यक्तिहरुको अनुभवलाई प्रकाशनको लागि एकै ठाउँमा मिलाइ दिने सोनिया रस्ट्रेपो र कोलिन फ्रेजरलाई धन्यवाद दिन चाहन्छु ।

क्लाउड ओन्डोबो<br>
उप सहायक महानिर्देशक<br>
संचार तथा सूचनाका तथा<br>
निर्देशक<br>
संचार विकास विभाग

# विषय सूचि

भूमिका

परिचय

हरेक समुदायले आफ्नै रेडियो स्टेसन चलाउन सक्छ

अध्याय १ : प्रसारण जगतमा सामुदायिक रेडियो

अध्याय २ : सामुदायिक रेडियोको स्वरुप र काम

अध्याय ३ : कानुनी पक्ष

अध्याय ४ : प्राविधिक पक्ष

अध्याय ५ : स्थापना र प्रारम्भ

अध्याय ६ : कार्यक्रमसम्बन्धी नीति

अध्याय ७ : समुदायिक प्रसारक

अध्याय ८ : घटना अध्ययन
- रेडियो ओलुटांगा (ताम्बुली परियोजना, फिलिपिन्स)
- रेडियो सगरमाथा, नेपाल
- रेडियो आदा, घाना
- बुस रेडियो, दक्षिण अफ्रिका
- रेडियो चागुआरुर्को, इक्वेडोर

# परिचय

संसारमा बीस हजारभन्दा धेरै रेडियो स्टेसनहरु छन् र दुई अरबभन्दा धेरै रेडियो सेट छन् । टेलिभिजन र अरु जटिल संचार प्रविधि आएपछि रेडियो हराउँछ भन्ने धारणा गलत साबित भएको छ । रेडियो निरन्तर फैलिरहेको छ । रेडियो तरंगहरु हाम्रो ग्रहका प्रायः सबै ठाउँमा पुग्छ । गरिबहरुका लागि यो मुख्य इलेक्ट्रोनिक संचार माध्यम हो किन कि जस्तै अनकण्टार ठाउँमा पनि रेडियो सुन्न सकिन्छ, अक्षर नचिनेकाहरुले पनि रेडियो सुन्न र बुझ्न सक्छन्, इलेक्ट्रोनिक संचार माध्यमहरुमध्ये प्रसारण गर्न र सुन्न वा प्रसारण गरेको कुरा ग्रहण गर्न रेडियो नै सबैभन्दा कम खर्चिलो हुन्छ ।

बितेका दुई दशकमा सामुदायिक रेडियो स्टेसनको संख्या र लोकप्रियता निक्कै छिटो बढेको छ । यसका कारणहरुमध्ये केही कारण यी हुन् : संसारका धेरै भागमा प्रजातन्त्र र विकेन्द्रीकरण बढ्नु; संचार माध्यमहरुलाई नियन्त्रण गर्ने ऐन कानुनहरु उदार हुनु र सरकारी निकायहरुबाट प्रसारणको एकाधिकार खुकुलो हुनु; तथा व्यापारिक रेडियो प्रसारणप्रति असन्तोष ।

सामान्य मानिसहरुले आफूलाई चाहिने उपयोगी ज्ञान र जानकारी पाए भने उनीहरुको सामाजिक तथा आर्थिक हैसियत बढ्छ भन्ने चेतना बढिरहेको कारणले गर्दा पनि सामुदायिक रेडियोको संख्या र लोकप्रियता द्रुत गतिले बढेको हो । खास गरी निमुखा, उपेक्षित र विपन्न वर्गका मानिसहरुले आफ्नो बारेमा आफैले निर्णय गर्न पाए र संचारका विभिन्न माध्यमहरुको उपयोग गरेर खुला छलफलमा भाग लिन पाए भने उनीहरु दबिएर वा निरीह भएर बाँच्नु पर्दैन । आफ्नो जीवन र जीविकासँग सरोकारका सबै विषयमा आफैले निर्णय गर्न थालेपछि उनीहरु आफै सक्रिय र संगठित भएर आफ्नो मदत आफै गर्छन् भन्ने कुरा स्पष्टै छ ।

## *हरेक समुदायले आफ्नै रेडियो स्टेसन चलाउन सक्छ*

एउटा सानो रेडियो स्टेसन चलाउनु मानिसहरुले ठानेजति जटिल र खर्चिलो हुँदैन । जुनसुकै समुदायले पनि आफ्नै रेडियो स्टेसन स्थापना गर्न सक्छ भन्ने कुरा धेरै देशका अनुभवहरुले देखाइसकेको छ ।

### *समुदायको इच्छा नै मूल कुरा हो*

कुनै पनि समुदायले आफ्नै रेडियो स्टेसन स्थापना गर्नका लागि सबैभन्दा मुख्य सर्त समुदायभित्र मिलेर काम गर्ने भावना र सामुदायिक चेतना हो । समुदायका सदस्यहरुमा सहकारिता वा मिलेर काम गर्ने र त्यसको लागि चाहिने खर्च वा स्रोत जुटाउने इच्छा हुनुपर्छ । साथै उनीहरुमा आफ्नो समुदायको उन्नतिको लागि आफ्नै रेडियो स्टेसन हुनुपर्छ भन्ने सबैको एउटै मतो र जाँगर हुनुपर्छ ।

सामुदायिक रेडियो स्थापना गर्ने निर्णयमा पुग्नुअघि समुदायले आफूलाई केकस्ता संचार आवश्यक छन् भन्ने कुरा केलाउनु पर्छ । साथै रेडियोले समुदायलाई चाहिने संचारको खाँचो कसरी पूरा गर्ला भन्ने पनि निधो गर्नु पर्छ । कृषि, स्वास्थ्य, शिक्षा आदि कुरामा सहयोग गरेर विकास गर्न खोज्नु विकासको चलनचल्तीको पद्धति हो । यो पद्धतिमा रेडियो स्टेसन स्थापना गर्नु सामान्यतया प्राथमिकताको सूचिमा नपर्न सक्छ । तर समुदायले आफ्ना आवश्यताहरु विस्तृत रुपमा विश्लेषण गरेर समुदायका समस्याहरु र उपेक्षित हुनुका कारणहरुबारे गहिरिएर सोच्यो भने त्यो समुदाय आफ्ना सदस्यहरुलाई साझा समझदारी र साझा लक्ष प्राप्त गर्न सघाउनका लागि समुदायलाई संचार प्रक्रियाहरुको खाँचो छ भन्ने

निष्कर्षमा पुग्छ । समुदायले आफ्नै रेडियो स्टेसन स्थापन गर्ने निर्णयमा पुग्नका लागि यो निष्कर्ष पहिलो कदम हो ।

*“सामुदायिक रेडियो एउटा सामाजिक प्रक्रिया वा घटना हो यसमा समुदायका सदस्यहरु आपसमा मिलेर कार्यक्रम परिकल्पना, उत्पादन र प्रसारण गर्छन् । यसरी आफ्नो भाग्य आफैले बनाउने पहिलो जिम्मा लिन थाल्छन् । यस्तो जिम्मा छिमेकमा भत्केको बार वा पर्खाल मरमत गर्नेजस्तो सामान्य काम पनि हुनसक्छ , वा सफा पानी कसरी उपयोग गर्ने अनि पानी कसरी शुद्ध राख्ने भन्ने अभियान समुदायभरि चलाउने पनि हुन सक्छ, वा चुनावमा नयाँ नेता छान्ने भनी चुनाव अभियान चलाउनु पनि हुनसक्छ ।*

*सामुदायिक संचार अर्थात रेडियोमा मुख्य जोड के कुरामा दिइन्छ भने यसको स्वमित्व प्रजातान्त्रिक विधिअनुसार समुदायका सदस्यहरुको हातमा हुन्छ र उनीहरुको विकासका लागि हुन्छ । यसको उपयोग समुदायको विकासको लक्ष हासिल गर्नको लागि गरिन्छ । हरेक अर्थमा यो सहभागितात्मक संचार हो । (उनीहरुको बारेमा अरु कसैले कार्यक्रम बनाउने होइन !) मुख्य कुरा यो एउटा सिंगो प्रक्रिया हो । यो एउटा प्रविधि मात्र होइन त न साधन मात्र हो , किनकि मानिसहरु पनि त्यो साधनका अंग हुन् । यस्तै सन्देश र श्रोता वा लक्षित समूह पनि समुदायका सदस्यहरु नै हुन् ।*

*सामुदायिक रेडियो यस्तो समुदायमा सबैभन्दा धेरै सान्दर्भिक तथा उपयोगी हुन्छ जुन समुदाय एउटा समुदायको रुपमा बाँचिरहेको र काम गरिरहेको हुन्छ । त्यस्तो समुदाय धेरै परिवार मिलेर बनेको हुनसक्छ, धेरै टोल वा छिमेकीहरु मिलेर बनेको हुनसक्छ, अथवा धेरै गाउँहरु वा समुदायहरु मिलेर बनेको पनि हुनसक्छ । तर सबैभन्दा महत्वपूर्ण कुरा के हो भने उनीहरुका बीच विचारको आदानप्रदान, छलफल वा अन्तर्क्रिया हुनुपर्छ । यसै कारण सामुदायिक रेडियोलाई म समुदायका सदस्यहरु एकअर्कासँग कुरा गर्ने र साझा लक्ष हासिल गर्नको लागि मिलेर काम गर्ने साधनको रुपमा लिन्छु ।”*

**कार्लोस ए. अर्नाल्डो**

***“प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता छ । यो अधिकार अन्तर्गत कुनै कुनै हस्तक्षेप बिना आफूले चाहेको मत राख्न वा विचार गर्ने स्वतन्त्रता सबैलाई छ । साथै कुनै पनि माध्यमद्वारा सूचना र विचार खोज्ने, प्राप्तगर्ने र बाँडने वा प्रसार गर्ने स्वतन्त्रता छ । यसलाई कुनै पनि प्रकारको सीमानाले छेक्न पाइँदैन ।”***

**मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १९, सूचनाको अधिकार खण्ड**

## समुदाय र संचार

*“मानिसहरु आफूसँग साझा रुपमा भएका कुराहरुले गर्दा समुदायमा बाँधिएका हुन्छन्; अनि उनीहरुले ती कुराहरु कसरी प्राप्त गर्छन् भन्ने तरिका वा पद्धति संचार हो ।”*

**जोन डेवी**, (१९१६), इन्टरनेसनल कम्युनिकेसन एसोसिएसन, (१९९८) द्वारा प्रकाशित पुस्तक "*कम्युनिटी, डेमोक्रेसी एण्ड नेबरहुड न्युज*" मा एलिजाबेथ ब्लेन्क्स हिन्डम्यानद्वारा उद्धृत ।

## आमसंचार माध्यम र विकास

*"विकासशील देशहरु ज्ञान र सूचनाका साथै सेवाहरुबाट एक्लिएका हुन्छन् । सबैभन्दा तल्लो तहमा, जनताले कुनै पनि प्रश्नमाथि विचार गर्नुभन्दा पहिले उनीहरुलाई यी कुराहरुको पूरा जानकारी हुनुपर्छ : अल्पकालीन प्रभाव र दीर्घकालीन स्वाभाविक परणाम, एउटा क्षेत्रमा लिइएको निर्णयले कसरी भविष्यको योजनामा प्रभाव पर्छ । संचार माध्यमहरुले यी जानकारीहरु उपलबध गराउन सक्छन् ।"*

**फ्रान्सिस जे. बेरिगान,**
*"कम्युनिटी कम्युनिकेसन - द रोल अफ कम्युनिटी मिडिया इन डेभ्लपमेण्ट",*
नं. ९०, युनेस्को, (पेरिस, १९८१)

## श्रोताहरु न्यायाधीश हुन्

*"दुर्भाग्यवश व्यावसायिक भनाउँदा रेडियो कार्यक्रम उत्पादकहरुले उत्पादनका केही कलात्मक गुणस्तर निर्धारण गरेका छन् । यसले सामान्य गाउँलेहरुलाई त्रसित पार्नसक्छ । विडम्बना के छ भने व्यावसयिक भनिने उत्पादनहरु अनुभवहीन गाउँलेहरुले बनाएका कार्यक्रमसँग दाँजिन/प्रतिस्पर्धा गर्न सक्तैनन् । आखिरमा, कार्यक्रमको मूल्यांकन गर्ने न्यायाधीशहरु श्रोताहरु नै हुन भन्ने कुरा व्यावसायिकहरुले बिर्सन्छन् ।"*

**मार्टिन एलार्ड**, *"अन द एयर ... द डेभ्लपमेन्ट अफ कम्युनिटी रेडियो"*
युनेस्को सोर्सेस, नं. २१, (१९९०)

## रेडियोसँग नडराउनुस्

*"रेडियो उपयोग गर्न कोही पनि डराउनु पर्दैन । मैले झण्डै चौथाइ शताब्दीसम्म प्रसारकको काम गरेँ । मलाई रेडियोको इलेक्ट्रोनिक पक्षबारे केही पनि थाहा छैन । मेरो स्वर कसरी स्टुडियोमा प्रशोधन भएर सैकडौं किलोमिटर टाढा बस्ने परिवारको रेडियो सेटमा सुनिन्छ भन्ने कुरा म अहिले पनि भन्न सक्तिन ।"*

**लुइस ताबिङ**, युनेस्को/डानिडा ताम्बुली परियोजना, फिलिपिन्स

*रेडियो कार्यक्रम बनाउन जादुगरी सीप चाहिँदैन*

रेडियो स्टेसनको चाँजोपाँजो मिलाउने अर्थात् व्यवस्थापन गर्ने र कार्यक्रम बनाउने काम कुनै खास समुदायले गर्नै नसक्ने वा सिक्न नसक्ने कुरा होइन । व्यापारिक र सरकारी रेडियो सुन्ने बानीले गर्दा धेरै मानिसलाई रेडियोमा प्रसार गरिने कार्यक्रमको शैली र व्यावसायिक स्तर त्यस्तै हुनुपर्ने रहेछ भन्ने छाप परेको छ । ती स्टेसनले प्रसारण गर्नेभन्दा कम औपचारिक तथा सहज तरिकाले उपयोगी र प्रभावकारी कार्यक्रम बनाउन सकिन्छ भन्ने उनीहरुले विचार गर्दैनन् । न त उनीहरु कुनै पनि आमसंचार माध्यमबाट दिइने कार्यक्रमको उपयोगिता र प्रभाव तिनको औपचारिक गुणमा होइन श्रोतालाई कत्तिको काम लाग्छ वा तिनको सान्दर्भिकतामा भर पर्छ भन्ने कुरा महसुस गर्छन् ।

यो भनाइको अर्थ कार्यक्रमको बनावट र प्राविधिक स्तरको हिसाबले कार्यक्रमको गुणस्तरको महन्व हुँदैन भनेको होइन । उदाहरणका लागि, रिकर्ड गर्ने उपकरणहरु ठिकसँग चलाउन जानेन भने त्यसरी बनेका कार्यक्रमको ध्वनि यति कमसल हुन्छ कि बुझ्नै गाह्रो हुन्छ । जे भए पनि, सामुदायिक रेडियो संचालनको अनुभवले के देखाएको छ भने यदि मानिसहरु उत्प्रेरित र उत्साहित भए भने केही साताको तालिमबाटै प्रसारणको लागि चाहिने न्युनतम गुणस्तर हासिल गर्न सकिन्छ । अनि काम गर्दै जाँदा उनीहरुको सीप उल्लेखनीय गतिले बढ्छ । चाँडै नै उनीहरु सन्तोषजनक स्तरको काम गर्न थाल्छन् ।

*खर्च र प्रविधिले छेक्दैन*

सामुदायिक रेडियोको लागि चाहिने उपकरणहरु बलिया हुन्छन् र मरमत संभार गर्न सजिलो हुन्छ । यसको लागि सुरुमा केही तालिम भए पुग्छ । प्रसारण इन्जिनियरको सहायता लिनु पर्दैन । यसको खर्च पनि निरन्तर घटिरहेको छ । एउटा सामान्य सामुदायिक रेडियो स्टेसनको लागि चाहिने उपकरणलाई सामान्यतया २०,००० अमेरिकी डलरजति पर्छ । अति सानो क्षेत्र र स्तरको प्रसारणको लागि चाहिने सबै सामान बाकस वा सुटकेसमा पनि आउँछ । १६ किलो जति तौलको सुटकेसभित्र पाँच वाटको ट्रान्समिटर, छ च्यानलको अडियो मिक्सर, दुइटा सीटी प्लेयर, दुइटा क्यासेट टेपरेकर्डर/प्लेयर र एउटा एन्टेना हुन्छ । यसको जम्मा मोल ३,००० अमेरिकी डलर पर्छ ।

बेट्री नचाहिने घामले चल्ने एफएम रेडियो सुन्ने सेटहरु पनि पाइन्छन् । कुनैले बेट्री चार्ज पनि गर्छन् । घाम नलागेको बेलामा हातले दम दिएर चलाउन पनि सकिन्छ । दुई मिनेट दम दियो भने आधा घण्टासम्म रेडियो सुन्न सकिन्छ ।

सामुदायिक रेडियोको लागि चाहिने उपकरणहरु उत्पादन गर्दा जडान गर्न चलाउन र मरमत सम्भार गर्न सजिलो होस् भन्ने विचार गरेर बनाइन्छ । यस्ता उपकरण चलाउन सिक्ने र आफै पनि बनाउने र मरमत गर्ने काममा स्थानीय जनताले कहिले काहीँ अनौठोको खुबी देखाउँछन् । उदाहरणका लागि, केप भर्डेको एउटा टापुमा युनेस्कोले स्थानीय प्राविधिकहरुलाई एउटा ट्रान्समिटर जडान गर्न सघायो । तर ती प्राविधिकहरु यति उत्सुक र उद्यमी थिए कि पछि उनीहरु आफैले तीन वटा मुख्यमुख्य टापुहरुमा स्थापना गर्न थप दुइटा ट्रान्समिटर बनाए, जब कि उनीहरुलाई मुस्किलले एउटा स्टेसनको लागि चाहिने सामन दिइएको थियो । यस बाहेक, उनीहरुले ती तिन वटा स्टेसनहरुबीच एक आपसमा सम्पर्क गराइ दिए । दूरीको हिसाबले ती स्टेसनहरु बीच सम्पर्क जोडनु असम्भव देखिन्थ्यो । यसरी उनीहरुले ती स्टेसनहरुबीच जटिल प्रसारण समय तालिकामा कार्यक्रम बाँडेर प्रसारण गर्ने नेटवर्क स्थापना गरिदिए ।

# अध्याय १ : प्रसारण जगतमा सामुदायिक रेडियो

**यो अध्यायमा प्रसारणको परिदृश्यमा सामुदायिक रेडियोको स्थानबारे वर्णन गरिएको छ साथै प्रचलित जनसेवी वा व्यापारिक प्रसारणको तुलनामा सामुदायिक रेडियोले कसरी बेग्लै तरिकाले काम गर्छ भन्ने कुरा स्पष्ट पारिएको छ। संचारको बढ्दो विश्वीकरणको सन्दर्भमा सामुदायिक रेडियोको महत्वबारे तर्क प्रस्तुत गरिएको छ।**

**सामुदायिक रेडियो सुरु भएयता झण्डै पचास वर्षदेखिको यसको विकास (evolution)लाई केलाइएको छ र प्रसारण माध्यमको सन्दर्भमा  यसको स्वामित्वको ढाँचा, प्राविधिक विकास, र प्रजातन्त्रीकरण र विकेन्द्रीकरणतर्फको यसको प्रवृत्तिमाथि प्रकाश परिएको छ।**

**यसबाट पाठकहरूले निम्नलिखित कुराहरू थाहा पाउने छन् :**

- **अरु खालका रेडियो प्रसारणको तुलनामा सामुदायिक रेडियोको विशेषता**
- **संचार विश्वीकरणतिर उन्मुख स्थितिमा सामुदायिक रेडियोको स्थान र महत्व**
- **सामुदायिक रेडियोको पृष्ठभूमि, यससँग सम्बन्धित केही स्थलगत अनुभवहरू र यसको विकासलाई निर्धारित गर्ने तत्वहरू**

**यो सैद्धान्तिक ढाँचाले यसपछिका अध्यायहरूमा सिकाइने व्यावहारिक ज्ञान र सीपका लागि दीगो आधार तयार पार्छ।**

रेडियो प्रसारणलाई सामान्यतया तीन वर्गमा बाँड्न सकिन्छ :

**जनसेवी प्रसारण** सामान्यतया सरकारको स्वामित्वमा रहेको वा सरकारी सहायताले चल्ने निकायले संचालन गर्छ। यसका प्रसारण नीति र कार्यक्रमहरू प्रायः कुनै काउन्सिल वा ऐनकानूनमा व्यवस्था गरिएको प्राधिकरणजस्तो सरकारी निकायले नियन्त्रण गर्छ। नागरिकहरूलाई र समग्रमा समाजलाई सूचना, शिक्षा र मनोरंजन दिने तथा सरकार, राजनीतिक दल वा अरु कसैको हस्तक्षेप बिना प्रसारण गराउने काम उक्त निकायले गर्छ। प्रसारणको लागि चाहिने खर्चको धेरै भाग श्रोताहरूले रेडियो सेट राखेबापत तिर्ने कर वा लाइसेन्स फीबाट जुटाइन्छ।

**व्यापारिक वा निजी प्रसारण**ले मुख्य रूपमा विज्ञापनबाट नाफा कमाउनका लागि डिजाइन गरिएको कार्यक्रम प्रसारण गर्छ। यसको स्वामित्व र नियन्त्रण व्यक्तिगत वा व्यापारिक संस्थाको हातमा हुन्छ।

**सामुदायिक प्रसारण** नाफा नकमाउने सेवा हो। यसको स्वामित्व कुनै समुदाय विशेषको हातमा हुन्छ र समुदायले नै यसको व्यवस्थापन गर्छ। यो काम प्रायः एउटा गुठी, संस्थान, वा संगठनको माध्यमबाट गरिन्छ। यसको उद्देश्य समुदायको सेवा गर्नु र समुदायलाई फाइदा पुऱ्याउनु हो। प्रभावको हिसाबले यो जनसेवी प्रसारणकै एउटा प्रकार हो , तर फरक के छ भने जनसेवी प्रसारणले पूरै राष्ट्रको हित हुने कार्यक्रम प्रसारण गर्छ भने यसले समुदायको हितका लागि काम गर्छ। साथै, यो मुख्यतया समुदायमा उपलब्ध स्रोत साधनमा निर्भर हुन्छ, हुनैपर्छ। समुदाय भनेको त्यस्ता मानिसहरूको जमात हो जसको स्वभाव वा गुण तथा हित साझा हुन्छ। साझा हित वा भलाइका कुराहरू यी कुराहरूमा आधारित हुनसक्छन् :

- एउटा साझा भौगोलिक क्षेत्र अर्थात् एउटै शहर, गाउँ वा छिमेकमा बस्ने ।
- एकै थलो वा प्रणालीअन्तर्गत व्यापार, बजार, वस्तु तथा सेवा विनिमयको हिस्सेदार भएर आर्थिक तथा सामाजिक जीवन बिताउने ।

दुर्भाग्यवश, प्रसारणलाई तीन प्रकारमा गरिएको वगीकरण जति स्पष्ट भए पनि व्यवहारमा त्यति स्पष्ट छैन, किनकि ती तीन किसिमका प्रसारणहरूको काम फरक भए पनि व्यवहारमा एकले अर्काको काम गरिरहेका वा एउटैले तीनवटाको भूमिका खेलिरहेका हुनसक्छन् । उदाहरणका लागि, स्थानीय व्यापारिक रेडियोले सामुदायिक सेवाको कार्यक्रम पनि प्रसारण गरिरहेको हुनसक्छ । कुनै गैरसरकारी संस्था, जस्तै कुनै धार्मिक संस्थाले पनि यस्ता सामुदायिक हितको कार्यक्रम प्रसारण गर्नसक्छ । अनि, सरकारको स्वामित्वमा रहेका जनसेवी प्रसारणहरू विकेन्द्रित हुँदै स्थानीयस्तरमा पुग्ने र आफ्नो वरिपरिका समुदायहरूको लागि कार्यक्रम प्रस्तुत गर्ने प्रवृत्ति बढिरहेको छ ।

अहिलेसम्म सामुदायिक रेडियोको एउटै परिभाषा वा विवरण तयार नभएकोमा आश्चर्य मान्नुपर्ने कुरा छैन । सानास्तरका रेडियो प्रसारणहरूलाई कतै “स्थानीय”, कतै “वैकल्पिक”, कतै “स्वतन्त्र” वा “मुक्त” रेडियो भनेर नामाकरण गरेर यो वर्गीकरणलाई झन् जटिल बनाउने काम भएको छ । ती कुनै पनि नाम सार्थक छैनन् । उदाहरणका लागि, “स्थानीय रेडियो ” भन्नाले सरकारी रेडियो नै विकेन्द्रित भएर स्थानीय स्टेसनबाट प्रसारण गरेको पनि बुझिनसक्छ । यसको आसय सानासाना व्यापारिक स्टेसन पनि हुनसक्छ । रेडियोको सन्दर्भमा “वैकल्पिक” वा “स्वतन्त्र” जस्ता नाम मूलधारको आमसंचार माध्यमको विकल्प तथा सरकारी स्वामित्व र नियन्त्रणबाट मुक्त भनी सामान्यतया मानिए तापनि ती नाम सार्थक छैनन् ।  तर्क गर्ने हो भने तिनले सामुदयिक रेडियो भन्ने जनाउँछन् तर वास्तवमा तिनले अनिवार्य रूपमा त्यही अर्थ बोक्छन् भन्न सकिन्न ।

अहिलेसम्म बनाइएका सामुदायिक रेडियोका परिभाषाहरूले धेरै अर्थ समेट्छन् । “जनताद्वारा र जनताका लागि रेडियो” जस्तो सरल र मन छुने वाक्यांशलाई ती परिभाषाहरूको सारको रूपमा प्रायः प्रयोग गर्ने गरिन्छ । कुनै पनि प्रसारण सेवा साँच्चैको सामुदायिक रेडियो कहलिनको लागि यो वाक्यांशले आवश्यक सैद्धान्तलाई राम्ररी समेट्छ । पहिलो कुरा यो समुदायले संचालन तथा व्यवस्थापन गरेको हुनुपर्छ । दोस्रो कुरा यो समुदायको सेवाको लागि हुनुपर्छ ।

यी दुई सिद्धान्तलाई कडाइकासाथ लागू गर्दा के हुन्छ भने नाफा कमाउने उद्देश्यरहित गैरसरकारी संस्थाहरूको स्वामित्वमा रहेका र उनीहरूले संचालन गर्ने रेडियो स्टेसनहरू, तिनका अधिकांश कार्यक्रम सामुदायिक विकासको उद्देश्यले प्रसारण गरिएतापनि, माथिको अर्थअनुसार सामुदायिक रेडियोको श्रेणीमा नपर्नसक्छन् । धार्मिक संस्थाहरूले संचालन गर्ने धेरै प्रसारण सेवाहरूमा यही कुरा लागू हुन्छ । तर व्यवहारमा भने सामुदायिक रेडियो भन्ने शव्दावलीले प्रायः यसप्रकारका स्टेसनहरूलाई समेत समेट्ने गरेको छ । यसको एउटा उदाहरण *रेडियो मारिया* हो । यसको प्रारम्भ उत्तरी इटलीको एउटा इलाका -पारिस - जिल्लाको एक भाग जसको आफ्नै गिर्जाघर र पादरी हुन्छ ) बाट सन् १९८३ मा भएको थियो । हाल यसले सम्पूर्ण इटलीमा प्रसारण गर्नुका साथै अरु २१ देशमा यसका स्टेसनहरू फैलिएका छन् । तर यसले समाज सेवा र सामुदायिक विकासका धेरै काम गर्छ । यसमा धेरै स्वयंसेवकहरूले काम गर्छन् तथा श्रोताहरूले निरन्तर सहयोग गरिरहन्छन् ।

वास्तविक सामुदायिक रेडियो कस्तो हुनुपर्छ भन्ने बारेमा उत्पन्न भ्रमलाई शायद तलको उद्धरणलाई मनन गर्‍यौं भने राम्ररी बुझ्नसकिन्छ कि । सामुदायिक रेडियोलाई व्यापारिक वा जनसेवी रेडियोबाट छुटयाउने कुरालाई यसले दार्शनिक दृष्टिकोणबाट हेरेको छ । “सामुदायिक रेडियोले के कुरामा जोड दिन्छ भने यो व्यापारिक होइन र यसले जनसेवी प्रसारणले झैँ उपदेश दिने र नियन्त्रण गर्ने

मानसिकताले काम गर्दैन ।.... मूल भिन्नता के हो भने व्यापारिक तथा जनसेवी प्रसारणले श्रोताहरूलाई विज्ञापनका उपभोक्ता वस्तु वा सुधारिनु पर्ने तथा सूचित गरिनु पर्ने कामको रूपमा व्यवहार गर्छन् भने सामुदायिक रेडियोले आफ्ना श्रोताहरूलाई कर्ता तथा सहभागीको रूपमा व्यवहार गर्छ ।" (पी.एम.लेविस तथा जे बूथ, द इन्भिजिबल मिडियमः पब्लिक, कमर्सियल एण्ड कम्युनिटी रेडियो, म्याकमिलन (लण्डन, १९८९)

जनसेवी तथा व्यापारिक प्रसारण दुबैलाई उपदेशकर्ता वा अह्राउने सिकाउने काम गर्ने रेडियोको श्रेणीमा राख्नु, उल्लेखनीय कुरा हो किन भने ती स्टेसनहरूले तथाकथित सामुदायिक सेवा कार्यक्रम प्रसारण गर्दा पनि  त्यही उपदेशकारीको भूमिका खेलिरहेका हुन्छन् । यो कुरा सामुदायिक रेडियो कार्यक्रमको सहभागितामूलक भावनाको उल्टो हो ।

**सिद्धान्तको घोषणा**

*"सामुदायिक रेडियोले आफू जुन समुदायको सेवा गर्नका लागि जन्मेको हो त्यही समुदायको सामाजिक परिवर्तनको पक्षमा प्रगतिशील ढंगले विकासमा योगदान दिँदै समुदायका आवश्यकताहरू पूरा गर्छ । सामुदायिक रेडियोले आफूले काम गर्ने समुदायलाई मिल्ने गरी विविध प्रकारले समुदायको सहभागिता गराएर संचारको  प्रजातन्त्रीकरण गर्न सघाउँछ ।"*

**– सामुदायिक प्रसारकहरूको विश्व संगठन (AMARC), १९८८ ।**

**एउटा परिभाषा**

"रेडियो स्टेसन कसको स्वमित्वमा छ वा कसले संचालन गर्छ, कस्तो खालको कार्यक्रम प्रसारण गर्छ अनि कुन समुदायका लागि काम गर्छ भन्ने आधारमा सामुदायिक रेडियोको पहिचान हुन्छ । यसको स्वामित्व र नियन्त्रण नाफा नकमाउने संस्थाको हातमा हुन्छ । त्यस्तो संस्थाको संरचना वा गठन यसरी गरिएको हुन्छ जसमा व्यापक संख्यामा समुदायका सदस्यहरू सदस्य बन्नसक्छन् र संस्थाको व्यवस्थापन तथा संचालनका साथै कार्यक्रम बनाउने काममा समुदायका सदस्यहरूलाई प्राथमिकता दिएर संलग्न गराइन्छ । यसका कार्यक्रमहरू समुदायको पहुँच तथा सहभागितामा आधारित हुनुपर्छ साथै जुन श्रोता समुदायको लागि यसले इजाजत पाएको हो त्यही श्रोता समुदायको चासो र खाँचोहरूलाई स्पष्ट पार्ने कार्यक्रम प्रसारित गर्नुपर्छ ।"

– इन्डिपेन्डेन्ट रेडियो एण्ड टेलिभिजन अफ आयरलैण्ड, १९८८

**रेडियो कार्यकर्ताको बिचारमा रेडियो सर्वसाधारणको लागि हो**

*"रेडियो भनेको मानिस मानिसबीच कुराकानी मात्रै हो । ताम्बुली स्टेसनहरूले त केवल मानिसहरूलाई अलि धेरै र टाढाका श्रोताहरूसँग कुरा गर्ने तथा उनीहरूको प्रत्यक्ष सरोकारका विषयहरूमा धेरै किसिम र क्षेत्रका विचारहरू सुन्ने/बुझ्ने अवसर बढाइ दिएको छ ।"*

– लुइस ताबिङ, युनेस्को/डानिडा ताम्बुली प्रोजेक्ट, फिलिपिन्स ।

**समुदायको स्वामित्व र व्यवस्थापन**

“सामुदायिक रेडियो कहलिन योग्य हुनका लागि यसको स्वामित्व र नियन्त्रण, यसले जुन समुदायको सेवा गर्ने दावी गर्छ, निर्विवाद तथा प्रत्यक्ष रूपमा त्यही समुदायको जिम्मामा हुनुपर्छ ।”

– जेने इब्राहिम र मिस एडम्स, बुस रेडियो ८९.५ एफएम । (घटना अध्ययन हेर्नुस्)

*आमसंचार माध्यमहरूको विश्वीकरणको सन्दर्भमा सामुदायिक रेडियो*

हालका वर्षहरूमा आमसंचार माध्यमहरू (मिडिया) को विश्वीकरणको प्रवृत्ति बलियो भएको देखिएको छ । व्यापारिक चरित्रका विशाल मिडिया उद्योगहरू जन्मेका छन् र तिनले आफ्ना कार्यक्रमहरू विश्वभरि फैलाउने काम लगातार बढाइरहेको छन् । केही देशहरू मिडिया उत्पादनका सफल उत्पादक केन्द्र बनेका छन् । विशेष गरेर तिनले मनोरंजन कार्यक्रमहरू उत्पादन गर्छन् र ती उत्पादनलाई विश्वभरिका टीभी च्यानलहरूलाई बेच्छन् । संयुक्त राज्य अमेरिकाबाट उत्पादन हुने सोप अपेराहरू यसका स्पष्ट उदाहरणहरू हुन् । (प्रायः सबै टेलिभिजन स्टेसनहरूले नियमित रूपमा प्रसारण गर्ने नाटक, टेलिसिरियलहरू जसमा समाजको कुनै विशेष वर्गका मानिसहरूको स्वभाव र समस्यालाई चित्रित गरिएको हुन्छ । यस्ता कार्यक्रहरूलाई विशेष गरी साबुन उत्पादकहरूले विज्ञापन गर्न प्रायोजन गर्ने हुनाले सोप अपेरा भनिएको हो ।) तैपनि, श्रोता सर्वेक्षणले के देखाएको छ भने मानिसहरू बाहिरबाट ल्याइएका कार्यक्रम भन्दा आफ्नै सांस्कृतिक परिवेशमा बनेका कार्यक्रमहरू हेर्न रुचाउँछन् । यही कारणले गर्दा विशाल आकारका व्यापारिक मिडियामा बजारमा ब्राजिल, चीन, इजिप्ट, भारत, इन्डोनेसियाजस्ता विकासशील देशहरूमा बनेका मिडिया उत्पादनहरूको खपत वा विक्री वितरण निक्कै बढिरहेको छ ।

एकातिर केही मानिसहरूले मिडियाको विश्वीकरणले स्थानीय संस्कृतिलाई विकृत बनाउँछ भन्ने तर्क गर्छन् भने अर्कोतिर विश्वव्यापी (global) मिडियाले समग्र रूपमा विश्वकै चेतना बढाउँने हुनाले यसले फाइदा गर्छ भन्नेहरू पनि छन् । उनीहरूले विश्वव्यापी मिडिया र सामुदायिक मिडियालाई एकअर्काको पूरकको रूपमा लिन्छन्, एउटाले गर्न नसक्ने काम अर्कोले गर्छ भन्छन् । वास्तवमा यही भईराखेको छ पनि ।

परिभाषाको हिसाबले विश्वव्यापी मिडिया व्यापारिक हुन्छन् । तिनीहरूले विज्ञापनको बजार पाउनका लागि विशाल संख्यामा दर्शकहरूलाई आकर्षित गर्नुपर्ने हुन्छ । यसैले तिनीहरूले दर्शकको भावनालाई भजाउन सफलतापूर्वक प्रयोग भइसकेका बनिबनाउ सूत्र वा फर्मुलाहरू उपयोग गरेर सकेसम्म धेरै दर्शकहरूको भावना वा संवेदनालाई सन्तुष्ट पार्ने खालका कार्यक्रम प्रसारण गर्ने कोशिस गर्छन् । मनोरंजनलाई नै रोजाइको एकमात्र आधार मानेर निर्माण गरिने यस्ता कार्यक्रमहरू बजारको आधारमा आफैले आफैलाई सेन्सर गरेर बनाइने हुनाले यस्ता कार्यक्रमहरूमा विविधताको कमी हुन्छ । जे भएपति, समाचार तथा ताजा घटनाहरू प्रसारण गरेर सरकारलाई अप्ठ्यारोमा पार्नुको सट्टा मनोरंजन कार्यक्रमहरूमा आफूलाई सीमित राखेका हुनाले सरकारहरूले यस्ता निजी प्रसारकहरूबाट अप्ठ्यारो महसुस गर्दैनन् । यसै कारण निजी प्रसारकहरूले तयार पार्ने कार्यक्रमहरूमा सामाजिक-राजनीतिक विषयहरू अपर्याप्त ढंगले समेटिएका हुन्छन् वा जानीजानी बेवास्ता गरिएका हुन्छन् ।

यो स्पष्टै छ कि आफ्नो गुण/स्वभाव तथा आफू जन्मेको हुर्केको परिवेशले गर्दा व्यापारिक तथा विश्वव्यापी मिडियाले उनीहरूले प्रसारण गर्ने देशहरूको सामाजिक-आर्थिक तथा विकासका आवश्यकताहरू पूरा गर्न सक्तैनन् । व्यापारिक टेलिभिजनहरूले दिने अति मनोरंजनले गर्दा जनसेवी

प्रसारणहरूको क्षमताको बेग्लै ढंगले पुनर्मूल्यांकन गरिनुपर्ने आवाज बेलाबेलामा उठने गरेको छ । जनसेवी प्रसारणहरूले स्तरीय कार्यक्रम दिनुपर्ने र दर्शकहरूका लागि धेरै विकल्प वा रोजाइ तथा पहुँच हुनुपर्ने माग बढिरहेको छ । मिडियाको प्रजातन्त्रीकरण गर्ने कामलाई व्यापक बनाएर समुदायको स्तरमा पुऱ्याउनु यो दिशामा एउटा सही/तर्कपूर्ण कदम हो । यसका लागि मिडियासमक्ष समुदायको पहुँच अनिवार्य हुन्छ ।

यसका साथै, सामुदायिक रेडियोले आफूले काम गर्ने समुदायको सांस्कृतिक सन्दर्भमा काम गर्छ । यसले स्थानीय विषय वा समस्याहरूलाई स्थानीय भाषाहरूमै समेट्छ । यसले स्थानीय समस्या र चासोसँग सरोकार राख्छ । अनि यसको लक्ष हो समुदायलाई सामाजिक, सांस्कृतिक तथा आर्थिक विकास गर्न सघाउनु । यो कुरा विश्वव्यापी मिडियाको कामको विपरीत मात्र होइन, केन्द्रिकृत, शहरमुखी राष्ट्रिय मिडियाको विपरीत काम पनि हो । ग्रामीण समुदायहरूका वास्तविकताहरूभन्दा प्रायः टाढा रहने हुनाले जनसेवी प्रकृतिका मिडियाहरू पनि सामुदायिक मिडिया भन्दा बेग्लै हुन्छन् ।

**सामुदायिक मिडियाप्रति व्यापारिक मिडियाको वैमनस्य**

"मूलधारका व्यापारिक मिडियाले सामुदयिक मिडियाबारे नकारात्मक धारणा पाल्ने काम जारी छ । समुदायका आवश्यकताहरू पर्याप्त मात्रामा पूरा गर्न सक्ने कुरामा उनीहरू ढुक्क छन् । एकअर्कालाई हटक गर्नु तथा शत्रुतापूर्ण व्यवहार गर्नुको सट्टा एकअर्काको पूरकको भूभिका खेल्नु सामुदायिक मिडियाको विशेष स्वभाव हो भन्ने कुरा मान्न उनीहरू अझै तयार छैनन् ।"

– जोसेलिन जोसिया, विकासका लागि संचार विषयको छलफलमा *मिडिया फर कम्युनिटी बिल्डिङ इन द क्यारेबियन* विषयमा प्रस्तुति, ब्राजिल (बहिया, १९९८)

**विश्वव्यापी संचार ?**

"उन्नाइसय सय चौरासी नामक उपन्यासमा लेखक जर्ज अर्वेलले दुई भाइ सुँगुरहरूले नियन्त्रण गरेको एउटा समाजको चित्रण गर्दै हामीलाई सतर्क बनाएका थिए । अहिले आएर विपन्न समुदायका यति धेरै मानिसहरू पश्चिमी देशहरूको प्रभुत्व भएको सम्पन्न उपभोक्ता समाजका आदर्शहरूतिर उन्मुख भएको देख्दा हामी त्यस्तै समाज बनाउन लागेको हो कि जस्तो लाग्छ । अर्वेल औद्योगिक युगको समाजबादी शक्तिबारे अत्यन्तै चिन्तित थिए । तर शायद उनले औद्योगिक शक्तिद्वारा नै बर्बाद पारिएको र मिडियाको विश्वव्यापीकरण मात्र सजिलो उपाय बाकी रहेको प्रजातान्त्रिक राजनीतिक शक्तिको हातमा समाजको हस्तान्तरण हुने कुरातिर पनि हामीलाई सचेत पार्दै थिए ।"

– कार्लोस ए.अर्नाल्डो, *लोकलिज्म एण्ड डिस्प्लेसमेण्ट अफ पोलिटिक्स: प्लेस बेस्ड कम्युनिकेसन,* डेभ्लप्मेन्ट (ग्लोबलिज्म एण्ड द पोलिटिक्स अफ प्लेस), खण्ड ४१, संख्या २, १९९८ । सेज पब्लिकेसन्स एण्ड एसआईडी (रोम, जुन १९९८)

**स्थानीयताको शक्ति**

"अरु कुनै रेडियो स्टेसनले दिन नसक्ने कुरा दिनु, अर्थात् स्थानीय विषयवस्तुलाई स्थानीय बास्ना र स्वादमा प्रस्तुत गर्नु, सामुदायिक रेडियो स्टेसनको एउटा प्रभावकारी रणनीति हो .... । स्थानीय रेडियो स्टेसन स्थानीय घटना, विषय, सरोकार तथा व्यक्तित्वजस्ता आफ्नो अस्तित्वका बलिया आधारहरूमा अडिग भएर बस्नुपर्छ । स्थानीय रेडियोले आफ्नो समुदायमा हुने घटनाको नियमित रूपमा विस्तृत तथा

पूर्ण रिपोर्ट दिनसक्यो भने क्षेत्रीय वा राष्ट्रिय प्रसारणले प्रतिस्पर्धा गरेर श्रोताहरू खोस्न सक्तैन । निकटताको भाव वा तत्व यस्तो बलियो गुण हो जसमा सामुदायिक रेडियोले लगानी गर्नैपर्छ । दिनदिनै वा घण्टाघण्टामा आफ्नो छिमेक वा वरपर बस्ने मानिसहरूको बारेमा जान्न र के भइरहेको छ भन्ने थाहा पाउन मानिसहरू सँधै उत्साहित भइरहन्छन् ।"

– लुई एन. ताबिङ, प्रोग्रामिङ टिप्स फर अ कम्युनिटी रेडियो स्टेसन, युनेस्को/डानिडा, ताम्बुली प्रोजेक्ट (मनिला, १९९८)

**रेडियो सुतातेन्जा र एक्सन कल्चरल पपुलरका संस्थापक जोआक्विन साल्सेडोको परिकल्पना**

"सुतातेन्जा आइपुगेको हप्ता दिनभित्रै साल्सेडोले जुनियर प्रिस्टको हैसियतले चर्चको व्याख्यान आसनबाट साना किसानहरूलाई उनीहरूलाई गाँजेको गरिबी र पछौटेपन विरुद्ध हतियार उठाउने हाँक दिएका थिए र यो काममा साझेदारी गर्न उनले आफ्नो साधन र परिकल्पना दिने संकल्प गरेका थिए । किसानहरूले सहमति जनाए, अनि एउटा सम्झौता भयो ।

साल्सेडोले *सांगोपांग आधारभूत शिक्षा* (इन्टिग्रल फण्डामेण्टल एजुकेसन) भनेर चिनिने अवधारणाको अगुवाइ गरे । यो अवधारणाको सबैभन्दा महत्वपूर्ण कुरा के हो भने व्यक्तिको विकासको लागि सम्पूर्ण व्यक्तित्व र समाजको सदस्यको रूपमा विकासको मानिसको विकासमा शैक्षिक प्रक्रियाले उसको सम्पूर्ण व्यक्तित्व र समाजको सदस्यको रूपमा उसको विकास गर्नुपर्छ ..... । "विकास मानिसको दिमागमा हुन्छ" भन्ने यो उएटा नारा नै बन्यो । अनि मानिसहरूलाई व्यापक अर्थात् सम्पूर्ण शिक्षा उपलब्ध गराउनुको अर्थ हो उनीहरूलाई सुसूचित भएर निर्णय गर्नसक्ने बनाउनु र आफ्नो जीवनलाई नियन्त्रण गर्ने वा जिम्मा लिने काममा उनीहरूलाई जिम्मेदार/सक्रिय बनाउनु ।"

– कोलिन फ्रेजर र सोनिया रेस्ट्रेपो-एस्ट्राडा, *कम्युनिकेटिङ फर डेभ्लप्मेण्ट - ह्युमन चेंज फर सर्भाइभल,* आई.बी. टौरिस (लण्डन/न्युयोर्क, १९९८)

## *सामुदायिक रेडियोको विकास*

आजको सामुदायिक रेडियोको विकास जुन अग्रगामी अनुभवहरूबाट भयो त्यसको सुरुवात झण्डै ५० वर्षअघि ल्याटिन अमेरिकामा भएको थियो । गरिबी र सामाजिक अन्यायले सुरुका ती अनुभवहरूलाई प्रेरित थिए । एउटा रेडियो सन् १९४७ मा बोलिभियामा सुरु भएको थियो जसलाई माइनर्स रेडियो भनिन्थ्यो भने अर्को कोलम्बियामा त्यही वर्ष सुरु भएको थियो जसलाई रेडियो सुतातेन्जा/एक्सन कल्चरल पपुलर भनिन्थ्यो । (यो अध्यायको पुछारमा भएको चौकोस १ र दुई हेर्नुस् ।)

हुनत सामुदायिक रेडियोको आजको अवधारणामा धेरै परिवर्तन आइसकेको छ तापनि, बोलिभिया र कोलम्बियामा भएका यी प्रयोगहरूले एउटा थिति बसाले । जस्तै, बोलिभियामा माइनर्स रेडियोले मार्क्सवाद र पुँजीवादबीच टक्कर भइरहेका दशकमा काम गरिरहेको थियो । यसरी, खानीमा काम गर्ने ज्यामीहरूको लागि काम गर्ने राम्रो र उचित परिस्थिति बनाउनको लागि संघर्ष गर्न खानी मजदुरहरूको समुदायलाई एकजुट गराउनु तिनीहरूको मुख्य ध्येय थियो । ती रेडियोका लागि चाहिने यन्त्र उपकरण

र संचालन खर्चको धेरै भाग खानी मजदुरहरूले व्यहोर्ने गरे तापनि सामान्यतया तिनीहरूलाई ट्रेड युनियन रेडियो ठानिन्थ्यो ।

कोलम्बियामा रेडियो सुतातेन्जा/एक्सन कल्चरल पपुलर किसानहरूको समुदायलाई सघाउने लक्षले प्रेरित भएता पनि यसको स्वामित्व वा संचालन सिधै किसानहरूको हातमा थिएन । किसानहरूबाट प्रतिक्रिया निक्कै आउँथ्यो – वर्षमा ५०,००० जति चिठी आउँथे । यसले किसानहरूको चाहना र आवश्यकताहरू रेडियो कार्यक्रममा समावेश नगरी हुँदैन भन्ने जनाउँथ्यो । तर अहिले खोजे जस्तो, त्यो साँचो मानेमा जनताद्वारा जनताको रेडियो थिएन ।

तैपनि, रेडियोबाट शिक्षित बनाउने रेडियो सुतातेन्जाको पहिलो व्यवस्थित प्रयासले एउटा आन्दोलनको सूत्रपात गऱ्यो । "यो आन्दोलन फैलिँदै गएर ल्याटिन अमेरिकी शैक्षिक रेडियो प्रसारण संघ (एएलइआर) मार्फत सुदृढ भयो । रेडियो र शिक्षाको यो अन्तर्सम्बन्ध नै जनसेवी धारणाको आधार हो र यसले ल्याटिन अमेरिकामा सामुदायिक मिडियाको जन्म भएको घटना अंकित गऱ्यो ।" (राफेल रोंकाग्लियो लो, *पब्लिक सर्भिस ब्रोडकास्टिङ - कल्चरल एण्ड एजुकेसनल डाइमेन्सन्स,* युनेस्को, (पेरिस, १९९५)

ल्याटिन अमेरिकामा मौलिक, नवीन तथा महत्वपूर्ण कामको सूत्रपात भएतापनि युरोपमा सामुदायिक रेडियो अति आवश्यक, उपयोगी तथा महत्वपूर्ण नयाँ कामको रूपमा, साथै मूलधारको प्रसारण मिडियाको विकल्प र आलोचकको रूपमा स्थापित भयो । राज्यले संचालन गरेको जनसेवी प्रसारणलाई हाँकहरू सन् १९६० र १९७० को दशकमा पुग्यो जब "घमंडी उद्यमीहरूले गैरकानूनी तरिकाले वायुतरंग कब्जा गरेर राज्यको नियन्त्रण र एकाधिकारमा रहेका प्रसारण मिडियाका श्रोताहरूको सकेसम्म ठूलो हिस्सालाई आफूतिर तानेर लगे ।" (म्याककेन एण्ड एफ. लो, लोकलिज्म इन वेस्टर्न युरोपियन ब्रोडकास्टिङ, जर्नल अफ कम्युनिकेसन, खण्ड ४० - १ (१९९०) । पश्चिममा सरकार तथा राष्ट्रिय प्रसारण प्रणालीहरूका लागि कानूनी रूपले स्थानीय रेडियो संचालन गर्न यी चोर (Pirate) स्टेसनहरू उत्प्रेरक साबित भए ।

व्यापक अर्थमा भन्नुपर्दा, अफ्रिकामा सामुदायिक रेडियोको स्थापना दक्षिण अफ्रिकामा रंगभेदी सत्ताको समाप्तिपछि एउटा सामाजिक आन्दोलनको रूपमा भयो । त्यसपछि प्रजातन्त्रीकरण, विकेन्द्रीकरण, र केही हदसम्म संरचनात्मक समायोजनको क्रममा महाद्वीपका अन्य भागहरूमा यो फैलियो ।" (मोन्सेफ एम. बौहाफा, *चाइल्ड सर्भाइभल एण्ड ब्रोडकास्टिङ - अपरच्युनिटिज एण्ड च्यालेन्जेज,* भ्वाइस अफ अमेरिका/ युएसएआडी (वासिंङटन, अप्रैल, १९९८) द्वारा आयोजित बाल बचाउका लागि प्रसारण विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत कार्यपत्र )

विश्वका धेरै भागमा सामुदयिक रेडियो स्थापनाका कारक बनेका दबाव समूहहरू (जस्तै खानी मजदुरहरू, चोर प्रसारकहरू, धर्मप्रचारकहरू तथा प्रजातान्त्रिक आन्दोलनहरू) को उपस्थिति वा भूमिका एशियामा कमै रहेको छ । तिनको ठाउँमा युनेस्को तथा अन्य बाहिरी सहायतादाता आदि अन्तर्राष्ट्रिय निकायहरूले सामुदायिक रेडियो स्थापना गर्ने काममा महत्वपूर्ण भूमिका खेलेकाछन् । र, कतैकतै राष्ट्रिय प्रसारण संस्थाले नै सामुदायिक रेडियो थालेका छन् ।

## प्रसारण स्वामित्वका विभिन्न प्रणालीको प्रभाव

ल्याटिन अमेरिकाले उत्तर अमेरिकाको जस्तो विविध पहुँच तथा प्रसारण क्षमता भएको साथै धेरै स्टेसनहरू सहितको निजी र व्यापारिक प्रसारण प्रणाली अपनायो । यो सन्दर्भमा, नयाँ स्टेसनहरू सुरु गर्नु तुलनात्मक रूपले सजिलो हुन्थ्यो । यसरी ल्याटिन अमेरिकामा हजारौं स्टेसनहरू स्थापित भए, कुनैकुनै त सुरुमा चोर (Pirate) स्टेसनजत्तिकै अवैध थिए ।

पश्चिमी युरोपेली देशहरूमा रेडियो र पछि टेलिभिजन स्टेसन सुरु भएदेखि काम गर्न थालेका राज्यको एकाधिकारयुक्त जनसेवी प्रसारणहरूको व्यवस्थापन संयन्त्रहरू थिए जसको संचालन वैधानिक सरकारी निकायमार्फत गरिन्थ्यो । यी नियन्त्रणकारी निकायहरूले प्रसारण नीति तथा कार्यक्रमहरू सरकारी, दलगत तथा अन्य प्रभावहरूबाट सकेसम्म स्वतन्त्र होस् भन्ने कुरा सुनिश्चित गर्थे ।

सरकारी संजालको माध्यमबाट जनसेवी प्रसारण संचालन गर्ने यो तरिका युरोपेली देशहरूले किन अपनाएका थिए भने सन् १९२० मा रेडियो अनि तीस वर्षजति पछि टेलिभिजन सुरु हुँदादेखि नै अगुवा विचारकहरूले इलेक्ट्रोनिक माध्यमहरूलाई संस्कृति, शिक्षा र सूचना फैलाउने साथै समाज सुधार गर्ने अभूतपूर्व/अनौठो औजार मानेका थिए । सो विचारअनुसार, आमसंचार माध्यमहरूलाई सिद्धान्ततः व्यापारिक आधारमा संचालन गर्ने तथा बजारमा बेचिने औद्योगिक उत्पादनहरूको विज्ञापन गर्ने साधन बन्न दिइनु हुँदैन ।

विकासशील विश्वका धेरै देशहरू, खास गरी युरोपेली मुलुकहरूले उपनिवेश बनाइएको कारणले ती मुलुकहरूबाट प्रभावित अफ्रिका र एशियाका देशहरूले, प्रसारणको युरोपेली ढाँचा लागू गरे । अरु कुरामा नगरे पनि प्रसारणमा राज्यको एकाधिकारको कुरा तिनीहरूले अंगीकार गरे । तैपनि तिनीहरूले सदा वैधानिक तथा स्वतन्त्र निकायद्वारा प्रसारण नीति नियन्त्रण गर्ने कुरा स्वीकार गरेनन्, बरु तिनीहरूले इलेक्ट्रोनिक मिडियाका सम्पूर्ण कुराहरू पूर्णतया सरकारी एकाधिकारमा हुनुपर्ने कुरा रोजे । यसरी, धेरै सरकारहरूले, खास गरी केन्द्रिकृत अर्थतन्त्र भएका देशहरूमा, आफ्ना प्रसारण संजालहरूलाई आफ्ना राजनीतिक उद्देश्यहरू अगाडि बढाउन, र विशेष गरी सत्तामा आफ्नो शक्ति मजबुत बनाउने काममा उपयोग गरे ।

यो परिस्थितिमा तथा सूचना शक्ति हो भन्ने कुरालाई पूर्णतया महसुस गर्दै, प्रसारणमा राज्यको पूर्ण नियन्त्रय भएका यी सरकारहरू इलेक्ट्रोनिक मिडियालाई स्वतन्त्र रूपमा संचालन गर्नदिने कुरामा अत्यन्तै अनिच्छुक थिए । यसले गर्दा सामुदायिक मिडियाका प्रयासहरू थाल्नु गाह्रो थियो । सन् १९८० को दशकमा आएर मात्रै केही सरकारहरू स्वतन्त्र मिडियाले काम गर्न पाउनुपर्ने कुराको विरोध गर्ने कुरामा मत्थर भए । तर अहिले पनि कतिपय सरकारहरू प्रसारण माध्यमहरूमा सरकारी एकाधिकारलाई हटाउने विचारको जोडदार ढंगले विरोध गर्छन् ।

अर्कोतिर, वितेको दशक र यताका वर्षहरूमा आएर कुनै पनि समाजमा सूचनालाई नियन्त्रण गर्ने प्रयास विफल हुनु अवश्यम्भावी छ भन्ने कुरा स्पष्ट भएको छ । टेबुलमाथिको फ्याक्स मेसिन, इन्टरनेटमा जोडिएको कम्प्युटर, इमेल, तथा स्याटेलाइट टेलिभिजनहरूले जनताले पाउने सूचनालाई नियन्त्रण तथा आफूखुशी संचालन गर्ने  दमनकारी सरकारहरूको प्रयासहरूलाई नकार्दैछन् । यो स्थितिका साथै प्रजातन्त्र र विश्वका धेरै भागमा लागू भएको अभिव्यक्ति स्वतन्त्रताले सामुदायिक मिडियाका उपक्रमहरू, खास गरी सामुदायिक रेडियोको लागि ढोका खोलिरहेको छ । अनि जुनजुन देशमा यो

ढोका खुलिसकेको छ त्यहाँका सरकारहरूले विकेन्द्रीकृत तथा मौलिक विकासकालागि सामुदायिक रेडियोमा विशाल क्षमता छ भन्ने कुरा आफैले देख्दैछन् ।

**प्रतिजीवको रूपमा वैकल्पिक मिडिया**

"झण्डै पन्ध्र वर्षअघि मैले वैकल्पिक मिडियालाई प्रतिजीव अर्थात् नकारात्मक कुराहरू, असंवेदनशीलता र पागलपनबाट जोगिनका लागि उत्पादित प्रतिकारक जीवको रूपमा वर्णन गरेको थिएँ ।"

– पिटर लेविस, *अल्टरनेटिभ मिडिया: लिंकिङ ग्लोबल एण्ड लोकल,* रिपोर्टस एण्ड पेपर्स अन मास कम्युनिकेसन, संख्या १०७, युनेस्को (पेरिस, १९९३)

**अफ्रिकामा सामुदायिक रेडियोको शक्ति**

"आमसंचार माध्यमहरूको अभावले ग्रस्त ग्रामीण अफ्रिकामा विकासका लागि समुदायमा आधारित रेडियो प्रसारण सबैभन्दा सस्तो आमसंचार माध्यम हुनसक्छ । प्रायः शहरिया र शिक्षित वर्गको पहुँचमा भएको राष्ट्रिय प्रसारणहरूले प्रभावहीन ढंगले प्रयोग गरिरहेका स्थानीय भाषा प्रयोग गरेर यसले सकारात्मक सांस्कृतिक पहिचान/मान्यता बढाउनसक्छ ।"

– घानाका जेक मिल्स, ६ च्यानल अडियो मिक्सर, चिपका डिजाइनर, घाना (१९९०)

**प्राविधिक विकास**

प्रसारणलाई विकेन्द्रीकरण गर्ने राजनीतिक पक्षका साथै सामुदायिक रेडियोको विकासमा प्राविधिक पक्षहरूले पनि अत्यन्तै महत्वपूर्ण भूमिका खेलेका छन् र खेल्दै छन् ।

दुई वटा महत्वपूर्ण कुराले यसको प्रगतिलाई सघाएका छन्: पहिलो, रेडियो सुन्ने सस्ता सेटहरू, दोस्रो, कम विद्युत् शक्ति लाग्ने सस्ता ट्रान्समिटरहरू ।

सन् १९५० को दशकको मध्यसम्म ट्रान्जिस्टरको आविष्कार नहुँदासम्म, रेडियो सेटहरू बनाउन भल्भ प्रयोग गरिन्थ्यो जो महँगो र गह्रुँगो साथै ठूलो आकारको हुन्थ्यो । त्यति बेलासम्म संसारका धेरैजसो रेडियो सेटहरू अमेरिका वा युरोपमा बनाइन्थे । तर ट्रान्जिस्टरको आगमनसँगै विकासशील देशहरूमा रेडियो सेट राख्नेहरूको संख्या निक्कै बढ्यो । उदाहरणका लागि, सन् १९५६ मा साहारा उपक्षेत्रीय अफ्रिका, भारत र चीनमा रेडियो सेटको संख्या  दुई करोड थियो भने सन् १९७५ मा त्यो संख्या नौ करोड पुग्यो । रेडियोको संख्या अचम्मै गरी बढिरहेको छ र अहिले विश्वभरि दुई अरब भन्दा धेरै रेडियो सेट छन् ।

सामुदायिक रेडियोको विकासमा सस्तो रेडियो रिसिभर सेट बग्रेल्तै पाउनुले मुख्य भूमिका खेलेको छ । यति सस्तो र सजिलो रेडियो भएको हुनाले कहिँ पनि सामुदायिक रेडियो प्रसारण हुन थालेपछि प्रायः त्यहाँ रेडियो राख्नेहरूको संख्या उल्लेखनीय ढंगले बढ्छ । यसले के कुराको संकेत गर्छ भने मानिसहरूको रेडियो सुन्ने बानी कार्यक्रम उसको लागि कत्तिको रोचक वा काम लाग्ने छ भन्ने कुरामा भर परेजस्तै उसको रेडियो किन्नसक्ने क्षमतामा पनि भरपर्छ । उदाहरणका लगि मालीको एउटा गाउँले इलाकामा सामुदायिक रेडियो स्टेसन सुरु भएपछि रेडियो किन्नेहरूको संख्या १४० प्रतिशत बढ्यो । (

मेरी मायर्स, द प्रमोसन अफ डेमोक्रेसी एट ग्रासरुटस्: द एक्ज्याम्पल अफ रेडियो इन माली, फ्रँक कास जर्नल, खण्ड छ, संख्या २ (लण्डन, १९९८) ।

दोस्रो महत्वपूर्ण उपलब्धि फ्रिक्वेनसी मोडुलेसन (एफएम) भनिने प्रसारण प्रणाली उपयोग गर्ने थोरै शक्तिले चल्ने ट्रान्समिटर थियो । सन् १९७० र १९८० को दशकमा यस्ता उपकरणहरू निकै पाइन थाले । (चौथो अध्याय पनि हेर्नुस् ) । सामुदायिक रेडियो संचालनका लागि सुहाउने/उपयुक्त उपकरणहरू विभिन्न देशमा सानासाना कम्पनीहरूले उत्पादन गर्न थाले । यी उपकरणहरू एउटा बाकसमा पनि अटाउनसक्छ । यो यति सरल र बलियो हुन्छ कि विकासशील देशका अप्ठ्यारा परिस्थितिहरूमा उपयोग गर्न यो उपयुक्त हुन्छ ।

## युनेस्कोको एउटा महत्वपूर्ण उपक्रम[१]

युनेस्कोको मिसन हो: "विचार र ज्ञानको स्वतन्त्र आदानप्रदान" तथा "शब्द र चित्रहरूद्वारा विचारहरूको स्वतन्त्र प्रवाह" बढाउनु । यो सन्दर्भमा युनेस्कोले सन् १९८० मा सामुदयिक रेडियोलाई सघाउने एउटा उपक्रम सुरु गऱ्यो ।

युनेस्को र अफ्रिकाको लागि आर्थिक आयोगबीच स्थानीय रेडियो प्रसारण विषयमा सन् १९८० मा छलफल भएपछि यो उपक्रम सुरु भएको हो । यसले के कुरा स्पष्ट पाऱ्यो भने गाउँमा बस्ने झण्डै असी प्रतिशत मानिसहरूले बुझ्ने साझा भाषा भएका देशहरू अफ्रिकामा साह्रै थोरै छन्, जसले गर्दा एउटै भाषामा गरिने राष्ट्रिय प्रसारण ग्रामीण जनतासमक्ष प्रभावकारी ढंगले पुग्दैन । दशवटा जति स्थानीय भाषा छानेर ती भाषामा पालैपालो कार्यक्रम प्रसार गर्नु प्रसारकहरूले गर्नसक्ने सबैभन्दा राम्रो उपाय हुनसक्थ्यो । यसरी प्रसारण गर्दा कुनै पनि समुदायले आफूले बुझ्ने भाषामा एकै छिन मात्र कार्यक्रम सुन्नसक्थ्यो, लगातार सुनिरहन सक्तैनथ्यो ।

भौतिक तथा मानसिक दूरीको पनि समस्या थियो । केन्द्रिय प्रसारणदेखि गाउँको दूरी यति धेरै हुन्थ्यो कि गाउँका श्रोताले बुझिने गरी केन्द्रिय प्रसारणको संकेत राम्ररी टिप्नै सक्तैनथ्यो । शहरमा बस्ने कार्यक्रम उत्पादकहरू गाउँका श्रोताहरूबाट मानसिक रूपमा यति टाढा थिए कि उनीहरूले गाउँका श्रोताहरूको चाहना ठिक ढंगले बुझ्न सक्तैनथे ।

सुरुका ती दिनहरूमा र त्यसपछि धेरै वर्षसम्म चलेका छलफलहरूले केन्द्रिय प्रसारणलाई विकेन्द्रित गरी स्थानीय स्टेसनहरू स्थापना गर्ने परिकल्पना तयार पाऱ्यो । यी स्थानीय स्टेसनहरूले राजधानी वा केन्द्रबाट प्रसारित कार्यक्रमको पुन: प्रसारण वा रिले गर्ने र केही कार्यक्रम स्थानीय रूपमा रिले गर्ने सोचाइ राखियो । यो प्रणालीले स्थानीय स्टेसनहरूलाई राष्ट्रिय प्रसारकहरूको नियन्त्रणमा राख्थ्यो । यस्तो प्रसारणलाई आजको सामुदायिक प्रसारणको नमुनाको उदाहरण मान्न सकिन्न ।

**आवश्यक उपकरण** : पहिलो आवश्यकता राज्य/केन्द्रिय प्रसारण तथा व्यापारिक स्टेसनहरूले उपयोग गरिरहेका उपकरणहरूभन्दा बिल्कुलै फरक, सस्ता र सरल यन्त्र उपकरणहरूको थियो । यसको लागि युनेस्कोले सन् १९८० मा ब्राइटन पोलिटेक्निकमा कार्यशालाको आयोजना गऱ्यो जसमा ब्रिटिस, चिनिया, क्युबाली, फ्रेंच र घानाका इन्जिनियरहरू सहभागी थिए । यसको उद्देश्य आवश्यकता वा प्राथमिकताहरूको पहिचान गर्नु र डिजाइनको अवधारणाको खाका कोर्नु थियो । पहिलो आवश्यकता १२ भोल्टको कारको बेट्री वा घाम/सोलर प्यानलले पनि चल्ने १० वाट क्षमताको एफएम ट्रान्समिटर थियो,

[१] **उपक्रम** = कुनै काम विशेषको आयोजना वा तयारी, थालनी (नेपाली वृहत् शब्दकोश)

दोस्रो, मानिसको स्वर, संगीत र ध्वनिलाई मिसाएर प्रसारणका लागि एउटै स्वर तयार पार्नसक्ने र ट्रान्समिटरजस्तै थौरै बिजुलीले चल्ने सरल र सस्तो अडियो मिक्सरको खाँथो थियो । अरु आवश्यक सामानहरू, जस्तै टेपरेकर्डर र रिकर्ड बजाउने उपकरणहरू (टर्नटेबुल) आदि उचित मोलमा बजारमा किन्न सकिन्छ ।

मालार्ड कन्सेप्टले ब्रिटेनमा ट्रान्समिटरको डिजाइन गरी निर्माण गरे भने ६ च्यानलको अडियो मिक्सर घाना ब्रोडकास्टिङ कर्पोरेसनमा धेरै वर्षसम्म प्राविधिक निर्देशकको पदमा काम गरेका घानाका जेक मिलको सुपरिवेक्षेणमा उत्पादन गरियो ।

मिलार्ड ट्रान्समिटर इन्टिग्रेटेडा सिर्किट प्रविधिअनुसार बनेको थियो । यसको आकार घरेलु हाइफाई एम्लिफायरभन्दा केही ठूलो थियो । यसलाई खोलखाल गरेर सानो बाकस (किट) मा राखेर वसारपसार गर्न पनि सकिन्थ्यो । जडान गरेर सिंगै पठाउन पनि सकिन्थ्यो । यसको सबैभन्दा ठूलो हिस्सा ट्रान्सफरमर थियो जसले ११० वा २२० भोल्टको एसी बिजुलीलाई १२ भोल्टको डीसी बिजुलीमा परिणत गर्थ्यो ।

मिलार्ड ट्रान्समिटरको मोल २,००० डलरजति थियो, जब कि त्यक्तिकै क्षमताको व्यापारिक ट्रान्समिटरको मोल १५,००० डलर भन्दा धेरै थियो ।

मिलार्ड ट्रान्समिटरको परीक्षणबाट यसको संकेत सामान्य रेडियो सेटमा १०–१२ किलोमिटर टढासम्म सुन्न सकिने देखियो । यो यति हलुँगो र बलियो थियो कि यसलाई कारमा राखेर गाउँमा लिएर जान सकिन्थ्यो । कारको बेट्रीले चलाएर अनि रुखको टुप्पामा एन्टेना ठडचाएर बाहिरै प्रसारण स्टेसन संचालन गर्नसकिन्थ्यो ।

घामले चल्ने रेडियो सेट बनाउन लगाउने र मिडियम वेभ वा सर्ट वेभ टिप्ने विद्यमान रेडियो सेटहरूलाई सस्तो दाममा एफएममा परिणत गर्ने काम पनि युनेस्कोले गऱ्यो । घामले चल्ने रेडियो सेटहरूका आशा लाग्दा डिजाइनहरू बने तापनि गरिबहरूले पनि किन्नसक्ने गरी सस्तो दामका रेडियो सेटहरू विशाल मात्रामा उत्पादन गर्ने उत्पादक पाउन सम्भव भएन । आज पनि घामले चल्ने र दम दिएर चल्ने रेडियो सेटहरू बनिरहेका छन्, तर यिनको मोल गरिबहरूको पहुँचभन्दा बाहिर छ ।

**राजनीतिक पक्षः** प्राविधिक समस्या सुल्झउनुभन्दा सामुदायिक रेडियोलाई फैलाउने कामलाई अगाडि बढाउन धेरै गाह्रो भयो । यो क्षेत्रमा युनेस्कोको प्रयास मानव अधिकार र अभिव्यक्ति स्वतन्त्रतामा आधारित एउटा क्रान्तिकारी काम थियो । तर सन् १९८० को पूर्वाद्धसम्म पनि विश्व वामपन्थ र दक्षिणपन्थको वैचारिक संघर्षमा विभाजित थियो तथा धेरैजसो विकासोन्मुख देशहरूमा प्रसारणमा राज्यको एकाधिकार प्रचलित मान्यता थियो ।

आफ्नो अधिकारमाथि वा सत्तामा टिकिरहने कुरामा खतरा पुऱ्याउनसक्ने सबै खालका अभिव्यक्तिहरूलाई सरकारहरूले दबाउन खोज्जु सामान्य कुरा हो । तैपनि गहिरिएर हेर्दा धेरै सरकारहरूले, खास गरी बहुजातीय र बहुभाषिक देशहरूमा, राष्ट्रिय भाषालाई अभिवृद्धि गरेर केन्द्रबाट एउटै आवाजमा प्रसारण गरियो भने राष्ट्रिय पहिचान र एकता बलियो हुन्छ भनी ठानेको देखिन्छ । प्रसारणलाई एकाधिकारमा राख्न सरकारहरूले जुनसुकै कारण देखाएता पनि युनेस्कोले सामुदायिक रेडियो अभिवृद्धि गर्ने काममा उल्लेखनीय हाँकहरूको झेल्नुपऱ्यो ।

## अफ्रिकामा पहिलो सामुदायिक रेडियो स्टेसन

सामुदायिक रेडियो स्थापना गर्न युनेस्कोको प्रस्ताव स्वीकार गर्ने केनियाको सरकार पहिलो थियो । सन् १९८२ को मई महिनामा लेक भिक्टोरियाको होमा बे समुदायलाई १० वाटको मिलार्ड ट्रान्समिटर, जेक मिलले डिजाइन गरेको अडियो मिक्सर र अरु आवश्यक सामानहरू पठाइयो । ती समानको कुल मूल्य २५ हजार डलरभन्दा थोरै थियो । होमा बे पछौटेपनका धेरै समस्याहरूले गाँजेको विपन्न क्षेत्र हो । त्यहाँका मानिसहरूलाई यन्त्र उपकरणहरू चलाउने तालिम दिएपछि लुओ भाषामा प्रतिदिन दुई घण्टा कार्यक्रम प्रसारण हुन थाल्यो । लुओ केनियामा बोलिने एउटा मुख्य भाषा भएतापनि त्यहाँको प्रभुत्वशाली जनजाति र राजनीतिक समूहको भाषा भने होइन ।

होमा बे स्टेसन अढाई वर्षसम्म सफलतापूर्वक चलेपछि  यसले स्वाहिली र अंग्रेजी भाषालाई राष्ट्रिय भाषा बनाउने सरकारी नीतिको विपरीत काम गऱ्यो भनेर सरकारले यसलाई बन्द गऱ्यो । यसका साथै, यसले स्थानीय विषयवस्तु समेटे तापनि विभिन्न जनजातिबीच यसले तनाव बढाएको भनियो ।

## होमा बेमाथि निर्माण

यो राजनीतिक व्यवधान/प्रतिगमनका बाबजुद होमा बेको अनुभवले २५ हजार डलरभन्दा कम खर्चमा प्रभावकारी सामुदायिक रेडियो स्टेसन स्थापित गर्न सकिने रहेछ, साथै थोरै प्राविधिक पूर्वाधार भएको ठाउँमा प्रविधिक समस्याहरूबिना यस्तो स्टेसन चलाउन सकिने रहेछ भन्ने देखायो ।

सामुदायिक रेडियोमा युनेस्कोको उपक्रमसँगसँगै यसलाई सघाउने खालका केही प्रवृत्तिहरू विश्वमा देखापरे । केन्द्रीकृत वा केन्द्रबाटै योजना बनाई संचालन गरिने अर्थतन्त्रका सीमितता/कमजोरीहरू बढदो रूपमा महसुस हुनु र फलस्वरूप त्यस्तो अर्थतन्त्रको निर्माण गर्ने सिद्धान्त धरासायी हुनु एउटा सबैभन्दा महत्वपूर्ण घटना थियो । तर गैरमार्क्सवादी देशहरूमा पनि प्रजातन्त्रीकरण, विकेन्द्रीकरण तथा नवउदार नीतिहरू बढिरहेका थिए र यसले राष्ट्रिय प्रसारण प्रणालीलाई विकेन्द्रित गर्ने चाहनातिर डोऱ्याउँदै थियो ।

श्रीलंकामा श्रीलंका ब्रोडकास्टिङ कर्पोरेसनले आफ्ना सेवाहरूको क्षेत्रीयकरण गरिसकको थियो र अर्को स्वाभाविक कदम सामुदायिक रेडियोको प्रारम्भ गर्नु थियो । यसरी सन् १९८३ मा महावेली विकास परियोजना अन्तर्गत विशाल तथा बहुउद्देश्यीय सिंचाइ योजनासँग जोडेर युनेस्कोको दोस्रो सामुदायिक रेडियो उपक्रम सुरु भयो । योजनाअनुसार नयाँ सिंचित क्षेत्रमा झण्डै दस लाख मानिसहरूलाई पुनर्वास गराइनु पर्ने थियो । यी मानिसहरू देशका विभिन्न भागबाट बसाइ सरेर आएका थिए । सुरुमा, महावेलीका लागि संचालित विभिन्न ग्रामीण विकास कार्यक्रमहरूमा संचार माध्यमहरूलाई समावेश गरिएको थिएन । तर, पछि बसाइ सराइ गर्नेहरूलाई नयाँ ठाउँमा अरुसँग मिलेर बस्न र आफ्नो जीवनस्तर उकास्ने काममा लाग्न सामुदायिक रेडियो सेवाले सघाउनसक्छ भन्ने महसुस गरियो । रेडियोको माध्यमबाट उनीहरूमा सामुदायिकताको भावना जगाउनुका साथै उन्नत खेतीपाती, स्वास्थ्य आदि विषयमा सिकाउनु आवश्यक थियो ।

यो कामको लागि सामुदायिक रेडियोमा व्यापक क्षमता भएको हुनाले डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डेनिडा) र युनेस्कोको आर्थिक सहयोगबाट महावेली सामुदायिक रेडियोको स्थापना भयो । यसको पहिलो रेडियो स्टेसनले गुइरादुराकोट्टे सहर वरिपरिका विकास क्षेत्रमा बस्ने २० हजारजति बासिन्दालाई समेट्नसक्थ्यो । पछि त्यो क्षेत्रमा अरु सानासाना एफएम स्टेसनहरू थपेर प्रसारण व्यवस्थालाई फैलाइयो ।

महावेली सामुदायिक रेडियो स्टेसन श्रीलंका ब्रोडकास्टिङ कर्पोरेसनको नियन्त्रण र व्यवस्थापनमा भए तापनि उनीहरूले साँच्चैको सामुदायिक रेडियोको कार्यशैली अपनाए । यो शैली राष्ट्रिय प्रसारकहरूले लागू गर्ने गरेको शैलीभन्दा बिल्कुलै बेग्लै थियो ।

पुनर्वासीहरूलाई सूचना पुऱ्याउनुका साथै महावेली सामुदायिक रेडियोको एउटा मुख्य जोड विकासका गतिविधिहरूबारे उनीहरूको विचार/ प्रतिक्रिया टेपरेकर्डमा भरेर ल्याए पछि रेडियो कार्यक्रममा प्रसारण गर्नुमा थियो । अथवा उनीहरूलाई रेडियो स्टेसनमै ल्याएर उनीहरूसँग गरेको कुराकानी प्रसारण गरिन्थ्यो । रेडियो कार्यक्रम बनाउँदा श्रोताहरूको यस्तो खालको सहभागिता तथा स्थानीय समस्या र चासोका विषयहरू कार्यक्रममा उठाइनाले समुदायको जीवनमा रेडियो आवश्यक तथा जीवन्त साधनका साथै व्यक्तिगत सम्बन्धको माध्यम पनि बन्न पुग्यो ।

**ठूला बाकसहरू बढी प्रभावकारी हुन्छन्**

“इन्टिग्रेटेड सर्किट अर्थात् मसिना तारहरूको सम्पर्कको जंजाल तथा नयाँनयाँ पार्टपुर्जाहरूले गर्दा सानासाना उपकरणहरू (ट्रान्समिटर, रेडियो सेट आदि) बनाउन सकिन्छ । तर कतिपय उत्पादकहरू ठूलाठूला बाकसमा ती मसिना सामानहरू जोडेर ठूलो आकारका उपकरण बनाउन खोज्छन् । तिनीहरूभित्र खोलेर हेऱ्यो भने वास्तवमा ती रित्ता हुन्छन् ।”

– मार्टिन एलार्ड, सरल र सस्तो एफ एम ट्रान्समिटर डिजाइनर ।

**महावेली सामुदायिक रेडियोको सन् १९८८ मा गरिएको मूल्यांकनबाट**

“यसले बसाइसर्नेहरूलाई वास्तविकतालाई बुझ्न प्रोत्साहित गर्ने गतिविधिहरूमा सहभागीमात्र गराएन, अपितु समुदायको पहिचान र मान्यता तथा विकासमा पनि सहभागी बनायो । एकपछि अर्को गर्दै यसले महावेली विकास कार्यकर्ताहरूसँगसँगै आप्रवासीहरूलाई कृषि र स्वास्थ्यमा नयाँनयाँ कामहरू गर्न प्रेरित गऱ्यो । यसै गरी यसले स्थानीय विकासे कार्यकर्ताहरूलाई आप्रवासीहरू र उनीहरूको समस्यालाई बढी गंभीर भएर लिन र जनतालाई अझ बढी वास्तवमै अनुभव गर्नसकिने खालका सेवाहरू उपलब्ध गराउन प्रेरित गरेको छ ।”

**महावेली सामुदायिक रेडियोका केही उपलब्धिहरू**

“एक ठाउँमा उटुंग्याहा किशोरहरूको जमातसँग हाम्रो भेट भयो । उनीहरूसँग जमिन थिएन । उनीहरू केही काम गर्न निक्कै अत्तिएका थिए । हाम्रो कार्यक्रम र छलफलको माध्यमबाट हामीले उनीहरूलाई गाउँको पोखरी सफागर्न र त्यहाँ राम्राराम्रा सजावटी माछा उत्पादन गर्ने काम थाल्न उत्साहित गऱ्यौं । अर्को गाउँमा सँगै बसेर छोराछोरी पाएका तर विहेनगरेका प्रौढ जोडीहरूको सामूहिक विहेको आयोजन गऱ्यौँ, किनकि तिनका बालबच्चाहरूका आमाबाबुको वैधानिक रूपमा विहे नभएको कारणले ती केटाकेटीले धेरै समस्या भोग्नु परेको थियो । मैले जुवा र रक्सी सेवनको विरोधमा धेरै कार्यक्रम बनाएँ, जसले जुवाडे र जँडयाहाहरूलाई सुध्रन सघायो ।”

– महावेली सामुदायिक रेडियोका प्रसारक सुनिल विजय सिँघेसँग अन्तर्वार्ता (१९९९)

**रेडियोको बहुलबादबारे बामाको घोषणा**

“हाल विकसित भइरहेको प्रजातन्त्रको जरा बलियो बनाउनका लागि रेडियोको बहुलबाद अपरिहार्य अंगहो । यसले मानिसहरूलाई सूचनाको विविधतामा पहुँच बढाउँछ र दिगो मानव विकासका लागि लोकप्रिय सहभागिता बढाउने कुरा सुनिश्चित गर्छ । ...... अफ्रिकी राष्ट्रहरूले रेडियो तरंगमाथि द्रुत गतिले एकाधिकार घटाउनुपर्छ र प्रसारण तरंगहरू वितरण गर्दा स्वतन्त्र रेडियोका राष्ट्रिय पक्षधरहरूलाई प्राथमिकता दिनुपर्छ ।

– मेरी मायर्स, द प्रमोसन अफ डेमोक्रेसी एट ग्रासरुटस्ः द एक्ज्याम्पल अफ रेडियो इन माली, फ्रँक कास जर्नल, खण्ड छ, संख्या २ (लण्डन, १९९८)

## सामुदायिक रेडियो द्रुत गतिले फैलिरहेछ

सन् १९८० र ९० को दसकमा भएको प्रजतन्त्रीकरण र विकेन्द्रीकरणको बाढीले गर्दा सामुदायिक रेडियो अति द्रुत गतिले फैलिरहेको छ । युनेस्कोले केनिया र श्रीलंकामा हासिल गरेको अनुभवलाई पछ्याउँदै व्यापक विविधता भएका देशहरूमा सहयोग गरिरहेको छ जसमध्ये घाना, टोंगा, हाइटी, केप भर्डे, सेंट लुसिया, ट्रिनिडाड र टोबागो, सुरिनाम, जमैका, गुयाना, फिलिपिन्स र अरु देशहरू पर्छन् । तर, सामुदायिक रेडियोलाई अगाडि बढाउने काममा अब युनेस्को एक्लो छैन । धेरै  अन्तर्राष्ट्रिय विकास निकायहरू तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू विश्वका विभिन्न भागमा यो काममा लागेका छन् ।

सामुदायिक रेडियो जुन छिटो गतिले फैलियो त्यो उल्लेखनीय छ । यसमा मालीले रमाइलो उदाहरण देखाएको छ । २३ वर्षसम्म सैनिक तानाशाहीपछि सन् १९९१ मा अनेकौं सामाजिक विवादपछि आखिरमा त्यहाँको सैनिक सरकारको पतन भयो र औपचारिक रूपमा बहुदलीय प्रजातन्त्रको स्थापना भयो । एउटा अन्तरिम/ संक्रमणकालीन सरकार बन्यो जसले चुनाव गराउनु पर्थ्यो ।

माली मूलतः ग्रामीण समाज हो । अन्तरिम सरकारले गाउँका मानिसहरूका प्रतिनिधिहरूसँग सल्लाह गर्दा के देखियो भने दुई दशकसम्म त्यहाँ सरकारी आज्ञा र आदेशहरू जनतासम्म पुऱ्याउने काम राष्ट्रिय संचार माध्यमले मात्रै गरिरहेका थिए र सरकारी कर्मचारीहरू पनि गाउँबाट निक्कै टाढा बस्थे । यसले गर्दा सरकारले लागू गरेका विकास कार्यक्रमहरूप्रति गाउँलेहरूमा कुनै चासो थिएन । बरु वितृष्णा थियो । ती कार्यक्रमहरूबारे उनीहरूले वास्तै गर्न खोज्दैनथे । ( कोलिन फ्रेजर र सोनिया रेस्ट्रेपो-एस्ट्राडा, *कम्युनिकेटिङ फर डेभ्लप्मेण्ट - ह्युमन चेंज फर सर्भाइभल,* आई.बी. टौरिस ( लण्डन/न्युयोर्क, १९९८)

अन्तरिम सरकार र त्यसपछि चुनिएको सरकारले युएनडिपी र खाद्य तथा कृषि संगठन (एफ ए ओ) को मदत लिएर मालीको विकासका लागि संचारलाई व्यवस्थित तरिकाले उपयोग गर्ने नीति बनाउने निर्णय गऱ्यो । यस्तो गर्ने माली विश्वकै पहिलो देश थियो । सन् १९९३ मा बामाको मा “अफ्रिकी रेडियोहरूको स्वतन्त्रता” भनिने महत्वपूर्ण सम्मेलन आयोजन गरेर आमसंचारमाध्यमहरूको उदारीकरण नीति अपाउने काममा अफ्रिकामा मालीले अगुवाइ गऱ्यो ।  (मोन्सेफ एम। बौहाफा, *ग्रासरुटस् मिडिया एण्ड कम्युनिटी इम्पावरमेण्ट इन वेस्ट अफ्रिका,* बेल्जियमको क्याथोलिक युनिभर्सिटीले १९९७ मा आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत कार्यपत्र । (१९९८ मा संशोधित) र मेरी मायर्स, *द प्रमोसन अफ डेमोक्रेसी एट ग्रासरुटस्ः द एक्ज्याम्पल अफ रेडियो इन माली,* फ्रँक कास जर्नल, खण्ड छ, संख्या २ ( लण्डन, १९९८)

माली आफैले भर्खरै सरकारी टेलिभिजन र रेडियोलाई मुक्त गरेको थियो । ती रेडियो र टेलिभिजनले आफ्नो जन्म कालदेखि नै त्यहाँका थोरै शिक्षित मानिसहरूले मात्रै बुझ्ने फ्रेंच भाषामा मात्रै प्रसारण गर्थे । ७० प्रतिशतजति जनसंख्या साक्षर भएको त्यो देशका बहुसंख्यक मानिसहरू आमसंचारमा आधारित सूचनाको पहुँचबाट वंचित थिए ।

मालीले आफ्नो आमसंचार माध्यमलाई मुक्त गरेका पाँच वर्षपछि साठीभन्दा धेरै स्वतन्त्र रेडियो स्टेसनहरूले प्रसारण गर्न थाले । तिनीहरूले रेडियो प्रसारणको आविष्कार भएपछि पहिलो पल्ट जनतालाई स्थानीय भाषामा कार्यक्रम सुनाए । अब, अरु धेरै देशहरू यसरी नै सामुदायिक रेडियोमा लागेका छन् । पन्ध्र वर्षजति अघि केनियाको सरकारले होमा बे सामुदायिक प्रसारण बन्द गरेदेखि सामुदायिक प्रसारणको अवस्थालाई सुधार्ने धेरै काम भएका छन् । र अन्त्यमा, केन्यामा पनि अब आएर सामुदायिक रेडियोलाई राष्ट्रको प्रसारण परिदृश्यमा मान्यता दिने ऐन कानून बनाउने बारे छलफल भइरहेको छ ।

***बक्स १ : बोलिभियामा खानीमा कामगर्नेहरूको रेडियो***

रेडियोबारे बोलिभियाली अनुभवको थालनी भ्वाइस अफ माइनर्स नामक रेडियो सेवाबाट भयो । यसको सम्बन्ध पोस्तो विभागमा सिग्लो बीसौं खानीसँग थियो । त्यसपछिका वर्षहरूमा देशमा विभिन्न खानी खन्ने काम संचालन भइरहेका इलाकामा २३ वटा स्टेसनहरू खुले । ती सबैलाई सामूहिक रूपमा माइनर्स रेडियो अर्थात् खानीमा काम गर्नेहरूको रेडियो भन्न थालियो ।

यी रेडियो स्टेसनहरू ती खानीहरूमा काम गर्ने ज्यामीहरूको दयनीय अवस्थाको कारणले मजदुर संगठनको प्रतिक्रिया स्वरूप जन्मेका थिए । तीमध्ये धेरैजसो खानीहरू सन् १९५२ सम्म केही अति शोषक र अकूत सम्पत्तीका मालिक द प्याटिनोस जस्ता “टिन ब्यारोन्स” परिवारहरूको स्वामित्वमा थिए । उनीहरू अति खर्चालु र भडकिलो जीवन शैलीका लागि विश्वविख्यात थिए । जबकि त्यो सम्पत्ती र देशको मुख्य निर्यातको स्रोत ती खानी मजदुरहरू अमानवीय ढंगले शोषित थिए । खानी वरिपरिका थोत्रा बस्तीहरूमा, अग्लो भूभागको जाडो सहेर, थोरै तलबमा काम गर्ने ती मजदुरहरू ४० वर्षको उमेरमै बूढा देखिन्थे । खानीभित्र सुरक्षाका उपायहरूको अभाव र बेलाबेलामा हुने दुर्घटनाले गर्दा उनीहरूको औसत आयु अझै घट्थ्यो । सन् १९५२ मा ती खानीहरूको राष्ट्रियकरण गरियो । तर, सरकारमा सामाजिक चेतनाको अभावले गर्दा मजदुरहरूको अवस्थामा उल्लेखनीय सुधार भएन ।

दुर्भाग्यवश, माइनर्स रेडियोमा संलग्न मानिसहरूले सम्झेका कुरा नै जानकारीको स्रोत भएको हुँदा यो रेडियाको बारेमा ऐतिहासिक तथ्यहरू अस्पष्ट छन् । तर, के कुरा निश्चित छ भने बोलिभियामा धेरै वर्षसम्म चलेको संघर्षलाई अगाडि बढाउन सघाउने काममा रेडियो महत्वपूर्ण तत्व बनेको थियो । यो भिडन्तमा धेरै खानी मजदुरहरू र तिनका परिवारहरूको आमहत्या, गृहयुद्ध र क्रान्ति भएको थियो ।

रेडियोहरूले खानी मजदुरहरूलाई संघर्षमा एकगठ हुन मदत गरे । ती रेडियोहरूले संघर्षमा लागेका मजदुरहरूलाई समाचार उपलब्ध गराउनका साथै मूलधारका आमसंचार माध्यमहरूले उनीहरूको विरोधमा गर्ने प्रचारलाई खण्डन गर्ने काम गरे । माइनर्स रेडियोको महत्व र प्रभाव यसबाट पनि स्पष्ट हुन्छ कि यी रेडियो स्टेसनहरूलाई व्यवस्थित रूपले ध्वस्त पार्ने र यन्त्र उपकरण जफत गर्ने काम त्यहाँ शासन गर्ने सेना र सरकारले बारम्बार गर्‍यो ।

वास्तवमा बोलिभियामा खानी मजदुरहरूले नै सन् १९८१ मा विशाल हडताल गरेका थिए जसले तानाशाहीलाई समाप्त पारेको थियो । सँधैंझैं संघर्षको क्रममा अधिकारीहरूसँग मजदुरहरूका मांगहरूमध्ये एउटा मुख्य माग जहिले पनि रेडियो स्टेसनका उपकरणहरू फिर्ता पाउनुपर्ने नै हुन्थ्यो ।

उपकरण ध्वस्त भएको अवस्थामा उनीहरूको मांग नयाँ उपकरण किनेर रेडियो स्टेसन फेरि चलाउन पाउनु नै हुन्थ्यो । रेडियो स्टेसन स्थापना र संचालन गर्ने काममा मजदुरहरूले खर्च व्यहोर्थे । यसबाट पनि यी रेडियो स्टेसनहरूको उनीहरूको जीवनमा कति महत्व थियो भन्ने बुझिन्छ ।

माइनरर्स रेडियोको मुख्य भूमिका खानी मजदुरहरूको अधिकारको संरक्षण र संवर्द्धन हुन्थ्यो तापनि ती रेडियोहरू विभिन्न प्रकारका सांस्कृतिक तथा शैक्षिक गतिविधिहरूका केन्द्र पनि थिए । तिनीहरूले खानी मजदुरहरूको कविता महोत्सव, लोकप्रिय गीतहरू तथा अन्य कला विधाहरूको कलात्मक महत्वबारे छलफल कार्यक्रम  आयोजना र प्रसारण गर्थे । साथै तिनीहरूले मजदुरका छोराछोरीले बुद्धिचालको खेल सिक्न हुन्छ कि हुँदैनजस्ता शैक्षिक विषयहरूमा छलफल चलाउँथे ।

रेडियो स्थापना र संचालन खर्च मजदुरहरूले व्यहोर्थे तर धेरैजसो मामिलामा स्टेसनको व्यवस्थापन र कार्यक्रम सम्बन्धी नीति उनीहरूको युनियनको हातामा हुन्थ्यो । सामुदायिक रेडियोले अचेल प्रसारण गर्ने कार्यक्रमहरूमा जस्तो मजदुरहरूको सहभागिता भने ती रेडियोका कार्यक्रमहरूमा कमै हुन्थ्यो । तर, ती रेडियो स्टेसनहरूको भौतिक अवस्थितिले गर्दा तिनीहरू भावनात्मक रूपले पनि मजदुरहरूको नजिक हुन्थे । ती स्टेसनहरू प्रायः खानी क्षेत्रको नजिकै हुन्थे र मजदुरहरूले चाहे भने सरासर स्टेसनभित्र पसेर आफ्ना कुरा भन्नसक्थे ।

धेरैजसो माइनर्स रेडियो सन् पचासको दसकको पछिल्लो भागमा स्थापना गरिएका थिए । तर तिनीहरू १९६३ र १९८३ को बीचको समयमा फस्टाएका थिए । त्यसपछि ती खानीहरूले उत्पादन गर्ने टिनका भाऊ विश्वबजारमा घट्न थाल्यो । १९८५ मा नव-उदार सरकारले खानी मजदुरहरूलाई बसाइ सार्ने आदेश जारी गऱ्यो । झण्डै बीस हजार मजदुरहरू खानीको कामबाट सदाको लागि अलग हुनपुगे । फलस्वरूप रेडियोको आधार भूमि गुम्यो । केही रेडियो स्टेसनहरू किसानहरूलाई हस्तान्तरण गरिए । तर अहिले पनि दस वटा भन्दा कम स्टेसनहरूले प्रसारण गरिरहेका छन् ।

*बक्स २ : रेडियो सुतातेन्जा/ कोलम्बियामा एक्सन कल्चरल पपुलर*

यो उपक्रम सन् १९४७ मा जोआक्विन साल्सेडो नामक एक जना पादरीले दक्षिण अमेरिकाका कोलम्बियाको एण्डिज पर्वतमा रहेको सुतातेन्जा नामक गाउँमा थालेका थिए । यसले दुईदेखि तीन किलोमिटर क्षेत्रसम्म प्रसारण गर्नसक्ने घरमै बनेको ट्रान्समिटरको उपयोग गरेर प्रसारण सुरु गरेको थियो । तर अहिले यो कोलम्बियाको सबैभन्दा शक्तिशाली प्रसारण संजाल बनेको छ ।

साल्सेडो एक  असामान्य पादरी थिए । उनको चासो चर्च वा धर्मकर्मका परम्परागत कुराहरूमा भन्दा कोलम्बियाका किसानहरूको सामाजिक र अर्थिक अवस्थामा परिवर्तन गर्नुमा धेरै थियो । यसरी सुतातेन्जाको रेडियो स्कुलको अवधारणा जन्म्यो, अनि त्यसबाट एक्सन कल्चरल पपुलर (एसीपीओ) हुर्क्यो ।

रेडियो सुतातेन्जाको शैक्षिक प्रसारण साक्षरता, गणित, स्वास्थ्य, कृषि उत्पादन, गृह सुधार, पारिवारिक तथा व्यक्तिगत सम्बन्ध, खेलकुद र फुर्सतजस्ता विषयहरू समेटेर व्यापक नभएसम्म फैलिँदै गयो । यसले समेटेका विषयहरू फैलिने क्रममा बाबुआमाको जिम्मेवार/ प्यारेण्टहुड हुँदै उत्तरदायित्वपूर्ण प्रजनन अर्थात सन्तान जन्माउने जस्तो नाजुक विषयमा पुग्यो ।

मानिसहरूले यी कार्यक्रमहरू अनौपचारिक रेडियो स्कुलमा सुन्थे । यसको प्रभाव स्वरूप सानासाना समूहरू बने जो हरेक साँझ आउँथे । समूहहरूमा एक जना मनिटर हुन्थे जो समूहका अरुभन्दा केही

बढी जान्ने हुन्थे । कुनै एउटा समयमा पनि बीस हजारजति रेडियो स्कुलहरूमा झण्डै दुई लाखले नाम लेखाएका हुन्थे ।

रेडियो कार्यक्रमको पूरकको रूपमा एसीपीओले विभिन्न खालका पाठ्य पुस्तकहरू प्रकाशित गर्‍यो र ग्रामीण समुदायहरूलाई चाहिने एक सय विषयका किताबहरूको कृषक पुस्तकालयको व्यवस्था गर्‍यो । एउटा साप्ताहिक पत्रिका पनि प्रकाशित गर्‍यो जसका पाठकहरूको संख्या छ लाख पुगेको अनुमान छ । यसबाहेक, अगुवा कृषकहरूको तालिम तथा समुदायका लागि प्राविधिक तालिमका पाठ्यक्रम पनि रेडियो सुतातेन्जाका गतिधिहरूका हिस्सा थिए ।

सुरुदेखि नै रोमन क्याथोलिक चर्चले यसलाई सघाएको थियो । मुख्य कोष युरोपको क्याथोलिक समूहहरूबाट आउँथ्यो । तर एसिपिओले विश्वकै ध्यान आकृष्ट गर्‍यो र यसलाई आर्थिक सहायता दिनेमा अन्तर्राष्ट्रिय निकायहरू पनि संलग्न भए ।

अन्त्यमा, रेडियो सुतातेन्जा आफ्नै सफलताको शिकार बन्यो । यसले "उत्तरदायित्वयुक्त प्रजनन" विषयमा कार्यक्रम सुरु गरेपछि चर्चले व्यवस्थित रूपले यसलाई वेवास्ता गर्नथाल्यो । साल्सेडोले के घोषणा गरे भने यो विषयको बारेमा छलफल गर्नु पाप होइन भनेर आमजनतालाई विश्वस्त पार्न गाह्रो भयो । साथै धार्मिक नियमले प्रभुत्व जमाएको देशमा मानवीय गरिमा र जिम्मेवारीयुक्त मातृत्वको बारेमा मानिसहरूलाई शिक्षित गर्नु अप्ठ्यारो छ । रासायनिक वा भौतिक विधिबाट जन्म निरोध गर्ने बारेमा एसिपिओको आफ्नो कुनै धारणा थिएन । उसको काम त एउटा आधार तयार पार्नु थियो जसमाथि मानिसहरूले आफैले जिम्मेवारीयुक्त निर्णय लिनसकुन् ।

यो कुराले कोलम्बियामा चर्चका पदाधिकारीवर्गलाई आगो बनायो । चर्चका पदाधिकारीहरूको धारणाअनुसार मानवीय यौन सम्बन्धको एकमात्र उद्देश्य प्राणीको प्रजनन हो । यस कारण चर्चले युरोपको क्याथोलिक समूहलाई रेडियो सुतातेन्जालाई सहयोग रोक्न लगायो । तर, एसिपिओले सरकारमार्फत आएका अन्तर्राष्ट्रिय सहयोगबाट काम गरिरह्यो ।

१९८५ मा यसको शक्तिशाली र महत्वपूर्ण आधार र उपकरणहरू एउटा व्यापारिक संजाललाई नबेच्दासम्म यसले ऋण काढेर पनि संघर्षपूर्वक कार्यक्रम चलाइरह्यो । किसानहरूप्रति उनीहरूको बुद्धि, ज्ञान र बाँच्ने सीपको विकास गर्ने काममा चालिस वर्षसम्म समर्पित भएपछि १९८७ मा यो पूरै बन्द भयो । यसको सम्पत्ति, एउटा प्रकाशन गृह, संगीत कार्यक्रम रेकर्ड गर्ने संयन्त्र, चौध तले कार्यालय भवन तथा किसानहरूलाइ तालिम दिने केन्द्र, बेचेर यसले लिएको ऋण तिरियो ।

# अध्याय २ : सामुदायिक रेडियोका विशेषता र काम

यो अध्यायमा जनताको पहुँच र सहभागिता, स्वामित्व, व्यवस्थापन, अर्थ संकलन, सम्पादकीय स्वतन्त्रता, विश्वसनीयताका, समुदायका विभिन्न समूह र रुचिभएकाहरूको प्रतिनिधित्व तथा पाखा परेका र अल्पसंख्यक समूहहरूको सन्दर्भमा सामुदायिक रेडियोका विशेषताहरू र कार्यक्रम उत्पादन र प्रसारण गर्ने अवधारणाबारे वर्णन गरिएको छ ।

कामको खण्डले स्थानीयताको पहिचान र संस्कृतिलाई प्रतिविम्बित गर्ने, विविध समूहका आवाज, विचार, कार्यत्रम तथा विषयवस्तु प्रसारण गर्ने तथा प्रजातान्त्रिक प्रक्रिया, सामाजिक परिवर्तन र असल शासनलाई अभिवृद्धि गर्ने काममा सामुदायिक रेडियोको भूमिकालाई समेटेको छ ।

सबै विषयवस्तु पढिसकेपछि पाठकहरूले :

- सामुदायिक रेडियोका विभिन्न विशेषता र कामहरूको स्पष्ट चित्र हेर्न पाउने छन्,
- समुदायमा रेडियो स्टेसन स्थापना गर्ने बारेमा छलफल हुँदा स्रोतव्यक्ति वा अगुवा बन्नसकने छन् र सामुदायिक रेडियोबाट हुने फाइदा, यसको स्वामित्व, व्यवस्थापन, कार्यक्रम उत्पादन र प्रसारणको नीति निर्धारण आदिबारे आवश्यक जानकारी दिनसक्ने छन् ।

## सामुदायिक रेडियोका आवश्यक गुण वा विशेषताहरू

### श्रोता नै सर्वेसर्वा व्यक्ति हुन्

सामुदायिक रेडियो जनसेवी प्रसारणको एउटा रूप हो, तर यसले काम गर्ने तरिका परम्परागत प्रसारणभन्दा भिन्न हुन्छ । यसको विशेष केन्द्रविन्दु यसका श्रोताहरूलाई यसको व्यवस्थापन र कार्यक्रम उत्पादनका सबै पक्षमा संलग्न गराएर तथा उनीहरूको समुदायको विकास र सामाजिक उन्नतिमा सघाउने खालका कार्यक्रम दिएर उनीहरूलाई नै मुख्य पात्र बनाउनु हो ।

### समाचार, मनोरंजन र शिक्षामा विशेष दृष्टिकोण

मूलधारका आमसंचार माध्यमहरूभन्दा भिन्न, सामुदायिक रेडियोमा समाचार भनेको कुनै अलग्गै खवर वा घटनामात्र होइन । समाचार भनेको निरन्तर र भविष्यमा पनि चलिरहने यस्तो प्रक्रिया हो जसले समुदायमा परिवर्तन र विकासलाई सघाउँछ ।

सामुदायिक रेडियोमा मनोरंजन परिष्कृत कलाकारहरूले प्रस्तुत गर्ने कार्यक्रमको रूपमा भन्दा सामुहिक सांस्कृतिक अभिव्यक्तिको रूपमा प्रस्तुत गरिन्छ । यो व्यावसायिक कलाकारहरूले गाएको सुन्नुभन्दा बढी काराओके (रात्री क्लबहरू) मा गाउनुजस्तो हो ।

शिक्षा भनेको कुनै विशेषज्ञ वा शिक्षकको कुरा सुन्नुभन्दा बढी समुदायमा अनुभवहरूको साटासाट र एकअर्कोबाट सिक्नु हो ।

## जनताको पहुँच र सहभागिताका सिद्धान्तहरू

विश्वसनीय, सही र सामयिक सूचना पाउनु जनताको प्रजातान्त्रिक अधिकार हो । यही अधिकारको आधारमा जनहितको लागि गरिने प्रसारणले जनताको पहुँच र सहभागिताका सिद्धान्तहरूलाई अंगीकार गरेको हुन्छ ।

पहुँच भन्नाले सबै नागरिकहरूको लागि प्रसारण सेवा उपलब्ध हुनु हो भने सहभागिताले योजना तर्जुमा र व्यवस्थापन गर्ने काममा आमजनताको सक्रिय सहभागिता हुनु हो । साथै कार्यक्रम उत्पादक र कलाकार वा पात्र पनि जनता नै हुन्छन् ।

ठोस शब्दमा, यी अवधारणाहरूको अर्थ हो :

- सामुदायिक रेडियो प्रसारणको ढाँचा यसले सेवा गर्ने समुदायका सम्पूर्ण सदस्यहरूकहाँ पुग्छ ।
- रेडियो सेवाको योजना र नीति बनाउँदा तथा यसका उद्देश्यहरू निर्धारण गर्दा, व्यवस्थापनका नियमहरू बनाउँदा  तथा कार्यक्रम उत्पादन गर्दा समुदायको सहभागिता हुन्छ ।
- यसका बारेमा टिप्पणी र आलोचना गर्न समुदाय स्वतन्त्र हुन्छ ।
- कार्यक्रम सुन्ने र उत्पादन गर्नेहरूबीच निरन्तर छलफल भइरहन्छ । यो छलफल चलाउने काममा रेडियो आफैले प्रमुख माध्यम भएर काम गर्छ । तर समुदाय, कार्यक्रम उत्पादक र रेडियो स्टेसन व्यवस्थापनबीच सजिलोसँग सम्पर्क गर्ने संयन्त्र पनि बनेको हुन्छ ।
- समुदायका सदस्यहरूले व्यक्तिगत रूपमा वा समूहमा कार्यक्रम बनाउन, कार्यक्रम बनाउँदा स्टेसनका कर्मचारीहरूसँग सहयोग लिन र स्टेसनमा भएका प्राविधिक सुविधाहरूको उपयोग गर्न कुनै बन्देज हुँदैन ।
- रेडियो स्टेसनको स्थापना, व्यवस्थापन, प्रशासन र हिसाब किताब राख्ने र जाँच्ने काममा समुदाय सहभागी हुन्छ ।

## स्वामित्व

सामुदायिक रेडियोका उपकरण र सुविधाहरूको स्वमित्व हस्तान्तरण नहुने गरी गुठी, कोष, सहकारी वा यस्तै अन्य माध्यमहरूमार्फत समुदायको हुन्छ । तैपनि केही यस्तो अवस्था पनि हुनसक्छ जहाँ औपचारिक स्वामित्व समुदायभन्दा बाहिरको संस्थासँग हुन्छ, तर त्यसले ती उपकरण र सुविधाहरू समुदायलाई स्वतन्त्र रूपमा विशेष कामका लागि उपयोग गर्न दिएको हुन्छ ।

## व्यवस्थापन

औपचारिक स्वामित्व जोसँग भए पनि वास्तविक मानेमा सामुदायिक रेडियो हुनका लागि रेडियो स्टेसनका नीतिहरू, व्यवस्थापन तथा कार्यक्रमहरू समुदायको जिम्मेवारीमा हुनैपर्छ । निश्चय नै यसका लागि समुदायको प्रतिनिधित्व गर्ने सामुदायिक समिति वा निर्देशकहरूको समिति हुन्छ, जसले समग्र नीति निर्धारण गर्छ, जबकि दैनिक प्रशासन र संचालनसम्बन्धी निर्णय गर्ने काम समुदायले छानेको स्टेसन म्यानेजरले गर्छ ।

## कोष

सामुदायिक रेडियो नाफा नकमाउने संस्थाजस्तै गरी स्थापना र संचालन गरिन्छ । यो विभिन्न प्रकारका स्रोतहरूमा निर्भर हुन्छ । यस्ता स्रोतहरूभित्र चन्दा, सहयोग, सदस्यता शुल्क, कार्यक्रम प्रायोजन र विज्ञापन शुल्क पर्नसक्छन् । रेडियो स्टेसन आत्मनिर्भर र स्वतन्त्र हुनका लागि यी सबै खालका स्रोतहरूको मेल हुनु वांछनीय हुन्छ । कतिपय सामुदयिक रेडियोहरूले आफ्ना श्रोताहरूमाझ सहयोग

संकलन गर्ने कार्यक्रमहरू आयोजना गर्छन् । यी सबैको मुख्य उद्देश्य हमेसा आर्थिक रूपले पुगिसरी हुनु हो ।

**सम्पादकीय स्वतन्त्रता र विश्वसनीयता**

सामुदायिक रेडियो केन्द्रिय तथा स्थानीय सरकार र प्रशासनअन्तर्गत हुँदैन । यो राजनीतिक दलहरू तथा व्यापारिक र धार्मिक संस्थाहरूको अधीनमा पनि हुँदैन । यसले आफ्ना नीति तथा कार्यक्रमहरू बनाउँदा स्वतन्त्र ढंगले निर्णय गर्छ । समग्र नीति बनाउँदा माथि उल्लिखित समुदायस्तरको प्रतिनिधिहरूको समितिले बनाउँछ । तर कार्यक्रम प्रसारणसम्बन्धी दैनिक कामको निर्णय भने स्टेसन म्यानेजरले गर्छ । विश्वसनीय तथा कुनै पनि राजनीतिक दलमा नलाग्ने व्यक्तिको रूपमा उसको भूमिका महत्वपूर्ण हुन्छ ।

**समुदायका विभिन्न समूह र हित प्रतिनिधित्व**

समुदायहरू विभिन्न समूहहरू र हित वा स्वार्थ भएकाहरू मिलेर बनेका हुन्छन् । सामुदायिक रेडियोले उनीहरूको रुचि र हितलाई ध्यान दिएर काम गर्छ । साथै उनीहरूलाई रेडियोमार्फत आफ्ना कुरा भन्न उत्साहित गर्छ । कुन समूह वा रुचिलाई कति समय दिने भन्ने कुरामा समुदायमा उनीहरूको संख्यात्मक अनुपात र विशेष परिस्थिति तथा आवश्यकतालाई ध्यान दिइन्छ ।

**अल्पसंख्यक तथा पाखा परेका समूहहरू**

सार्वजनिक रेडियोहरूले उपेक्षित तथा पाखा परेका समूहहरूलाई बेला मौकामा, कहिले काहिँ, उपलक्ष्य पर्दा कार्यक्रममा समावेश गर्छ भने सामुदायिक रेडियोले उनीहरूलाई बराबरीको आधारमा समावेश गर्छ । यसका कार्यक्रमहरूले व्यापक मात्रामा महिला, युवा, दलित, जनजाति आदि पाखा परेकाहरूका विविध विचारहरूलाई समेट्छन् । साथै यसले समुदायका अल्पसंख्यक जनजातिहरूको हित, संस्कृति र भाषिक विविधतालाई अभिवृद्धि र संरक्षण गर्छ ।

**टेप रेकर्डर किन्नको लागि  क्यारोल गाइयो**

सामुदायिक रेडियो स्टेसनहरूले बेलाबेलामा सामुदायिक भेला, मेला, सांस्कृतिक साँझ तथा अरु खालका कोष संकलन गर्ने खालका सामुदायिक कार्यक्रम, उत्सवहरू आयोजना गर्छ । फिलिपिन्सको ताम्बुली सामुदायिक रेडियो स्टेसनले क्रिसमसको अवसरमा घरघर गएर क्रिसमसको गीत (क्यारोल) गाएर टेपरेकर्डर किन्नको लागि पैसा उठायो ।

पाल्पाको रेडियो मदनपोखराले २०५८ को फागुनु महिनामा श्रीमद्भागवत सप्ताह आयोजना गरेर एक जना महिला पण्डितबाट पुराण वाचन गराएर रेडियो स्टेसन भवनको लागि अढाइलाख रूपैयाँ उठाएको थियो ।

दक्षिण अफ्रिकामा तर्जुमा गरिएको सामुदायिक रेडियोका मुख्य कामहरू

सामुदयिक रेडियो स्टेसनहरूले निम्नलिखित काम गर्नुपर्छ :

- स्थानीय संस्कृति, विशेषता र पहिचानलाई अभिवृद्धि र प्रतिविम्बित गर्नुपर्छ ;
- आवाज र विचारहरूको विविधता बढाउन सघाउनु पर्छ, तथा व्यक्तिगत अभिव्यक्तिलाई प्रोत्साहित गर्नुपर्छ ;
- रेडियोमा विविध आवाज र विचारको पहुँच बढाउनुपर्छ ;

- प्रसारणको स्वमित्वका विविधता बढाउन सघाउनुपर्छ ;
- आफ्ना समुदायहरूको आवश्यकताप्रति उत्तरदायी/ प्रतिक्रियाशील हुनुपर्छ ;
- प्रसारणका लागि जनशक्ति तयार पार्न योगदान गर्नुपछ र उचित ठाउँमा दरबन्दी सिर्जना गर्नुपर्छ ;
- कार्यक्रम बनाउन र उत्पादन गर्नका लागि सम्बन्धित समुदायका मानिसहरूको सदस्यता बढाउनुपर्छ ;
- कार्यक्रम बनाउँदा नयाँनयाँ विचार र प्रयोगहरू गर्न उत्साहित गर्नुपर्छ ।

– त्रिपल इन्क्वायरी रिपोर्ट, इन्डिपेन्डेन्ट ब्रोडकास्टिङ अथरिटी, दक्षिण अफ्रिकी गणतन्त्र (१९९५)

**औद्योगिक देशहरूमा पनि भाषिक विविधताको संरक्षण**

न्युयोर्कमा सामुदायिक रेडियो स्टेसनले सेनेगलीहरूको समुदायका लागि ओलोफ भाषामा प्रसारण गर्छ । अरु दुइटा स्टेसनहरूले कोरियाली भाषामा प्रसारण गर्छन् । फ्रान्समा त्यहाँ बस्ने अरब बासिन्दाहरूले आफ्नो विशेष आवश्यकता पूरा गर्ने खालका आमसंचार माध्यमहरू स्थापना र संचालन गर्न पाउने अधिकारको माग गरेका छन् ।

- त्रिपल इन्क्वायरी रिपोर्ट, इन्डिपेन्डेन्ट ब्रोडकास्टिङ अथरिटी, दक्षिण अफ्रिकी गणतन्त्र (१९९५)

## सामुदायिक रेडियोले गर्ने कामहरू

सामुदायिक रेडियोले तल लेखिएअनुसारका कामहरू गर्ने लक्ष राख्छ :

### स्थानीय पहिचान, विशेषता र संस्कृति झल्काउनु

सामुदायिक रेडियोले आफ्नो समुदायको पहिचान र विशेषताहरू झल्काउने गरी कार्यक्रम बनाउँछ । यसैले यसका कार्यक्रमहरू मुख्य रूपमा स्थानीय विषयवस्तुमा आधारित हुन्छन् । बाहिरका समाचार र विचारहरूले तबमात्र यसमा ठाउँ पाउँछन् जब त्यो यसका श्रोताहरूको हितमा , उपयोगी र प्रभावकारी हुन्छ ।

सामुदायिक रेडियोका कार्यक्रमहरूले स्थानीय संस्कृतिमाथि पनि ध्यान दिन्छ । समुदायले आफैलाई के भन्छ र अरुलाई के भन्छ, कसरी मानिसहरू अर्थात् समुदायका व्यक्तिगत सदस्यहरूले आफ्ना सपना र आशाहरू व्यक्त गर्छन्, अनि कसरी उनीहरूले आफ्नो विगत/इतिहास र भविष्यका बारेमा कुरा गर्छन् , उनीहरू के कुराको चासो राख्छन् र के कुरामा चिन्ता गर्छन् भन्ने नै संस्कृति हो । जीवनजस्तै संस्कृति पनि परिवर्तनशील छ हुन्छ र निरन्तर विकासमान हुन्छ । यो कुनै परिभाषा गरिने कुरा होइन, यो त एउटा निरन्तर चल्ने प्रक्रियाको नतिजा हो । यसैले प्रजातन्त्रमा सरकारहरूले जनताका लागि सांस्कृतिक अभिव्यक्तिका लागि विस्तृत क्षेत्र उपलब्ध गराउँछन् । सरकारहरू विषयवस्तु र शैलीमा अल्झिन हुँदैन ।

सामामुदायिक संस्कृति, निश्चय नै कलात्मक अभिव्यक्ति पनि हो । यो स्थानीय, संगीत, नृत्य, काव्य, नाटक, कथा वाचन, आदि विधाहरूमार्फत अभिव्यक्त हुन्छन् । यी कुराहरू अधिकांश सामुदायिक रेडियोहरूमा सशक्त रूपले प्रस्तुत गरिन्छन् । स्थानीय कलाकारहरूलाई रेडियोमार्फत समुदायमा पुग्नका लागि प्रेरित गरिन्छ ।  यसो गर्दा उनीहरूलाई मुलाधारको आमसंचार माध्यममार्फत उनीहरूले हासिल

गर्नसक्ने पेशागत गुणस्तरको मापदण्डको आधारमा उनीहरूलाई रोक्न हुँदैन । विषयवस्तुको महत्व र स्थानीयपना प्रायः औपचारिक गुणस्तर र व्यावसायिकताभन्दा महत्वपूर्ण हुन्छ । तर गुणस्तरहीन वा कम गुणस्तरको प्राविधिक उत्पादनको दोष यो कुरालाई दिन भने पाइँदैन ।

**संस्कृति भनेको भाषा पनि हो :** स्थानीय भाषा र अभिव्यक्त गर्ने स्थानीय/मौलिक तरिका यस्ता कच्चा पदार्थ हुन् जसले सामुदायिक रेडियोलाई खुराक दिन्छ । यी सांस्कृतिक विविधतालाई जोडने सिमेन्ट हुन् । जैविक विविधताजस्तै मानवताको सफल भविष्यका लागि सांस्कृतिक विविधताको पनि उत्तिकै महत्व छ । विश्वमा झण्डै ६७०० भाषा छन् । तीमध्ये सैकडा ६३ भाषा अफ्रिका र एशियामा छन् । राष्ट्रिय प्रसारणहरू र मिडिया विश्वीकरण, साथै शहरी बसाइसराइ आदि कारणहरूले गर्दा आधाजसो भाषाहरू अर्को पुस्तासम्ममा हराउने खतरा छ । भाषासँगै संस्कृति पनि हराउँछ । सांस्कृतिक विविधताको नाश हुँदै जाने प्रवृत्तिको विरोधमा सामुदायिक रेडियो एउटा प्रमुख सुरक्षा उपाय हो ।

## वायु तरंगमा आवाज र विचारहरूको विविधता सिर्जना गर्नु

सामुदायिक रेडियोले समुदायका सबै क्षेत्र र मानिसहरूलाई खुला रूपमा सहभागिताको अवसर दिएर वायु तरंगमा आवाज र विचारहरूको विविधता सिर्जना गर्छ ।

गुनासो वा असन्तोष सबै समुदायमा हुन्छ । बाहिरकाले आदर्श रूपमा कल्पना गर्ने खालका शान्तिपूर्ण, मेलयुक्त ग्रुपिङ ती होइनन् । गुनासो वा असन्तोष स्वार्थको भिन्नता, जनजातीगत, भाषागत वा धार्मिक पृष्ठभूमिको भिन्नता वा कुनै पुरानो बैर, रिसइबीको कारणले पनि हुनसक्छ । प्रजातन्त्र र प्रजातान्त्रिक समुदायका लागि द्वन्द्वलाई मान्यता दिनुपर्छ । द्वन्द्व किन हुन्छ भन्ने कुरा बुझेपछि समुदायहरूले आफूलाई राम्ररी बुझ्नसक्छन् र द्वन्द्व समाधान गर्ने उपाय अपनाउन सक्छन् । सामुदायिक रेडियोको एउटा काम आफूले कसैको पनि पक्ष नलिइकन कुनै पनि निर्णयका सबै पक्षहरूलाई वस्तुगत ढंगले प्रसारण गर्नु हो ।

## कार्यक्रम र विषयवस्तुको विविधता प्रस्तुत गर्नु

सामुदायिक रेडियोले विविधता युक्त कार्यक्रमहरू विभिन्न प्रकारका ढाँचा (फर्म्याट) र शैलीमा प्रस्तुत गर्छ । उदाहरणका लागि, गोलमेच छलफल, ताजा खबरको जानकारी (रिपोर्ट), अन्तर्वार्ता, कुराकानी, टेलिफोन कुराकानी, समदायको बैठकको तात्काल (लाइभ) प्रसारण आदि । कुन ढाँचा सबैभन्दा धेरै उपयुक्त छ भन्ने निधो गर्न श्रोताको रोजाइलाई आधार मानिन्छ ।

विषयवस्तुले पनि व्यापक क्षेत्रका शीर्षकहरू समेटछन् । यसमा पनि श्रोताहरूले व्यक्त गरेको इच्छा र उनीहरूको आवश्यकता अनुसार गरिन्छ । विषयवस्तुको निर्धारण समुदायको जीवन शैली र जीवनवृत्ति तथा उनीहरूले भोग्ने समस्याहरूको आधारमा हुन्छ । ग्रामीण क्षेत्रमा, स्वास्थ्य, खेतीपाती, माछा पालन/माछाको शिकार, वातावरण, सरसापट/ऋण, गाउँको उत्पादनको बजार र भाऊ, साना उद्योगधन्दा आदिको कार्यक्रम मुख्य रूपमा प्रस्तुत गरिन्छ । तर यस्ता कार्यक्रम काल्पनिक वा अन्य समुदायको नभएर श्रोता समुदायकै वास्तविक अवस्था र दैनिक जीवनसँग मेलखाने हुन्छन् ।

समाचार प्रसारण गर्दा पनि विभिन्न प्रकारका विषय वस्तुमाथि प्रकाश पार्न सकिन्छ । समाचारले स्थानीय घटना र विषयहरूलाई समेट्न सक्छन् । वा त्यसले स्थानीय समुदाय वा विषयसँग सान्दर्भिक राष्ट्रिय कुराहरू पनि समेट्न सक्छन् । अथवा आमसंचारका अरु माध्यम समक्ष पहुँच नभएका दुर्गम क्षेत्रका समुदायहरूका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार पनि प्रसारण गर्नसक्छन् ।

## खुला छलफल र प्रजातान्त्रिक प्रक्रियालाई प्रोत्साहित गर्नु

प्रजातन्त्रको आविष्कार गर्ने प्रचीन युनानीहरूले आफ्ना राजनीतिक छलफलहरू सार्वजनिक अथात खुला ठाउँमा चलाउँथे । छलफलमा जोसुकैले पनि भाग लिएर सुन्न र आफ्ना विचार पोख्न पाउँथ्यो । नागरिकहरूको संख्याको विशालताले गर्दा अहिले यसो गर्नु सम्भव छैन । यसैले प्रजातान्त्रिक अभ्यास सामान्य नागरिकबाट टाढिएको छ । खास गरेर, एक पल्ट राजनीतिक नेताहरू चुनिएपछि मतदाताहरूसँग उनीहरूको सम्पर्क सीमित हुन्छ, अनि उनीहरू जनतासँग सरसल्लाह नगरी वा उनीहरूसँग छलफल नै नगरी काम गर्न थाल्छन् ।

आफ्नो समुदायका लागि महत्वपूर्ण विषय र निर्णयहरूका बारेमा खुला तथा अन्तर्क्रियात्मक छलफल चलाउन स्वतन्त्र चौतारी उपलब्ध गराउनु सामुदायिक रेडियोको काम हो । यो काम हाल आएर विभिन्न देशमा चलेका विकेन्द्रीकरण प्रक्रिया अनुकूल छन् , जसको उद्देश्य प्रजातान्त्रिक ढंगले निर्णय गर्ने काममा सरोकारवाला जनतालाई संलग्न गराउनु हो ।

तैपनि, सामाजिक र आर्थिक उन्नति हुनका लागि प्रजातान्त्रिक प्रक्रिया समुदायमा सुरु भएर समुदायमै अन्त्य हुनसक्तैन । तिनीहरू समुदायमा काम गरिरहेका सरकार र निजी संस्थाहरूसम्म पुग्नुपर्छ, साथै स्थानीय, क्षेत्रीय, तथा राष्ट्रिय स्तरका नीति निर्माता तथा अधिकारीहरू समक्ष पनि पुग्नुपर्छ । सामुदायिक रेडियोले प्रसारण गर्ने सार्वजनिक छलफल स्थानीय तहमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाका कर्मचारीहरूले अवश्यै सुन्छन् । उनीहरूले रेडियो कार्यक्रममा प्रसारित विषयवस्तुलाई आफूमाथिका हाकिम वा अधिकारीलाई सुनाउने छन् । यसले समुदायले महसुस गरेका आवश्यकताहरू र संभावनाहरूलाई पूरा गर्ने विकास प्रयासहरूका लागि आधार तयार पार्छ । साथै, अरु समुदायमा तल्लोतहमा के काम भइरहेछ भनी थाहा दिनका लागि सामुदायिक रेडियो सेवाले तयार पारेका कार्यक्रमका रेकर्डहरू बैठकहरूमा सुनाउन वा अरु स्टेसनबाट प्रसारण गर्न गराउन पनि सकिन्छ ।

सारमा, प्रजातान्त्रिक प्रक्रियाको गुदी भनेको जनताले सुन्न पाउने क्षमता र सुनाउन पाउने अवसर हो । त्यो काम गर्नको लागि सामुदायिक रेडियोले मंच उपलब्ध गराउँछ ।

## विकास र सामाजिक परिवर्तनलाई बढाउनु

विपन्न समुदायका मानिसहरू आफ्नो अवस्थाप्रति भाग्यवादी वा अन्धविश्वासी हुन्छन् । ती सबैका व्यक्तिगत धारणा वा सोच हुन्छ, तर यस्ता धारणाहरूको अधारमा विकास हुनसक्तैन । विकासका लागि स्थानीय स्थितिको वास्तविकता बुझ्ने सामूहिक धारणा तथा स्थितिलाई सुधार्ने विकल्पहरूको आवश्यकता हुन्छ । समुदायको अवस्था, यसो हुनुका कारणहरू र यसलाई सुधार्नका लागि चाल्नुपर्ने कदमहरूको बारेमा समुदायभित्र आन्तरिक छलफल गरेर मात्रै यो कुरा हासिल गर्नसकिन्छ ।

सामुदायिक रेडियोले यस्ता आन्तरिक छलफल गराउन र समुदायको अवस्थाका बारेमा सामूहिक धारणा बनाउनका लागि उपयुक्त मंच उपलब्ध गराउँछ । खासखास समस्याहरूको विश्लेषण गर्न सकिन्छ, समाधानहरूबारे छलफल गर्न सकिन्छ, तथा सबैभन्दा धेरै प्रभावितहरूलाई वा समाधान गर्न सघाउन सक्नेहरूलाई सामूहिक कदम चाल्नका लागि परिचालन गर्नसकिन्छ ।

कुनै समुदायमा अल्पसंख्यकहरूबाट गरिने समाज विरोधी व्यवहारलाई सामुदायिक रेडियोमार्फत बहुसंख्यकहरूबाट दवाव सिर्जना गरेर त्यस्तो व्यवहार बदल्न लगाउनसकिन्छ ।

चित्र:

श्रोताहरूमा धेरैजना एकै ठाउँमा बसेर, सामूहिक रूपमा रेडियो सुन्ने बानी हुँदैन, तर रेडियोले गाउँमा बस्नेहरूबीच एउटा स्तरसम्मको समानता ल्याउँछ । ज्ञान, धारणा, चाहना, लक्ष तथा प्रक्रियामा समानता वा साझापन भयो भने समस्या सुल्झाउने काम सजिलो हुन्छ ।

सम्पर्क / बन्धन

"मानिसहरूलाई मानिसहरूसँग, मानिसहरूलाई मानिसहरूका संस्था, संगठनहरूसँग, र मानिसहरूलाई कर्मचारीहरू र सरकारी काम कार्वाहीहरूसँग जोडने उत्तरदायित्व स्थानीय रेडियो स्टेसनको हो ।"
ट्रपिल इन्क्वायरी रिपोर्ट, इन्डिपेन्डेन्ट ब्रोडकास्टिङ्ग अथरिटी, दक्षिण अफ्रिकी गणतन्त्र (१९९५)

**फिलिपिन्सको ताम्बुली सामुदायिक रेडियो स्टेसनबाट भएका केही सामाजिक तथा विकासका लाभहरू:**

- समुदायहरूमा जीवन संचार गरेको छ र परिवर्तनका लागि इच्छा जगाएको छ ।
- जुवा तासजस्ता कुलतहरूबाट परिवार र समुदायमा पर्ने आर्थिक नकारात्मक प्रभावको बारेमा रेडियोबाट छलफल कुराकानी गरेर स्पष्ट पारेपछि मानिसहरूले कुलत त्यागेका छन् ।
- बगरेहरूले ज्युँदै पशुहरूलाई बजारमा लगेर बजारमै मार्ने काम बन्द गरियो ।
- कुखुरा पाल्ने एउटा ठूलो पोल्ट्री फार्मलाई सफा गर्न लगाएर दुर्गन्ध र प्रदूषण घटाउने काम भयो ।
- बाढीको खतरा घटाउन समुद्री तटमा पानीभित्र थिग्रिएको माटो हटाउने काम गरियो ।
- पैदल यात्रीहरूका लागि साँघुहरू र बत्तीको व्यवस्था गरियो ।
- स्थानीय अधिकारीहरूले दिउँस साना नानीहरूलाई स्याहार्ने एउटा डे केयर सेन्टर स्थापना गरे ।
- समुदायको दबाबले गर्दा गैरकानूनी रूपमा दाउरा काट्ने र माछा मार्ने काम रोकियो ।

– कोलिन फ्रेसर/सोनिया रेस्ट्रेपो स्ट्राडा, *कम्प्युनिकेटिङ फर डेभ्लप्मेन्ट – ह्युमन चेंज फर सर्भाइभल,* आई.बी.टरिस (लण्डन/ न्युयोर्क), १९९८

**मालीको स्वतन्त्र रेडियो बामाकानका कार्यक्रम निर्देशकको वक्तव्य**

"प्रजातन्त्रका यति धेरै पक्षहरू छन् जसको बारेमा आममानिसहरूलाई थाहा हुँदैन । प्रजातन्त्र भनेको अराजकता होइन, प्रजातन्त्रमा अधिकार र कर्तव्यहरू हुन्छन् भनेर उनीहरूमा चेतना जगाउनु हाम्रो कर्तव्य हो । माग गर्ने हाम्रो अधिकार हो तर राज्यप्रति पूरा गर्नुपर्ने हाम्रा दायित्वहरू पनि हुन्छन् ।"

– मेरी मायर्स, *द प्रमोसन अफ डेमोक्रेसी बत द ग्रासरुट्स : द एक्ज्याम्पल अफ रेडियो इन माली,* फ्रेंक कास जर्नल, भाग ५, अंक २ (लण्डन, ग्रीष्मऋतु १९९८)

### नागरिक समाजलाई अघि बढाउनु

नागरिक समाज कुनै पनि समाजलाई मेलमिलाप र सहअस्तित्वको आधारमा बाँच्न सघाउने सामाजिक संस्थाहरूको विविधतायुक्त वृहत्तर संरचना हो । यसले आफ्ना सदस्यहरू र समूहहरूको व्यवहारको स्तर र नैतिक मान्यता माथिबाट लाद्नुको सट्टा आफैले तयार पार्छ ।

खास गरी दशकौंको एकदलीय वा अधिनायकवादी शासनपछि हालसालै प्रजातान्त्रिक प्रणाली अपनाएका देशहरूमा युवा पुस्तालाई प्रजातन्त्रका अन्तर्निहित गुणहरूको बारेमा वा प्रजातन्त्रलाई संचालन गर्ने नागरिक समाजको बारेमा थोरै कुरामात्रै थाहा हुन्छ ।

केही सामुदायिक रेडियोहरूले प्रजातन्त्र र नागरिक समाजका लाभहरूको बारेमा व्याख्या गर्ने, जनताका अधिकारहरूको बारेमा चेतना जगाउने कुरामा मात्र केन्द्रित नभएर उनीहरूका कर्तव्यहरूको बारेमा पनि सचेत पार्ने काम गर्छन् । तिनीहरूले नयाँ प्राप्त प्रजातन्त्रलाई समाजमा मेलमिलाप र सामाजिक उन्नतितिर लगाउनका लागि कस्तो खालको नागरिक चेतनाको आवश्यकता हुन्छ भनी जनतालाई बुझाउने काम गर्छन् ।

### असल शासन प्रवर्द्धन गर्नु

विपन्न समुदायका निमुखा नागरिकहरूबाट व्यक्तिगत वा सामूहिक रूपमा स्थानीय अधिकारीहरू र राजनीतिक नेताहरूले सजिलैसित फाइदा उठाउनसक्छन् , किनकि सुविधाबाट बंचित तथा दबिएका मानिसहरूलाई कहाँ गएर, कोसँग र कसरी गुनासो पोख्ने भन्ने कुरा थाहै हुँदैन । उनीहरूको गुनासो पोख्ने चौतारीको काम गरेर सामुदायिक रेडियोले जनतालाई उनीहरूको न्यायपूर्ण अधिकार पाउन सघाउँछ । साथै समुदायको पहरेदारको भूमिका खेल्दै यसले स्थानीय अधिकारीहरू र नेताहरूलाई उनीहरूको सार्वजनिक जिम्मेवारीप्रति सचेत गराउँछ ।

समुदायका सदस्यहरू र स्थानीय अधिकारीहरूबीच समुदायले झेल्नु परेको कुनै समस्याको बारेमा छलफल चलाउनु र त्यो छलफल रेडियोबाट प्रसार गर्नु सामुदायिक रेडियोले प्रयोग गर्ने एउटा उपाय हो । स्थानीय सरकार वा निकायको बैठक चलिरहेको बेलामा रेडियोबाट बैठकको छलफलको प्रत्यक्ष प्रसारण गर्नु अर्को उपाय हो ।

सामुदायिक रेडियोको यो काम पूरा गर्न सँधै सजिलो हुँदैन । पुस्तौंदेखि केही परिवारहरूको हैकम चलिरहेका दुर्गम ठाउँका समुदायहरूमा मानिसहरूले आफ्नो मनको कुरा भन्न हिच्किचाउँछन्, किनकि उनीहरूले ती परिवारबाट बेलाबेलामा विभिन्न प्रकारका ऋण लिएको हुनसक्छ । अनि, शक्तिशाली परिवारहरूले आलोचना सुन्न रुचाउन्नन् ।

### सहभागिता बढाउन, सूचना बाँड्न र नयाँनयाँ विचार र कार्यक्रम गर्न उत्साहित गर्नु

विकासको काममा लगेका मानिसहरूबीच सहभागिता शब्द बारंबार प्रयोग हुने गाँठी कुरा हो, तर सहभागिता र संचार एउटै सिक्काका दुई पाटा हुन् भन्ने कुरा सँधै महसुस गरेको देखिँदैन । मानिसहरूले आफ्नो अवस्थाको बारेमा र त्यसलाई सुधार्ने उपायका वा विकल्पहरूको बारेमा कुरा गर्दा बास्तवमा उनीहरूले सहभागिता गरिरहेका हुन्छन् । साथै उनीहरूले आफू सहभागी हुने साझा कामको

लागि आधार तयास पारिरहेका हुन्छन् । सामुदायिक रेडियोले उनीहरूलाई छलफल गर्ने चौतारी उपलब्ध गराएर उनीहरूको सभगागितालाई उत्साहित गर्छन् ।

साथै, सामुदायिक रेडियोले सूचना बाँडचुँड गर्न र नयाँनयाँ काम र विचार गर्न सघाउँछ । उदाहरणका लागि, समुदायको कुनै परिवारले कुनै समस्या सुल्झयो । त्यो समस्या समुदायका अरु परिवारको समस्यासँग मिल्दोजुल्दो पनि हुनसक्छ । जस्तै, नजिकैको बजारमा नयाँ खुलेको बैंकबाट कृषि ऋण कसरी लिने ? जसले त्यो बैंकबाट ऋण लिइसकेको छ त्यसले आफ्नो अनुभव रेडियोबाट सुनायो भने अरु परिवारलाई पनि फाइदा हुनसक्छ । त्यस भेगका कुनै किसानले उन्नत जातको तरकारीको बिऊ उत्पादन गरेको र बिऊ बेच्न खोजेको जानकारी प्रसार गर्नु अर्को उदाहरण हुनसक्छ ।

### निमुखाहरूलाई बोली दिनु

धेरैजसो परम्परागत समाजमा महिला, युवा, जनजाति र भाषिक अल्पसंख्यकहरूलाई बेवास्ता गरिन्छ । तर महिला, युवा र अल्पसंख्यक समूहहरूको सक्रिय तथा सुसूचित सहभगिताबिना कुनै पनि समुदायले समतायुक्त तथा सन्तोषजनक तरिकाले विकास वा परिवर्तन गर्नसक्तैन । (यो अध्यायको पुछारमा भएको चौकोस ३ हेनुहोला) ।

यसकारण, सामुदायिक रेडियोले समुदायका बाल्न नसक्ने निमुखाहरूलाई वाणी, बोली वा आवाज अर्थात् बोल्ने अवसर दिन्छ र बोल्न प्रेरित गर्छ । अवश्य नै यो काम वर्षौंसम्म सरकारी वा व्यापारिक प्रसारणबाट एकतर्फी रूपमा अरुको कुरामात्रै सुन्दै आइरहेको समुदायलाई नै समग्र रूपमा आवाज दिनु हो ।

### टेलिफोनको विकल्पको रूपमा सामाजिक सेवा उपलब्ध गाराउनु

टेलिफोनको पहुँच प्रायः नहुने विपन्न ग्रामीण क्षेत्रमा रेडियोले गाउँलेहरूको सन्देश प्रसार गरिदिएर टेलिफोनको सट्टा काम गर्छ । उदाहरणका लागि, टेलिफोनको पहुँच भएको काँठ वा शहरी इलाकामा बस्ने कोही बिरामी भयो र उसका आफन्तहरू गाउँको दुर्गम क्षेत्रमा बस्छन् भने उनीहरूलाई रेडियोबाट आफन्त बिरामी परेको खबर र सहयोग गर्न जान सन्देश दिनसकिन्छ । अथवा, कुनै किसानले आफूसँग भएको वस्तुभाऊ बेच्न खोज्यो भने वा कसैलाई डिँगा बाखा बंगुर किन्नु छ भने टेलिफोन गरेर ग्राहक र विक्रेता खोज्नुको सट्टा रेडियोबाट सन्देश वा विवरण प्रसार गर्नसकिन्छ । त्यस्तै, कसैलाई कृषि वा निर्माण कार्यका लागि अस्थायी मजदुर चाहिएको छ भने रेडियोबाट सन्देश प्रसार गरेर ज्याला मजुरी गर्नेहरूलाई सूचित गर्नसकिन्छ ।

### प्रसारणको स्वमित्वमा विविधता ल्याउनु

सामुदायिक प्रसारण सामान्यतया अरु भन्दा पछाडि परे पनि सामुदायिक, व्यापारिक तथा राष्ट्रिय वा सरकारी प्रसारण सबैको समाजमा आआफ्नो भूमिका हुन्छ । सामुदायिक रेडियोले यो कमी हटाउन सघाउँछ । यसले रेडियोबाट प्रसारण गरिने सूचनाका स्रोतहरूमा सन्तुलन मिलाउँछ जुन कुरा प्रजातान्त्रिक समाजको उन्नतिको लागि आवश्यक हुन्छ ।

### प्रसारण उद्योगको लागि जनशक्ति उपलब्ध गराउनु

सामुदायिक रेडियोले प्रसारण पेशाको रहस्यलाई छर्लंग पारेर प्रसारकहरूको व्यवसायलाई समुदायका सदस्यहरूसम्म पुऱ्याउँछ र उनीहरूलाई सन्देश उत्पादकको रूपमा चिनाउँछ । यसले नौसिखुवा प्रसारकहरूका लागि प्रसारण सिकाउने पाठशालाको काम गर्छ, जहाँ उनीहरूले महत्वपूर्ण प्राविधिक सीप हासिल गर्छन् ।

तर सामुदायिक रेडियोबाट मानिसहरूले सिक्न पाउने विशेष महत्वपूर्ण कुरा अर्को छ । सामुदायिक प्रसारकहरू यस्ता प्रसारकहरू हुन् जो आफ्ना श्रोताहरूको माझमा बस्छन्, श्रोताहरूका समस्याहरू उनीहरूको पनि समस्या हुन्छ, र उनीहरूले कार्यक्रमको ढाँचा, आफ्ना रुचिहरू र कार्यक्रमको उपयोगिताबारे श्रोताहरूबाट सकारात्मक र नकारात्मक दुबै खालका प्रतिक्रियाहरू निरन्तर पाइरहन्छन् । यसले उनीहरूलाई प्रसारक र श्रोताबीचको सम्बन्धबारे तथा परिवर्तन र विकासको औजारको रूपमा रेडियोको भूमिका बारे मौलिक भित्री बुझाइ वा अन्तर्ज्ञान दिन्छ । अतः सामुदायिक प्रसारकहरू मूलधारको प्रसारणमा काम गर्न जानु असामान्य कुरा होइन ।

**पारदर्शितामा बाधा – फिलिपिन्सको घटना**

समुदायहरू जति दुर्गम स्थानमा बस्छन् उनीहरू बोल्न पनि त्यत्तिकै हिच्किचाउँछन् । मानिसहरू एकदमै साना समस्या सुल्झाउन पनि आफ्ना नेताहरूको भर पर्छन् । साथै उनीहरूले केही राजनीतिक परिवारहरूबाट ऋण लिएका हुन्छन् । उनीहरूको आलोचना गर्नु कृतध्नताजस्तो लाग्छ ।

स्थानीय परिषदको साप्ताहिक बैठकको प्रत्यक्ष प्रसारको भइरहेको बेलामा श्रोताहरूबाट फोनमार्फत प्रश्न, जिज्ञासा र टिप्पणीहरू लिनु भनेर स्थानीय परिषदले सामुदायिक रेडियोलाई भन्यो । तर श्रोताहरूको फोनकल आउन थालेपछि त्यस्तो फोनकल रोक्न लगायो । परिषदको बैठकको कुन हिस्सा प्रत्यक्ष प्रसारण गर्नमिल्छ भनेर पनि परिषदले छान्न थाल्यो । अनि बजेटमाथि छलफल हुने बेलामा रेडियो प्रसारकहरूलाई बैठक कोठाबाट बाहिर जान लगायो ।
–सेसिल बाल्गोजको *द साउण्डस् अफ साइलेन्स,* युनेस्को सोर्स संख्या ८९, युनेस्को (पेरिस, १९९७) बाट सार खिचिएको ।

**निर्णय गर्नका लागि वस्तुको रूपमा सूचना**

"… सामुदायिक प्रसारणको उपयुक्त उपयोग समुदायलाई सन्तुष्ट पार्नु र सामाजिक आवश्यकताहरू पूरा गर्नु हो । यो काम गर्ने मेसोमा मानिसहरूले सूचना भनिने अति महत्वपूर्ण वस्तु भेट्टाउँछन् जसको आधारमा उनीहरूले आफ्नो दैनिक जीवनमा आइलाग्ने कुराहरूबारे निर्णय गर्छन् ।

–फेलिक्स लिब्रेरो, *कम्युनिकेसन फर पिपुल पावर,* सं. मास्लोङ, नाभारो, ताबिङ, टियोडोरो, युनेस्को/ताम्बुली प्रोजेक्ट, इन्स्टिच्युट अफ डेभ्लपमेन्ट कम्युनिकेसन, कलेज अफ मास कम्युनिकेसन, युनेस्को नेसनल कमिसन, फिलिपिन्स (मनिला, १९९७)

**हाइटीमा जनताको टेलिफोन**

डाँकाहरू गाउँमा एउटा लास र पीडित गाउँलाई छाडेर मोटरसाइकल चढेर भागेपछि उनीहरूले स्वतन्त्रताको बाटोतिर लागेको ठाने । उनीहरूले गाउँलेहरूको रेडियो स्टेसन - रेडियो फ्लान्बो - को बारेमा सुनेका थिएनन् । हाइटीमा रेडियो फ्लान्बोजस्ता सामुदायिक रेडियो स्टेसनलाई "जनताको

टेलिफोन" भनेर चिनिन्छ । डाँकाहरूले अर्को गाउँ लुट्ने तयारी गरिरहँदा रेडियो फ्लान्बोको समाचार बाचकले डाँकाहरूको आसन्न हमलाको चेतावनी प्रसारण गरे । संभवत: डाँकाहरू सिधै प्रहरी चौकीमा पुग्थे ।"

डेभिड सांक्स, *भ्वायसेज फर द भ्वायसलेस,* वर्ल्ड एसोसिएसन फर क्रिस्चियन कम्युनिकेसनले तयार पारेको लेखबाट (लण्डन, मार्च १९९९) ।

## *चौकोस ३ : महिलाहरूको संलग्नता*

फिलिपिनी महिलाहरू, खास गरी गरिबी र अपर्याप्त शिक्षाको कारणले सामाजिकीकरण सीमित रूपमा भएका ग्रामीण इलाकाहरूका महिलाहरू संकोची र कातर हुन्छन् । साथै, गाउँले परिवारहरू महिलाको गृहिणीको परम्परागत भूमिकालाई फेर्ने कुराको विरोध गर्छन् र महिलाहरू पनि सामुदायिक काम लोग्नेमानिसहरूले गरुन् भन्ने चाहन्छन् ।

गाउँका मानिसहरूले महिलाहरूको अधिकारबारे संयुक्त रूपमा खोजिनिती गर्ने कामलाई सबैभन्दा कम महत्व दिन्छन् । महिलाहरूलाई उनीहरूको साँगुरो छिँडीबाट बाहिर ल्याउन प्राय: धेरै नै फकाउनु र आश्वासन दिनुपर्ने हुन्छ ।

तैपनि, अखबार र रेडियो जस्ता आमसंचार संस्कृति चिनेका महिलाहरूमा सामुदयिक परियाजनाहरूमा सहभागी हुने तत्परता बढन थालेको देखिन्छ । समुदायमा गएर सुरुमा महिलाका लागि महिलाका बारेमा महिलाले नै विशेष रेडियो कार्यक्रम बनाउने कुरा चलाउँदा उनीहरूमा निक्कै उत्सुकता देखियो । समुदायमा महिलाहरूको सक्रियता बढाउने काममा लाग्ने केही परिवार र संस्थाहरूले खतरा महसुस गरी रेडियोले उपलब्ध गर्ने सहयोगको स्वागत गरेको कुरालाई म यसको जस दिन्छु ।

एक पल्ट सहभागी भएपछि महिलाहरू निक्कै भर पर्नसकिने हुन्छन् । उनीहरूले नियमको कडाइकासाथ पालना गर्छन् । पुरुषहरूको दाँजोमा उनीहरू बढी होसियार, सानातिना कुरामा पनि बिचार पुऱ्याउने हुन्छन् । उनीहरूमा कार्यालयको काममा जथाभावी गर्ने, मन लागे गर्ने मन नलागे नगर्ने अनियमितता हुँदैन । उनीहरू निरन्तर उत्साहित हुन्छन् । जहाँ महिलाहरू पुरुषसँग मिसिएर काम गर्छन् त्यहाँ पुरुषहरू बढी कुसलातापूर्वक काम नगरे पनि उत्साह पूर्वक काम गर्छन् ।

ओलुटाँगा आइल्याण्ड मिडिया फाउण्डेसनका अध्यक्ष मेरियम अरानास आजीविका तथा संरक्षण परियोजनालाई प्रवर्द्धन गर्ने महिला समूहकी दृढ इच्छशक्ति भएकी नेतृ थिइन् । तिनले संस्था दर्ता गरिन् र रेडियो स्टेसनका लागि भवन खडा गरिन् ।

विद्यालयकी शिक्षिका राजारियो गोजोस "पार्टिडो कामारिन्स सुर" की स्टेसन म्यानेजर नियुक्त भइन् । उनको लोग्ने विदेशमा काम गर्ने हुनाले उनी एक्लैले घर धानेकी छिन् । जिल्लामा फैलिएको गैरकानूनी जुवाको विरोध गर्ने काममा उनले अगुवाइ गरिन् र सफल भइन् । अरु कुराका साथै उनले महिलाहरूको मात्रै शनिवारीय कार्यक्रम सुरु गरेकी थिइन् ।

उनको लगनशीलता सरुवा रोगझैँ उनकोस्टेसनमा काम गर्ने अरु स्वयंसेवकहरूमा पनि फैलियो । अरु पनि प्रेरित भए । तीन वर्ष नबित्दै रेडियो स्टेसन समुदायको एउटा संस्थागत शक्ति बन्यो । यसले पार्टिडोको प्रगति र सुव्यवस्थापनको लागि ठूलो योगदान दिएको छ ।

लिन विलासिस नरम मिजासकी सौन्दर्य विशेषज्ञा हुन् । उनले धेरै वर्षदेखि रेडियोमा बालबालिकाका लागि कथा सुनाउने कार्यक्रम संचालन गरेकि छिन् । अहिले उनी बांगा आक्लानको स्टेसनमा एउटा अति लोकप्रिय पात्र बनेकी छिन् ।

मालाउ अंगोलुआन कलेजबाट निस्केकी युवा स्नातक हुन् । उनले स्वयंसेवी कामलाई पेशाको रूपमा लिएकी छिन् । उनको उदाहरणीय काम र सेवाप्रति समर्पणले गर्दा श्रोताहरूबाट उनले अति धेरै प्रशंसा पाएकी छिन् । ठूला व्यापारिक रेडियो स्टेसनहरूमा काम गर्ने धेरै अवसर उनले लत्याएकी छिन् ।

# अध्याय ३ : कानूनी पक्ष

**यो अध्यायमा विश्वका विभिन्न देशमा सामुदायिक रेडियोलाई व्यवस्थापन गर्ने कानूनी प्रावधानको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । दक्षिण अफ्रिकामाथि विशेष ध्यान दिइएको छ किनकि त्यहाँ प्रसारण ऐन विभिन्न दृष्टिले निक्कै बेलिविस्तारपूर्वक बनाइएको छ र अरु देशमा नमुनाको रूपमा उपयोग गर्नसकिन्छ । विभिन्न देशका सामुदायिक रेडियोसम्बन्धी कानूनहरूमा भएका मिल्ने र नमिल्ने खासखास बुँदाहरूको व्याख्या गरिएको छ, किनकि इजाजत पाउन यो नभई हुँदैन ।**

**यो अध्याय पढिसकेपछि पाठकहरूले निम्नलिखित कुराहरू पाउने छन् :**

- **सामुदायिक रेडियोसम्बन्धी विभिन्न कानूनहरू र विश्वका केही भागमा सामुदायिक रेडियोले भोग्नुपर्ने संभावित बाधा अडचनहरूबारे जानकारी,**
- **सामुदायिक रेडियो परियोजना सुरु गर्नुभन्दा अघि विद्यमान ऐनकानूनलाई गहिरोसँग बुझ्नु पर्ने आवश्यकताको बोध,**
- **सामुदायिक रेडियोको इजाजतपत्र जारी गर्नु अघि संबंधित अधिकारीहरूले खोज्नसक्ने जानकारी र लागू गर्नसक्ने शर्तहरू ।**

## असमान तथा जथाभावी कानून

वायु तरंग, अथवा प्रसारणको लागि उपयोग गरिने फ्रिक्वेन्सी, सार्वजनक सम्पत्ती हो । यसैले यो राष्ट्रिय प्रशासनद्वारा व्यवस्थापन वा नियमन गरिने कुरा हो । यस्तो व्यवस्थापन अन्तर्राष्ट्रिय दूरसंचार संघ ( आईटीयू) ले आयोजना गरेको व्यवस्थापन योजना सम्मेलनको निर्णयसँग मिल्ने गरी, सार्वजनिक हितलाई ध्यानमा राखेर, तथा न्यायोचित र पारदर्शीढंगले नियमन वा व्यवस्थापन तथा वितरण गरिन्छ । साथै सामान्य राष्ट्रिय संचार नीतिहरूले यो मापदण्ड पूरा गर्नुपर्छ ।

दुर्भाग्यवश, हमेसा यस्तो हुँदैन । सामुदायिक रेडियोलाई नियमन गर्ने कानूनहरू निकै भिन्न वा असन्तुलित छन् । विश्वका विभिन्न क्षेत्रमा कतै ऐन कानून नै नभएकाले, कतै कानून परस्पर बाझिएका र कतै शत्रुवत कानून भएको कारणले सामुदायिक रेडियोको विकास हुनसकेको छैन । यो किताब प्रत्येक देशका कानूनहरूको विस्तृत छलफल गर्ने थलो होइन, तर विश्वका केही देशका कानूनी अवस्थाको संक्षिप्त रूपरेखा बुझेपछि सामुदायिक रेडियो सुरु गर्नका लागि विद्यमान स्थिति बुझ्न सजिलो हुन्छ ।

## अफ्रिका सबैभन्दा अगाडि

अफ्रिकाका धेरैजसो देशहरूले सामुदायिक रेडियोका लागि कानून बनाउने काममा धेरै प्रगति गरेका छन् । यो कुरा अलि रमाइलो छ किनभने झट्ट हेर्दा यो कुरा आपसमा बाझिने देखिन्छ । एकातिर अधिकांश अफ्रिकी मुलुकहरूमा विद्यमान जनजातीय, सांस्कृतिक, तथा भाषिक विविधतालाई समृद्ध बनाउनका लागि आवश्यक जानकारी निष्पक्ष रूपमा दिने काम सामुदायिक रेडियोले गर्छ भने आर्कोतिर जनजातीय भावना र भाषिक अभिव्यक्ति स्वतन्त्रताले राष्ट्रिय एकतामा खतरा पुग्छ भनेर त्यहाँका सरकारहरू डराउँछन् । केनियाको होमा बे सामुदायिक रेडियोको सन् १९८४ मा अकाल मृत्यु हुनुका कारणहरूमध्ये एउटा कारण यही थियो भन्ने सम्झनुपर्छ ।

जे भए पनि भाषिक तथा सांस्कृतिक विविधतामाथि देशभित्र हुने अधिनायकवादी दमनबारे पाठ सिकिसकिएको देखिन्छ । यसले अन्तमा समाजमा प्रवल असन्तोष र तनाव उत्पन्न गर्छ । वास्तवमा औद्योगिक देशहरूमा पनि वितेका दुई दशकमा सरकारहरूको मन बदलिएको देखिएको छ । अब उनीहरू आफ्ना अल्पसंख्यक समुदायका परम्परागत भाषिक तथा सांस्कृतिक पहिचानको संरक्षण गर्ने प्रयासमा लागेका देखिन्छन् । बहुलवादी समाजले पनि राष्ट्रिय पहिचान र एकता हासिल गर्नसक्छ भन्ने कुरा उनीहरूले महसुस गरेका छन् ।

अफ्रिकाका धेरै देशहरूमा यो कुरा लागू हुन्छ । सन् १९९० को दशकको सुरुदेखि नै माली, बुर्किनाफासो, नामिभिया, तथा दक्षिण अफ्रिकाजस्ता देशहरू वायु तरंगलाई स्वतन्त्र गर्ने र आफ्नो राष्टिय प्रसारणको एउटा हिस्साको रूपमा सामुदायिक रेडियोलाई बढाउने बाटोमा हिँडन थालेका छन् । यो नीतिलाई सफल पार्नका लागि उनीहरूले आवश्यक तथा सुहाउँदो ऐन नियमहरूको तर्जुमा पनि गरेका छन् ।

नयाँ प्रसारण नीति तथा सामुदायिक रेडियोबारे कानून बनाउने दिशामा दक्षिण अफ्रिकाको प्रगतिलाई नमुना मानिन्छ । केही देशले त्यसको नक्कल पनि गरिसकेका छन् । अरु धेरै देशहरूले यसलाई आदर्श नमुना मान्नसक्छन् । यसैले अर्को खण्डमा यसको रूपरेखा प्रस्तुत गरिएको छ ।

## दक्षिण अफ्रिकामा प्रसारण कानून – उदाहरणीय कार्य

दक्षिण अफ्रिकामा रंगभेदबादी शासन समाप्त भएपछि बनेको सरकारले सामाजिक-आर्थिक विकासका धेरै आवश्यकताहरू पूरा गर्न, साथसाथै प्रजातान्त्रिक र बहुलवादी समाज निर्माण गर्न देशका आमसंचार माध्यमहरूले सघाउनसक्छन् भन्ने महसुस् गऱ्यो । तर यसको लागि नयाँ प्रसारण नीति र कार्यक्रमको आवश्यकता थियो ।

### *स्वतन्त्र प्रसारण प्राधिकरण*

सन् १९९३ मा पहिलो कदम चालियो, जसअनुसार कानूनी अधिकारयुक्त एउटा स्वतन्त्र प्रसारण प्राधिकरण (आईबीए) गठन गरियो । यसको काम प्रसारण नीति बनाउनु, फ्रिक्वेन्सीको उपयोग गर्ने योजना तयार पार्नु, प्रसारणको लागि इजाजत जारी गर्नु, उजुरी सुन्नु, तथा प्रसारण उद्योगहरूको सामान्य नियमन गर्नु हो । यसले राज्य, सरकार र राजनीतिक दलहरूको प्रभाव बाहिर रहेर स्वतन्त्र रूपमा कामगर्छ । यो नाफारहित निकाय हो । यसलाई चाहिने रकम आंशिक रूपमा राज्यले दिन्छ र आंशिक रूपमा यसले जारी गर्ने इजाजत शुल्कबाट प्राप्त हुन्छ ।

प्राधिकरणमा सात जना सदस्य हुन्छन् । तिनलाई राष्ट्रपतिले नियुक्त गर्छन् । तिनीहरू प्रसारण नीति, आमसंचार माध्यमसंबंधी कानून, बजार र व्यापार, पत्रकारिता, मनोरंजन र शिक्षा क्षेत्रका विशेषज्ञहरू हुन्छन् । तिनीहरू विवेकपूर्ण व्यवहार, अभिव्यक्ति स्वतन्त्रता, जनताको सूचित हुने हक, खुलापन र उत्तरदायित्वजस्ता गुणहरूप्रति तिनीहरूको वचनवद्धताको आधारमा पनि छानिन्छन् ।

### *प्रसारण कानूनको समग्र उद्देश्य*

दक्षिण अफ्रिकाको प्रसारण कानूनका प्रमुख उद्देश्यहरूमध्ये केही यस प्रकार छन् :

- सबै भाषा र सांस्कृतिक समूहहरूलाई समेट्ने र मनोरंजन, शिक्षा र सूचना दिने खालका राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका विविध प्रकारका प्रसारण सेवाहरू संचालन गराउन सहयोग गर्ने,
- आमजनताका आवश्यकताहरू पूरा गर्ने सार्वजनिक, निजी तथा सामुदायिक प्रसारण सेवाहरूको विकासलाई बढावा दिने,
- राष्ट्रिय र क्षेत्रीय पहिचान, संस्कृति र चरित्रको विकास र संरक्षण गर्ने,
- प्रसारणको स्वामित्व र नियन्त्रण ऐतिहासिक रूपले उपेक्षित समूहका मानिसहरूको हातमा पार्न प्रोत्साहित गर्ने,
- निजी तथा सामुदायिक प्रसारणको इजाजत दिने कामको नियन्त्रण देशका विविधतायुक्त समुदायका मानिसहरू वा समूहहरूको हातमा होस् भन्ने सुनिश्चित गर्ने,
- निर्वाचनको बेलामा प्रसारणको इजाजत पाएकाहरूबाट सबै राजनीतिक दलहरूले समतापूर्ण व्यवहार पाउने कुरा सुनिश्चित गर्ने,
- प्रसारण इजाजत पाएकाहरूले प्राधिकरणद्वारा स्वीकृत आचार संहिता पालन गर्ने कुरा सुनिश्चित गर्ने ।

*रेडियो प्रसारणका प्रकार*

कानूनले तीन प्रकारका रेडियो सेवाको अपेक्षा गरेको छ :

- **जनहित सेवा** - साउथ अफ्रिकन ब्रोडकास्टिङ कर्पोरेसनले प्रदान गर्ने प्रसारण सेवा या स्रोता वा दर्शकहरूले रेडियो वा टेलिभिजन उपकरण राखेबापत तिर्ने कर उठाउने कुनै आधिकारिक निकाय वा व्यक्तिबाट उपलब्ध गराइने सेवा ।
- **निजी सेवा** - नाफा कमाउनको लागि गरिने र जनहित प्रसारणको इजाजत नलिएका व्यक्तिको नियन्त्रणमा चलाइने प्रसारण ।
- **सामुदायिक सेवा** - यस्तो प्रसारण सेवा जसले :
    - पूर्ण रूपमा नाफा कमाउने उद्देश्य रहित निकायको नियन्त्रणमा हुन्छ र नाफा नकमाउने उद्देश्यले संचालन गरिन्छ,
    - निश्चित समुदायको सेवा गर्छ । निश्चित समुदायको हितमा काम गर्छ ।
    - यसले सेवा गर्ने समुदायका सदस्यहरू वा समुदायसँग सम्बन्धित मानिसहरू, वा समुदायको हितको लागि काम गर्ने मानिसहरूलाई प्रसारण गरिने कार्यक्रम छान्न र कार्यक्रमको विषयवस्तुमा सहभागी हुन प्रोत्साहित गर्छ,
    - यसको खर्च चन्दा, अनुदान, कार्यक्रम प्रायोजन, विज्ञापन वा सदस्यता शुल्क वा यीमध्ये एक वा धेरै स्रोतहरूबाट चल्छ ।

“समुदाय” शब्दले भौगोलिक रूपले बनेको समुदाय वा एउटा निश्चित साझा हित भएका मानिसहरूको समूह वा आमजनताको हिस्सालाई जनाउँछ ।

## सामुदायिक रेडियोको बारेमा एशिया र भारतमा चलेको लामो वादविवाद

अफ्रिकाको दाँजोमा एशियाको परिस्थिति त्यति अनुकूल छैन । यो समस्याको बारेमा भारतले राम्रो उदाहरण प्रस्तुत गरेको छ भने नेपाल र श्रीलंकाले समाधानको बाटो देखाएका छन् । बेलायतको बीबीसीको ढाँचामा प्रसारणमा सरकारी एकाधिकारको रूपमा भारतमा सन् १९३५ मा अल इण्डिया रेडियोको स्थापना गरिएको थियो । तीस वर्षअघि चन्दा कमिटीले तयार पारेको रिपोर्टबाट त्यो एकाधिकार तोडनेबारे छलफल सुरु भएको हो । त्यसपछि बनेका विभिन्न कमिटीहरूले जनसहभागिताको प्रक्रियालाई संस्थागत गर्न र जनताको सूचना पाउने हक प्राप्त गर्नका लागि प्रसारणको विकेन्द्रीकरण गर्ने सिफारिस गरेका छन् । सन् १९९५ मा सुप्रिम कोर्ट (सर्वोच्च अदालत) ले वायु/रेडियो तरंग सार्वजनिक वस्तु हो भन्ने एउटा ऐतिहासिक निर्णय गर्‍यो तथा प्रसारणमा बजार वा व्यापारिक शक्ति, सरकारी एकाधिकार र जनताका आवश्यकताहरूबीच सन्तुलन मिलाउनुपर्ने खाँचोमा जोड दिनुका साथै जनताको सूचना प्राप्त गर्ने र प्रेषण गर्ने अधिकारलाई स्पष्ट पार्‍यो । यो फैसलाले जनसहभागिताको आधारमा चल्ने स्थानीय स्टेसन चलाउन तथा बेग्लाबेग्लै इलाकाका बेग्लाबेग्लै स्टेसन चलाउन इजाजत दिने ढोका खोल्यो । तर यो कुरा लागू गर्नका लागि चाहिने ऐन नियम अझै बनेको छैन । यो पुस्तक लेख्दा सो सम्बन्धी कानून बन्न लागेको देखिन्छ ।

यो विषयमा दशकौँको लामो विवादको फल के देखियो भने अल इण्डिया रेडियोले स्थानीय स्टेसनहरूलाई विकेन्द्रीकरण गर्‍यो अनि हालै एफएमले चल्ने थुप्रै व्यापारिक स्टेसनहरू खोल्यो । ती स्टेसनहरू अल इण्डिया रेडियोकै हुन् र निजी संचालकहरूलाई भाडामा दिइएका छन् । अल इण्डिया रेडियोका केही स्थानीय स्टेसनहरू समुदायको नजिक हुने र सामुदयिक रेडियोको शैली अपनाउने कोशिस गर्छन् । तर यी स्टेसनहरूको धेरैजसो काम वा समयमा स्थानीय रूपमा सान्दर्भिक विषयवस्तुमा आधारित कार्यक्रम बनाउनुको सट्टा राष्ट्रिय, वा क्षेत्रीय राजधानीबाट प्रसारित तथा शहरमुखी कार्यक्रमहरू पुनः प्रसारण गर्ने गर्छन् ।

व्यापारिक स्टेसनहरूले मनोरंजन कार्यक्रममात्रै प्रसारण गर्न पाउँछन् । समाचार र ताजा घटना विश्लेषण मात्रै होइन यौन शिक्षासमेत प्रसारण गर्न दिइँदैन । यसरी, बजारको मागको आधारमा बढिरहेका निजी एफएम स्टेसनहरूले शहरिया युवाहरूको माझमा आफूलाई केवल “इलेक्ट्रोनिक डिस्को” को रूपमा प्रस्तुत गरेका छन् । (भ्वाइसेज (बंगलोर, भारत, १९९६) ले आयोजना गरेको ***कन्सल्टेसन अन मिडिया पलिसी एण्ड कम्युनिटी रेडियो*** को रिपोर्टबाट ।)

१९९६ सेप्टेम्बरमा भारतको बंगलोरमा ६० जनाभन्दा धेरै प्रसारकहरू, कानूनविदहरू, विश्वविद्यालयका कर्मचारीहरू र विकासे संचारकर्मीहरूको परामर्श भेलाले बंगलोर घोषणापत्र जारी गरेको थियो । यसमा सामुदायिक रेडियोलाई वैधता दिएर अगाडि बढाउन सरकारसँग आह्वान गरिएको थियो । यसरी दवाब बढिरहेको छ र अँध्यारो सुरुङको पल्लोछेउमा उज्यालोको किरण देखिन्छ ।

नेपालमा सन् १९९७ को मईमा रेडियो सगरमाथाले प्रसारण नथालेसम्म केवल एउटा सरकारी रेडियोले प्रसारण गरिरहेको थियो । (घटना अध्ययन २ हेर्नुस्) सन् १९९३ मा पारित प्रसारण सम्बन्धी वर्तमान सरकारी नीतिमा सरकारी, व्यापारिक र सामुदायिक प्रसारणको व्यवस्था छ , तैपनि पहिलो सामुदायिक रेडियो रेडियो सगरमाथाले इजाजत पाउन १९९४ देखि १९९७ सम्म कुर्नुपर्‍यो । यसको सफलताले गर्दा अब देशमा सामुदायिक रेडियो फैलिन आँटेको छ ।

प्रसारण सेवाको एकाधिकार सरकारी नियन्त्रणमा रहेको अर्को देश श्रीलंकामा सरकारी रेडियो आफैले सन् १९८३ देखि महावेली रेडियोको रूपमा सामुदायिक प्रसारण सुरु गर्‍यो । यसको बारेमा अध्याय १ मा वर्णन गरिसकिएको छ । पछि यसले श्रीलंकाका अरु भागलाई पनि समेट्ने गरी, खास गरी ग्रामीण

विकासको सहयोगमा, सामुदायिक रेडियोको विस्तार गऱ्यो । तैपनि, सन् १९९७ को मध्यतिर सर्वोच्च अदालतको एउटा आदेशले रेडियो तरंगमाथि सरकारी एकाधिकारलाई समाप्त पारिदियो । अनि नयाँ प्रसारण विधेयक तयार पार्न एउटा संसदीय समितिको स्थापना भयो । यसले निश्चय नै सामुदायिक रेडियोलाई मान्यता दिनेछ र यसको विकास गर्नेछ, किनकि महावेली सामुदायिक रेडियोको लामो अनुभवको आधारमा श्रीलंकामा सामुदायिक रेडियोको मान्यताले राम्ररी जरा गाडिसकेको छ ।

उत्तर अमेरिकी ढाँचाको व्यापारिक प्रसारण प्रणालीलाई पछ्याउने फिलिपिन्सजस्ता एशियाली देशहरूमा सामुदायिक रेडियोहरूले प्रायः इजाजत बिना नै काम गर्छन् ।

**केही ल्याटिन अमेरिकी देशहरूका प्रसारणसम्बन्धी कानून**

सामुदायिक रेडियोमा ल्याटिन अमेरिकाको नेतृत्वकारी भूमिकाको बाबजुद त्यहाँको कानूनमा गर्नु पर्ने कामहरू धेरै छन् । त्यो महाद्वीपमा दर्ता भएका रेडियो स्टेसनहरूको संख्या ६,००० जति छ । तीमध्ये सैकडा ८५ निजी/व्यापारिक, ७ प्रतिशतजति सरकारी र बाकी चर्चको स्वामित्वमा छन् । पछिल्ला केही स्टेसनले आफूलाई सामुदायिक रेडियो ठान्छन् । यसका साथै वर्षौंदेखि दर्ता नगरीकन संचालन गरिएका रेडियो स्टेसनको संख्या निकै ठूलो छ । तीमध्ये धेरै सामुदायिक रेडियो छन् , कानूनी दृष्टिले ती स्टेसनहरू अवैध हुन् ।

सन् १९९० को मध्यतिर मात्रै केही ल्याटिन अमेरिकी देशहरूले सामुदायिक रेडियोबारे नियम कानून बनाउन थालेका हुन् । प्रायः ती कानूनहरू सामुदायिक रेडियोका प्रतिकूल छन् ।

उदाहरणका लागि हालैको ब्राजिलको कानूनले सामुदायिक रेडियोको ट्रान्समिटरको क्षमता पाँच वाटमा सीमित गरेको छ । कुनै खास नगरको वरिपरि बस्ने गरिबहरूको दशदेखि बीस हजार जनसंख्यालाई समेटन यो प्रसारण क्षमता प्रायः अपर्याप्त हुन्छ । यो प्रसारण क्षमताबाट छरिएर बसेका गाउँले समुदायहरूमा सामुदायिक प्रसारण पुऱ्याउन असंभव छ । ब्राजिलका भित्री भागमा यस्ता छरिएर बसेका ग्रामीण वस्तीहरूको संख्या धेरै छ । यो कानूनले कुनै पनि खालको विज्ञापन प्रसारण गर्न रोक लगाउँछ जसले गर्दा सामुदायिक रेडियोलाई दिगो रूपले बचाइराख्न झन कठिन बनाएको छ ।

इक्वेडोरमा सन् १९९६ सम्म सामुदायिक रेडियोले वैधानिक मान्यता पाएको थिएन । धेरैजसो सामुदायिक रेडियोले व्यापारिक र सांस्कृतिक रेडियोको इजाजत पाएका छन् । आखिरमा सन् १९९६ मा सामुदायिक रेडियोले प्रसारणको परिदृश्यमा एउटा स्पष्ट हिस्साको रूपमा मान्यता पायो । तर, त्यो कानूनले सामुदायिक रेडियोले उपयोग गर्न पाउने ट्रान्समिटरको क्षमताबारे सीमा तोक्यो – ५०० वाटको एन्टेना । साथै सेनाको पूर्व स्वीकृति लिनुपर्ने गरियो । ब्राजिलमा जस्तै यहाँ पनि सामुदायिक रेडियोले कुनै प्रकारको व्यापारिक कारोवार गर्न रोक लगाइयो ।

इक्वेडोरका सामुदायिक रेडियोहरूको प्रतिनिधित्व गर्ने राष्ट्रिय संस्थाले संविधानको आधारमा उक्त कानूनको विरुद्ध मुद्दा हाल्यो र सेनाबाट पूर्व स्वीकृति लिनुपर्ने प्रावधान हटायो । तर ट्रान्समिटरको क्षमताको सीमा र व्यापारिक कारोवार गर्न नपाउने प्रावधान उही कायम छ । सन् १९९९ को अन्त्यसम्म पनि त्यहाँ नयाँ कानूनअन्तर्गत सामुदायिक रेडियो संचालन भएको थिएन । ती सबैले व्यापारिक वा सांस्कृतिक इजाजत लिएका थिए ।

सामुदायिक रेडियोमा नेतृत्वकारी भूमिका खेल्ने देश बोलिभियामा अहिले विरोधाभासपूर्ण स्थिति छ । सन् १९९५ मा एउटा यस्तो कानून पारित गरियो जसअन्तर्गत अब उप्रान्त मुलुकको व्यापारिक

संहिताअनुसार दर्ता भएका व्यापारिक प्रकृतिका पब्लिक वा प्राइवेट कम्पनीहरूलाई मात्रै रेडियो र टेलिभिजन स्टेसन संचालन गर्ने इजाजत दिइने छ । बोलिभियामा संचालित ५०० भन्दा बढी रेडियो स्टेसनहरूमध्ये राम्रोसँग स्थापित शैक्षिक रेडियो सेवाहरूको संख्या निक्कै छ । नयाँ कानून अनुसार तिनीहरूलाई २० वर्षसम्म संचालन गर्ने इजाजत दिइएको छ । तर, १९९६ मा धेरै नै सामुदयिक तथा कृषकहरूको रेडियो अवैधानिक भए । बन्द भएका स्टेसनहरूको रेडियो तरंग बढीबढाऊ गरी सबैभन्दा धेरै रकम तिर्ने कम्पनीलाई बेचिन्छ ।

यी सबै कुराको विल्कुलै नमिल्ने पक्ष के हो भने लोकप्रिय सहभागिताबारे कानून बनेको लगत्तै यस्तो भयो । सो कानूनको उद्देश्य विकेन्द्रीकरण प्रक्रियालाई अगाडि बढाउनु हो । यसले निर्णय गर्ने जिम्मा स्थानीय स्तरमा हस्तान्तरण गर्छ र त्यसलाई लागू गर्न कोष उपलब्ध गराउँछ । स्थानीय नीति र विकाससम्बन्धी निर्णय गर्ने काममा जनताको चासो र सहभागिता बढाएर विकेन्द्रीकरण लागू गर्न सघाउने काममा  सामुदायिक रेडियोसँग भएको विशाल संभावना र क्षमतालाई उपयोग गर्नसकिन्थ्यो । तर, सामुदायिक रेडियोमाथि भेदभाव गर्ने नयाँ कानून अनुसार यो संभव छैन ।

अर्जेन्टिनामा बोलिभियासँग मिल्दोजुल्दो अवस्था छ । वास्तविकतामा त्यहाँ वर्षौंदेखि सामुदायिक, लोकप्रिय, सांस्कृतिक तथा विश्वविद्यालय संचालित अनगिन्ती रेडियो स्टेसनहरू अस्तित्वमा छन् । तर सन् १९९८ मा सरकारले रेडियो फ्रिक्वेन्सीसंबंधी एउटा आदेश जारी गर्‍यो र राष्ट्रिय फ्रिक्वेन्सी योजना स्वीकृत गर्‍यो । उक्त आदेशको एउटा दफाले औपचारिक रूपले मान्यता नपाएका रेडियो स्टेसनहरू तुरुन्तै बन्द गर्ने प्रावधान लागू गर्‍यो । यस बाहेक, राष्ट्रिय फ्रिक्वेन्सी योजनाले देशभरि फैलिएका सानासाना स्टेसनहरूले वर्षौंदेखि उपयोग गरिरहेका फ्रिक्वेन्सीहरूलाई मान्यता नै दिएन ।

सबैभन्दा गम्भीर कुरा के थियो भने फ्रिक्वेन्सी उपयोग गर्ने सन्दर्भमा बनेका सम्पूर्ण प्रसारण कानूनहरूमा कुनै परिवर्तन गरिएन । ती कानूनहरू देशमा तानाशाही शासन व्यवस्था भएको बेलामा बनेका थिए । सो कूनअनुसार कुनै पनि प्रकारको सामाजिक संस्थाले रेडियो फ्रिक्वेन्सी लिन पाउँदैन र यसका लागि व्यापारिक संस्थाहरूले मात्रै फ्रिक्वेन्सीका लागि निवेदन दिनसक्छन् ।

सन् १९९६ मा पुरानो कानून असंवैधानिक र भेदभावपूर्ण भएको घोषणा गरी एउटा आदेशद्वारा त्यसलाई संशोधन गरियो । तर १९९६ को त्यो संशोधनको आदेश प्रकाशित भएको केही दिनभित्रै खारेज भयो । यसरी, स्वभावतः पुरानो कानून त्यो बनेको तानाशाहीको समयदेखि नै प्रभावकारी भयो ।

यो स्थितिले देशमा सबै सामुदायिक र लोकप्रिय स्टेसनहरूको सम्पूर्ण क्षेत्रलाई त्रस्त पारेको छ । यो पुस्तक लेख्ने बेलामा सामुदायिक र नाफा नकमाउने रेडियो स्टेसनहरूको पूरै क्षेत्र आफ्नो अधिकार र प्रजातान्त्रिक समाजमा सामुदायिक रेडियोको भूमिकालाई मान्यता दिने  नयाँ कानून ल्याउनका लागि ज्यूज्यान दिएर संघर्ष गरिरहेको छ ।

## पश्चिम युरोपबाट केही उदाहरण

तुलनाको लागि युरोपको अवस्था कस्तो छ भनी जाँच्नु बेस हुनेछ । सन् १०६० को दशकमा पश्चिम युरोपका केही देशहरूले स्वतन्त्र तथा व्यापारिक रेडियो र टेलिभिजन च्यानलहरू संचालन गर्न इजाजत दिनुअघिसम्म पश्चिम युरोपेली देशहरू सबै राष्ट्रिय जनसेवी प्रसारणका नमुना थिए । तर, त्यस बेला पनि सरकारहरूले ती च्यानल संचालकहरूमाथि नियमहरू लागू गरेका थिए । त्यसपछि सन् १९८० को दशकमा सुरुतिर धेरैजसो पश्चिम युरोपेली देशहरूमा प्रसारणमा नियमहीनता अर्थात् सामान्यतः बिना नियम संचालन गर्न पाउने प्रावधान लागू गरियो । यसको फलस्वरूप धेरै देशहरूमा रेडियो र

टेलिभिजन च्यानल सबैका लागि खुला भयो । बनको डढेलोजस्तै गरी निजी स्वामित्वका व्यापारिक रेडियोहरू फैलिए । तर, धेरै देशहरूमा सामुदयिक रेडियो पनि त्यस्तै गरी फैलियो ।

उत्तरी युरोपमा अवस्थित नर्वे, स्वीडेन, डेनमार्क, फिनल्याण्ड र फारो द्वीपहरू सम्मिलित स्केण्डिनेभियाली देशहरू, खास गरी स्वीडेनले सबैभन्दा पछि व्यापारिक आमसंचार माध्यमहरूको दवाब स्वीकार गरेका थिए । ती देशहरू आफ्नो समाजका लागि आफ्नो देशमा संचालित राष्ट्रिय सार्वजनिक प्रसारण प्रणाली नै सर्वोत्तम छन् भन्ने कुरामा दृढ थिए । ती समाजहरू प्रजातन्त्र र नागरिक चेतनाको मामिलामा विश्व प्रसिद्ध छन् । तर स्केण्डिनेभियामा इलेक्ट्रोनिक आमसंचार माध्यमहरूको व्यापारिकरण र निजीकरणलाई रोक्न असंभव साबित भए तापनि, त्यसको सँगसँगै सामुदायिक रेडियोलाई व्यापक रूपमा फैलाउने प्रयासलाई रोकिएन । स्वीडेनमा मात्रै २००० भन्दा धेरै सामुदायिक रेडियो छन् । तीमध्ये धेरैले विशेष समुदायको हितको लागि काम गरिरहेका छन् ।

डेनमार्कमा झण्डै ३०० वटा सामुदायिक रेडियोहरू ९६ प्रतिशत जनसंख्याको पहुँचमा छन् । तिनीहरूलाई १९८० को पछिल्लो समयदेखि व्यापारिक र प्रायोजित कार्यक्रम प्रसारण गर्न दिइएको छ तापनि तीमध्ये धेरैजसो कठिन आर्थिक अवस्थामा काम गरिरहेका छन् । धेरैजसोले सदस्यता शुल्क, बिंगो, श्रोता सहयोग तथा ट्रेड युनियनहरू, धार्मिक समूहहरू वा स्थानीय नगरपालिकाहरूको आर्थिक सहयोगजस्ता विभिन्न खालका स्रोतहरूबाट पनि सहयोग पाउँछन् । सामुदायिक रेडियोलाई अरु खालका सांस्कृतिक क्रियाकलापजस्तै सांस्कृतिक गतिविधिको रूपमा हेरिन्छ । अरु सांस्कृतिक क्षेत्रजस्तै सामुदायिक रेडियोलाई अनुदान दिन सरकारले कोषको व्यवस्था गर्नुपर्छ भन्ने सुझाव पनि दिइएको छ ।

आयरल्याण्डमा सन् १९८८ को रेडियो तथा टेलिभिजन ऐनमा सामुदायिक रेडियोको इजाजत प्रक्रियालाई समावेश गरिए तापनि सो विषयमा ऐनले विस्तारपूर्वक व्याख्या गरेको छैन । १९९० को दशकको सुरुतिर प्रसारण नीतिले धेरैको ध्यान तान्यो, र सन् १९९५ मा प्रसारणको सम्बन्धमा सरकारी नीतिपत्र प्रकाशित गरियो ।

आयरल्याण्डको लागि सुहाउँदो प्रसारण नीति बनाउने सार्वजनिक चासोको हिस्साको रूपमा स्वतन्त्र रेडियो तथा टेलिभिजन कमिसनले १८ महिने सामुदायिक रेडियो अगुवा परियोजना सुरु गऱ्यो । यसले १९९५ देखि काम थाल्यो । आयरल्याण्डमा सामुदायिक रेडियोको संभावना र उपयोगिताबारे खोज र मूल्यांकन गर्न यसको तर्जुमा गरिएको थियो । गरिबी र बेरोजगारीजस्ता विषयहरूमा बढिरहेको राष्ट्रिय र अन्तर्राष्ट्रिय चासोको परिणामस्वरूप आयरल्याण्डमा चलेको सामुदायिक र स्वयंसेवी गतिविधिको लहर यो परियोजनालाई सघाउने महत्वपूर्ण तत्व बनेको थियो ।

यो परियोजनाअन्तर्गत सन् १९९६ को आखिरसम्ममा एघार वटा सामुदायिक रेडियो स्टेसनहरूको स्थापना भएको थियो । आयरल्याण्डको प्रसारणमा सामुदायिक रेडियो उपयोगी र स्पष्ट माध्यमको रूपमा विकसित हुनसक्छ भन्ने कुरा यो अनुभवले देखायो । परियोजना अवधिमा केही समस्याहरू आइलागेका थिए । सामुदायिक रेडियोको उपयोगितालाई बिचार गरेर सहयोगी निकायहरू र सामुदायिक रेडियोले सेवा पुऱ्याउने समुदायहरूबाट निरन्तर सहयोग पाइने कुरा स्पष्ट छ । तर, आयरल्याण्डको प्रसारणको नक्सामा सामुदायिक रेडियोको विकासले उपयुक्त भूमिका खेल्ने कुरामा कमै शंका छ । ( इण्डिपेण्ड रेडियो एण्ड टेलिभिजन कमिसन, आईआरटीसी पलिसी अन कम्युनिटी रेडियो ब्रोडकास्टिङ, आईआरटीसी (डब्लिन, १९९८) ।

## विभिन्न देशका सामुदायिक रेडियो कानूनमा समान र भिन्न गुणहरू

विभिन्न देशमा विद्यमान सामुदायिक रेडियोसम्बन्धी राष्ट्रिय कानूनहरूमा केही गुणहरू मिल्दाजुल्दा/साझा छन् भने देशअनुसार उल्लेखनीय भिन्नताहरू पनि छन् ।

*साझा गुणहरू:*

- सामुदायिक रेडियो नाफा नकमाउने निकायको स्वामित्व र नियन्त्रणमा हुनुपर्छ ।
- यसलाई नाफा कमाउने उद्देश्य नलिइकन संचालन गर्नुपर्छ ।
- यसले निश्चित समुदायको हितको लागि काम गर्नुपर्छ । त्यस्तो समुदाय भौगोलिक आधारमा वा साझा स्वार्थ/रुचि वा हित भएका मानिस हरूको समुदाय हुनुपर्छ ।
- यसले समुदायका विभिन्न क्षेत्रमा सामाजिक-आर्थिक तथा सांस्कृतिक विकासलाई बढाउने खालका कार्यक्रम दिनुपर्छ । साथसाथै यसले नागरिकहरूको सम्मान र पूर्णता तथा आपसी सहयोग/भातृत्व बढाउनुपर्छ ।

*सामुदायिक रेडियोसम्बन्धी कानूनहरूबीच आपसमा नमिल्दा गुणहरू:*

**प्रसारण/ट्रान्समिसन क्षमताः** केही देशहरूले सामुदायिक रेडियोले उपयोग गर्नसक्ने अधिकतम प्रसारण क्षमता तोकिदिएका छन् । सामान्यतयाः यो ५०० वाटमा सीमित गरिएको छ । पर्वतीय इलाकाका लागि यो बन्देज अव्यावहारिक हुनसक्छ । किनकि विषम भौगोलिक बनावट भएका ठाउँमा बढी प्रसारण क्षमता आवश्यक हुन्छ ।

**नेटवर्किङ गर्न रोकः** कुनै देशहरूले सरोकारवाला समुदायहरूको हित वा रुचिका विशेष अवसर, पर्व वा अनुष्ठानहरूको बेलामा तिनका सामुदायिक रेडियो स्टेसनहरूबीच सम्पर्क गाँसेर कार्यक्रम प्रसार गर्न इजाजत दिए तापनि सामुदायिक रेडियोहरूबीच संजाल वा नेटवर्क बनाउन स्पष्ट रोक लगाउँछन् ।

**विज्ञापन तथा प्रायोजित कार्यक्रमः** यसबारेमा निक्कै फरकफरक कानून छन् । कुनै देशहरूले सामुदायिक रेडियोमा व्यापारिक विज्ञापन बजाउन वा प्रायोजन गर्न रोक लगाएका छन भने कुनैले एक घण्टाको कार्यक्रममा कति मिनेट विज्ञापन वा प्रायोजन सुनाउन पाउने भन्ने समयको सीमा वा अनुपात तोकेका छन् । प्राय यो सीमा एक घण्टामा ६ मिनेटदेखि १५ मिनेटसम्म छ ।

केहीले विज्ञापनको विषयवस्तुमा बन्देज लगाएका छन् । यस्तो अवस्थामा, विज्ञापन वा प्रायोजित कार्यक्रमको विषय सो सामुदायिक रेडियोले सेवा पुऱ्याउने समुदायको सरोकारका विषयहरूमा सीमित गरिन्छ । उदाहरणका लागि, स्थानीय रोजगारीको अवसर, स्थानीय अनुष्ठान, उत्सव, पर्व, सार्वजनिक कार्यक्रम, भेला आदि तथा सो क्षेत्रमा संचालित व्यापार र सेवाका विषयहरूमा विज्ञापन वा प्रायोजन सीमित हुनुपर्छ । विज्ञापनको विषयवस्तुको बारेमा कानूनले स्पष्ट नपारेको अवस्थामा पनि कतिपय सामुदायिक रेडियो स्टेसनहरू आफैले विज्ञापन वा प्रायोजन गर्न नहुने विषयहरू निर्धारित गरेका छन् । यस्ता विषयहरूमा चुरोट, रक्सीजस्ता स्वास्थ्यलाई हानी पुऱ्याउने कुराहरूको विज्ञापनमा बन्देज हुनसक्छ ।

कुनै कानूनहरूमा रेडियो स्टेसनले गर्ने कुल आम्दानीमा विज्ञापनबाट हुने आम्दानीको सीमा स्पष्ट किटान गरिएको देखिन्छ । सामान्यतया यो सीमा ५० प्रतिशत हुन्छ ।

**आम्दानीका अरु स्रोतहरू:** स्रोताहरूबाट सदस्यता शुल्क, व्यक्ति, संस्था वा स्थानीय निकाय वा अधिकारीहरूबाट दान, सहयोग तथा व्यक्तिगत सूचनाहरू प्रसारण गरेबापत लिइने शुल्क आम्दानीका अन्य स्रोत हुन् । तर सामुदायिक रेडियोहरूको विश्व संगठन अमार्कको घोषणपत्रलाई ध्यानमा राखेर केही कानूनहरूले कुनै एउटामात्र स्रोतबाट स्टेसनको ५० प्रतिशतभन्दा आम्दानी हुनुहुँदैन भन्ने स्पष्ट गरेका छन् । केही कानूनहरूले राजनीतिक दलहरूबाट वा विशेष हित वा स्वार्थ गाँसिएका समूहहरूबाट सहयोग लिन रोक लगाएका छन् ।

**राजनीतिक प्रसारण:** केही कानूनहरूमा राजनीतिक प्रसारण कुनै पनि समयमा गर्न नपाइने व्यवस्था छ भने कही कानूनहरूमा निर्धारित अवसर, जस्तै चुनावअघि, यस्तो प्रसारण गर्न पाइने व्यवस्था छ । राजनीतिक प्रसारण गर्न पाउने प्रावधान भएको स्थितिमा सबै दलहरूलाई "समान समय र समान अवसर" को सिद्धान्त लागू गरिन्छ । कुनैकुनै अवस्थामा सामुदायिक रेडियोहरूले तीन मिनेटभन्दा लामो राजनीतिक भाषण प्रसार गरियो भने त्यो प्रसारण वास्तवमा कति मिनेट भयो, प्रसारण मिति र समय तथा सम्बन्धित राजनीतिक दलको नाम आदि विवरण सहित देशको स्वतन्त्र प्रसारण प्रधिकरणलाई जानकारी गराउनुपर्छ ।

### इजाजतको लागि निवेदन

सामुदायिक रेडियो सुरु गर्न गहन रुचि भएका जोसुकैले, जहाँ पनि सबैभन्दा पहिले यसका लागि चाहिने इजाजतदेखि लिएर यसबारेमा कुनकुन ऐन कानूनहरू विद्यमान छन् भन्ने कुरा निश्चित रूपमा थाहा पाउनुपर्छ । केही देशहरूमा गैरकानूनी प्रसारण गरेमा दण्डित गर्ने कडा व्यवस्था लागू गरिएका छन् । ठूलो रकम जरिवाना गर्ने र /वा यन्त्र उपकरण जफत गर्ने सामान्य सजाय हुन् ।

इजाजतका लागि अपनाउनु पर्ने प्रक्रिया देशैपिच्छे फरक छ । तर जहाँ पनि प्रसारणको इजाजतका लागि निवेदन दिने निकाय वा संस्थाले उपयुक्त कागतपत्र सहित तल लेखिएअनुसारका जानकारीहरू उपलब्ध गराउनु आवश्यक हुन्छ :

- निवेदन दिने संस्थाको वैधानिकता र सो संस्था नाफा कमाउने खालको होइन भन्ने स्थिति;
- सो संस्था संचालन गर्ने व्यक्तिहरूको नैतिकता/सच्चरित्रता;
- सेवा पाउने समुदाय र संभावित श्रोताहरूको संख्या;
- रेडियो सेवाबाट समुदाय कसरी लाभान्वित हुन्छ भन्ने विवरण;
- यस्तो सेवा चाहियो भनी समुदायले गरेको माग;
- प्रस्तावित रेडियो स्टेसनको प्राविधिक रूपरेखा तथा एण्टेनाका उचाइ र एण्टेना राख्ने ठाउँ;
- सामुदायिक संचालन/व्यवस्थापनको ढाँचा र सेवा संचालनमा संलग्न हुने कर्मचारीहरू;
- प्रसारण गरिने कार्यक्रमहरूको किसिम, कार्यक्रम उत्पादन गर्ने तरिका र समुदायको सहभागिता कसरी सुनिश्चित गरिन्छ भन्ने जानकारी ।

हालसालै सामुदायिक रेडियोसम्बन्धी कानून लागू गरेका केही देशहरूले देशका सानासाना प्रशासनिक इकाइहरू जस्तै नगरपालिका वा जिल्ला परिषदहरूमा उपलब्ध गराइने फ्रिक्वेन्सीहरूको सूची तयार पारेका छन् । केही देशहरूमा, खास गरी ल्याटिन अमेरिकामा प्रसारण प्राधिकरणहरूले सामुदायिक रेडियोहरूका लागि उपलब्ध गराइने फ्रिक्वेन्सीहरूको बारेमा बेलाबेलामा घोषणा गर्छन् र त्यसैअनुसार तिनीहरूको उपयोग गर्न अनुरोध गरिन्छ । यदि उपलब्ध फ्रिक्वेन्सीभन्दा माग धेरै भयो भने

निवेदकहरूको प्रस्तावनाको गुणस्तर, सामुदायिक विकासको काममा निवेदकको अनुभव, रेडियो कार्यक्रमको योजना तर्जुमा र समुदायको आकार वा संख्याको आधारमा कसले फ्रिक्वेन्सी उपयोग गर्न पाउने भन्ने निर्णय गरिन्छ ।

इजाजत पाउनेहरूले सामान्यतया सुरुमा एक पटकका लागि उनीहरूले उपयोग गर्ने फ्रिक्वेन्सीको शुल्क तिर्छन्, त्यसपछि थोरै वार्षिक शुल्क तिर्छन् । उदाहरणका लागि, सन् १९९५ मा सामुदायिक प्रसारण कानून लागू गर्ने देश कोलम्बियामा फ्रिक्वेन्सीका लागि सुरुमा एक पटक तिर्नुपर्ने शुल्क श्रोता संख्याको आधारमा अमेरिकी डलर ९०० देखि २००० सम्म छ । वार्षिक शुल्क औसत १५० अमेरिकी डलर बराबर छ ।

बक्स:

**पश्चिमी ढाँचाको आमसंचार माध्यम हाम्रो विकास आवश्यकताको प्रतिकूल**

"तेस्रो विश्वका मुलुकहरूमा प्रसारण माध्यमहरू एकतर्फी ढाँचामा विकसित भएका छन् । ठूला शहरी क्षेत्रहरूबाट सूचना, समाचार र मनोरंजनको विशाल सामग्री गाउँ वा अर्द्धसहरी क्षेत्रतिर प्रवाहित हुन्छ । निर्णायक पदहरूमा बस्ने हाँकडाँक भएका मुट्ठीभरका मानिसहरूले तयार पारेको उस्तै ढाँचाका नुस्खा वा निर्देशनले विकासका समस्याहरू समाधान गर्नसक्तैन । यसका लागि बेग्लाबेग्लै मुलुक र समुदायका लागि मिल्ने स्थानीय दृष्टिकोणबाट तयार पारिएको समाधान चाहिन्छ । औद्योगिक समाजमा विकास गरिएको मिडियाको अवधारणा र उपयोग हाम्रो देशको विकासका आवश्यकताहरू पूरा गर्न अनुपयुक्त साकित भएका छन् ।"

भ्वाइसेज (बंगलोर, भारत, १९९६) ले आयोजना गरेको ***कन्सल्टेसन अन मिडिया पलिसी एण्ड कम्युनिटी रेडियो*** को रिपोर्टबाट ।

**नेपालको राष्ट्रिय प्रसारण ऐन, २०५० ले रेडियो कार्यक्रम बनाउँदा यी विषयहरूलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ :**

(क) कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, परिवार नियोजन र वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रमहरू,
(ख) सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र सामञ्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,
(ग) नेपालका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुर्‍याउने कार्यक्रमहरू,
(घ) राष्ट्रिय चेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रमहरू,
(ङ) राष्ट्रिय चेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रमहरू,
(च) जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू,
(छ) नेपाल र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू,
(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरू,
(झ) लोकगीत र लोक संस्कृतिको प्रवर्द्धन हुने कार्यक्रमहरू,
(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए गरेका महत्वपूर्ण गतिविधिहरू ।

**नेपालमा सफलताले सफलतालाई जन्मायो**

संचालन सुरु भएको एक वर्षभन्दा थोरै समयभित्र सूचनाको प्रवाहलाई सुधार्न र विकासका सरोकारवालाहरूबीच प्रजातान्त्रिक छलफल गराउने मंच निर्माण गर्ने काममा रेडियो सगरमाथाको महत्व यति स्पष्ट भयो कि दिनको दुई घण्टा प्रसारणमा सीमित उक्त रेडियोको समय बढाएर सरकारले दैनिक १३ घण्टा र पछि २४ घण्टा प्रसारण गर्ने अनुमति दियो । सुरुमा विज्ञापन प्रसारण गर्न लागू गरिएको रोक फुकाइयो । घुम्ती (मोबाइल) प्रसारण गर्ने अनुमति दिइयो तथा आफ्नो फ्रिक्वेन्सी देशभरि उपयोग गर्नसक्ने विशेष व्यवस्था भयो ।

**संचार बिनाको प्रजातन्त्र**

“प्रजातान्त्रिक संचारबिना प्रजातन्त्र संभव छैन । प्रसारण जगतलाई नियमन र सामान्यीकरण गरिनुपर्छ (अर्जेन्टिनामा) तर तानाशाहीको बेलाको मापदण्ड प्रयोग गरेर यसो गर्न सकिँदैन ।”

– अर्जेन्टिनाको नाफा नकमाउने प्रसारकहरूले नयाँ कानून तर्जुमा गर्ने माग गर्दै जारी गरेको वक्तव्यबाट (१९९९)

# अध्याय ४ : प्राविधिक पक्ष

यो अध्याय एएम र एफएम प्रसारणसहित रेडियो प्रसारणको वैज्ञानिक सिद्धान्तलाई संक्षेपमा व्याख्या गर्दै सुरु हुन्छ । त्यसपछि एफएम प्रसारणको लागि चाहिने विभिन्न उपकरणहरूको वर्णन गरिएको छ । ती उपकरणलाई चार भागमा बाँडिएको छः ट्रान्समिटर, एण्टेना, कार्यक्रम उत्पादन गर्न चाहिने स्टुडियोभित्रको उपकरण, र बाहिर फिल्डमा कार्यक्रम उत्पादन गर्न चाहिने उपकरण । यसमा प्रत्येकको कामको व्याख्या गरिएको छ । एफएम प्रसारणको विशेष स्वभाव "दृश्य रेखा वा लाइन अफ साइट" को व्यावहारिक कार्यान्वयनबारे छलफल गरिएको छ ।

एउटा खण्डमा विश्वसनीयता, मरमत र उपकरण विग्रन नदिन अपनाउनु पर्ने सतर्कताका बारेमा छलफल गरिएको छ ।

सामुदायिक रेडियो स्टेसनको स्टुडियोको लागि चाहिने कुराहरू (आकार, ध्वनि नियन्त्रण, ध्वनि सन्तुलन, आदि), र रेडियो स्टेसनका विविध खण्डहरूको लागि चाहिने उपयुक्त ठाउँको व्यवस्थापनबारे वर्णन गरिएको छ ।

एउटा खण्डमा कार्यक्रम उत्पादनमा कम्प्युटरका उपयोग, सामुदायिक रेडियोलाई इन्टरनेटसँग मिसाउने, तथा नयाँ प्रविधिहरूजस्ता भविष्यका संभावनाहरूबारे छलफल गरिएको छ ।

एउटा चौकोसभित्र सामुदायिक रेडियो सेवाका लागि आवश्यक उपकरणहरू र तिनको मोल उल्लेख गरिएको छ ।

मूलतः पाठकहरूलेः

- प्रसारणका आधारभूत प्रविधिहरू र एफएम सेवाका लागि चाहिने उपकरणहरूको बारेमा जान्नेछन्;
- कुनै खास ठाउँमा सामुदायिक रेडियो सेवा स्थापना गर्नका लागि प्राविधिक रूपले उपयुक्त छ कि छैन भन्ने कुराको प्रारम्भिक मूल्यांकन गर्न सक्षम हुनेछन्;
- प्रसारण प्रणाली स्थापना गर्ने ठाउँको प्राविधिक आवश्यकताहरू जान्नेछन् र कुनै खास परिस्थितिमा ती आवश्यकताहरू कति पूरा हुन्छ भनी विचार गर्न सक्षम हुनेछन्;
- उपकरणहरूका लागि लाग्ने मोटामोटी लागत थाहा पाउनेछन् ।

तर, सुरुमा प्राविधिक विशेषज्ञको सल्लाह र उपकरण संचालनलगायतका अन्य औपचारिक तालिमको आवश्यकता र महत्वलाई यसबाट प्राप्त ज्ञानले विस्थापित भने गर्ने छैन ।

## प्राविधिक पृष्ठभूमि

रेडियो प्रसारणले विद्युतचुम्बकीय तरंग उत्पन्न गर्छ । यो तरंग झण्डै सीधा रेखामा र प्रकाशको गति अर्थात् लगभग ३००००० किलोमिटर प्रति सेकेण्डको दरले यात्रा गर्छ ।

रक्सीले मातेको मानिस बाटोमा हिँडदा सीधै नहिँडिकन बाटोको दुईतिर ठोक्किँदै हिडेझैं रेडियो तरंग उत्पन्न भएपछि सिधा रेखाको दुईछेउमा ठोक्किँदै अगाडि बढ्छ । तरंग बीच भागबाट एकछेऊ पुगेर

फेरि बीचमा फर्कन्छ र अर्को छेउतिर जान्छ । यो क्रियालाई दोलन (oscillation) भनिन्छ । यसरी कुनै तरंग बीच भागबाट कति पर पुगेर फर्कन्छ अर्थात् बीचबाट कति परसम्म जान्छ भन्ने दूरीलाई तरंगको दोलन विस्तार वा एम्प्लिच्युड भनिन्छ । तरंग अगाडि सर्ने वा यात्रा गर्ने गतिको चित्र कोर्दा सर्प हिँडेजस्तो वा पहाडको रेखाचित्रलाई उल्टोसुल्टो गरी राखेको देखिन्छ । तरंगको रेखाचित्रको एकातिरका टुप्पाहरूबीचको दूरीलाई तरंगदूरी वा वेभलेन्थ भनिन्छ । (चित्र हेर्नुस्)

तरंग दोलन गर्न लाग्ने समयको चक्रलाई फ्रिक्वेन्सी भनिन्छ । फ्रिक्वेन्सीलाई हर्ज (Hertz) मा व्यक्त गरिन्छ । रेडियोसम्बन्धी जर्मनीका अगुवा वैज्ञानिक हेनरी हर्जको नाममा यो नामाकरण गरिएको हो । एक सेकेण्ड समयभित्रको डोलन चक्रलाई एक हर्ज (1 Hz) मानिन्छ । एक सेकेण्डमा एक हजार चक्र डोलन भयो भने एक किलो हर्ज हुन्छ, र दस लाख चक्र डोलनलाई एक मेगा हर्ज भनिनछ ।

पोखरीमा ढुंगा फाल्दा पानीमा गोलगोल छाल उठेर बाहिर फैलिएझैँ एण्टेनाबाट रेडियो तरंगहरू फैलिन्छन् । रेडियो स्टेसनबाट फैलने वा प्रसारण हुने तरंगले आफूसँग सूचना, सन्देशहरू बोकेर लैजाने हुनाले ती तरंगहरूलाई बाहक तरंग (क्यारियर वेभ) भनिन्छ । सन्देशलाई तरंगसँग जोडने वा तरंगहरूलाई सूचना सन्देश बोकाउने काम दुई तरिकाले गरिन्छ । एउटा तरिकामा तरंगको एम्प्लिच्युड उपयोग गरिन्छ भने अर्को तरिकामा फ्रिक्वेन्सी उपयोग गरिन्छ । एम्प्लिच्युडलाई मिलाएर वा मोडुलेट गरेर प्रसारण गरिने तरिकालाई एम्प्लिच्युड मोडुलेसन वा एएम भनिन्छ र फ्रिक्वेन्सीलाई मोडुलेट गरेर प्रसारण गरिने तरिकालाई फ्रिक्वेन्सी मोडुलेसन वा एफएम भनिन्छ ।

रेडियो प्रसारणमा चार प्रकारका फ्रिक्वेन्सीका ब्याण्डहरूको उपयोग गरिन्छ । ती ब्याण्डहरूको नाम तिनलाई कुन इकाईको आधारमा नापिन्छ भन्ने कुरामा भर पर्छ, जस्तै किलो मिटरमा , सय मिटरमा, दस मिटरमा वा मिटरमा ।

- किलोमेट्रिक ब्याण्ड – लंग वेभ (फ्रिक्वेन्सी १५०-२८० किलोहर्ज);
- हेट्रोमेट्रिक व्याण्ड – मिडियम वेभ (फ्रिक्वेन्सी ५२५-१६०० किलोहर्ज);
- डेसिमेट्रिक व्याण्ड – (उच्च फ्रिक्वेन्सी ६-२५ मेगाहर्ज);
- मेट्रिक व्याण्ड – (उति उच्च फ्रिक्वेन्सी ८७.२-१०८ मेगाहर्ज) ।

*एएम प्रसारण*

अगाडिका तीन ब्याण्डहरूमा प्रसारण गर्दा सन्देश वा सिग्नललाई एम्प्लिच्युड मोडिफिकेसनमार्फत प्रसारण गरिन्छ । एएमका सिग्नलहरू धेरै टाढा पुग्नसक्छन् । उदाहरणका लागि, लंग वेभ एक हजार किलोमिटर परसम्म नबिलाइकन प्रसार हुनसक्छ भने मिडियम वेभ सैकडौं किलो मिटर परसम्म पुग्न सक्छ ।

पृथ्वी गोलाकार भएको हुनाले सर्ट वेभको प्रसारणमा बाधा पुगे पनि पृथ्वीको वायुमण्डलको बाहिरी पत्रमा रहेको विद्युतीय आवेशयुक्त कणहरूको अदृश्य तह अयनमण्डल (ionosphere) मा ठोक्किएर फेरि पृथ्वीतिर फर्कने यो तरंगको गुण हुनाले सर्ट वेभ आफ्नो उद्गमस्थल वा प्रसारण केन्द्रबाट धेरै टाढा पुग्नसक्छ ।

यसरी टाढा टाढासम्म संचार गर्न सघाउने आयानोस्फियरको मुख्य तहलाई “एफ लेयर” भनिन्छ । अंध्यारो भएपछि पृथ्वीमाथि यो पत्र २५० किलोमिटर बाक्लो हुन्छ र यो पत्रले सर्ट वेभ सिग्नललाई बडो

प्रभावकारी ढंगले प्रतिविम्बित गर्छ । तर उज्यालोमा वा दिउँसो यो एफ लेयर – एफ १ र एफ २ – मा छुट्टिन्छ । पृथ्वीमाथि एफ १ २०० किलोमिटर बाक्लो हुन्छ भने एफ २ पत्र ३५० किलोमिटर बाक्लो हुन्छ । रेडियो सिग्नलहरूलाई प्रतिविम्बित गर्न यी दुई पत्रहरू त्यति प्रभावकारी हुँदैनन । त्यस कारण सर्ट वेभ प्रसारण राती राम्रो सुनिन्छ । रेडियो फ्रान्स इन्टरनेसनल, ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन, वा भ्वाइस अफ अमेरिकाजस्ता विश्वव्यापी रेडियो सेवाहरूले भौगोलिक हिसाबले लामो दूरी पार गर्नका लागि सर्ट वेभ उपयोग गर्छन् । पहाडी मुलुकहरूमा पनि विशेष गरी सर्ट वेभ उपयोगी हुनसक्छ ।

वायुमण्डलमा हुने गडबडीले सर्ट वेभ प्रसारणलाई बाधा पुग्ने हुनाले स्टेरियो सेवा अर्थात् स्वाभाविक र गुणस्तरीय ध्वनि सुन्ने पद्धतिको लागि यो अनुपयुक्त हुन्छ । सर्ट वेभ प्रसारणको लागि बिजुली धेरै लाग्छ र अरु खर्च पनि धेरै लाग्छ । उदाहरणका लागि, एएम मिडियम वेभ स्टेसनको पूरै एण्टेनालाई बिजुलीको करेण्टले चार्ज गर्नुपर्छ, यसकारण भुइँदेखि माथि टुप्पासम्म पूरै इन्सुलेट वा करेण्ट नसर्ने व्यवस्था गर्नुपर्छ जो खर्चिलो हुन्छ ।

### *एफएम प्रसारण*

बाहक तरंगमार्फत सिग्नल पठाउनका लागि चौथो फ्रिक्वेन्सी ब्याण्ड, अर्थात् मेट्रिक ब्याण्डले फ्रिक्वेन्सी मोडुलेसनको उपयोग गर्छ । यो पद्धतिमा फ्रिक्वेन्सी - तरंगको दोलनको गति - फरकफरक हुन्छ, तर तरंगको एम्प्लिच्युड वा चौडाइ एकनाशको वा स्थिर हुन्छ ।

एफएमको आविष्कार सन् १९३३ मा अमेरिकामा भएको थियो । १९३९ मा पहिलो एफएम प्रसारण स्टेसन बनेको थियो । एएमको तुलनामा यसको विशेष फाइदा के छ भने यसमा एएममा जस्तो ध्वनिमा गडबडी वा बाहिरी व्यवधान हुँदैन । एफएम प्रसारणको लागि बेग्लै खालको प्रसारण यन्त्रउपकरण, ट्रान्समिटर र एफएम रेडियो सेट चाहिने र सन् १९३० र १९४० को दशकमा एएम पद्धतिमा आधारित ट्रान्समिटर र रेडियो सेटको प्रचलन भएको हुनाले एफएम प्रसारण प्रणाली फैलिन ढिला भयो । वास्तवमा १९५० र १९६० को दशकमा मात्र औद्योगिक मुलुकहरूमा यो फैलियो । विकासशील देशहरूमा १९७० र १९८० को दशकमा मात्र यसको सुरुवात भयो भने केही मुलुकमा यसको प्रवेश अझै पछि १९९० को दशकमा मात्र भयो ।

एएममा भन्दा एफएममा साह्रै कम बिजुली चाहिन्छ । एफएमको एण्टेना पनि निक्कै सामान्य हुन्छ । यसबाट प्रसारित हुने सिग्नलको गुण पनि धेरै राम्रो हुन्छ र यो मोनो वा स्टेरियो दुबै खालको हुनसक्छ ।

तर, एफएमको सिग्नल आँखाले हेरेजस्तो सोझो रेखामा जाने हुनाले एएमको दाँजोमा एफएमको सिग्नल निक्कै कम दूरीसम्म पुग्छ । अर्को शब्दमा, एण्टेना र रेडियो सेटले एकअर्कोलाई 'देख्न' सक्नुपर्छ । बीचमा पहाड वा अग्लो भवनजस्ता छेक्ने कुराहरू हुनुहुँदैन । आँखाको हेराइलाई छेकेझैँ ती बस्तुले सिग्नलको बाटो छेक्छन् । साथै अर्को विचार गर्नु पर्ने कुरा के छ भने एण्टेना र रेडियो सेट एकअर्काको दृश्यरेखामा भए पनि ती दुई बीचको दूरी धेरै छ भने सिग्नल नपुग्नसक्छ, किनकि दूरी दुई गुना डबल हुँदा सिग्नलको शक्ति घटेर कुल क्षमताको एक चौथाइ हुन्छ । अर्को शब्दमा, दुई गुना टाढा पुग्न सिग्नलको क्षमता चार गुना बढाउनुपर्छ ।

### प्रसारण यन्त्रउपकरण

सामान्य शब्दमा भन्दा, प्रसारणका लागि चाहिने यन्त्र उपकरणहरू चार प्रकारका हुन्छन् :

- ट्रान्समिटरः यसले प्रसारण गरिने सिग्नल उत्पन्न गर्छ ।
- एण्टेनाः यसबाट ट्रान्समिटरले उत्पन्न गरेको सिग्नल फ्याँक्ने वा प्रसार गर्ने काम गर्छ ।
- स्टुडियो उपकरणः कार्यक्रम उत्पादन गर्न उपयोग गरिन्छ ।
- अन्य उपकरणः कार्यक्षेत्र वा फिल्डमा कार्यक्रम उत्पादन गर्न र बाहिरको कार्यक्रम वा कार्यक्षेत्रलाई स्टुडियोसँग जोडन चाहिने यन्त्रउपकरण, जस्तै : फिल्ड रिपोर्टिङ ।

युनेस्कोले सघाउने खालको सामुदायिक रेडियो स्टेसन परियोजनालाई चाहिने सम्पूर्ण सामान र त्यसको मोल यो अध्यायको पुछारमा बक्स ४ मा दिइएको छ । ती उपकरणहरूको विवरण सँगसँगै तलको खण्ड र चित्रहरू अध्ययन गरेमा यो प्रणालीका प्रत्येक खण्डको काम वा भूमिकाबारे राम्ररी बुझिने छ ।

*प्रसारण उपकरण*

ट्रान्समिटरको शक्ति वा क्षमतालाई वाटमा नापिन्छ । सामुदायिक रेडियोहरू मुख्यतया कम शक्तियुक्त ट्रान्समिटरमा निर्भर हुन्छन् । खास गरी २० देखि ५०० वाट र सामान्यतया २० देखि १०० वाटको सीमाभित्र हुन्छ । तर ट्रान्समिटर स्वयंको शक्ति र ट्रान्समिटरबाट फ्याँकिने शक्तिबीच फरक छुट्याउनु जरुरी हुन्छ । ट्रान्समिटरबाट बाहिर जाने शक्तिलाई इफेक्टिभ रेडिएटेडा पावर वा इआरपी भनिन्छ । एन्टेनाको डिजाइनले एआरपीलाई प्रभाव पार्छ । हाई गेन अथवा बढी शक्तिशाली भनिने एण्टेनाहरूबाट ट्रान्समिटरको वास्तविक शक्तिभन्दा उल्लेखनीय रूपले बढी मात्रामा इआरपी प्राप्त गर्नसकिन्छ ।

विश्वमा अहिल कैयन कम्पनीहरूले सामुदायिक रेडियोका लागि एफएमका प्रचलित ब्याण्ड – ८७.५ देखि १०८ मेगाहर्जभित्र प्रसारण गर्ने सस्ता एफएम ट्रान्समिटरहरू बनाउँछन् । तिनको मोल अमेरिकी डलरमा ५०० देखि २००० सम्म पर्छ । तिनको आकार झण्डै बाक्लो कागतको गाता भएको मोटो उपन्यासको किताबजत्रो हुन्छ । बजारमा पाइने सबै मोडलका, खास गरी अमेरिकामा बनेका, ट्रान्समिटरहरू विकासशील देशका प्रतिकूल अवस्था (भौगोलिक, जलवायु, आद्रता, उष्णता, मौसमी परिवर्तन आदि) सहनसक्ने वा त्यस्तो परिस्थितिमा काम गर्नसक्ने खालका हुँदैनन् ।

**एफएमका आविष्कारक**

बीसौं शताब्दिको पहिला दुई दशकहरूमा रेडियो प्रसारणमा सुरुसुरुमा धेरै प्रकारका प्राविधिक विकास गर्ने श्रेय पाएका अमेरिकी वैज्ञानिक एडविन आर्मस्ट्रंगले सन् १९३३ मा पहिलो पल्ट एफएम प्रसारण गरेका थिए । सन् १८९० मा जन्मेका आर्मस्ट्रंग केटौले उमेरमा गुग्लेल्मो मार्कोनीबाट प्रेरित भएका थिए । मार्कोनीले सन् १९०१ मा रेडियो सिग्नल एटलाण्टिक पारि अर्थात् अमेरिकाबाट युरोप पठाउन सफल भएका थिए । १४ वर्षको उमेरमा आर्मस्ट्रंगले आविष्कारक बन्ने निधो गरेका थिए ।

एफएम प्रसारणको उपयोगिता र महत्व सिद्ध गर्नका लागि सन् १९३९ मा उनले आफ्नै निजी रकम तीन लाख अमेरिकी डलर खर्च गरेर संसारमा पहिलो एफएम स्टेसन स्थापना गरे । तर दुःखको कुरा, उनको जीवनको धेरै समय आफ्ना आविष्कारहरूको संरक्षण गर्ने कानूनी प्रक्रिया पूरा गर्ने काममा र त्यस बेला प्रचलित तथा स्थापित रेडियो प्रणाली उत्पादकहरूसँग लडनमा बित्यो, किनकि त्यति बेलाका रेडियो उद्योगहरूले उनको नयाँ एफएम प्रणाली चलाउन वा स्थापित गराउन चाहन्नथे । आखिरमा सन् १९५४ मा, एफएमको लागि लडिएको लडाइँमा उनको सबैजसो सम्पत्ती सकिएपछि उनले आफ्नो जीवनको अन्त्य गरे ।

एफएम प्रविधि यति सजिलो र सर्वविदित भइसकेको छ कि विकासशील देशका प्रतिभाशाली इन्जिनियरहरू आफैले बनाउन सक्छन् । डानिडा र युनेस्कोको सहयोगमा फिलिपिन्समा संचालित ताम्बुली सामुदायिक रेडियो परियोजनाहरूमा अहिले पनि बेलायत वा चीनमा बनेका ट्रान्समिटर प्रयोग गरिन्छन् , तर, सो परियोजनाअन्तर्गत पहिलो ट्रान्समिटर स्थानीय रूपमा उपलब्ध सामग्री/पुर्जाहरूबाट तयार पारेर सन् १९९८ मा सफलतापूर्वक प्रसारण गरिएको थियो । केप भर्डेमा स्थानीय प्राविधिकहरूले बनाएको कुरा त पुस्तकको परिचय खण्डमा उल्लेख भएकै छ ।

कम शक्तिका ट्रान्समिटरहरूमा एम्प्लिफायर वा बुस्टर जोडेर तिनको क्षमता बढाउनसकिन्छ । युनेस्कोले सहयोग गरेका धेरैजसो सामुदायिक रेडियोहरूमा २० वाटको ट्रान्समिटरसँग १०० वाटको बुस्टर जोडिएको हुन्छ । यो प्रसारण उपकरण, खास गरी बुस्टरले ताप उत्पन्न गर्ने हुनाले योसँग पंखा पनि हुन्छ । साथै यसलाई राम्ररी हावा खेल्ने ठाउँमा राखिनुपर्छ ।

सामुदायिक रेडियोको लागि बनेका प्रायः सबैजसो एफएम ट्रान्समिटरहरू संचालन गर्न १२ भोल्टको डीसी बिजुली चाहिन्छ । यसको लागि या त मेनलाइनबाट ल्याइएको बिजुलीको करेण्टलाई ट्रान्सफर्मरको मदतले १२ भोल्टमा बदलिन्छ, या मोटर गाडीको बेट्री वा घामबाट चल्ने सौर्य प्यानलबाट चलाइन्छ ।

एफएम ट्रान्समिटरबाट प्रसारित हुने अडियो सिग्नल अर्थात् श्रव्य संकेतलाई सही स्तरमा राख्नु आवश्यक हुन्छ । यहि सिग्नल बढी मोडुलेट भयो भने सुन्न गाह्रो हुन्छ र नजिकको अरु स्टेसनबाट पनि बाधा उत्पन्न हुनसक्छ । यसकारण सिग्नललाई पहिले नै सेट गरिएको स्तरमा कायम राख्नका लागि अडियो चेनसँग लिमिटर वा कम्प्रेसर भन्ने उपकरण जोडिएको हुन्छ ।

केही मामिलाहरूमा, सामुदायिक रेडियोहरूले एएम प्रसारण प्रणालीको पनि उपयोग गर्छन् । सामान्यतया एफएम भन्दा एएम स्थापना गर्न धेरै खर्चिलो हुन्छ । तर, यसको ध्वनिको गुणस्तर कम भए पनि व्यापक क्षेत्रमा सुनिने हुनाले कुनैकुनै स्थितिमा एएम प्रसारण वांछनीय हुनसक्छ । केही मामलामा, खास गरी ठूला शहरमा जहाँ एफएम फ्रिक्वेन्सी पाउन धेरै गाह्रो हुन्छ वा कडा प्रतिस्पर्धा गर्नुपर्छ, उचित मूल्यमा एफएम फ्रिक्वेन्सी पाउन असंभव हुन्छ , त्यस्तो अवस्थामा केही सामुदायिक रेडियोहरूलाई एएम फ्रिक्वेन्सी किन्न वा किरायामा लिन सजिलो हुन्छ । यस्तोमा संभवतः व्यापारिक इजाजतपत्र पाइन्छ, तर सामुदायिक रेडियो व्यवस्थापकले विज्ञापनको सम्बन्धमा आफ्नै नीति बनाउनसक्छ ।

## एण्टेनाः

एण्टेनाको उचाइ, स्थिति र समन्वयले एफएम प्रसारण सिग्नलको उच्च गुणस्तर कायम गर्न र सिग्नललाई सकेसम्म टाढा पुऱ्याउन प्रमुख भूमिका खेल्छ । यसको मूल कारण के हो भने, जस्तो कि माथि पनि भनि सकियो, एफएम सिग्नल सोझो रेखामा यात्रा गर्छ र सामान्यतया दृश्य रेखा अर्थात् एण्टेनाबाट आँखाले देखिने ठाउँसम्म पुग्छ । यस कारण सिग्नल फ्याँक्ने एण्टेना जतिसकेको अग्लो हुनुपर्छ र सिग्नललाई बाटोमा बाधा पुऱ्याउने कुराहरू सकेसम्म थोरै हुनुपर्छ । पृथ्वीको गोलाइको कारणले एण्टेना जति अग्लो भयो सिग्नल त्यति टाढा पुग्छ ।

**पहाडी इलाकामा एफएमका समस्याहरू :** पहाडी इलाकामा एफएमका सीमितताहरू हुन्छन् । डाँडाको टुप्पामा एण्टेना राखे पनि फेदीमा सिग्नल नपुग्ने क्षेत्र हुनसक्छ । यस्ता सिग्नल नपुग्ने छाया पर्ने क्षेत्रहरूमा सिग्नल पुऱ्याउनका लागि एउटा वा धेरै रिले ट्रान्समिटरहरू स्थापना गर्नु पहाडी इलाकामा एफएम उपयोग गर्ने समस्याको एउटा मात्र समाधान हुनसक्छ ।

एण्टेनाको उचाइ जमिन वा भूसतहको बनावट तथा सिग्नलको बाटोमा पर्ने बाधामा निर्भर हुन्छ । तर सामान्यतया यसको उचाइ समथर भूसतह भएको ठाउँमा पनि जमिनमाथि २० देखि ३० मिटरसम्म हुन्छ । एण्टेनालाई कुनै घरमाथि वा डाँडामाथि राखेर आवश्यक उचाइ हासिल गर्नसकिन्छ । अथवा यसको लागि एउटा मास्ट वा खम्बा (टावर) पनि बनाउनसकिन्छ ।

**खम्बा बनाउने तरिका :** एण्टेना अडचाउने खम्बा फलामका  पाता र एंगलहरूलाई जालो बनाएजस्तो गरी जोडेर स्थानीय रूपमा बनाउनसकिन्छ । तर, पानीको फलामे पाइपहरू उपयोग गरेर पनि साधारण खालको खम्बा बनाउनसकिन्छ । खम्बामा चढनको लागि खुड्किलाहरू पनि बनाउनुपर्छ किनकि एण्टेना जडान गर्न, मिलाउन र मरमत सम्भार गर्न बेलाबेलामा खम्बामा चढनुपर्ने हुन्छ । दुबै खालका खम्बाहरूलाई जमिनमुनि कंक्रिट ढालान गरी बनाइएको मजबुत जगमा उभ्याइनुपर्छ । बतास चल्दा खम्बा नढलोस् भन्नका लागि फलामे तार/लट्ठा वा सिक्रीले खम्बालाई चारैतिरबाट तन्काएर बाँधेर राख्नुपर्छ । ती तार वा सिक्रीहरू पनि कंक्रिट ढलान गरिएको जगमा जोडिएको हुनुपर्छ ।

दुई प्रकारका एण्टेना : एण्टेना सामान्यतया दुई प्रकारका हुन्छन् : *ओम्निडाइरेक्सनल* र *डाइरेक्सनल* । ओम्निडाइरेक्सनल एण्टेनाले आफ्नो वरिपरि ३६० डिग्रीको कोणमा अर्थात् सबै दिशातिर सिग्नल प्रसारण गर्छ । डाइरेक्सनल एण्टेनाले एउटा निश्चित दिशा वा क्षेत्रतिर मात्रै सिग्नल फ्याँक्छ । झण्डै सबै सामुदायिक रेडियो स्टेसनहरूले ओम्निडाइरेक्सनल एण्टेना प्रयोग गर्छन् । तर, कुनैकुनै अवस्थामा डाइरेक्सनल एण्टेना प्रयोग गर्दा राम्रो हुनसक्छ । उदाहरणका लागि, डाँडाको एकातिर एण्टेना राखिएको छ र त्यसले डाँडापारि, एण्टेनाको सम्मुखमा बस्ने समुदायको लागि सिग्नल पठाउनुछ भने आम्निडाइरेक्सनलभन्दा डाइरेक्सनल एण्टेना राख्नु बेस हुन्छ । एउटा समुदायलाई मात्र लक्ष गरी सिग्नल फ्याँक्नका लागि डाइरेक्सनल एण्टेनाबाट बढी फाइदा हुन्छ किनकि ओम्निडाइरेक्सनल एण्टेनाले आफ्नो पछाडि अर्थात् डाँडातिर फ्याँकेको सिग्नल खेर जान्छ र अनावश्यक शक्ति खर्च हुन्छ ।

**एण्टेना डिजाइन, निर्माण र टचुनिङ :** एफएम एण्टेनाहरू विभिन्न डिजाइनका हुन्छन् । सबैभन्दा राम्रो सिग्नल फ्याँक्नका लागि उपयुक्त एण्टेना रोज्ने र त्यसलाई टचुनिङ गर्ने काम विशेषज्ञको हो । तयारी वा रेडिमेड एण्टेना पनि किन्न पाइन्छ । तर धेरैजसो सामुदायिक रेडियोको लागि चाहिने एण्टेना धातुकर्मीहरू/फलामको काम गर्ने वर्कसपहरूले स्थानीय हार्डवेयर पसलहरूमा पाइने तामोको पाइप र अल्मुनियम वा पोलिथिनको पाइप, किल्लाकाँटा, रसान गर्ने सामान आदि सामग्रीहरू प्रयोग गरेर एण्टेना ठडचाउने ठाउँमै जडान गरिदिन्छन् ।

सबैभन्दा राम्रो सिग्नल प्रसारणका लागि एण्टेनालाई फाइन-टचुन गर्ने काम पावर मिटर भनिने उपकरणबाट गरिन्छ । यसले स्टेण्डिङ वेभ रेसियो (एसडब्लुआर) नाप्छ । यो १०० डलरभन्दा कम मोलमा पाइन्छ । ट्रान्समिटरबाट आइरहेको शक्ति र एण्टेनाबाट प्रतिविम्बित भइरहेको वा फिर्ता आइरहेको शक्तिको अनुपात थाहा पाउनका लागि यो उपकरणलाई ट्रान्समिटर र एण्टेनाको बीचमा जोडिन्छ । यदि एण्टेनाबाट अत्यधिक शक्ति फिर्ता आइरहेको छ भने यसको मतलब एण्टेनालाई राम्ररी टचुन गरिएको छैन र प्रसारण शक्ति खेर गइरहेको छ भन्ने बुझ्नुपर्छ । यस्तो अवस्थामा विशेषज्ञले एण्टेनाको घुमाउन-चलाउन मिल्ने सिग्नल प्रसारण गर्ने हिस्सा वा पुर्जाहरूको लम्बाइ र स्थिति (

पोजिसन) मिलाउँछ । एण्टेनाबाट प्रतिविम्बिन कम वा शून्य नभएसम्म फाइन-टचुन गरिन्छ । धेरैजसो आधुनिक ट्रान्समिटरहरूमा एसडब्लुआर त्यसमै जडान भएर आएको हुन्छ ।

ट्रान्समिटरले समेट्ने प्रसारण क्षेत्रको ढाँचा तथा एण्टेनाको उचाइ र वाटको सम्बन्धबारे मार्टिन एलार्डको भनाइ :

कुनै ट्रान्समिटरको एफएम प्रसारण कति टाढा पुग्छ भन्नेबारेमा विभिन्न तथ्यांक भेटिन्छ । आआफ्नो हिसाबले ती सबै तर्कसंगत नै होलान् । तर विज्ञानको हिसाबले यस्तो हुँदैन । सामान्य श्रोताका लागि कति शक्ति वा कति जोडको सिग्नल आवश्यक हुन्छ अर्थात् कस्तो सिग्नल सुन्न सकिन्छ भन्ने बारेमा विभिन्न व्यक्तिहरूको फरकफरक विचार पाइन्छ ।

यसबारेमा यी आधारभूत कुराहरू बुझ्नु आवश्यक छ :

कुनै एफएमको इफेक्टिभ रेडिएटेड पावर (इआरपी) अर्थात् ट्रान्समिटरले बाहिर फ्याँक्ने क्षमता ट्रान्समिटरको शक्तिलाई एण्टेनाका अवयवहरू (एलिमेण्ट) को संख्याले गुणन गर्दा जति हुन्छ, झण्डै त्यसको बराबर हुन्छ । एण्टेना कति ठूलो बनाउने भन्ने कुरामा व्यावहारिक सीमाहरू हुन्छन् । एउटा निश्चित आकारभन्दा अग्लो वा ठूलो भयो भने केबुल लामो भएर इआरपी घट्न थाल्छ ।

भीएचएफ सिग्नलहरू आँखाले देखिने रेखाभन्दा पर जाँदैनन् । बाटोमा डाँडाकाँडाले छेक्यो भने अलिकता घुम्छ , तर, समान्यतया यो प्रकाशजस्तै सोझो रेखामा अगाडि बढ्छ । एण्टेनादेखि क्षितिजको दूरी अर्थात् सिग्नल कति परसम्म पुग्छ भन्ने कुरा एण्टेनाको उचाइमा भरपर्छ , साथै बीचमा ठूलो बाधा रोकावट वा व्यवधान पर्छ कि पर्दैन भन्ने पनि विचार गर्नुपर्छ ।

सुन्न लायकको स्टेरियो ध्वनिका लागि मोनो ट्रान्समिटरभन्दा तीनचार गुना शक्तिशाली ट्रान्समिटर चाहिन्छ । केही पहिलेका कम क्षमताका स्टेसनहरूको क्षमता अभिवृद्धि गर्ने सिलसिलामा हामीले के पायौँ भने ट्रान्समिटरको शक्ति नबढाइकन आधुनिक उच्च स्तरको (हाई गेन) एण्टेना र थोरै मात्र क्षमता घट्ने खालको फिडर केबुलबाट उत्तिकै दूरीमा पनि राम्रो स्टेरियो सिग्नल उत्पन्न हुन्छ ।

समतल भूभागमा २५ मिटर अग्लो एण्टेना राखेर स्टेरियो ट्रान्समिसन गर्दा निम्नलिखित क्षमताको ट्रान्समिसनले निम्नलिखित दूरीसम्म स्टेरियो स्तरको प्रसारण गर्छ :

| | |
|---|---|
| २० वाट इआरपी | ५ किलोमिटर |
| १०० वाट इआरपी | १२ किलोमिटर |
| १२०० वाट इआरपी | ३० किलोमिटर |

तर हरेक कुराको अपवाद वा भिन्न प्रभाव हुन्छ । जस्तै, १२०० वाटको इआरपीमा चल्ने स्टेसनको ८० किलोमिटर टाढा पनि  नियमित श्रोता भेटिए ।

### *स्टुडियो उपकरण*

**रिकर्डिङ र प्लेब्याक :** क्यासेट प्लेयर वा टेप रेकर्डरजस्ता घरमा बजाइने सांगीतिक उपकरणहरू उपयोग गरिरहेका मानिसहरू स्टुडियोभित्र प्रयोग गरिने धेरैजसो उपकरणहरूबाट पनि परिचित हुन्छन् । खास गरी यसमा क्यासेट रेकर्डर/प्लेयर, रिकर्ड टर्न टेबल, कम्प्याक्ट डिस्क (सीडी) प्लेयरहरू पर्छन् ।

तर घरमा प्रयोग गरिने उपकरणहरूको दाँजोमा स्टुडियोभित्र प्रयोग गरिने यी उपकरणहरूको गुणस्तर राम्रो हुन्छ । यसका धेरै कारणहरू छन् । पहिलो कारण के हो भने स्टुडियोबाट निस्केर श्रोताको कानसम्म पुग्दा ध्वनिको गुणस्तर निश्चित रूपमा घट्ने हुनाले स्टुडियोभित्र राम्रो गुणस्तरको ध्वनि उत्पन्न गर्नु आवश्यक हुन्छ । दोस्रो कारण, घरभित्र बजाइने यन्त्रउपकरणको दाँजोमा स्टुडियोभित्र बजाइने उपकरणहरू धेरै समयसम्म चलाइराख्नु पर्ने हुनाले यो बलियो र टिकाऊ हुनुपर्छ ।

औद्योगिक देशका केही साना सामुदायिक रेडियोहरूले सामान्य खालका सीडी प्लेयरजस्ता सस्ता र प्रचलित इलेक्ट्रोनिक सामान किन्न खोज्छन् । बिग्रेपछि त्यसको सट्टा नयाँ किन्छन् । विकासशील देशहरूमा रेडियो संचालन खर्चभन्दा रेडियो स्टेसन स्थापना गर्ने खर्च जुटाउन सजिलो हुने हुनाले यस्ता देशहरूको लागि यो त्यति उपयुक्त उपाय होइन । यसबाहेक यस्ता सस्ता इलेक्ट्रोनिक सामानहरू औद्योगिक देशहरूमा भन्दा विकासशील देशहरूमा कम पाइनसक्छन् ।

**कन्ट्रोल कन्सोल/मिक्सर** : रेडियो स्टुडियोमा कहिल्यै नगएका मानिसहरूको लागि सबैभन्दा अनौठो लाग्ने मुख्य उपकरण कन्ट्रोल कन्सोल र मिक्सरको युनिट वा समूह हो । यसले कार्यक्रम उत्पादक वा उनका प्राविधिकलाई कार्यक्रमको बेलामा चाहिने ध्वनिको स्रोत रोज्न सघाउँछ । उदाहरणका लागि, स्टुडियोभित्र भएका धेरै क्यासेट वा सीडी प्लेयर, वा धेरै माइक्रोफोनहरूमध्ये कुनबाट निस्केको ध्वनि बजाउने वा सुनाउने भनी रोज्ने काम यसबाट गरिन्छ । त्यस्तै, कुन उपकरणबाट आएको आवाज बिस्तारै कति चर्को वा कति मसिनो गर्ने भन्ने नियन्त्रण पनि यसबाटै गरिन्छ ।  एउटा स्वरमाथि अर्को स्वर खप्टचाएर सुनाउने वा सुपरइम्पोज गर्ने काम पनि यसबाट हुन्छ । पृष्ठभूमिमा आवाज दिने वा विभिन्न साउण्ड इफेक्ट दिने काम पनि यसले गर्छ । यो कामलाई ध्वनिका च्यानलहरू मिसाउने वा 'मिक्सिङ' भनिन्छ । कन्सोल/मिक्सरमा हेडफोनको तार जोडने सकेटहरू हुन्छन् । यसबाट कार्यक्रम उत्पादकले त्यहाँ भएका विभिन्न च्यानलहरूबाट आएको स्वर सुन्नसक्छ वा प्रसारणको लागि तयार मिश्रित स्वरको अन्तिम स्वरूप सुन्छ । कन्सोल/मिक्सरबाट प्रसारणका लागि अन्तिम रूपमा निस्केको आवाज ट्रान्समिटरमा पुऱ्याउनका लागि एउटा तार ट्रान्समिटरमा जान्छ ।

बिजुलीको भोल्टेज तलमाथि भयो भने बिजुलीबाट चल्ने यन्त्रउपकरणहरूबाट निस्कने आवाज बिग्रन्छ । भोल्टेज रेगुलेटरले विजुलीको भोल्टेज तलमाथि हुन दिँदैन । यसैले स्टुडियोका सम्पूर्ण उपकरणहरूलाई स्वचालित भोल्टेज रेगुलेटर मार्फत बिजुलीको स्थानीय स्रोतबाट विद्युत्शक्ति पुऱ्याइन्छ ।

*कार्यक्रम उत्पादन तथा समाचार संकलन/ स्थलगत सम्पादन :*

**रिमोट माइक्रोफोन मिक्सर** : स्थलगत वा फिल्डमा गएर रिपोर्टिङ गर्दा सामग्री संकलनका लागि कम्तीमा पनि एउटा टेप रेकर्डर चाहिन्छ । वा स्टुडियो नजिकै, स्टेसनबाहिरको कार्यक्रमको आवाजलाई माइक्रोफोनलाई लामो तार जोडेर कन्सोलसम्म पुऱ्याउन सकिन्छ ।  तर स्टुडियोबाहिर धेरै माइक्रोफोन प्रयोग गरेर तथा विभिन्न ध्वनि र साउण्ड इफेक्ट राखेर कार्यक्रम उत्पादन गर्न रिमोट माइक्रोफोन मिक्सर चाहिन्छ । यसलाई कहिलेकाहीँ सहायक वा अक्जुलरी माइक्रोफोन मिक्सर पनि भनिन्छ । यसले पनि स्टुडियो मिक्सरले जस्तै काम गर्छ । तर, यो सानो हुन्छ र बेट्रीबाट चल्छ । फिल्डमा रिकर्ड गरिने कार्यक्रमको लागि चाहिने विभिन्न आवाजहरू रोज्ने र/वा मिसाउने काममा यसको उपयोग गरिन्छ ।

**स्टुडियोसँग फिल्ड रिपोर्टर र अरु मानिसहरूलाई जोड्ने** : फिल्डमा भइरहेको प्रत्यक्ष घटना प्रसारण गर्नका लागि फिल्ड रिपोर्टरहरूलाई स्टुडियोसँग सम्पर्कित गर्नु बाहिरबाट गरिने प्रसारणको अर्को पक्ष हो । यसमा समुदायमा भएको कुनै घटना, समारोह, मेला आदिको आँखाले देखेका रोचक कुराहरू र

त्यहाँ उपस्थित मानिसहरूसँग गरिने कुराकानी प्रत्यक्ष वा त्यही समयमा सिधै सुनाइन्छ । औद्योगिक मुलुकहरू र विकासशील देशका ठूलठूला सहरहरूमा फिल्ड र स्टुडियोबीच सम्पर्क गर्ने सबैभन्दा धेरै प्रचलित साधन टेलिफोन हो । यसको लागि टेलिफोन एडप्टर भनिने एउटा उपकरण चाहिन्छ । यसले फिल्डबाट आएको कार्यक्रम प्रसारण वा पछिको लागि रिकर्ड गरिरहेको बेलामा स्टुडियो कन्सोलमा बाहिरबाट आउने अरु फोनलाई रोकिदिन्छ ।

तर, विकासशील मुलुकका ग्रामीण इलाकाहरूमा, टेलिफोन पाउन गाह्रो हुने ठाउँमा बाहिरका रिपोर्टरहरूको स्टुडियोसँग सम्पर्क गराउनका लागि अरु साधनहरूको उपयोग गर्नुपर्छ । बोलिचालीको भाषामा वाकीटकी भनिने अति उच्च फ्रिक्वेन्सी (भीएचएफ) वा अल्ट्रा हाई फ्रिक्वेन्सी (युएचएफ) बाट चल्ने ट्रान्सरिसिभरहरूको उपयोग गर्नु एउटा उपाय हो । केही मुलुकहरूमा २०० मेगाहर्जको फ्रिक्वेन्सी रेंज टेलिफोनको लागि छुटचाइएको हुन्छ । यो फ्रिक्वेन्सी रेंजमा ध्वनिको गुणस्तर, खास गरी फिल्ड रिपोर्टर र रेडियो स्टेसनबीच सम्पर्क गर्न, राम्रो हुन्छ । यसको लागि टेलिफोनको मूल उपकरण (बेस स्टेसन) रेडियो स्टुडियोमा राखिन्छ र हाते सेट फिल्डमा काम गर्ने रिपोर्टरसँग हुन्छ ।

फिल्डमा काम गर्ने रिपोर्टरहरूका लागि तारसहितको टेलिफोन नपाइने ठाउँमा सेलुलर मोबाइल टेलिफोनको उपयोग अर्को समाधान हो ।

**कल इन** : केही सामुदायिक रेडियो स्टेसनहरूले, खास गरी टेलिफोन सेवा उपलब्ध भएका सहरहरूमा, स्टुडियोमा विशेष खालको टेलिफोन मिक्सर प्रणाली जडान गर्छन् । यसबाट कार्यक्रम उत्पादक/प्रसारकले एकै पल्ट धेरै जनाको फोन सुन्न, टेलिफोनकर्तालाई उनीहरूले फोन गरेको क्रममा पर्खाउन र पालैपालो तिनका कुराहरू कन्सोल मिक्सरमा पुऱ्याएर प्रसारण गराउन सक्छ । बाहिरका रिपोर्टरहरूले पनि उपयोग गर्नसक्ने यो फोनिङ इन प्रणाली अलि महँगो हुन्छ र विकासशील देशका खास ग्रमीण इलाकाहरूमा यसको उपयोग तर्कसंगत नहुनसकछ । केही विकासशील देशहरूमा स्थानीय प्राविधिकहरूले अरु फोन कल रोक्नका लागि टेलिफोनमा बुझो लाउने आफ्नै खालका उपाय निकालेका छन् । टेलिफोनकर्तासँगको कुराकानी प्रसारण गर्ने सबैभन्दा सस्तो उपाय स्टुडियोमा स्पिकर सहितको टेलिफोन सेट र त्योसँगै माइक्रोफोन राख्नु हो । तर यसबाट उत्पन्न हुने सिग्नल वा ध्वनिको गुणस्तर धेरै राम्रो हुँदैन ।

*भीएचएफ ट्रान्सरिसिभर प्रयोग गर्नेहरूलाई परिचालन*

टेलिफोन सेवा उपलब्ध नभएका केही सुविधाविहीन इलाकाहरूमा भीएचएफ ट्रान्सरिसिभर प्रयोग गर्ने शौखिनहरू हुनसक्छन् । वास्तवमा यस्ता भीएचएफ सेट आफूसँग राख्नु इजजतको प्रतीक पनि हो । ताम्बुली रेडियो परियोजना संचालन भइरहेको फिलिपिन्सको एउटा दुर्गम टापुमा परियोजनाले यस्ता शौखिनहरूलाई परिचालन गरेर उनीहरूलाई रेडियो रिपोर्टरको रूपमा व्यक्तिगत हिसाबले कार्यक्रमहरूमा भाग लिन लगाउँछ । साथै यस्ता सेट नभएका अरु मानिसहरूलाई पनि सेट उपयोग गर्न दिएर कार्यक्रममा सहभागी बनाउन सघाउँछ । यसरी सामुदायिक रेडियोको तर्फबाट कुनै लगानीबिना बाहिरबाट रिपोर्ट गर्ने स्वयंसेवकहरूको संजाल/नेटवर्क बनेको छ । (हेर्नुस्: केस स्टडी १ – समुदायका मानिसहरूलाई कसरी जिम्मेवारी दिने ।)

**विश्वसनीयता र स्याहार सम्भार**

माथि उल्लेखित अधिकांश यन्त्रउपकरणहरू बनावट वा उत्पादनको हिसाबले पनि बलिया र विश्वसनीय हुन्छन् , तथा उपयुक्त ज्ञान र तालिम लिएको मानिसले सजिलैसँग ती उपकरणहरूको स्याहार सम्भार गर्नसक्छ । तैपनि, दुर्घटनावश हुनसक्ने हानीनोक्सानीबाट जोगाउन सतर्कताका केही सरल उपायहरू अपनाउनु आवश्यक हुन्छ ।

**चटचाङबाट जोगाउने** : आकाश गर्जेर बिजुली चम्केर हुरीबतासहित पानी परेको बेलामा एण्टेनामा चिर्को पर्नु ट्रान्समिटर जल्ने वा बिग्रने मूल कारण हो भन्ने कुरा अनुभवबाट साबित भएको छ । यसैले एण्टेनाको मास्टको टुप्पामा बिजुली सुचालक तार रसान गरी जोडनु अति आवश्यक हुन्छ । यदि एण्टेना घरको छानामाथि राखिएको छ भने त्यसलाई धरै सरो बेरेर बनाइएको तामोको तारले रसान गरी जोडेर तारको अर्को छेऊ घरबाहिरबाट लगेर चिसो भुइँमा गाडिएको फलामे छडमा जोड्नुपर्छ ।

**उपकरण प्रयोग वा ओसारपसार गर्दा जोगाउने** : उपकरणहरू प्रयोग गर्दा होसियारीसाथ गर्नुपर्छ । एण्टेनासँग नजोडिकन वा एण्टेनाले धान्ने बराबरको लोडसँग नजोडिकन रेडियो ट्रान्समिटर चालू गर्‍यो वा खोल्यो भने कुनै पनि ट्रान्समिटर कहिल्यै काम नलाग्ने गरी बिग्रन्छ । यस कारण जहिले पनि कुनै परीक्षण वा मरमत गर्न ट्रान्समिटरलाई एण्टेनासँग सम्पर्क विच्छेद गर्नुपर्दा एण्टेनाले धान्ने बराबरको लोड धान्नसक्ने सट्टाभर्ना वा डमी लोडसँग ट्रान्समिटरलाई जोडिराख्नुपर्छ । लोड रेसिस्टर भनिने यस्ता विभिन्न मात्राका लोड धान्ने क्षमता भएका उपकरणहरू तयारी किन्न पाइन्छन् । अथवा उपयुक्त वाटको सामान्य बिजुलीको बल्ब प्रयोग गरेर तिनको लोड रेसिस्टेन्स मिलाउन सकिन्छ ।

उपकरण संचालन गर्दा विचार पुर्‍याउनु पर्ने अर्को महत्वपूर्ण कुरा उपकरणहरूलाई बिजुलीको प्लगमा जोडदा बिजुलीको ध्रुव अर्थात् पोजिटिभ र नेगेटिभअनुसार जोडनुपर्छ । सानो गल्तीले पनि उपकरण जल्नसक्छ ।

## स्टुडियो परिसर

**कत्रो ठाउँ चाहिन्छ** : कम्तीमा नौ वर्गमिटर क्षेत्रफल भएको कुनै पनि बनिसकेको घरमा वा कोठामा एउटा सामान्य रेडियो स्टुडियो स्थापना गर्नसकिन्छ । यन्त्रउपकरण जडान गर्न र उपकरण चलाउने अपरेटरको लागि यति ठाउँ चाहिन्छ । तर, कम्तीमा पनि २५ वर्गमिटर क्षेत्रफल भएको ठाउँ भयो भने व्यावहारिक हुन्छ । ५० वर्गमिटर क्षेत्रफल भयो भने निकै राम्रो हुन्छ ।

उद्घोषक बस्ने कोठा (बुथ) को क्षेत्रफल कम्तीमा १२ वर्गमिटरजति भयो भने व्यावहारिक हुन्छ । यदि ५० वर्गमिटर क्षेत्रफल उपलब्ध गर्नसकियो भने त्यसको आधाजति ठाउँ उद्घोषकको बुथको लागि छुटयाउनुपर्छ । गोल टेबुल वरिपरि बसेर छलफल गर्न, गायक र संगीतकारहरूको सानो टोली अटाउन तथा त्यस्तै साना तिना र दैनिक काममा त्यति ठाउँ भयो व्यावहारिक र अलि खुकुलो हुन्छ । बाकी ठाउँमा प्राविधिक बस्ने कोठा (क्युबिकल), आगन्तुकहरूलाई स्वागत गर्ने र पर्खाउने र काम गर्ने ठाउँको रूपमा उपयोग गर्नसकिन्छ ।

**उद्घोषकको बुथ र प्राविधिक बस्ने कोठा** : उद्घोषक बस्ने बुथ र प्राविधिक बस्ने कोठाको बीचमा प्रायः दुई पत्र सिसा जडिएको एउटा झ्याल हुन्छ । यसले गर्दा बाहिरको हल्ला वा स्वर बुथभित्रको माइक्रोफोनसम्म पुग्न पाउँदैन । यस्तो इन्तिजाम गरेपछि उद्घोषकले आफ्नो अगाडिको माइक्रोफोनको बारेमा मात्रै चासो लिए पुग्छ । अर्कोतिर प्राविधिकले कन्सोल र टेप रिकर्डर र रेकर्ड प्लेयरजस्ता ध्वनिका अरु च्यानलहरू मिलाउँछ/संचालन गर्छ ।

तर, उद्घोषकको बुथ र प्राविधिकको कोठा सबै सामुदायिक रेडियोमा छुटचाइएको हुँदैन । कहिले काहीँ उद्घोषकले आफैले कार्यक्रम बनाएर प्रसारण गर्न रुचाउँछ । माइक्रोफोनमा कुरा गर्ने, उद्घोष गर्ने र ध्वनिका यन्त्रहरू आफैले संचलन गर्दै उसले 'एकल प्रदर्शन' जस्तो गर्नसक्छ । यस कारण स्टुडियो डिजाइन गर्दा यस्तो फेरबदल गर्नसकिन्छ ।

**ध्वनि निरोध र ध्वनि संतुलन :** माइक्रोफोनले कुनै पनि ध्वनि टिप्ने हुनाले उद्घोषकको कोठा साउण्डप्रुफ अर्थात बाहिरको आवाज नछिर्ने र कोठाभित्र अवाज प्रनिध्वनित नहुने बनाउनुपर्छ । प्लाइउडजस्ता हल्का फलेकको बार लाउँदा दुई पत्रको बनाउनुपर्छ र प्लाइउडको दुई पत्रबीच ध्वनि निरोधक बस्तु राख्नुपर्छ । कोठाभित्र पस्ने ढोकाको खापाको वरिपरि रबरका पत्रहरू टाँसेर ध्वनि निरोध गर्नुपर्छ ।

उद्घोषकको कोठाभित्र ध्वनिको सन्तुलन राम्ररी मिलाउनुपर्छ । कोठाको भित्ता साह्रो भयो भने ध्वनि भित्तामा ठोक्किएर फर्कन्छ र प्रतिध्वनित भएर फेरि माइक्रोफोनमा पुग्छ र फेरि सुनिन्छ । यसलाई 'क्याथेड्रल इफेक्ट' भनिन्छ । यो इफेक्ट वा प्रभाव हटाउन भित्ताको केही भागलाई नरम बस्तुहरूले छोप्नुपर्छ । यसका लागि बजारमा एकस्टिक टायल पनि किन्न पाइन्छ तर यही काम कुखुराको फुल बेच्दा राखिने कागतको किस्ती, काम्लो पाखीजस्तो बाक्लो पर्दा, पराले गुन्द्री वा बाक्लो कागत ( कार्डबोर्ड) जस्ता सस्ता र सामान्य बस्तुहरूले पनि गर्छन् । तर भित्ताको सबै भाग वा चाहिनेभन्दा बढी भाग यस्तो ध्वनि निरोधक बस्तुले छोप्नु हुँदैन । ध्वनि अलिकति गुंजनु, घन्किनु वा तन्किनु पनि पर्छ नत्र रेडियोबाट आएको कार्यक्रम सुन्दा खुला चौरबाट आएजस्तो सुनिन्छ , जो अस्वाभाविक हुन्छ ।

ताप नियन्त्रण : यदि स्टुडियोमा ताप नियन्त्रक उपकरण (एयर कण्डिसनर) जडान गर्नुपर्‍यो भने त्यस्तो उपकरण आवाज ननिकाल्ने खालको, स्पिट टाइपको, हुनुपर्छ । त्यसको कम्प्रेसरको आवाज रिकर्डिङ स्टुडियोमा नपुग्ने गरी बाहिरै अनि उद्घोषको बुथमा रहेको माइक्रोफोनले टिप्ननसक्ने गरि राख्नुपर्छ । उद्घोषकको कोठाभित्र नलीबाट चिसो हावा छिराउने व्यवस्था गर्नुपर्छ । बुथभित्रको तातो हावा बाहिर फाल्नको लागि आवाज नआउने पंखा (एक्स्ट्राक्टर) जडान गर्नुपर्छ ।

**रेडियो स्टेसनका विभिन्न भाग, अंग, उपकरणहरूबीच सम्बन्ध**

ट्रान्समिटर र एण्टेनालाई भित्र बेग्लाबेग्लै तार भएको कोएक्सियल केबुलले जोड्छ । यो केबुलले ट्रान्समिटरबाट आएको शक्तिलाई उल्लेखनीय मात्रामा सोस्छ । यस कारण यो तार सकेसम्म छोटो हुनु पर्छ । सामुदायिक रेडियोमा धेरैजसो प्रयोग हुने सस्तो खालको कोएक्सियल केबुल प्रयोग गर्दा ट्रान्समिटर र एण्टेनाकोबीचको दूरी झण्डै ३० मिटरभन्दा धेरै हुनुहुँदैन ।

सामान्यतया ट्रान्समिटर र स्टुडियो एउटै घरभित्र हुन्छ र एण्टेना घरको नजिकै वा छानामाथि हुन्छ । तर ट्रान्समिटरलाई स्टुडियोभन्दा बेग्लै कोठामा राख्नु बेस हुन्छ किनकि ट्रान्समिटर धेरै नजिक भयो भने यसबाट निस्केको रेडियो तरंगले स्टुडियोभित्रका उपकरणहरूमा प्रभाव परेर अनावश्यक आवाज आउनसक्छ ।

तर अग्लो ठाउँमा एण्टेना राख्नु पर्ने कारणले एण्टेनाको लागि रोजिएको ठाउँ स्टुडियोको लागि अनुपयुक्त हुनसक्छ । यस्तो परिस्थितिमा एण्टेनालाई डाँडाको टुप्पामा राख्नु पर्ने हुन्छ र ट्रान्समिटरलाई एण्टेनाको छेऊमा राख्नुपर्छ अनि स्टुडियो अलि टाढा उपयुक्त ठाउँमा हुनसक्छ । यस्तोमा ट्रान्समिटरसम्म बिजुली पुर्‍याउने तार र स्टुडियोमा बजेका कुराहरू पुर्‍याउने अर्को तार दुइटा मुख्य कुरा चाहिन्छ । अर्को तारलाई प्रोग्राम लाइन अर्थात् कार्यक्रम पुर्‍याउने तार भनिन्छ । यो तार १०००

मिटरभन्दा लामो हुनु हुनुहुँदैन । यसको लागि टेलिफोनको तार उपयुक्त हुन्छ किनकि टेलिफोनको तार ध्वनि प्रसारणको लागि उपयुक्त हुने गरी बनेको हुन्छ र घामपानीबाट छिट्टै बिग्रन्न । घरभित्र प्रयोग गरिने बिजुलीको तार पनि प्रयोग गर्न त सकिन्छ तर यस्तो तार घरबाहिर प्रयोग गर्दा चाँडै खुइलिने र चुँडनसक्ने हुनाले नियमित रूपमा जाँचिरहनुपर्छ ।

**भविष्यका संभावनाहरू**

*कम्प्युटरमा स्टुडियो*

रेडियो स्टेसनभित्र चिठीपत्र वा पाण्डुलिपि, लेख आदि लेख्ने र कार्यक्रम तथा रिकर्डहरू सूचीवद्ध तथा वर्गीकरण गर्नेजस्ता सामान्य काममा कम्प्युटरको उपयोग धेरै पहिलेदेखि हुन थालेको हो । समय बित्दै जाँदा रेडियो स्टुडियोमा गीत, संगीत, अन्तर्वार्ता आदि रिकर्ड गरिएका सामग्रीहरूको थुप्रो लाग्छ । थुप्रोबाट चाहिने कुनै विषय वा सामग्री फेला पार्न गाह्रो हुन्छ । नयाँ कार्यक्रम बनाउनका लागि पहिले प्रसारण गरिएको कुनै सामग्रीको केही टुक्रा चाहियो र मानिसको स्मरण शक्तिमा मात्रै भर परियो भने खोजेको सामग्री तुरुन्तै फेला पार्नसकिन्न । सबै सामग्रीको इन्डेक्स (सूची) र क्याटालग कम्प्युटरमा राखेको खण्डमा सम्बन्धित विषयको बारेमा संक्षिप्त सूची र विवरण साथै सो सामग्री कहाँ कति नम्बरको टेपमा छ भन्ने जानकारी समेत तुरुन्तै थाहा पाउनसकिन्छ ।

**कम्प्युटरबाटै कार्यक्रम उत्पादन** : हालै आएर डिजिटल प्रविधिले रेडियो कार्यक्रम उत्पादनमा नयाँ आयाम खोलिदिएको छ । कुराकानी, संगीत, साउण्ड इफेक्ट, जिंगल आदि रेडियो कार्यक्रमका लागि चाहिने सम्पूर्ण सामग्री कम्प्युटरको एउटा हार्डडिस्कमा राख्नसकिने भएको छ । पहिलेपहिले यी सबै सामग्री टेपहरूमा भंडार गरेर राख्नुपर्थ्यो ।

यस्ता कम्प्युटर सफ्टवेयरहरू पनि छन् जसबाट एकै पल्ट १५ जनासम्म कार्यक्रम उत्पादकहरूले बेग्लाबेग्लै कम्प्युटर टर्मिनल चलाएर हार्डडिस्कमा भएका सामग्री रोज्दै कार्यक्रममा मिसाउन, कार्यक्रम बनाउन र सम्पादन गर्नसक्छन् । तयार भएको कार्यक्रम हार्डडिस्कमा राखेपछि यति बजे यो कार्यक्रम प्रसारण गर्नु भनेर कम्प्युटरलाई आदेश दिनसकिन्छ । रेडियो स्टुडियोका कर्मचारीको सक्रियताबिना पनि कार्यक्रमहरूको श्रृंखला क्रमिक रूपमा प्रसारण गर्न लगाउन पनि सकिन्छ ।

यस्तो खालको कम्प्युटरीकृत उत्पादन प्रणालीमा परम्परागत स्टुडियोका कतिपय उपकरणहरू अनावश्यक हुन्छन् । साथै यो प्रणाली कार्यक्रम उत्पादनका लागि अति सक्षम छ । तर, व्यवहारमा, स्टुडियोका सबै परम्परागत उपकरणहरू निकट भविष्यमै काम नलाग्ने वा हटाइने संभावना छैन । उदाहरणका लागि, ध्वनि रिकर्ड गरेर कम्प्युटरको हार्डडिस्कमा सार्ने श्रव्य उपकरणहरूको काम यथावत रहनेछ । साथै स्टुडियोभित्र कार्यक्रम अन्तिम रूपमा उत्पादन गर्ने काम कम्प्युटरबाट गरे पनि स्टुडियोबाहिर कार्यक्रम उत्पादन गर्नका लागि सुरुमा वर्णन गरिएको रिमोट माइक्रोफोन मिक्सर सस्तो र चलाउन सजिलो पनि हुन्छ ।

यसका साथै, रामो सामुदायिक रेडियोमा श्रोताहरूको सहभागिता पहिले नै रेकर्ड गरिने कार्यक्रममा मात्र होइन, प्रत्यक्ष प्रसारण कार्यक्रममा बढी भर पर्छ भन्ने बिर्सनु हुँदैन । स्टुडियोभित्रबाट गरिने प्रत्यक्ष प्रसारणका लागि यस्ता परम्परागत उपकरणहरू अहिले पनि अति उपयोगी छन् ।

विकासका लागि, खास गरी ग्रामीण क्षेत्रमा इन्टरनेटले विशाल संभावना ल्याएको छ । उदाहरणका लागि, स्वास्थ्य, कृषि, वा वातावरणसम्बन्धी सूचना इन्टरनेटबाट प्राप्त गर्नसकिन्छ । स्वास्थ्य कार्यकर्ताहरू, कृषि कार्यक्रमका अगुवाहरू वा सामान्य गाउँलेहरूलाई इन्टरनेटमार्फत प्राविधिक विशेषज्ञहरूसँग सम्पर्क गराएर कुनै समस्याबारे छलफल गराउनसकिन्छ । विभिन्न समुदायहरूलाई एकअर्कासँग सम्पर्कित गराएर उनीहरूलाई प्रभाव पार्ने विषयहरूमा वा समस्या र समाधानहरूका बारेमा अनलाइन छलफल वा वादविवाद चलाउनसकिन्छ ।

**गाउँको गोरेटो र सूचनाको महामार्ग** : दुर्भाग्यवश, अहिलेसम्म अधिकांश विकासशील मुलुकहरूमा इन्टरनेटको पहुँच र यसले उपलब्ध गराउने सूचना र ज्ञान सुविधाभोगी थोरै मानिसहरूका लागि मात्रै उपलब्ध छ । उदाहरणका लागि, अफ्रिकामा सन् १९९८ को आखिरसम्म १.५ प्रतिशतभन्दा थोरै मानिसहरूसम्म इन्टरनेटको पहुँच थियो । इन्टरनेट उपयोग गर्ने त्यो अल्पसंख्यक जमातभित्र गाउँले विपन्न जनता कत्ति पनि पर्दैनन् । समस्यालाई यो प्रश्नमा छोटयाउनसकिन्छ : गाउँका गोरेटाहरूको दायाँबायाँ बस्ने विपन्न गाउँलेहरूलाई कसरी सूचनाको महामार्ग (इन्फर्मेसन सुपरहाइवे) सँग जोडनसकिन्छ ?

सामुदायिक रेडियो कार्यक्रमहरूलाई इन्टरनेटसँग मिसाउनु गाउँलेहरूसमक्ष पुग्ने एउटा उपाय हो । रेडियो स्टेसनमा इन्टरनेट सुविधा भएको कम्प्युटर छ भने कार्यक्रम उत्पादकहरूले आफ्ना श्रोताहरूको आम चासोका विषयहरूको जानकारी इन्टरनेटको विशाल भण्डारमा खोज्नसक्छन् । साथै इन्टरनेटमा उपलब्ध सूचनाको आधारमा उनीहरूले समुदायका सदस्यहरूले उठाएका विशेष प्रश्न वा जिज्ञासाहरूको उत्तर दिन पनि सक्छन् । यस्ता सूचनाहरू रेडियोबाट प्रसारण गरेर इन्टरनेटलाई कुनै पनि घरमा प्रभावकारी ढंगले भित्र्याउन सकिन्छ । कम्प्युटरको कुरै छाडौं टेलिफोनसमेत कहिल्यै जोडने कल्पना नगरेका घरहरूमा समेत इन्टरनेटको लाभ पुऱ्याउनसकिन्छ ।

**इन्टरनेट र कार्यक्रम उत्पादन** : कार्यक्रम उत्पादनका लागि इन्टरनेट निक्कै उपयोगी हुनसक्छ । यसबाट रेडियो स्टेसनले विभिन्न प्रकारका सूचनाको विशाल भण्डार पाउनसक्छ । उदाहरणका लागि, धरैजसो समाचारदाता संस्थाहरू (न्युज एजेन्सी) का सूचना सामग्रीहरू इन्टरनेटमा पाइन्छन् । त्यस्तै विकासे संस्थाहरू, गैरसरकारी तथा सरकारी निकायहरू, विश्वविद्यालयहरू आदिका सूचना पाउनसकिन्छ । यसका साथै, इन्टरनेटबाट श्रव्य कार्यक्रमहरू पनि सार्न (डाउन लोड) र रेडियोबाट पुनः प्रसारण गर्नसकिन्छ । यी कार्यक्रमहरूका विषयवस्तुभित्र स्वास्थ्य, शिक्षा, महिला अधिकारजस्ता सामुदायिक रेडियोका लागि महत्वपूर्ण विषयहरू पनि हुन्छन् ।

इन्टरनेट रेडियो कार्यक्रम साटासाट गर्ने चौतरी पनि हो । वन वर्ल्ड, ग्लोबल रेडियो सर्भिस तथा ए-इन्फोजजस्ता सेवाहरूले आफ्नो वेब साइटमा अन्य उत्पादकहरूको रेडियोमा त्यस्ता कार्यक्रम राख्न दिन्छन् जुन कार्यक्रम अरु उत्पादकहरूले पनि उपयोग गर्न सक्छन् । त्यस्तै अरु उत्पादकहरूले राखेका कार्यक्रमहरू पनि अन्य उत्पादकहरूले उपयोग गर्न र प्रसार गर्नसक्छन् ।

सामुदायिक रेडियोको अरु इन्टरनेट प्रयोगकर्ताहरूलाई आफ्नो बारे जानकारी पनि दिने चाहना हुनसक्छ । त्यसको लागि रेडियो स्टेसनले वर्ल्डवाइडवेब (डब्लुडब्लुडब्लु) मा आफ्नै वेब साइट खोलेर रेडियो संचालन गर्ने संस्था, यसका कार्यक्रमहरू, कर्मचारीहरू आदिको बारेमा सकेसम्म विस्तारपूर्वकको जानकारी दिनसक्छ ।

*ग्रामीण बहुउद्देश्यीय टेलिसेन्टर*

गाउँको विकासको लागि माइक्रोचिप्स र उपग्रहीय संचारलाई औजारको रूपमा उपयोग गर्ने परिकल्पना सन् १९८० को दशकको सुरुतिर नै गरिएको थियो । त्यस बेलादेखि परिपक्व हुँदै आएको एउटा धारणा हो ग्रामीण बहुउद्देश्यीय टेलिसेन्टर, जसलाई 'गाउँले सूचना पसल' भनेर पनि चिनिन्छ ।

यसको मूल सिद्धान्त सूचनाको लागि गाउँलेहरू जानसक्ने एउटा थलो बनाउनु जहाँ सित्तैमा वा केही शुल्क तिरर गाउँलेहरूले कृषि, स्वास्थ्य, परिवार नियोजन तथा अन्य विकास वा सामाजिक विषयसँग सम्बन्धित सूचना पाउनसक्छन् । यसको केन्द्रमा सामुदायिक रेडियो स्टेसन भयो भने यसले पूर्णता पाउँछ र यसको अस्तित्व पनि तर्कसंगत बन्छ । यस्तो पूर्ण टेलिसेन्टरले विभिन्न प्रकारका सेवा दिनसक्छ ।

यस्तो टेलिसेन्टरमा, निश्चय नै इन्टरनेट सेवा पनि हुन्छ जसले जानकारीको भण्डार (डेटाबैंक) तथा विशेषज्ञहरूसमक्ष पहुँचको सुविधा दिनुका साथै समुदायहरूलाई एकआपसमा जोडनेजस्ता, अघिल्लो खण्डमा उल्लेख गरिएका सेवाहरू प्रदान गर्छ । यस बाहेक, यसले सार्वजनिक टेलिफोन र फ्याक्स सेवा, भिडियो, अडियो-भिजुअल सामग्री र किताब तथा प्रकाशनहरूको पुस्तकालय खडा गर्नेजस्ता अरु काम पनि गर्नसक्छ । विश्व बैंकको एउटा कार्यक्रमअन्तर्गत भारतका लागि प्रस्तावित यस्तो एउटा ढाँचामा टेलिसेन्टरले क्यासेट र रिकर्डहरू बेच्ने, भिडियो र अडियो-भिजुअल उपकरणहरू भाडामा लगाउने डेस्कटप पब्लिसिङ र फोटोकपी सेवा दिनेजस्ता कामहरू गर्नसक्छन् । यी सेवाहरूको उद्देश्य टेलिसेन्टरलाई आत्मनिर्भर बनाउनु हो ।

बंगलादेशमा ग्रामीण बैंकले गरेको काम निक्कै महत्वपूर्ण छ । गाउँका विपन्नहरू, खास गरी महिलाहरूका लागि संचालित कल्पनाशील लघुबचत (माइक्रो क्रेडिट) कार्यक्रमको लागि प्रख्यात यो बैंकले सन् १९९६ मा ग्रामीण टेलिकम सुरु गऱ्यो । यसले सेलुलर टेलिफोन किनेर सार्वजनिक टेलिफोन सेवा प्रदान गर्नका लागि महिलाहरूलाई ऋण दिन्छ । साथै यसले प्रमुख ठूला शहरहरूमा इन्टरनेट कनेक्सन पनि उपलब्ध गराउँछ । बंगलादेशका ५०,००० गाउँहरूमा टेलिफोन सेवा पुऱ्याउने र इन्टरनेट पहुँचको सेवा फैलाउने यसको योजना छ । ग्रामीण बहुउद्देश्यीय टेलिसेन्टरको बाटोमा यो पहिलो कदम हो । तर, बंगलादेशमा प्रसारण गर्ने एकाधिकार अहिले पनि सरकारसँग मात्र छ र त्यहाँ निकट भविष्यमा सामुदायिक रेडियोले इजाजत पाउने कुनै संकेत छैन ।

*डिजिटल प्रविधि*

कार्यक्रम बनाउने र वितरण गर्ने तरिकालाई हाल आएर डिजिटल प्रविधिले बिस्तारै फेरेको छ । धेरै प्रसारकहरूले कार्यक्रम निर्माण तथा उत्पादनका लागि डिजिटल प्रणालीमा लगानी गरेका छन् । अब प्रसारणको कामको श्रृंखलामा ट्रान्समिसनसम्मको स्विच एनालगबाट डिजिटल पद्धतितिर सर्दैछ । यसै बीच, डिजिटल पद्धतिको विकासले रेडियो प्रसारण, दूरसंचार र कम्प्युटर उद्योगलाई एकैठाउँमा ल्याएर त्यसको मेल वा एकीकरणको (कन्भर्जेन्स) प्रकृया सुरु गरेको छ । यसले सबै प्रसारकहरूलाई नयाँ तथा चुनौतिपूर्ण व्यापारिक वातावरणतिर डोऱ्याउँदैछ । यसमा उनीहरूले स्पष्ट रूपमा मल्टिमिडियाको भूमिका खोजिरहेका छन् । विश्व दूरसंचार संघ (आईटीयु) ले यससम्बन्धमा एउटा प्रकाशन तयार पार्दैछ ।

**श्रीलंकामा गाउँलेहरूसमक्ष इन्टरनेटको पहुँच**

कोटमले गाउँ नै गाउँको बस्ती भएको झण्डै १५००० जनसंख्या भएको निर्वाचन क्षेत्र हो । यहाँको सामुदायिक रेडियो स्थानीय मानिसहरू र इन्टरनेटको मेल गराइदिने प्रभावकारी साधनको रूपमा रेडियोको उपयोग गर्ने नौलो र मौलिक परीक्षण को आधार बनेको छ ।

हरेक दिन यो रेडियो स्टेसनले “रेडियोबाट इन्टरनेट विचरण” (रेडियोब्राउजिङ द इन्टरनेट) नामक कार्यक्रम प्रसार गर्छ । यो कार्यक्रम प्रसार भइरहेको बेलामा सामुदायिक रेडियो कार्यक्रम प्रसारकहरूले रोजिएको इन्टरनेट साइटमा उपलब्ध सूचनाबारे छलफल गर्ने र त्यसलाई अर्थ्याउने काम गर्छन् । यसमा स्थानीय भाषाको प्रयोग गरेर अंग्रेजी भाषा बुझ्नसक्ने र आफैले सीधै इन्टरनेट चलाउननसक्ने मानिसहरूका लागि इन्टरनेटमा उपलब्ध सूचनालाई सजिलोसँग बुझाउने र इन्टरनेटमा सरल पहुँच पुऱ्याउने गरिन्छ ।

श्रोताहरूले आफूले चाहेको खास विषयहरूबारे सूचना दिन अनुरोध गर्नसक्छन् । बजार भाऊको उतार चढाव, कृषि, गरिबी घटाउनका लागि आवश्यक सीप र उपाय, औपचारिक तथा अनौपचारिक शैक्षिक सामग्री, स्वास्थ्यउपचार, औषधी आदिबारे जानकारी विशेष उपयोगी सूचना हुन् ।

युनेस्को र श्रीलंका सरकारको यो अगुवा परियोजनाले व्यक्तिगत रूपमा सीधै वा आफैले इन्टरनेट विचरण गर्न चाहने मानिसहरूको लागि पनि इन्टरनेट क्याफेमा निशुल्क इन्टरनेट सेवाको पहुँच तथा दुई वटा कम्प्युटर टर्मिनल उपलब्ध गराएको छ ।

यसका साथै रेडियोले आफ्ना श्रोताहरूले प्रायः अनुरोध गरेका सूचनाहरूको जानकारीको भण्डार (डेटा बेस) पनि तयार पार्दैछ । यसमा संकलित जानकारी धेरैजसो स्थानीय भाषामा, स्थानीय विकासका लागि आवश्य र स्थानीय रुचिअनुसारका छन् । इन्टरनेटमा तयारी गरी राखिएका सूचनाहरू स्थानीय मानिसहरूका लागि त्यति उपयुक्त नहुने हुनाले यसो गर्नु जरुरी हुन्छ ।

**विशेषज्ञको सल्लाह**

यो अध्यायले एउटा सामुदायिक रेडियो सेवा स्थापना गर्नका लागि आवश्यक प्राविधिक पक्षको सांगोपांग निर्देशिका उपलब्ध गराएको छ । तैपनि यस्तो परियोजना सुरु गर्न चाहन जो सुकैले पनि लगानी गर्न अघिसर्नुभन्दा पहिले रेडियो स्थापना गरिने ठाउँको विशेष परिस्थितिको प्राविधिक पक्षबारे विशेषज्ञको सल्लाह लिनुपर्छ । यस्तो सल्लाह प्रायः नजिकैको राज्य/जिल्लाका वा व्यापारिक रेडियो स्टेसनका प्राविधिक कर्मचारीबाट लिन सकिन्छ र यो महँगो पनि हुनुहुँदैन ।

युनेस्कोले सहयोग गर्ने सामुदायिक रेडियो स्टेसनका लागि चाहिने मुख्यमुख्य उपकरणहरू :
(मोल अमेरिकी डलरमा उल्लेखित)

| सामान क्रम सं | चाहिने संख्या | सामानको विवरण | एउटाको मोल | जम्मा रकम |
|---|---|---|---|---|
| **प्रसारण उपकरण** | | | | |
| १ | २ | १०० वाटको एफएम स्टेरियो ट्रान्समिटर (एउटा जगेडा) | ८०० | १,६०० |
| २ | १ | वाइड ब्याण्ड ओम्नी-डाइरेक्सनल एण्टेना (स्टेसनलाई | | |

| | | | | |
|---|---|---|---|---|
| | | दिइएको फ्रिक्वेन्सी मिलाउनका लागि चार पत्रे (फोर लेयर) एण्टेना) | १,२०० | १,२०० |
| ३ | १ | कनेक्टर सहित Heliax एण्टेना केबुल (५० मिटर) | ५५० | ५५० |
| ४ | १ | A1000 दुई च्यानल कम्प्रेसर र लिमिटर | ५४५ | ५४५ |
| ५ | १ | स्थानीय रूपमा बनेको एण्टेनाको मास्ट र एंकर | १,२०० | १,२०० |
| **प्रसारण उपकरणहरूको कुल मूल्य अमेरिकी डलर** | | | | **५,०९५** |

| **स्टुडियो र फिल्डमा चाहिने उपकरण** | | | | |
|---|---|---|---|---|
| ६ | १ | टेलिफोन हाइब्रिड, स्टुडियो मोनिटरको लागि १०+१० वाटका एम्प्लिफायर, क्यु/संकेतका लागि स्टेरियो मोनिटर आउटपुट, टकब्याक माइक्रोफोन, ७ मोनो इन्पुट/९ स्टेरियो इन्पुट सहितको भीसीए फिडर, ३ मोने आउटपुट/८ स्टेरियो आउटपुट समेत व्यावसायिक अर्थात् बलियो स्टुडियो कन्सोल | २,००० | २,००० |
| ७ | २ | PMC स्टुडियो मोनिटर स्पिकर (पावर आउटपुट १५० वाट) | ५१५ | १,०३० |
| ८ | २ | डुअल अतोरिभर्स क्यासेट डेक | ५७० | १,१४० |
| ९ | १ | सीडी चेन्जर | ९०० | ९०० |
| १० | ४ | हेडफोन | १०० | ४०० |
| ११ | ५ | विण्डसील सहितको डाइनामिक माइक्रोफोन | ३९० | १,९५० |
| १२ | २ | XLR इनपुट सहितको युटिलिटी मिक्सर | ४०० | ८०० |
| १३ | ३ | तलमाथि गर्न, घुमाउन मिल्ने माइक्रोफोन स्टैण्ड | ५५ | १६५ |
| १४ | २ | माइक्रोफोन डेस्क स्टैण्ड (फ्लेक्सिबल) | ११५ | २३० |
| १५ | ५ | XLR माइक इनपुट भएको बोक्नका लागि खोल/झोला सहितको पोर्टेबल क्यासेट रेकर्डर | ५१५ | २,५७५ |
| १६ | ५ | पोर्टेबल क्यासेट रेकर्डरका लागि डाइनामिक माइक्रोफोन | १७० | ८५० |
| १७ | २ | घण्टा मिनेट सेकेण्ड स्पस्ट देखिने २५ सेन्टिमिटर व्यास भएको क्वार्ज घडी | २५ | ५० |
| १८ | ४० | XLRMF क्यानन कनेक्टर (२० मेल र २० फिमेल) | १० | ४०० |
| १९ | २० | फोनो कनेक्टर मेल | ३ | ६० |
| २० | २० | फोनो कनेक्टर फिमेल | ३ | ६० |
| २१ | २५ | एसीआर कनेक्टर | १ | २५ |
| २२ | १ | माइक केबुल (१०० मिटरको रोल) | २६० | २६० |
| २३ | १ | अडियो केबुल (१०० मिटरको रोल) | १५० | १५० |
| २४ | ४ | अटोमेटिक भोल्टेज रेगुलेटर | ५० | २०० |
| २५ | १ | मल्टी टेस्टर साथै मरमत गर्ने औजारहरूको सेट | ५० | ५० |
| **स्टुडियो र फिल्डमा चाहिने सामानको कुल मूल्य अमेरिकी डलर** | | | | **१३,२९५** |

**सामुदायिक रेडियोको लागि चाहिने आधारभूत उपकरणहरूको कुल मूल्य १८,३९० अमेरिकी डलर**

**थप खर्च :** भवनको खर्च/बहाल र साजसज्जा/ तयारीका लागि २,५०० अमेरिकी डलर (यसमा खर्च भएर जाने सामान र विजुलीको खर्च समावेश छैन ।)

| सामान क्रम सं | चाहिने संख्या | सामानको विवरण | एउटाको मोल | जम्मा रकम |
|---|---|---|---|---|
| **वैकल्पिक सामग्री (कम्प्युटरमा आधारित ध्वनि तथा समाचार प्रशोधनका लागि)** | | | | |
| १ | २ | २० गिगाबाइट हार्डडिस्क, CD-R ड्राइभ (SCSI), USB पोर्ट स्पिकर र साउण्डकार्ड (साउण्ड ब्लास्टर), विण्डो ९८/२०००सहितको PIII-700 डिजिटल अडियो कम्प्युटर | १,५०० | ३,००० |
| २ | २ | दुइ वटा XLR इनपुट, दुइ वटा व्यालेन्स्ड १/४ इन्च को इनपुट, दुई वटा अनव्यालेन्स्ड १/४ इन्च को इन्पुट र S/PDIF/O सहितको USB इन्टरफेस कन्ट्रोलर<br>USB को मदतले चार च्यानल अडियो इन र दुई च्यानल अडियो आउट एकै चोटी चलाउन मिल्ने | ६०० | १,२०० |
| ३ | १ | सम्पादन गर्ने एडिटिङ सफ्टवेयर प्याकेज | ४०० | ४०० |
| ४ | १०० | सीडी-आर मिडिया (रिराइटेबल सीडी) | ३ | ३०० |
| ५ | १ | विण्डो ९८ र एमएस वर्ड सहितको इन्टरनेट सुविधायुक्त कम्प्युटर | १,१०० | १,१०० |
| ६ | १ | लेजर प्रिण्टर | ७५० | ७५० |
| **कुल अतिरिक्त खर्च अमेरिकी डलर** | | | | ६,७५० |

# अध्याय ५ : स्थापना र प्रारम्भ

यो अध्यायमा सामुदायिक रेडियो सेवा स्थापना गर्नका लागि आवश्यक कानूनी प्रक्रियाहरू तथा समुदायमा गरिने उचित परामर्श र विश्लेषण प्रक्रियाजस्ता विभिन्न व्यावहारिक काम र चाल्नुपर्ने कदमहरूको बारेमा छलफल गरिएको छ । यो प्रक्रियाका लागि लक्षित समूहमा छलफल (फोकस ग्रुप डिस्कसन) मा आधारित गुणात्मक अनुसन्धान पद्धतिको रूपरेखा बनाइएको छ ।

रेडियो स्टेसनको लक्ष्य र उद्देश्य स्पष्ट हुनु कति आवश्यक छ भन्ने कुरा स्पष्ट पारिएको छ, तथा स्थानीय धार्मिक अधिकारीहरू, शैक्षिक संस्थाहरू र राजनीतिक व्यक्तिहरूको संलग्नताबारे पनि छलफल गरिएको छ ।

स्टुडियो, ट्रान्समिटर र एण्टेना समुदायको कुन ठाउँमा राख्ने भन्ने प्राविधिक तथा सामाजिक आधारहरूको रूपरेखा बनाइएको छ । लाउडस्पिकरलगायतका वैकल्पिक ढाँचाहरूको व्याख्या गरिएको छ । त्यस्तै कति वाटको ट्रान्समिटरको उपयोग गर्ने भनी निर्धारण गर्ने विकल्प रोज्ने आधारहरू स्पष्ट पारिएका छन् ।

पछिल्ला खण्डहरूमा स्टेसनको स्वामित्व, व्यवस्थापन, कर्मचारी, दिगोपन तथा बाहिरी सहयोग खोज्ने तरिकाहरूबारे उल्लेख गरिएको छ । विज्ञापन प्रसारण गर्न पाइने प्रावधान भएका ठाउँमा विज्ञापनसम्बन्धी विषयहरू र यसका प्रभावहरूबारे विस्तृत रूपमा छलफल गरिएको छ ।

अध्यायको अन्त्यमा चौकोस ६ मा प्रश्नहरूको सूची, चेकलिस्ट, दिइएको छ । सामुदायिक रेडियो सफलतापूर्वक स्थापना गर्न यी प्रश्नहरूको जवाफ आवश्यक हुन्छ ।

यो अध्याय पढिसकेपछि पाठकहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् :

- सामुदायिक रेडियो सेवा स्थापना गर्नका लागि गर्नुपर्ने विभिन्न कामहरू राम्ररी बुझ्नेछन् ।
- समुदायमा सामाजिक पक्ष र सम्बन्धहरूमाथि राम्ररी विचार पुऱ्याउनु पर्ने खाँचोका साथै समुदायका आवश्यकताहरू र सामुदायिक रेडियोबाट समुदायले राखेका अपेक्षाहरूलाइ राम्ररी विश्लेषण र परामर्श गर्नसक्ने छन् ।
- सामुदायिक रेडियोको स्थापनाका लागि गर्नु पर्ने सम्पूर्ण तयारी ठिकसँग गरिएको छ कि छैन तथा समुदायले सुसूचित भएर वा राम्ररी बिचार पुऱ्याएर निर्णय गरेको छ कि छैन भन्ने कुरा सुनिश्चित गर्न वा यस काममा अगुवाइ गर्नसक्ने छन् ।

सामुदायिक रेडियो सेवा स्थापना गर्नका लागि सही खालको अनुसन्धान र योजना अति आवश्यक हुन्छ । यो प्रक्रियाको थालनी विभिन्न स्रोतहरूबाट सूचना बटुलेर गर्नुपर्छ । तर खास सूचना त समुदायबाटै बटुल्नुपर्छ ।

यो अध्यायको पुछारमा चौकोस ६ मा प्रश्नहरूको सूची राखिएको छ, स्टेसन स्थापना गर्नुअघि यसको जवाफ दिनु आवश्यक छ । अब सुरु हुने खण्डमा तिनै प्रश्नहरूको व्याख्या छ । यो खण्डले सामुदायिक रेडियो स्थापना गर्न चाहने ग्रामीण जनता, समूह वा संस्थाहरूका लागि निर्देशिकाको काम गर्छ ।

## कानूनी सन्दर्भ

स्वतन्त्र रेडियो स्टेसनलाई इजाजत दिने बारेमा राष्ट्रिय प्रसारण ऐन नियम के छ भनी थाहा पाउनु सामुदायिक रेडियो स्थापना गर्ने दिशामा पहिलो पाइला हो । यदि नाफारहित सामुदायिक प्रसारणको प्रावधान नै छैन भने अरु उपाय खोज्नुपर्ने हुन्छ । उदाहरणका लागि, व्यापारिक रेडियोको व्यवस्था पनि सामुदायिक रेडियो सेवामा लागू हुनसक्छ । केही देशहरूमा धेरै सामुदायिक रेडियोहरूले व्यापारिक स्टेसनको लाइसेन्स लिएका छन् । व्यापारिक स्टेसनहरूको मूल ध्येय नै नाफा कमाउने हुनाले सामुदायिक रेडियो व्यापारिक रेडियोको लाइसेन्स दिएर चलाउनु राम्रो होइन । कहीँकहीँ सांस्कृतिक रेडियोलाई इजाजत दिने कानून पनि हुन्छ । कहिलेकाहिँ मानिसहरू लाइसेन्स नलिइकनै रेडियो स्टेसन खोल्न थाल्छन् । तर, दण्डसजाय भोग्न नपरोस् भन्ने बिचार गर्नुपर्छ । (कानूनी पक्षका बारेमा र इजाजतको लागि निवेदन दिने जानकारीका लागि अध्याय तीनमा हेर्नुस्) । सामुदायिक रेडियोमाथि अहिले पनि रोक लागेको ठाउँका लागि प्रसारण उपकरण, ट्रान्समिसन, नचाहिने अरु विकल्पहरू हुनसक्छन् । (मोडेलहरूको बारेमा तल दिइएको खण्ड हेर्नुस्) ।

## समुदायमा गर्नुपर्ने प्रारम्भिक तयारी

चौकोस ६ मा उल्लेखित प्रश्नहरूले समुदायमा गर्नुपर्ने कामका आधार स्पष्ट पार्छन् । यी आधारभूत कामहरूअन्तर्गत समुदायको अवस्था, विद्यमान आमसंचार माध्यमहरूमा समुदायको पहुँच, सामुदायिक रेडियोले के र कसरी समुदायको हित गर्छ आदिबारे समुदायभित्र छलफल चलाइन्छ । समुदायका निर्वाचित जनप्रतिनिधिहरू, धार्मिक नेताहरू तथा अप्रत्यक्ष रूपमा समाजमा अगुवाइ गर्ने तर बलियो जनमत तयार गर्नसक्ने समुदायभित्रका अगुवाहरू यो परामर्श कार्यक्रममा सहभागी गराइनुपर्छ भन्ने कुरा स्पष्टै छ ।

तर रेडियो स्थापनामा संलग्न सम्पूर्ण समुदायको बृहत परामर्श लिनु पनि उत्तिकै जरुरी हुन्छ । । किसान, माछा मारेर जीविका चलाउने बोटे/माझी, पसले, शिक्षक, कलाकार आदि समुदायका विभिन्न वर्ग र क्षेत्रसँग पनि सामूहिक छलफल गर्नु आवश्यक हुन्छ । धेरैजसो ग्रामीण समाजमा परम्परागत हिसाबले उपेक्षित महिला तथा युवाहरूसँग परामर्श गर्नु पनि जरुरी छ । यो प्रक्रियामा सांस्कृतिक, भाषिक तथा कुनै पनि हिसाबले अल्पसंख्यक समूहलाई पाखा पार्नु हुँदैन । विद्यमान अवस्था, परिवर्तन र विकासका चाहना र संभावना, तथा सामुदायिक रेडियोको संभावित भूमिकाका संबंधमा मानिसहरूको धारणा स्पष्ट र सुनिश्चित गरिनुपर्छ । प्राविधिक उपकरण होइन सामाजिक संकल्प नै सामुदायिक रेडियोको वास्तविक आधार हो ।

समुदायको अवस्थाबारे छलफल र आधारभूत आवश्यकताहरूमा पहुँच बढाउने उपायहरू खोज्दैजाँदा परिवर्तन र विकासका लागि समुदायभित्र संचार नै पहिलो आवश्यकता हुनसक्छ भन्ने विचार स्पष्ट देखिने कतिपय अनुभवहरूले देखाएको छ ।

केही ठाउँहरूको अनुभवबाट के देखिएको छ भने समुदायको अवस्थाबारे छलफल र आधारभूत आवश्यकताहरूमा पहुँच बढाउने उपायहरू खोज्न सहभागितात्मक कार्यशालाहरू आयोजना गर्दा परिवर्तन र विकासका लागि समुदायभित्रको संचार नै पहिलो आवश्यकता हुनसक्छ भन्ने विचार स्वतः देखिन्छ । यसको लागि सामुदायिक रेडियो सबैभन्दा उपयुक्त संचार माध्यम हुनसक्छ भन्ने कुरा स्वभावतः स्पष्ट हुन्छ ।

**प्रारम्भिक परिणामहरू :** सुरुका परामर्श प्रक्रियाहरूले निम्नलिखित कुराहरू स्पष्ट पार्नुपर्छ :

- सामुदायिक रेडियो संचालन गर्ने विचारप्रति उत्साहको स्तर र यसका लागि संकल्प/वचनवद्धता;
- यसको समग्र उद्देश्य, खास गरी परिवर्तन र विकासको सन्दर्भमा के हुनुपर्छ;
- सामन्यतया यसको संचालन कसरी गरिनुपर्छ ।

यी विषयहरूमा व्यापक सहमति हुनसकेन भने केही कुरामा सम्झौता गर्नुपर्ने हुन्छ, अथवा अरु थप तथा व्यापक छलफल चलाउनुपर्छ । छलफल, परामर्श गर्दैजाँदा चौकोस ६ मा उत्तर खोजिएका विषयहरूबारे थप जानकारीहरू आउनथाल्छन् ।

समुदाय बाहिरका तर परियोजनासँग सरोकार राख्ने मानिसहरूसँग पनि सम्पर्क गर्नुपर्छ । विभिन्न क्षेत्रमा काम गर्ने मानिसहरूका साथै समुदायमा पुग्ने सरकारी वा व्यापारिक रेडियो च्यानलहरू, समुदायको विकासको काममा लागेका गैरसरकारी संस्थाहरू, स्वास्थ्य, कृषि, शिक्षा आदि सरकारी सेवा दिने कर्मचारीहरू यस्ता मानिसहरूको समूहमा पर्छन् ।

*परामर्श/छलफल चलाउने तरिका :*

लक्षित समूहसँग छलफल (फोकस ग्रुप डिस्कसन - एफडीजी) मानिसहरूको मत र विचार अनुसन्धान गर्ने/बुझ्ने सबैभन्दा बलिया उपायहरूमध्ये एउटा उपाय हो । यहाँ उल्लेख गरिएको सामुदायिक परामर्शका लागि यो प्रविधि सफलतापूर्वक प्रयोग गर्नसकिन्छ । मूल रूपमा एफडीजीको उपयोग बजारको खोजीका लागि भएता पनि हाल आएर विकासका काममा जनताको मत, धारणा, विचार र आकांक्षाहरूबारे गुणात्मक सूचना चाहिँदा यसको प्रभावकारी ढंगले उपयोग हुने गरेको छ ।

**एफडीजी के हो ?** एफडीजी अर्थात् लक्षित समूह छलफलमा ६ देखि १२ जना मानिसहरू सहभागी हुन्छन् । ती मानिसहरू शिक्षा, जीवन शैली, र आर्थिक हैसियतले एकै खालका हुन्छन् जसले गर्दा उनीहरूको समस्या पनि एकै खालको हुन्छ । समूहमा एक दुई जना मानिस अरुभन्दा जान्नेसुन्ने देखिएर छलफलमा अरुको विचारलाई दबाउने अवस्था आउन नदिनका लागि एकै खालका मानिसहरूको समूह छलफल हुनु आवश्यक हुन्छ । समूहमा छ जनाभन्दा थोरै मानिस हुनुहुँदैन, नत्र तात्तातो बहस, छलफल हुनसक्तैन र अर्थपूर्ण साझा सहमतिमा पुग्न पनि सकिँदैन । सहभागीहरू १२ जनाभन्दा धेरै पनि हुनुहुँदैन । यसो भयो भने सबै जनाले बोल्ने मौका पाउँछन् र उप समूह गठन गर्न र उप समूहमा छलफल चलाउन पनि पर्दैन ।

यी सामुदयिक परमर्शहरू अन्तर्गत बेरोजगार युवाहरू, काखका बालकलाई दूध खुवाउनु पर्ने आमाहरू, वा साना किसानहरू जस्ता विभिन्न समूहहरू पर्नसक्छन् ।

**सहजकर्ता :** लक्षित समूह छलफल संचालन गर्ने काम सहजकर्ताले गर्छ । तोकिएको विषयमा समूहका सहभागीहरूलाई आपसमा कुरा गर्न लगाउनु सहजकर्ताको मुख्य काम हो । उदाहरणका लागि बालकको स्वास्थ्य रक्षा र सुधार गर्न भर्खरका आमाहरूका लागि रेडियोमा कस्तो कार्यक्रम उपयोगी हुनसक्छ भन्नेजस्ता विषयमा छलफल चलाउन सकिन्छ ।

समूहका सहभागीहरूलाई धक नमानी आफ्नो विचार पोख्न लगाउनका लागि सहजकर्ताले सानो हैसियतमा बसेर अनौपचारिक ढंगले छलफल चलाउँछ । उसले सहभागीहरूलाई आपसमै छलफल गर्न

र आफूप्रति सिधै लक्षित नगर्न  प्रेरित गर्न विशेष प्रविधिहरू अपनाउँछ । सहजकर्ताले पहिले नै तयार परिएका खुला उत्तर आउने खालका प्रश्नहरू राखेर  छलफललाई डोऱ्याउँछ । उसका प्रश्नहरू यरी सुरु हुनसक्छन्: “यसबारे तपाईँको विचार के छ ?” वा “हामीले के गर्नुपर्छ जस्तो लाग्छ तपाईँलाई ?” अर्थात् “हो” वा “होइन” भनेरमात्रै जवाफ दिन नमिल्ने वा पंछाउन नमिल्ने खालका प्रश्न सोध्नुपर्छ ।

**गहन विश्लेषण गर्न उक्साउने :** सहजकर्ताको अर्को मुख्य काम हो छलफल भइरहेको विषयमा गहिरो वा भित्री तहमा पुगेर विश्लेषण गर्न प्रेरित गर्नु । उदाहरणका लागि, उसले कुनै पनि सहभागीको विचारको अभिव्यक्ति वा भनाइलाई त्यसको पछाडि के छ भनी पत्ता नलगाइकन त्यसै छोड्नु हुँदैन । समूहको सदस्यले यस्तो भन्नसक्छ, जस्तै, “मलाई साँच्चिकै त्यो कार्यक्रम मनपर्छ, मैले कहिल्यै त्यो कार्यक्रम छोडदिन” । अथवा समूह सदस्यले त्यो कार्यक्रम उसलाई कत्ति पनि मन पर्दैन भनेर अघिको भनाइको ठिक उल्टो कुरा भन्नसक्छ । दुबै अवस्थामा सहजकर्ताले विनम्रतापूर्वक तर तुरुन्तै यस्तो भन्नुपर्छ, “तपाईँको कुरा रोचक छ । तपाईँलाई किन त्यस्तो लाग्छ भनिदिनु हुन्थ्यो कि ?” वास्तवमा विवादित विषयमा गहिरो विश्लेषण गर्न उक्साउन र त्यसका बारेमा समूहको विचार पूर्ण रूपले बुझ्नका लागि “किन” भन्ने प्रश्न अति महत्वपूर्ण हुन्छ ।

**प्रेक्षक :** लक्षित समूह छलफल चलिरहँदा त्यहाँ व्यक्त भएका महत्वपूर्ण कुराहरूलाई एक जना प्रेक्षकले चुपचापसँग टिप्दै गरेको हुन्छ । छलफल सकिएपछि प्रेक्षकले छलफल कार्यक्रमका प्रक्रियाहरू र त्यहाँ व्यक्त भएका मुख्यमुख्य बुँदाहरू समूहलाई सुनाउनु बेस हुन्छ । उसले टिपेका विचारहरू सही ढंगले टिपिएका छन् कि छैनन् भनी समूहबाट सुनिश्चित गर्नु अति महत्वपूर्ण हुन्छ । यसले फराकिलो सहमतिमा पुग्न सघाउँछ ।

**लक्षित समूह छलफलको प्रभावकारिता :** खास गरी कम शैक्षिक योग्यता भएका मानिसहरूको विचार बुझ्न लक्षित समूह छलफल निकै प्रभावकारी हुन्छ । आफ्नै समकक्षीहरूसँग कुराकानी गरिने र सहजकर्ताले बिल्कुलै अनौपचारिक वातावरण बनाइदिने हुनाले समूहका सदस्यहरूले सजिलोसँग कुराकानी गर्नसक्छन् । एक पल्ट समूहका सदस्यहरूले आपसमा कुरा गर्न थालेपछि, उनीहरूले आफ्नो मस्तिष्क र मुटुमा भएका वास्तविक र आन्तरिक कुराहरू प्रतिक्रिया, विचार र मतको रूपमा पोखन थालिहाल्छन् । भित्री विचारहरू थाहा पाउनका लागि एकएक जनासँग अन्तर्वार्ता लिनुभन्दा लक्षित समूहमा छलफल गर्नु बढी प्रभावकारी हुन्छ, किनकि अन्तर्वार्तामा अन्तर्वार्ताकारले सोधेको वा उसले जान्न खोजेका कुरामात्रै उत्तरदाताले भन्छ । अर्कोतिर, सामान्य वा मिश्रित समूहमा छलफल चलाउँदा त्यसमा भाग लिने केही मानिसहरू आफूमात्रै बोल्ने र अरुलाई बोल्न नदिने स्थिति पनि आउनसक्छ । त्यसमा पनि महिला तथा युवाहरू यस्ता भेलाहरूमा स्वतन्त्रतापूर्वक बोल्न संकोच मान्छन् । यस्तो अवस्थाप्रति सहजकर्ता चनाखो भएर उनीहरूको तर्फबाट काम गर्नुपर्छ । थोरै बोल्ने वा नबोल्नेहरूलाई अप्ठ्यारो वा संकोचमा नपारी उनीहरूलाई बोल्न हौस्याउनुपर्छ ।

समुदायका विविध क्षेत्रसँग लक्षित समूह छलफल, त्यसलाई थपथाप गर्नका लागि समुदायमा जनमत तयार पार्ने नेताहरू, स्थानीय कर्मचारीहरू तथा अन्य त्यस्तै खालका स्रोतहरूसँग अन्तर्वार्ता, कुराकानी आदि मिलाएर खोजेको सूचना पाउनसकिन्छ जसको आधारमा सामुदायिक रेडियो सेवाको योजना तयार पार्नसकिन्छ । तर, समुदायभित्र र विभिन्न हित गाँसिएका अन्य पक्षहरूसँग परामर्श गर्नका लागि जुन तरिका अपनाए पनि हतारमा गर्नु हुँदैन । सुरुमै गल्ती वा असमझदारीहरू ठिक गरिएनन् वा स्पष्ट पारिएनन् भने पछि गएर सामुदायिक रेडियो संचालन गर्दा तिनले पछ्याउन र दुःख दिनसक्छन् ।

साथै,  योजना तर्जुमा गर्ने चरणमा, र वास्तवमा सम्पूर्ण चरणमा, विशेष स्वार्थ भएका समूहहरूका लुकेका मुद्दा वा विषयहरू हुनसक्छ भन्ने संभावनाप्रति चनाखो हुनुपर्छ, जसको परिणामस्वरूप यस्ता समूहहरूले आफ्नो स्वार्थ पूरा गर्नका लागि अन्ततः रेडियो सेवाकै अपहरण गर्नसक्छन् ।

**मानिसहरूको क्षमतामाथि विश्वास**

“विकाससँग चासो राख्ने सबैका लागि संचार एउटा महत्वपूर्ण प्रक्रिया हो । यो प्रक्रिया हो, लक्ष्य होइन । दिगो विकासका लागि यो एउटा साधन हो । विकास प्रक्रियामा संचारको भूमिका जनतालाई उनीहरूको वास्तविक अवस्थाबारे सचेत बनाउनु र तिनका सामाजिक वास्तविकताहरूलाई परिवर्तन गर्ने शक्ति उनीहरूसँगै छ भनी अनुभव गराउनु हो । मानिसहरू बराबर हुन्छन्, ज्ञान र संस्कृतिमाथि उनीहरूको अधिकार छ तथा आफ्नो अवस्थाको उनीहरूले आलोचना, मूल्यांकन गर्नसक्छन् र त्यसबारे काम गर्न सक्छन् भन्ने विकास संचारको विश्वास छ । सामाजिक विषयहरूमा बुद्धिमानीका साथ छलफल गर्ने काममा निरक्षरहरूलगायत सबै मानिसको क्षमतामाथि विश्वास पनि यसभित्र पर्छ ।” एड मोयो

**भविष्यको रेडियो स्टेसन**

“रेडियो स्टेसनले के गर्छ र कसका लागि भन्ने पहिले निधो गर्नुपर्छ । यो मुट्ठीभरका मानिसहरूले उपयोग गर्नका लागि हो कि धेरैसँग कुरा गर्नका लागि समुदायको एक हिस्साका मानिसहरूले मात्र उपयोग गर्नका लागि हो ? यो डिस्को वा रेडियोमा गीतका रेकर्ड बजाउने डिस्कजकीहरू (डीजे) ले एकाधिकार गर्नका लागि हो ? वा यसको मुख्य काम, समग्रमा, प्राथमिक स्वास्थ्य सेवा, धार्मिक सहिष्णुता, आधारभूत शिक्षा, किशोरावस्थामै गर्भधारण आदि समुदायका सदस्यहरूलाई सोझै प्रभाव पार्ने विषयहरूमा शिक्षित बनाएर समग्रमा समुदायलाई सबल बनाउनु हो ?”
जेने इब्राहिम र मिस एडम्स, बुस रेडियो ८९.५ एफएम, (केस स्टडी ४ हेर्नुस् ।)

## लक्ष्य घोषणाको महत्व :

योजनावद्ध सामुदायिक रेडियोको उद्देश्यका बारेमा सुरुको अवस्थामै संक्षिप्त तथा सारगर्भित लक्ष्य घोषणा (मिसन स्टेटमेण्ट) तयार गर्न थाल्नु जरुरी हुन्छ । यसले छलफलका लागि आधार दिन्छ र परामर्शको दौरानमा यसलाई परिमार्जन गर्नसकिन्छ ।

सरोकारवाला विभिन्न पक्षहरूबीच लक्ष्य घोषणामा सहमति भएपछि साझा समझदारीका लागि यो एउटा आधार बन्छ र यो आधारमाथि रेडियो स्टेसनको संचरना बनाइन्छ । यसको मतलब लक्ष्य घोषणा अपरिवर्तनीय शिलालेख होइन । यसलाई अनुभवको आधारमा सुधार्दै जानु अवाश्यक हुन्छ । तर यसमा कुनै पनि परिवर्तन गर्दा समुदायको परामर्श प्रक्रिया पूरा गरेर मात्र गर्नुपर्छ ।

रेडियो स्टेसन संचालन भएपछि त्यसले लक्ष्य घोषणाको पालन कत्तिको गर्छ भन्ने कुरा मुख्य रूपमा यसको व्यवस्थापन र निर्देशन गर्न छानिएका मानिसहरूमा भरपर्छ । रेडियो स्टेसनको लक्ष्य यसका कार्यक्रमहरूले कसरी पूरा गर्दैछ भन्ने कुराको मूल्यांकन समुदायभित्रकै एउटा समितिले नियमित रूपमा गर्नुपर्छ ।

**लक्ष्य घोषणा**

"रेडियो स्टेसनको लक्ष्य (घोषणा) मा स्टेसनको लक्ष्य परिभाषित गरिएको हुन्छ। आफ्नो उद्देश्यहरू प्राप्त गर्नका लागि कुन दिशातिर लाग्नुपर्छ भन्ने यो एउटा नक्सा हो। आफ्नो सफलता नाप्ने यो एउटा औजार हो। यो यस्तो जग हो जसमाथि सबै संरचना निर्माण गरिन्छ। यो हामीलाई पथ प्रदर्शन गर्ने नक्षत्र हो। ..... सम्पूर्ण कार्यक्रम यही लक्ष्यले स्थापना गरेको सिद्धान्तमाथि आधारित हुनुपर्छ।"

बिल साइमेरिङ, अमेरिकी जनसेवी रेडियो कार्यकर्ता, (१९७७)।

## धार्मिक संस्थाहरूको भूमिका

समुदायका धार्मिक नेताहरूको भूमिकाबारे विशेष विचार पुऱ्याउनुपर्छ। धेरै समुदायहरूमा उनीहरूले रेडियो सेवा स्थापना र संचालन गराउने काममा महत्वपूर्ण भूमिका खेलेकाछन्। समुदायको सहभागिता सही रूपमा गराउन र रेडियो स्टेसन जनताको अधिकतम हितको लागि संचालन होओस् भन्ने कुरा सुनिश्चित गर्नका लागि उनीहरूको वचनवद्धता प्रायः महत्वपूर्ण हुन्छ।

तर सबै धार्मिक नेताहरू अरुको प्रभावबाट पूरै मुक्त हुन्छन् वा उनीहरूमा निश्चित रूपमा राजनीतक स्वार्थ हुँदैन भनी अनुमान गर्नु हुँदैन। यस कारण सामुदायिक रेडियो स्थापना र संचालन गर्न धार्मिक संस्थाहरूको महत्वपूर्ण स्थान भए पनि तिनीहरूलाई स्वतः साझेदार बनाउनुभन्दा पहिले तिनीहरूको हैसियत र काम निर्धारित गर्न र धारणा बुझ्न विस्तृत छलफल गर्नुपर्छ।

**फिलिपिन्समा धार्मिक संस्था र सामुदायिक रेडियोबारे टिप्पणी**

"धार्मिक संस्थाहरू राजनीतिक वा व्यापारिक स्वार्थरहित मानिन्छन्। उनीहरूमध्ये धेरैजसो इमान्दारीसाथ समर्पित धर्मप्रचारकहरू हुन्। उनीहरूले गरिबहरूको समस्या राम्ररी बुझेका हुन्छन्। तैपनि, यो लाजमर्दो कुरा हो कि गिर्जाघरका केही सदस्यहरू खुला रूपमा आफ्ना व्यक्तिगत अनौठा बानीहरू र सामाजिक पूर्वाग्रहहरू देखाउँछन्। कहींकही उनीहरूले समुदायमा राजनीतिक पक्षपात पनि गर्छन्।

एउटा समुदायमा, जहाँ हामीले वास्तवमै एउटा रेडियो स्टेसन खडा गऱ्यौं,सामुदायिक मिडिया परिषदको अध्यक्ष पदमा एक जना पादरीको नाम रहेछ। दुर्भाग्यवश उनले निर्णय गर्ने काममा समुदायका सदस्यहरूको सहभागिता गराउने कुरामा कहिल्यै रुचि देखाएका रहेनछन्। स्थानीय नेतृत्वको नियतमाथि उनी विश्वास गर्दैनथे।

स्टेसनको व्यवस्थापन उनी आफै गर्थे र आफ्ना नोकर चाकर यो काममा संलग्न गराउँथे। चुनाव प्रचार गर्ने बेलामा उनले आफूले जनताले रुचाएको ठानेका नेतालाई समर्थन गरे। रेडियो स्टेसन उनको धार्मिक संस्था सजिलैसित आउनजान सकिने ठाउँमा भएको हुँदा ती पादरीले आफूले रुचाएको उम्मेद्वारलाई माथि पुऱ्याउने र विपक्षीलाई होच्याउने कार्यक्रमहरू प्रसारण गरे।"

लुई ताबिङ, युनेस्को र डानिडाले फिलिपिन्समा संचालन गरेको ताम्बुली परियोजनाका प्रवन्धक, (१९९७)।

## स्थानीय शिक्षण संस्थाहरूको भूमिका

स्थानीय विद्यालयहरूका संचालक/कर्मचारीहरूको सामुदायिक रेडियोमा विशेष रुचि हुनसक्छ र यसको स्थापना गर्न सघाउन सक्छन् । उदाहरणका लागि, उनीहरूले रेडियोलाई आफ्ना बालबालिकाको शिक्षामा अभिभावकहरूको संलग्नता बढाउने उपायको रूपमा लिनसक्छन् ।

यसका साथै विद्यालयका शिक्षकहरूले स्वयंसेवी प्रसारक भएर काम गर्नसक्छन् । उनीहरूले प्रायः आफ्ना विद्यार्थीहरूलाई गृहकार्य (होमवर्क) गर्न सम्झाउने र सघाउने दैनिक कार्यक्रम प्रसारित गर्नसक्छन् । कुनैकुनै समुदायहरूमा, हप्तामा एक दिन रेडियो स्टेसन चलाउने काम विद्यालयका केटाकेटीहरूलाई दिइन्छ ।

## राजनीतिकज्ञहरूको संलग्नता

सामुदायिक रेडियोमा राजनीतिज्ञ तथा नेताहरूको भूमिकाको बारेमा, वा उनीहरूलाई यसमा भूमिका दिनु हुन्छ र भन्ने विभिन्न खालका विचार देखिन्छन् । (एक जना अनुभवी सामुदायिक प्रसारकको विचार जान्नका लागि चौकोस ५ हेर्नुस् ।)

### *चौकोस ५ : सामुदायिक रेडियोमा राजनीतिज्ञहरूको संलग्नता*

"बाइस बर्षसम्म प्रसारण पत्रकारिता गरेपछि राजनीतज्ञहरूप्रति म सामान्यतयाः शंकालु बनेको छु । राजनीतिक नेताले भाषण गरेको सुन्दा उसको दिमागको पछाडि के होला भनी पत्ता लगाउने कोशिस गर्छु , तर त्यो थाहा पाउन म प्रायः असमर्थ हुन्छु ।

सामुदायिक रेडियो परियोजनामा राजनीतिक नेताहरूलाई समेट्ने कि उनीहरूलाई पूरै बेवास्ता गर्ने भन्ने प्रश्न उठ्यो । हाम्रो दलमा थुप्रै छलफल, साथै व्यावसायिक समाजशास्त्रीहरूसँग परामर्श गरेपछि रेडियो स्टेसन संचालनमा राजनीतिक नेताहरूले भाग लिनुपर्छ भन्ने निष्कर्ष निस्क्यो । जे भए पनि राजनीतिक नेताहरू समाजका पंछाउन नमिल्ने तत्व हुन् । समुदायको विकासमा उनीहरू प्रभावकारी हिस्सा हुनसक्छन् ।

अवसरवादी नेताहरूले समुदायमा पुग्ने माध्यमलाई आफ्नो भोट बढाउन र सार्वजनिक प्रशंसा पाउने अवसरका रूपमा तुरुन्तै बुझिहाल्छन् । तैपनि उनीहरूलाई पूरै पाखा लाएर परियोजना चलाउन सकिँदैन । हाम्रो उपाय राजनीतिज्ञहरूको भूमिकालाई युक्तिसंगत सन्दर्भमा मिलाएर राख्नु हो । उदाहरणका लागि यदि दलीय राजनीतिगर्ने नेताहरू सामुदायिक मिडिया परिषदमा सामेल हुन चाहे भने सबै ठूला राजनीतिक दलहरूको प्रतिनिधित्व हुनुपर्छ ।

कुनै राजनीतिक नेताहरू परियोजनाबाट टाढै बस्ने कुरा सार्वजनिक रूपमा व्यक्त गर्नसक्छन् भने केहीले स्रोत र श्रम जुटाउन सघाउन सक्छन् । तर, परियोजनाबाट टाढै बस्ने नीति आफैले लिनेहरूमध्ये पनि केही दलका मानिसहरू स्टेसनका महत्वपूर्ण पदहरूमा बसेका हुनसक्छन् – सायद कतै उदार भलोकर्ताको रूपमा, कतै बुद्धिजीवीको रूपमा वा कतै प्रभुत्व जमाउने स्टेसन म्यानेजरको रूपमा । यसरी उसको व्यक्तित्वको विस्तारित रूप र स्वार्थले स्टेसनका संवेदनशील निर्णय गर्ने कुरामा प्रभाव पार्नसक्छ ।

केही राजनीतिक नेताहरूका घोषणाहरूमा समूहका लागि शर्तरहित चासो व्यक्त भएको हुनसक्छ । यस्तो चासोभित्र स्टेसनको काममा हस्तक्षेप नगर्ने खुला प्रतिज्ञा पनि हुनसक्छ । तर, थोरैले मात्रै आफ्नो वचन पूरा गर्छन् । केहीले आफूले सार्वजनिक रूपमा गरेको प्रतिज्ञा पालन गरेको स्वांग पार्न पनि सक्छन् । खास गरी परियोजना व्यवस्थापनले आफ्नो उपस्थिति जनाउँदा उनीहरूले यसो गर्ने गर्छन् । तर चतुर नेताहरूले नजानिँदो वा गोप्य ढंगले हस्तक्षेप गर्नसक्छन् ।

'मुखमा मह हुनेको पुच्छरमा खील हुन्छ' भन्ने भनाइ प्रायः सत्य हुन्छ । यो कुरा कुनै दुष्ट राजनीतिक नेतामा मात्रै लागू नभएर समुदायका बोलक्कड सदस्यहरूमा पनि लागू हुन्छ ।

तर म के स्वीकार गर्छु भने यी मेरा सामान्य विचार हुन् र निश्चय पनि यसका अपवादहरू छन् ।

राजनीतिक चालहरूको जवाफ कार्यक्रम निर्माताहरू र प्रसारकहरूले कसरी दिन्छन् भन्ने कुरा उनीहरूको नैतिक जग र उनीहरूले पाएको तालिमले निर्णय गर्छ ।"

लुई ताबिङ, युनेस्को र डानिडाले फिलिपिन्समा संचालन गरेको ताम्बुली परियोजनाका प्रवन्धक

## समुदायमा रेडियो स्टेसन राख्ने ठाउँको छनौट

समुदायमा कुन ठाउँमा रेडियो स्टेसनको आधार निर्माण गर्नु उपयुक्त हुन्छ भन्ने निर्णय गर्दा प्राविधिक तथा सामाजिक कुराहरूमा विचार पुऱ्याउनुपर्छ ।

*प्रविधिक कसी*

एण्टेना र ट्रान्समिटरको स्थिति

- आँखाले देखिने रेखामा फैलिने एफएम रेडियो तरंगको स्वभाव भएकोले एण्टेना सकेसम्म अग्लो ठाउमा वा कम्तीमा पनि ३० मिटर अग्लो मास्ट/टावरमाथि हुनुपर्छ । साथै अग्लो भवनले छेकिएको हुनुहुँदैन ।
- ट्रान्समिटर र एण्टेना बिजुलीको हाइटेन्सन लाइनको नजिक हुनुहुँदैन ।
- बिजुली/शक्तिको स्रोत उपलब्ध हुनुपर्छ ।
- ट्रान्समिटर र एण्टेना आपसमा सकेसम्म नजिक हुनुपर्छ । ३० मिटरभन्दा टाढा हुनुहुँदैन ।

स्टुडियोसित ट्रान्समिटर र एण्टेनाको स्थिति

- ट्रान्समिटर र एण्टेनादेखि स्टुडियो एक हजार मिटर टाढा हुनसक्छ । तर त्यसलाई केबलले जोडनुपर्छ जसलाई केबुल लाइन भनिन्छ । यसको विकल्पमा स्टुडियोबाट ट्रान्समिटरसम्म भीएचएफ प्रणालीबाट सम्पर्क गरेर कार्यक्रम पुऱ्याउन सकिन्छ ।

स्टुडियोको स्थिति

- स्टुडियोमा बिजुलीको व्यवस्था हुनुपर्छ ।
- यो नियन्त्रण गर्न नसकिने हल्ला वा ध्वनिको स्रोतभन्दा पर हुनुपर्छ ।

*सामाजिक कसी*

- स्टुडियो मानव बस्तीको केन्द्रको सकेसम्म नजिकै हुनुपर्छ ।
- समुदायका सदस्यहरू सजिलैसँग जानसक्ने ठाउँमा हुनुपर्छ ।
- घर बहाल तिर्नु नपर्ने वा सकेसम्म थोरै तिरे हुने गरी मिलाउनुपर्छ ।
- यसमा कुनै स्वार्थ गाँसिएको हुनुहुँदैन ।
- गुण्डागर्दी चोरी आदिबाट सुरक्षित हुनुपर्छ ।

## मोडल छान्ने

धेरैजसो सामुदायिक रेडियोहरूले आफ्नै प्रसारण सुविधा र फ्रिक्वेन्सी होस् भन्ने चाहन्छन्, तर प्रचलित कानून वा आर्थिक स्रोतको अभावका कारणले यो कुरा सँधै वा सबै ठाउँमा सम्भव हुँदैन । आफ्नै स्टेसन र फ्रिक्वेन्सी नभएको अवस्थामा यसरी काम चलाउन सकिन्छ :

- आफ्नै क्षेत्रमा प्रसारण गर्ने सरकारी वा व्यापारिक स्टेसनहरूसँग प्रसारण समय किन्ने ;
- भइरहेको फ्रिक्वेन्सी किरायामा लिने, तर यस्तो उपाय सामान्यतया सहरी क्षेत्रमामात्र सीमित हुनेगर्छ ।
- ट्रान्समिटर राखेर प्रसारण गर्नुको सट्टा लाउडस्पिकरबाट प्रसारण गर्ने सामुदयिक रेडियो प्रणाली जडान गर्ने । यस्ता सामुदायिक प्रसारण प्रणालीमा अग्लो रुख, खम्बा वा घरको छानामा राखेको लाउडस्पिकरलाई तारले स्टुडियोसँग जोडिन्छ र स्टुडियोबाट उत्पादित कार्यक्रमलाई लाउडस्पिकरबाट समुदायले सुन्ने गरी प्रसारण गरिन्छ ।

जुनसुकै मोडेल प्रयोग गरे पनि सुरुमा प्रतिहप्ता सीमित समयसम्म प्रसारण गर्ने र विस्तारै समय र कार्यक्रम बढाउँदै लैजानु बेस हुन्छ । यसरी, योजना बनाउन र प्रसारणको तयारी ठिकसित गर्न पर्याप्त समय पाइन्छ । अनुभव बटुल्दै गएपछि अनि कार्यक्रम उत्पादक र अरु कर्मचारीहरू आआफ्नो काम र भूमिकाप्रति अभ्यस्त हुँदै गएरपछि प्रसारण समय बढाउन सकिन्छ ।

हप्ताको एक दिन सप्ताहान्त अर्थात् शनिबारको दिनमा मात्र प्रसारण गर्नु एउटा राम्रो कार्यनीति हुनसक्छ । यो दिन धेरै जनाको फुर्सत हुने हुनाले स्वयंसेवक भएर काम गर्न खोज्नेहरू पाउन सजिलो हुन्छ । तर, श्रोताहरूलाई कार्यक्रम प्रसारण हप्ताको आखिरी दिनमा मात्र हुन्छ भन्ने जानकारी दिनुपर्छ र सम्झाइराख्नुपर्छ । हाटबजार, मेला, धार्मिक तथा सार्वजनिक स्थल र कार्यक्रहरूमा सूचना दिएर, माइकिङ गरेर, पोस्टर पंप्लेट टाँसेर यो जानकारी हरेक हप्ता दिनुपर्छ ।

**लाउडस्पिकर प्रणाली**

सामुदायिक रेडियोको सुरुवात प्रायः लाउडस्पिकरको प्रयोग गरेर हुन्छ र प्रतिकूल नियम कानूनको कारणले गर्दा केही रेडियो त्यही प्रणालीमा चलिरहन्छन् । यो प्रणालीका दुइटा बेफाइदा छन् । पहिलो, यसको ध्वनिको गुणस्तर राम्रो हुँदैन । दोस्रो, चाहे पनि नचाहे पनि मानिसहरू सुन्न बाध्य हुन्छन् । यसले समुदायमा तनाव सिर्जना गर्छ ।

**समयान्तर प्रसारण**

"रेडियो स्टेसन सामान्यतः दिनदिनै संचालन गरिनुपर्छ भन्ने ठानिन्छ । तर यो परम्परागत संचारको तर्क मात्रै हो । ग्रामीण समुदायमा दैनिक कार्यक्रम संचालन गर्नका लागि चाहित पूर्णकालिन कर्मचारी र स्रोत साधनको समस्यालाई विचार गर्दा सीमित अवधिको नियमित रेडियो सेवा संचालन गर्नु प्रभावकारी हुन्छ । इतिहासमा पनि वैकल्पिक संचारको सामाजिक-राजनीतिक कार्यक्रम निरन्तर चलेको देखिँदैन । कार्यक्रमहरूको बीचबीचमा नियमित बिराम भयो भने कार्यक्रमप्रति श्रोताको निष्ठा र आकर्षण बढ्छ । यसले बढी सान्दर्भिक र उपयोगी कार्यक्रम बनाउनका लागि प्रसारकहरूलाई पर्याप्त समय दिन्छ ।"

युनेस्को परियोजना संचालक डब्लु जयविराको भनाइमा आधारित (१९९९) ।

**स्टेसनको पहुँच**

"रेडियो स्टेसन कति परसम्म सुनिन्छ भन्दा पनि कहाँ सुनिन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । टाढासम्म प्रसारण गर्नसक्ने ट्रान्समिटर भएको रेडियो स्टेसन पातलो जनघनत्व भएको इलाकामा बेस हुन्छ भने बाक्लो जनघनत्व भएको क्षेत्रमा स्थित रेडियोको ट्रान्समिटर धेरै परसम्म पुग्ननसक्ने भए पनि हुन्छ ।"

जेने इब्राहिम र मिस एडम्स, *रेडियो बाई बुस रेडियो, साउथ अफ्रिका,* (केस स्टडी ४ हेर्नुस् ।)

## ट्रान्समिटरको क्षमता

ठूलो भौगोलिक क्षेत्र समेट्ने ढाँचामा प्रसारण गर्दा सामुदायिक रेडियो संचालनलाई जटिल बनाउँछ र जुन समुदायले सेवा गर्न भनेर रेडियो संचालन गरिएको हो त्यो लक्षित समुदायमा केन्द्रित भएर प्रसारण गर्न गाह्रो हुन्छ । सामुदायिक रेडियो स्वयंसेवीहरूको ठूलो जमातमा भर पर्ने भएता पनि ठूलो क्षेत्रलाई लक्षित गरी प्रसारण गर्दा कामको बोझ बढ्छ र संभाल्न गाह्रो हुन्छ । सामुदायिक रेडियोमा पनि 'सानो नै सुन्दर हुन्छ' । एउटै शक्तिशाली ट्रान्समिटरले धेरै समुदायलाई समेट्ने गरी प्रसारण गर्नुभन्दा सानासाना शक्तिका धेरै ट्रान्समिटरहरू राखेर बेग्लाबेग्लै समुदायहरूको लागि बेग्लाबेग्लै प्रसारण गर्नु बेस हुन्छ ।

ग्रामीण क्षेत्रमा २० वाट क्षमताको ट्रान्समिटर पर्याप्त हुनसक्छ, तर एम्प्लिफायर राखेर ट्रान्समिटरको क्षमता १०० वाट पु¥याउनु पर्ने अवस्था पनि आउनसक्छ । अरु स्टेसनसँग प्रतिस्पर्धा गर्नुपर्ने ठूलो सहरमा सामुदायिक रेडियोको ट्रान्समिटर ३०० देखि ५०० वाटसम्मको हुनसक्छ ।

प्रसारण प्रणालीको ढाँचाले ५००० देखि २५००० संभावित श्रोता संख्या भएको समुदायलाई समेट्न सकोस् भनी सुनिश्चित गर्नु जरुरी हुन्छ । समुदाय रेडियोको सफलताका लागि यसले आफ्ना श्रोताहरूबाट विभिन्न प्रकारका सहयोगहरू लिनसक्नु पर्छ । त्यसैले ५००० भन्दा थोरै श्रोता भए भने रेडियोको दिगोपनको लागि चाहिने श्रोताहरूको विविधता र विविध खालका सहयोग पाउनसक्तैन । २५००० भन्दा धेरै श्रोता हुनुको मतलब हो रेडियो अवैयक्तिक हुनजान्छ । अर्थात् कार्यक्रम उत्पादक र प्रसारकको आँखामा कार्यक्रमले लक्ष गरेका श्रोताको अनुहार हराउँछ र भीड बाकी रहन्छ । साथै ठूलो

श्रोता समूहलाई व्यवस्थापन गर्न असंभव हुन्छ । परिणमस्वरूप रेडियो सेवाको सामुदायिक चरित्र हराउँछ ।

## स्वामित्व र व्यवस्थापन

स्वामित्व र व्यवस्थापन अत्यन्तै महत्वपूर्ण कुरा हुन् र यसमा निकै विचार पुऱ्याउनुपर्छ । सामुदायिक रेडियोको अवधारणाअनुसार समष्ठिमा समुदाय नै रेडियोको मालिक हुन्छ तापनि व्यावहारिक रूपमा त्यसलाई संचालन गर्नका लागि गुठी, समिति वा संघजस्ता कुनै निकाय चाहिन्छ, जसले समुदायको हितको प्रतिनिधित्व गर्छ साथै रेडियो स्टेसन स्थापनाको लागि पूरा गर्नुपर्ने कानूनी प्रक्रियाहरू पूरा गर्छ । कतैकतै सामुदायिक मिडिया सहकारी गठन गर्ने संभवना पनि हुन्छ । सहकारीले समुदायका प्रत्येक सदस्यले सेयर किन्ने व्यवस्था गर्नसक्छ ।

व्यवस्थापनको संवंधमा, सामुदायिक रेडियोको अवधारणाअनुसार समग्रमा समुदाय आफैले यसको व्यवस्थापन र नियन्त्रण गर्छ । तर स्पष्टै छ कि सँधै पूरै समुदाय यो काममा लाग्नसक्तैन । यसकारण समुदायका विभिन्न क्षेत्र, हिस्साको प्रतिनिधित्व हुने गरी एक प्रकारको व्यवस्थपन समिति बनाउनु पर्नेहुन्छ । धेरैजसो ठाउँमा व्यवस्थापनको काम गर्न सामुदायिक संचार समिति गठन गरिन्छ । यसको नाम जे भए पनि यसका सदस्यहरूले उनीहरू समग्रमा समुदायप्रति र विशेष गरी आफूले प्रतिनिधित्व गर्ने क्षेत्रप्रति दायित्वबोध गर्नुपर्छ । रेडियो स्टेसन संचालन गर्ने र यसका कार्यक्रम बनाउने सम्बन्धमा उनीहरूले लिने निर्णय प्रजातान्त्रिक र पारदर्शी हुनुपर्छ ।

## कार्यक्रम प्रसारण समय तालिका निर्धारण (प्रोग्रामिङ)

कार्यक्रम प्रसारण समय निर्धारणसम्बन्धी नीतिगत कुराहरू अर्को अध्यायमा समेटिएका छन् । तर सामुदायिक रेडियोको योजना बनाउने जोसुकैले पनि रेडियोले कार्यक्रम प्रसारण गर्ने समयको बारेमा, खास गरी सकेसम्म धेरै समुदायको पहुँच र सहभागिता कसरी जुटाउने भन्ने सुनिश्चित गर्नका लागि, पहिले नै विचार गरेको हुनुपर्छ ।

सामुदायिक रेडियोको कार्यक्रम सुरु गर्नका लागि एउटा युक्ति समुदायका मानिसहरूले उनीहरूले सुन्ने अरु रेडियो स्टेसनका कुनकुन कार्यक्रम मन पराउँछन् र किन मन पराउँछन् भनी बुझ्नु उपयोगी हुन्छ । यस्तो गुणात्मक सूचना पाउनका लागि लक्षित समूह छलफल (एफडीजी) एउटा राम्रो उपाय हुनसक्छ ।

## कर्मचारी

कर्मचारीलाई तलब दिनसक्ने सामुदायिक रेडियो कमै हुन्छन् । सम्पन्न भयो भने स्टेसन म्यानेजरले सम्म तलब पाउँछ । धेरैजसो सामुदायिक रेडियो स्टेसनहरू कार्यक्रम उत्पादक, संवाददाता, स्टुडियो प्राविधिकको रूपमा काम गर्ने स्वयंसेवकहरूमाथि व्यापक रूपमा निर्भर हुन्छन् । तर स्वयंसेवकबाट काम गराउनुको उद्देश्य सस्तो श्रममा स्रोतविहीन रेडियो स्टेसन चलाउनु मात्रै होइन । यसको विपरीत, स्वयंसेवीहरूले साझा हितको लागि सद्भावना, प्रतिवद्धता र सेवाभाव सिर्जना गरेर सामुदायिक रेडियोलाई विशेष तथा सकारात्मक पहिचान प्रदान गर्छन् । प्रजातान्त्रिक बाटोबाट समुदायमा परिवर्तन र विकास ल्याउनका लागि सामुदायिक रेडियोको समष्ठीमा यही चरित्र र पहिचान हुनु जरुरी हुन्छ ।

# दिगोपन

*आय आर्जन*

अधिकांश विकासशील देशहरूमा सामुदायिक रेडियो बाहिरका राष्ट्रिय वा अन्तर्राष्ट्रिय दाताको सहायताबाट स्थापना गरिने हुनाले सामुदायिक रेडियो स्थापना र संवर्द्धन गर्ने योजना बनाउने जोसुकैले पनि रेडियो सुरु भएर संचालन हुन थालेपछि कसरी यसको सेवालाई दिगो बनाउने भन्ने कुरा सुरुदेखि नै मनमा राख्नुपर्छ ।

रेडियो संचालन खर्च जुटाउने अनेक उपायहरू छन् । केही उपयाहरू यस प्रकार छन् :

- व्यापारिक विज्ञापन, मुलुकको प्रचलित नियम कानूनले रोक्दैन भने;
- कार्यक्रम प्रायोजन, यसलाई पनि नियम कानूनले छेक्नसक्छ;
- अनुदान, दान, चन्दा, सहयोग;
- रेडियोबाट व्यक्तिगत सूचना प्रसारण गर्दा लिइने शुल्क, जस्तै शुभकामना, समवेदना, कोही हराएको वा भेट्टिएको आदि;
- श्रोताहरूले दिने सदस्यता शुल्क ।

**विज्ञापनको बारेमा :** नाफारहित सामुदायिक रेडियो स्टेसनका लागि हालसालै कानून लागू गर्ने धेरै देशहरूमा व्यापारिक संचार माध्यमहरू यति शक्तिशाली र प्रभावकारी छन् कि तिनीहरू सामुदायिक रेडियोहरूलाई विज्ञापनबाट बंचित गर्न सफल भएका छन् र यसरी आफ्नो लोभलाग्दो आम्दानीको क्षेत्र गुम्नबाट जोगाएका छन् । तर, आम्दानी गुमे पनि यसबाट सामुदायिक रेडियोको छवि र विश्वसनीयता बढ्छ । सामुदायिक रेडियोको मूल मर्म नै जन सेवी प्रसारण भएको हुनाले यो व्यापारिक स्वार्थहरू र प्रभावहरूबाट स्वतन्त्र बनाउने प्रयास गर्नुपर्छ ।

विज्ञापन प्रसारण गर्न छुट भएको ठाउँमा पनि सामुदायिक रेडियो सेवाको विशिष्टतालाई कायम गर्न कस्तो खालको विज्ञापन स्वीकार्य हुन्छ भन्ने कुरामा विचार पुऱ्याउनुपर्छ । सामान्यतया स्थानीय उत्पादन र सेवा प्रदान गर्नेहरूको विज्ञापन स्वीकार्य हुनसक्छ । बहुराष्ट्रिय कम्पनीहरले उत्पादन गर्ने हल्का पेय पदार्थहरू तथा चुरोट, सूर्ती र रक्सीजस्ता स्वास्थ्यलाई नोक्सान गर्ने मालसामानको विज्ञापन प्रसारित गर्नु हुँदैन ।

**स्वार्थको टक्कर :** प्रायोजित कार्यक्रमभित्र पनि स्वार्थको लडाइँ हुनसक्छ । खास गरी प्रायोजकहरू व्यापारिक संस्था भए भने यस्तो हुन्छ ।

अर्कोतिर, समुदायमा आधारित संस्थाहरू, भनौँ महिला, किसान, वा माछा मार्ने माझीहरू, अत्यन्तै महत्वपूर्ण हुन्छन् । यस्तै गरी विकासे संस्थाहरू र गैरसरकारी संस्थाहरूले गर्ने प्रायोजन पनि महत्वपूर्ण हुन्छ ।

तर, बाहिरी संस्थाहरूमाथिको निर्भरता दीर्घकालीन दृष्टिले सँधै जोखिमपूर्ण हुन्छ । दिगोपन अन्ततोगत्वा समुदाय स्वयंकै जिम्मेदारी हो भन्ने बुझ्नुपर्छ । स्टेसन म्यानेजर र उसको कार्यक्रम उत्पादक, संवाददाता र प्राविधिकहरूको समूहको काम आफ्ना श्रोताहरूलाई यस्तो आनन्द दिने, उपयोगी र

महत्वपूर्ण सेवा प्रदान गर्नु हो जुन सेवा पाउनका लागि श्रोताहरू शुल्क तिर्न, बेगारी गर्न वा आर्थिक वा भौतिक सहयोग दिन इच्छुक हुन्छन् ।

*कर्मचारी राख्ने*

दिगोपन पैसा उठाउने कुरासँग मात्रै संबंधित हुँदैन । कर्मचारीको दिगोपन पनि उत्तिकै महत्वपूर्ण हुन्छ । सामुदायिक रेडियोमा काम गर्ने अधिकांश जनशक्ति स्वयंसेवी हुन्छ । पुरुष स्वयंसेवकहरू प्रायः बेरोजगार हुन्छन् र पैसा पाइने कामको खोजीमा हुन्छन् । यसरी, कर्मचारी फेरिइरहनु नियमित चासोको कुरा हुन्छ । तालिमले मानिसलाई जागिरको सन्तोष र वृत्ति विकासको संभाववना बढाउने हुनाले यो एउटा आकर्षण हुनसक्छ । (सामुदायिक रेडियोमा स्वयंसेवा कार्यको लागि सातौं अध्यायमा तालिमबारे हेर्नुहोला ।) महिला कर्मचारी भयो भने कर्मचारीहरूको हेरफेर कम हुन्छ किनकि महिलाहरूमा समुदायबाहिर गएर काम खाज्ने प्रवृत्ति कम हुन्छ ।

युनेस्को र डानिडाले सहयोग गरेको फिलिपिन्सको ताम्बुली परियोजनामा एउटा नयाँ विचार उपयोग गरिएको थियो । स्टेसनका कर्मचारीहरूको लागि जीवकोपार्जनका गतिविधिहरू पनि समावेश गरिएका थिए । कर्मचारीहरूलाई थोरैथोरै ऋण दिएर उनीहरूको जीवन गुजारा गर्नका लागि व्यापारिक गतिविधि सुरु गर्न लागाउने र उनीहरूले रेडियो स्टेसनमा आंशिक समय स्वयंसेवीको रूपमा काम गर्ने सिद्धान्तमा यो योजना बनेको थियो । कुनैकुनै स्टेसनमा यो योजनाले काम गऱ्यो भने कतिपय स्टेसनमा यो सिद्धान्तलाई व्यवहारमा उतार्न गाह्रो भयो ।

**ऋण सम्पत्ति बन्यो : कर्मचारी भर्ना गर्ने सम्बन्धमा फिलिपिन्सको एउटा घटना**

“क्रिस्पिन किसानका छोरा थिए, पढाइ छाडेका र बेरोजगार थिए । मानिसहरू उसलाई प्रायः पिन्नी भनेर चिन्थे । उनी प्रायः छरछिमेकमा भट्टी वरपर घुमिरहेका देखिन्थे । उनी सँधै मातेर घर पुग्थे । उनको जीवन शैली र जँडच्याहा बानीले गर्दा विवाहका लागि कसैले पनि उनलाई योग्य वर ठान्दैनथे । न त कसैले उनलाई राम्रो/रूपवान नै ठान्थ्यो । पिन्नीको एउटामात्र गुण के थियो भने उनी गिटार बजाउन सिपालु थिए ।

रेडियो स्टेसनका लागि स्वयंसेवकहरूलाई तालिम दिने कुराको घोषणा हुँदा दर्खास्त दिनेमा पिन्नी पनि थिए । तालिममा तीन हप्ताको जरुरी पाठचक्रम (क्र्यास कोर्स) पूरा गर्नका लागि उमेद्वारले पूरा समय दिनुपर्ने एउटा सर्त थियो । उनी बेरोजगार भएका हुनाले यो सर्त उनले पूरा गरे ।

पिन्नी निक्कै महत्वाकांक्षी एवं जिज्ञासु प्रशिक्षार्थी थिए । उनी समर्पित स्वयंसेवी प्रसारक बने । मानिसहरू उनको स्वर मनपराउँथे । वास्तवमा उनीसँग रेडियोको लागि चाहिने खुबी थियो । अनि उनीभित्र लुकेको राम्रो गुण बाहिर आयो ।

उनको अनुहारलाई संकेत गर्दै उनका साथीहरूले उनलाई गिज्याउँदै भन्थे, “रेडियोमा तिम्रो स्वर सुन्दा तिमी त साँच्चैको मानिसजस्तो सुनिन्छौ ।” साथीहरूको व्यंग्यलाई उनी गर्वयुक्त मुस्कानका साथ ग्रहण गर्थे ।

पिन्नीको बिहे हुन लागेको सुनेर सबैजना छक्कै परे । त्यसमाथि पनि उनीसँग बिहे गर्न रुचाउने महिला त्यो टापुकै सबैभन्दा मिलनसार र हँसिली शिक्षिकाहरूमध्ये एउटी हुन् भन्ने थाहा पाएर झन् आश्चर्यको सीमा रहेन ।

पिन्नीको बारेमा थाहा पाएर म निक्कै खुशी भएँ। समाजमा परित्यक्त र बिग्रेको एक जना मानिसलाई रेडियोले समुदायमा सबैभन्दा प्रशंसित र प्यारो मानिसमा बदलिदिएको थियो।

त्यसपछि मैले नराम्रो खबर पाएँ : उनले फिलिपिन्सको प्रमुख क्षेत्रमा (मेनल्याण्ड) एउटा निर्माण परियोजनामा काम खोज्नका लागि तलब नपाइने काम छाडेछन्। उनकी पत्नी गर्भवती भएकी हुँदा बेरोजगार भएर बस्न पनि मिल्दैनथ्यो।

तर रेडियो स्टेसनलाई नोक्सान भए पनि समुदायलाई लाभ भयो। हामीले ऋणलाई सम्पत्तिमा बदलेका थियौँ।"

लुई ताबिङ, युनेस्को र डानिडाले फिलिपिन्समा संचालन गरेको ताम्बुली परियोजनाका प्रवन्धक (१९९९)

कार्टुन चित्र

क्याप्सन : सामुदायिक रेडियोले समुदायका प्रमुख सरोकारका कुरा र समस्याहरू इमान्दारी तथा निष्पक्षतासाथ प्रस्तुत गर्ने अपेक्षा गरिन्छ। तर प्रायोजक तथा दाताहरूले रेडियोलाई त्यसको संकल्प र उद्देश्यबाट विमुख तुल्याउन वा कार्यक्रमसम्बन्धी यसका निर्णयहरूमाथि अनुचित प्रभाव पार्नसक्छन्।

**दिगोपनको बारेमा सामुदायिक रेडियोका व्यवस्थापकसँग कुराकानी**

यो हातेकिताबको तयारी गर्ने बेलामा यसका लेखकहरूले कोलम्बियाको सबैभन्दा विपन्न क्षेत्रको एउटा सफल सामुदायिक रेडियो स्टेसनका व्यवस्थापकसँग टेलिफोनमा कुराकानी गरेका थिए। रेडियोको विशेषता र संचालनबारे लामो कुराकानीको अन्त्यतिर लेखकहरूले सोधे, "रेडियोलाई कसरी दिगो बनाउनु भएको छ ? यो कसरी बाँचेको छ ?"

प्रश्न सुनेर ती व्यवस्थपिका महिला दिल खोलेर हाँसिन् र रमाउँदै जवाफ दिइन्, "चमत्कारबाट, वा एकपछि अर्को चमत्कारबाट !"

रेडियो स्टेसन सुरु गर्दा यिनै व्यवस्थापिकाले एउटा चतुर उपाय अपनाएकी थिइन्। उनले एउटा भोजको आयोजना गरिन् र पाहुनाहरूलाई आफूसँग भएका आफूलाई मनपर्ने गीत, संगीतको टेप क्यासेट ल्याउन अनुरोध गरिन्। भोजमा ती टेपहरू बजाइए। त्यसपछि उनले पाहुनाहरूलाई ती टेपमा भएका गीत, संगीत उनको टेपमा सार्नको लागि मागिन्। यसरी उनले रेडियो स्टेसनको लोकप्रिय गीत, संगीतको संकलन/भण्डार तयार पार्ने काम थालिन्।

**सामुदायिक रेडियोमाथि विज्ञापन प्रसारणमा रोक लगाइँदा**

"हामी नाफा कमाउँदैनौँ, तर हामीले टाट पल्टनका लागि काम गरेको पनि होइन।"

# स्थापनाका लागि बाहिरी सहयोगको खोजी

सामुदायिक रेडियोहरूले स्थापनाको प्रारम्भिक चरणमा यन्त्र उपकरणहरू किन्न र कर्मचारीहरूलाई तालिम दिन चाहिने लगानीका लागि प्रायः राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू वा द्विपक्षीय वा बहुपक्षीय विकासे संस्थाहरूबाट सहयोग जुटाउँछन् । बाहिरी संस्थाहरूबाट सहयोगको माग गर्नका लागि प्रस्तावित रेडियो स्टेसनको लक्ष्य घोषणापत्र एउटा प्रमुख आधार हो । दाता संस्थालाई प्रस्तावित रेडियो स्टेसनमा लगानी गर्न प्रेरित गर्नका लागि मागपत्रसँग रेडियो स्टेसनबारे महत्वपूर्ण कुराहरू समावेश भएको संक्षिप्त जानकारी पत्र संलग्न गर्नु जरुरी हुन्छ । तर, अति झकिझकाउ किसिमले माग पत्रहरू प्रस्तुत गर्नु हुँदैन, यस्तो भयो भने गलत छाप पर्नसक्छ भन्ने कुरा बिचार गर्नुपर्छ ।

दाताहरूले सजिलैसँग सहयता दिँदैनन् । प्रस्तावित रेडियो स्टेसनको प्रस्तावलाई तिनीहरूले ध्यानपूर्वक छानबिन गर्छन् । तिनीहरूले चौकोस ६ मा उठाइएका सवालहरूको जवाफ कसरी दिइएको छ भनी हेर्न खोज्छन् । साथै तिनीहरूले निश्चित रूपमा आफैले स्थलगत छानबिन गर्छन् ।

सामुदायिक रेडियो स्टेसन स्थापना गर्न, अति जटिल काम नभए पनि निक्कै तयारी र कडा मेहनत गर्नुपर्छ भन्ने कुरा अहिलेसम्म स्पष्ट भइसकेको हुनुपर्छ । यो प्रयास सफल पार्नु छ भने कुनै पनि काम पूर्ण रूपमा गर्नुपर्छ, कामचलाउ गरेर वा झाराटराइबाट हुँदैन ।

***चौकोस ६ : सामुदायिक रेडियोको योजना बनाउँदा बिचार पुऱ्याउनुपर्ने मुख्य कुराहरू :***

<u>१. कानून</u>

- नाफारहित सामुदायिक रेडियोको लागि वर्तमान कानूनी स्थिति के छ ?
- कानूनमा यसको प्रावधान छ भने यसको लागि इजाजत पाउन केके सर्तहरू पालन गर्नुपर्छ र निवेदन दिँदा केके कुरा चाहिन्छ ?
- इजाजत शुल्क तिर्न सकिने खालको छ कि छैन, इजाजत पाउन कति समय लाग्छ, र इजाजत पत्र नविकरणका सर्तहरू केके छन् ?
- इजाजत नलिइकन ट्रान्समिटर किन्न र जडान गर्नसकिन्छ, वा दूरसंचार प्राधिकरण/संचार मन्त्रालयको पूर्व स्वीकृति चाहिन्छ ?
- कानूनमा सामुदायिक रेडियोको प्रावधान छैन भने अरु के उपाय छ ? उदाहरणका लागि, नाफा नकमाउने सामुदायिक रेडियोको लागि पनि व्यापारिक रेडियोलाई लागू हुने सर्तहरू नै लागू हुन्छन् कि ? सांस्कृतिक/शैक्षिक स्टेसनलाई इजाजत दिने प्रावधान छ कि ?
- यदि उपयुक्त खालको रेडियो स्टेसन स्थापना गर्न संभव नभए त्यसको सट्टामा सामुदायिक लाउडस्पिकर प्रणालीको उपयोग गर्नसकिन्छ कि ?

<u>२. कस्तो ठाउमाँ रेडियो स्टेसन चल्नसक्छ ? :</u>

- रेडियो स्टेसनको  योजना गरिएको समुदायको बस्तीको ढाँचा १० देखि १५ किलोमिटर व्यासार्ध (केन्द्रदेखि छेऊसम्मको दूरी) भएको, तथा सामुदायिक रेडियो स्टेसनलाई धान्नसक्ने खालको जनसंख्या भएको, भनौं पाँचदेखि २५ हजार जनसंख्याको, छ ?
- भूभागको सतह सम्म परेको अर्थात् कम क्षमताको, दृश्य रेखामा पर्ने एफएम प्रसारणका लागि उपयुक्त छ, कि होँचो पहाडी भूभागमा अवस्थित छ ?

- समुदायमा मूलधारका व्यापारिक वा सरकारी रेडियो कुनकुन स्टेसन सुनिन्छ ? धेरै स्टेसन सुनिन्छन् भने सामुदायिक रेडियो सेवालाई टिकाऊ बनाउन गाह्रो हुन्छ । यसको विकल्पमा प्रस्तावित सामुदायिक रेडियो सेवालाई सघाउने वा त्योसँग सम्बन्ध राख्नसक्ने मूलधारको कुनै संचार माध्यम छ कि ?
- स्थानीय गाउँ विकास समिति वा नगर पालिका, सरकारी तथा गैरसरकारी संस्था आदि स्थानीय निकायहरूबाट कस्तो सहयोग वा मदत पाउनसकिन्छ वा तिनलाई कसरी परिचालन गर्नसकिन्छ ?
- स्टेसन राख्नका लागि रोजिएको ठाउँ बस्तीको केन्द्रमा र समुदायको सजिलो पहुँचभित्र छ ?

३. सामुदायिक रेडियो प्रवर्द्धकहरूको गुण र क्षमता :

- सामुदायिक रेडियो परियोजनालाई अगाडि सार्ने र प्रवर्द्धन गर्न खोज्ने मानिसहरूको विश्वसनीयताको स्तर र पहिलेको अनुभव के छ ?
- परियोजनाका सरोकारवालाहरूले उनीहरूलाई सजिलैसँग स्वीकार गर्छन् ?
- सामुदायिक रेडियो दिगो रूपमा संचालन गर्नका लागि चाहिने मानवीय तथा आर्थिक स्रोत र साधन जुटाउन/ उनीहरूको के क्षमता छ ?
- उनीहरू कत्तिको प्रजातान्त्रिक तरिकाले निर्णय गर्छन् ?
- उनीहरूलाई समुदायले इमान्दार र पारदर्शी व्यवहार भएका विश्वसनीय र निष्पक्ष कार्यकर्ताको रूपमा ग्रहण गर्छन् ?
- सामुदायिक रेडियोका लागि प्रतिनिधित्वयुक्त सामुदायिक रेडियो परिषद (जस्तै निर्देशकहरूको समिति, बोर्ड अफ डिरेक्टर्स), वा सहकारी संस्था गठन गर्न केके बाधा र अवसर छन् ?

४. उद्देश्य निर्धारण गर्ने र लक्ष्य घोषणा तयार पार्ने सन्दर्भ

- समुदायले आफ्नो अवस्थलाई कसरी बुझेको छ र परिवर्तन र विकासको खाँचो कत्तिको अनुभूति गरेको छ ? वर्तमान स्थितिप्रति मानिसहरू असन्तुष्ट छन् ? यदि छन् भने परिवर्तन राम्रो हो र यसको संभावना छ भनेर उनीहरूले कतिसम्म बुझेका छन् ?
- विकासलाई अघि बढाउन सघाउने गरी सोचाइ र व्यवहारमा परिवर्तन गर्नका लागि प्रमुख बाधा व्यवधानहरू केके छन् ?
- समुदायमा कुनै पनि निर्णय गर्दा कस्तो प्रक्रिया अपनाइन्छ ? सामुदायिक रेडियोलाई निर्णय गर्नका लागि छलफल गर्ने प्रजातान्त्रिक चौतारीको रूपमा खुला गर्दा यसले समुदायको निर्णय गर्ने प्रचलित तरिकामा के असर पार्नसक्छ ?
- समुदायमा जनमत तयार गर्ने औपचारिक र अनौपचारिक अगुवाहरू कोको हुन् ? प्रस्तावित सामुदायिक रेडियोको सम्बन्धमा स्पष्ट वा खुलेर नेतृत्व लिने वा अप्रत्यक्ष रूपमा नेतृत्व गर्ने कोही छन् कि ?
- सामुदायिक रेडियोले आफ्नो घोषित उद्देश्य पूरा गर्नका लागि त्यसको व्यक्तिगत वा सामूहिक रूपमा विरोध गर्ने, बाधा अडचन खडा गर्ने संभावना कत्तिको छ ?
- समुदायमा परिवर्तन र विकास ल्याउनका लागि समुदायिक रेडियोले किन र कसरी मदत गर्नसक्छ ? खास गरी, विकासका लागि स्थानीय स्रोत साधन परिचालन गर्न र असल शासनका लागि समुदायको सहभागिता बढाउन यसले के प्रभाव पार्नसक्छ ?

५. प्राविधिक पक्ष

- स्टुडियो र ट्रान्समिटरका लागि चाहिने बिजुलीको स्रोत के छ ?
- समुदायलाई समेट्न कति क्षमताको ट्रान्समिटर चाहिन्छ ?
- एण्टेनालाई जमिनदेखि कम्तीमा पनि ३० मिटर माथि राख्न सकिन्छ ? एण्टेनालाई हुरी बतासले ढल्न नदिन चारैतिरबाट तार वा सिक्रीले बलियोसित बाँध्ने र चटचाङबाट जोगाउन कण्डक्टर राख्नसकिन्छ ?
- एण्टेना र ट्रान्समिटरलाई एकअर्काको नजिकै ३० मिटरभन्दा कम दूरीमा राख्नसकिन्छ ?
- ट्रान्समिटरले फ्याँक्ने रेडियो तरंगको प्रभावलाई स्टुडियोका उपकरणहरूसम्म पुग्न नदिनका लागि स्टुडियोलाई ट्रान्समिटरबाट पर्याप्त मात्रामा टाढा राख्नसकिन्छ ?
- स्टुडियो राख्नको लागि छानिएको ठाउँ सकेसम्म समुदायको माझमा र सजिलो पहुँचभित्र हुनुका साथै नियन्त्रणभन्दा बाहिरको हल्लाखोर र स्वार्थ निहित तत्वहरूहरूबाट मुक्त छ ?

६. स्वामित्व र व्यवस्थापन :

- कस्तो खालको स्वमित्वको ढाँचाको परिकल्पना गरिएको छ ?
- व्यवस्थापन र कार्यक्रम निर्माण/उत्पादनमा समुदायलाई कसरी संलग्न गराउने ?
- सामुदायिक रेडियोको लागि बनेको योजनाले प्रस्तावित सामुदायिक रेडियोको व्यवस्थापन र संचलनमा महिला, युवा तथा जनजाति, आदिवासी र भाषिक अल्पसंख्यक आदि परम्परागत रूपमा जोखिममा पर्नसक्ने र पाखापरेका समूहहरूलाई कतिसम्म समेट्छ ?

७. सामुदायिक रेडियो सेवाका लागि कार्यक्रम निर्माण :

- प्रारम्भिक मार्गनिर्देशका लागि हाल मानिसहरुले के कार्यक्रम सुन्ने गर्छन्, तीमध्ये कुन कार्यक्रम सबैभन्दा बढी रुचाउँछन् र किन रुचाउँछन् भनी पत्ता लगाउनुपर्छ ।
- कार्यक्रम श्रोताहरूको चाहना र आवश्यकताअनुसारको होस् भन्ने सुनिश्चित गर्नका लागि समुदायबाट निरन्तर परामर्श र प्रतिक्रिया पाउन कस्तो संयन्त्र बनाउन वा व्यवस्था गर्न सकिन्छ ?
- कार्यक्रम उत्पादकहरूले आफ्ना श्रोताहरूको चाहनाको सम्मान गर्ने कुरा निधो गर्न कस्तो विशेष उपाय अपनाउनु पर्ला ?
- रेडियो सेवाका उद्देश्यहरू पूरा गर्न सहयोग गर्ने कुनै विशेष उपयुक्त वा अनुपयुक्त कार्यक्रम-रूपरेखा (प्रोग्राम फर्म्याट) छ कि ?
- प्रसारण गर्नका लागि आफ्नो कार्यक्रम आफैले बनाउने व्यक्ति वा समूहहरूलाई पत्ता लगाउने र उनीहरूलाई उत्साहित र मदत गर्ने कस्तो संरचना वा संयन्त्र तयार पार्नसकिन्छ ?

८. कर्मचारी भर्ना र अरु स्रोतहरू :

- स्टेसन संचालनका लागि चाहिने मानव संसाधन र भौतिक सामग्रीको स्रोत जुटाउनसक्ने रुचि र उत्साह पर्याप्त मात्रामा छ कि छैन ?
- रेडियो स्टेसनको दैनिक व्यवस्थापन कामको जिम्मा कसले लिनसकछ ?
- स्टेसनको प्रस्तावित व्यवस्थापक समुदायका सबै क्षेत्र, हिस्सा, वर्गका लागि स्वीकार्य छ ? उनीसँग व्यवस्थापन गर्ने आवश्यक सीप र मानिसहरूसँग प्रत्यक्ष भेटेर प्रभावपार्ने संचार सीप छ ?
- स्टेसन संचालनमा स्वयंसेवकहरूको भूमिका कस्तो हुनेछ ?

- सामुदायिक रेडियोको स्थापनाको सुरुको खर्च कुन स्रोत साधनबाट जुटाउनसकिन्छ ?
- दीर्घकालीन रूपमा सामुदायिक रेडियो संचालन गर्नका लागि कस्तो स्रोत साधन जुटाउनु वा परिचालन गर्नुपर्ला ?

# अध्याय ६ : कार्यक्रमसम्बन्धी नीतिहरू

यो अध्यायमा कार्यक्रम प्रसारण समय तालिका बनाउन, उपयुक्त समय रोज्न, तथा कार्यक्रम उत्पादन (प्रस्तुककर्ता र प्रदर्शनकर्ताको रूपमा) र मूल्यांकनमा श्रोताहरूको सहभागिताको चाहना र महत्वमाथि जोड दिइएको छ ।

यहाँ समुदायको समाचारलाई परिवर्तन र विकासको निरन्तर प्रक्रियाको हिस्साको रूपमा वर्णन गरिएको छ । पत्रकारले पालन गर्नुपर्ने नैतिक मापदण्ड उल्लेख गरिएको छ । साथै सबै कार्यक्रम समय तालिका बनाउँदा सन्तुलनको आवश्यकतामाथि जोड दिइएको छ ।

पछिल्ला खण्डहरूमा धार्मिक तथा सांस्कृतिक घटनाहरू, स्थानीय चुनावको प्रसारण, तथा शैक्षिक प्रसारणबारे छलफल गरिएको छ ।

अध्यायको अन्त्यमा श्रोता सर्वेक्षणको महत्व र सर्वेक्षण गर्ने तरिकाको रूपरेखा दिइएको छ ।

यो अध्याय पढिसकेपछि पाठकहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् :

- समुदाय र यसका विभिन्न हिस्साहरूको सबै तहमा अत्यधिक सहमागिता जुटाउने खालको कार्यक्रम समय निर्धारण गर्ने नीति र संचालन प्रक्रिया तय गर्नसक्ने छन्;
- श्रोताहरूको आवश्यकता र चाहना पूरागर्ने खालको कार्यक्रम समय तालिका बनाउनसक्ने संयन्त्र स्थापना गर्नसक्ने छन्;
- समाचार संकलन र रिपोर्टिङ गर्दा तथा कार्यक्रम बनाउँदा विचारको सन्तुलन कायम गर्नका लागि आवश्यक नैतिक मान्यताहरू बुझ्नेछन्;
- स्थानीय निर्वाचनको समाचार प्रसारणसँग सम्बन्धित कानूनी व्यवस्थाहरूबारे सचेत हुनेछन् र समाचारलाई निष्पक्ष र वस्तुगत ढंगले प्रस्तुत गर्न सिक्ने छन्;
- रेडियोलाई शैक्षिक माध्यमको रूपमा प्रयोग गर्ने र यसलाई प्रभावकारी बनाउन के गर्नुपर्छ भनी बुझ्ने छन् ।

## सहभागितात्मक कार्यक्रमहरू

कुनै पनि सफल रेडियो स्टेसनले आफ्ना श्रोताहरूको चाहना, रुचि, स्वाद र इच्छालाई पूरा गर्नसक्नु पर्छ । अरु रेडियो कार्यक्रमभन्दा सामुदायिक रेडियोको कार्यक्रम के कुरामा फरक हुन्छ भने आफ्ना श्रोताहरूलाई खुशी पार्नु, रमाइलो गर्नु र अलिकति ज्ञानगुनका कुरा सिकाउनका साथै यिनले आफूले सेवा गर्न उद्देश्य लिएको समुदायमा परिवर्तन ल्याउन, सामाजिक उन्नति गर्न, र जीवनस्तर सुधार्ने सहजकर्ताको काम गर्ने प्रयास गर्छन् ।

यो उद्देश्य हासिल गर्न श्रोताहरूको ठूलो संख्या चाहिन्छ, साथै उनीहरूको मन जितेर रेडियोप्रति उनीहरूलाई निष्ठावान बनाउनुपर्छ । तर श्रोताहरूको मन जित्ने सवालमा अरु खालको प्रसारणको तुलनामा सामुदायिक रेडियोको आफ्नै खालको फाइदा छ । यसको श्रोता वर्ग तुलनात्मक रूपले सानो हुन्छ र त्यो वर्गका विशेष आवश्यकताहरू, हितहरू र रुचिहरूलाई पूरा गर्ने सान्दर्भिक विशेषताहरू सामुदायिक रेडियोसँग हुन्छ । तर, रेडियो कार्यक्रमको समय तालिका बनाउँदा, त्यसलाई कार्यान्वयन

गर्दा र मूल्यांकन गर्दा श्रोताहरूलाई निरन्तर संलग्न र सहभागी बनाएर मात्रै श्रोता वर्गसँगको सान्दर्भिकताको वांछित स्तरमा पुग्नसकिन्छ ।

**कार्यक्रम समय तालिकाको रूपरेखा**

कार्यक्रम समय तालिका निर्धारणको काम स्टेसनको सबैभन्दा संवेदनशील र चुनौतिपूर्ण कामहरूभित्र पर्छ । रेडियो स्टेसन सुरु गर्दा वा कार्यक्रम समय तालिका परिवर्तन गर्दा यो काम गर्नुपर्ने हुन्छ । बेलाबेलामा गरिने मूल्यांकनबाट प्रायः कार्यक्रम प्रसारण समय तालिका फेर्नुपर्ने हुन्छ ।

कार्यक्रम तर्जुमा गर्दा परामर्श गर्ने र दिमाग घोट्ने सत्रमा लामो समय खर्च हुन्छ । कार्यक्रमको जोडदार प्रस्तुति, ढाँचा, विषयवस्तु, र सैद्धान्तिक मान्यताहरूबारे निर्णय गर्दा चतुर कार्यक्रम व्यवस्थापकले आफ्नो विचार थोपर्नुको सट्टा सहजकर्ताको भूमिका खेल्दै सहभागितात्मक तरिकाले सबैको विचार बुझ्छ । सहभागी भएको काणले कर्मचारीहरू पनि कार्यक्रम कार्यान्ययनमा उत्साहित हुन्छन् । वास्तवमा सहभागिताले स्टेसनलाई साँच्चिकै सामुदायिक रेडियो बनाउँछ ।

लुइस ताबिङ, प्रोग्रामिङ टिप्स फर अ कम्युनिटी रेडियो स्टेसन, युनेस्को, डानिडा ताम्बुली परियोजना ( मनिला, १९९८) ।

**समय उपलब्धता तालिका**

प्रसारण समय

क्याप्सनः रेडियो स्रोताहरूमध्ये कुन लक्षित समूहले कुन बेला रेडियो बढी सुन्छ अर्थात् लक्षित समूहलाई रेडियो सुन्न उपलब्ध समय यो ग्राफचित्रले देखाउँछ । यो परिकल्पित चित्रभन्दा विभिन्न ठाउँको समय उपलब्धता अलिकति फरक पर्नसक्छ । खास समूहको लागि तयार पारिएको कार्यक्रम प्रसारण समय निर्धारण गर्दा कार्यक्रम प्रस्तोताहरूले, औपचारिक अनुसन्धान नगरे पनि, लक्षित समूहको आनीबानी थाहा पाउनुपर्छ ।

### *आवश्यकता र चाहना निश्चित गर्ने काममा सहभागिता*

महिला, पुरुष, युवा, किसान, सहकारी संस्थाका सदस्यहरू, आदि श्रोताहरूका मुख्यमुख्य वर्गहरूका आवश्यकता र चाहनाहरू बुझेर निर्णयमा पुग्नका लागि परामर्श प्रक्रिया पूरा गर्नुपर्छ । यसमा पालन गर्नुपर्ने मुख्य बुँदाहरू यी हुन् :

- श्रोताहरूको आवश्यकता;
- श्रोताहरूको चाहना/रोजाइ;
- श्रोताहरूको सुन्ने बानी (अर्थात् कुन बेला उनीहरूले रेडियो बजाउँछन्) ।

कार्यक्रमको विषयवस्तु, ढाँचा, र विभिन्न वर्गको श्रोतालाई कुन समयमा कार्यक्रम प्रसारण गर्नु सबैभन्दा राम्रो हुन्छ भन्ने कुराहरू माथिका सूचनाहरूकै आधारमा निर्णय गरिन्छ ।

*कार्यक्रम उत्पादनमा सहभागिता*

कार्यक्रम बनाउँदा उत्पादन गर्दा व्यक्ति तथा समूहहरूलाई सहभागी बन्नका लागि उत्साहित गर्न हरेक उपाय अपनाउनुपर्छ । यो काममा, समुदायमा काम गरिरहेको गैरसरकारी संस्था वा सरकारी सेवामा संलग्न कर्मचारी पनि समूहभित्र पर्नसक्छन् । स्टेसनका कर्मचारीहरूको प्रमुख भूमिका उनीहरूलाई उत्साहित गर्नुका साथै कार्यक्रम उत्पादकलाई प्राविधिक सहयोग र सुविधाहरू उपलब्ध गराउनु हो ।

फिलिपिन्समा युनेस्को र डानिडाले सहयोग गरेको ताम्बुली परियोजनाले *बरांग्यान सा हिम्पापाविद* अर्थात् सामान्य अर्थमा 'रेडियोमा गाउँ' नामक रमाइलो खालको कार्यक्रम संरचना वा ढाँचा (प्रोग्राम फर्म्याट) तयार पारेको छ । यो कार्यक्रम हरेक साता सामुदायिक रेडियो प्रसारण क्षेत्रभित्रका बेल्गाबेग्लै गाउँमा पालैपालो तयार पारिन्छ ।

सारमा, यो वैविध्य प्रदर्शन (भेराइटी शो) हो जसमा गाउँलेहरूले गायक, संगीतकार, हास्य कलाकार, कवि, अन्तर्वार्ताकार र अन्तर्वार्ता गरिने पात्र, छलफल समूहका सदस्य, आदि विभिन्न रूपमा अगुवाइ गर्छन् । धेरैजसो कार्यक्रममा स्थानीय संस्कृति र मनोरंजन हुन्छ तापनि यसले सान्दर्भिक विषयहरूमाथि र सम्बन्धित गाउँका बारेमा स्थानीय नेताहरूसँग सार्वजनिक रूपमा छलफल गर्ने, ती नेताहरूको भनाइ र धारणा स्पष्ट पार्न लगाउने अवसर पनि दिन्छ । प्रयः यसले कुनै विषयमा सार्वजनिक बहसको थालनी गराउँछ ।

फिलिपिन्सका गाउँहरूमा पनि टेप रेकर्डरमा गीत बजाउने र त्यो सँगसँगै त्यहाँ उपस्थित मानिस वा कलाकारले पनि गाउने काराओके पद्धति प्रचलित छ । यसले बाहिर गरिने रिकर्डिङका लागि स्टुडियोको काम गर्छ । यसको प्रयोगले गाउँलेहरूमा संभावित डर, संकोच घटाउँछ ।

यो कार्यक्रम सामान्यता रिकर्ड गरिएको पर्सि पल्ट बजाइन्छ । कार्यक्रम बनाउने गाउँलेहरूसँग यसअघि कुरा गर्ने वा माइक्रोफोनको अगाडि गीत गाउने कुनै अनुभव नभए यो कार्यक्रम अत्यन्तै लोकप्रिय छ ।

*कार्यक्रम प्रस्तोता वा कलाकारको रूपमा व्यक्ति र समूहहरूको सहभागिता*

'रेडियोमा गाउँ' जस्तो कार्यक्रम संरचनाले सामान्य मानिसहरूलाई पनि माइक्रोफोनको अगाडि प्रस्तुत हुने र सीप देखाउने अवसर दिन्छ भन्ने कुरा स्पष्टै छ । तर यस्तो कार्यक्रम संरचना नभए पन सामान्य मानिसहरू संलग्न र सहभागी भएको कार्यक्रम बनाउने प्रयास गर्नु र सघाउनु जरुरी छ । यसका विभिन्न रूप वा आकार हुनसक्छ । उदाहरणका लागि कविता, हास्यव्यंग्य वा ठट्टा भन्न लगाएर, अथवा सामान्य अन्तर्वार्ता गरेर, वा टेबुल वरिपरि बसेर कुराकानी गर्दै, वा समुदायसँग सरोकार राख्ने विषयहरूमा मानिसहरूलाई आफ्नो विचार पोख्न लगाउने खालको छलफल चलाएर पनि सहभागी बनाउनसकिन्छ । मानिसहरूलाई सहभागी बन्न निम्त्याउने खालको कार्यक्रम संरचना रेडियो स्टेसनको नियमित प्रसारण गर्नुपर्छ ।

मानिसहरू रेडियो स्टेसनमा जुनसुकै बेला पनि आउन जानसकुन् । स्टेसनका कर्मचारीहरूसँग निःसंकोच कुराकानी गर्न सकुन् । आफू पनि सहभागी भएर कार्यक्रम बनाउनका लागि कस्तो कार्यक्रम बनाउने भन्ने विचार र कार्यक्रम बनाउनेबारे छलफल गर्नसकुन् । यसरी रेडियो स्टेसनलाई समुदायका गतिविधिहरूको केन्द्रबिन्दु बनाउन हरेक प्रकारको प्रयास गर्नुपर्छ ।

*कार्यक्रम समय तालिका निर्धारणको मूल्याकनमा सहभागिता*

सामुदायिक रेडियोमा श्रोताहरूले थुप्रै चिठीपत्र पठाउँछन्, फोनको सुविधा भएको ठाउँमा फोन पनि गर्छन् । यस्ता चिठी र फोनहरूबाट रेडियोको कार्यक्रमबारे श्रोताहरूको धारणा, प्रतिक्रिया थाहा पाइन्छ । स्टेसनका कर्मचारीहरूको लागि यो निक्कै उपयोगी हुन्छ । यस कारण रेडियो उद्घोषक वा

प्रस्तुतकर्ताले श्रोताहरूलाई आफ्नो टिप्पणी वा सुझावसहित चिठी पठाउन वा फोन गर्न प्रेरित गरिरहनपर्छ ।

तर, यो नियमित काम बाहेक, सामुदायिक रेडियोले आफ्ना श्रोताहरूको विभिन्न वर्गका सदस्यहरूलाई सहभागी बनाएर कार्यक्रम समय तालिकाबारे आवधिक मूल्यांकन गर्नुपर्छ । हाल प्रसारण भइरहेका कार्यक्रमहरू कस्ता छन्, समुदायको जीवनमा तिनको प्रभाव के छ, तथा कार्यक्रमलाई कसरी सुधार्न सकिन्छ भन्ने उनीहरूको विचार बुझ्नका लागि माथि उल्लेख गरिएको लक्षित समूह छलफल ( एफजीडी) निक्कै राम्रो उपाय हो ।

श्रोताहरूसँग मिलेर पनि एकएक वटा कार्यक्रमको मूल्यांकन गर्न सकिन्छ । कार्यक्रमहरूको मूल्यांकन दुई आधारभूत दृष्टिकोणले गरिन्छ :

- प्राविधिक गुणस्तर सहित कार्यक्रमको औपचारिक बनावट (ध्वनि प्रभावको उपयोग, उद्घोषक र अरु सहभागीहरूको कार्यकुशलता, अनावश्यक बाहिरी ध्वनिको नियन्त्रण, आदि) ।
- कार्यक्रमको विषयवस्तु, निम्नलिखित सन्दर्भमा :
    - सूचनाका स्रोतहरू – तिनीहरूको छनौट राम्ररी गरिएको थियो, ती स्रोत विश्वासिला थिए ? र के ती पर्याप्त थिए ?
    - प्रासंगिकता – कार्यक्रमका विषय वा विचारहरू श्रोताका विशेष अवस्था र आवश्यकता अनुकूल थिए ?
    - सामयिकता – कार्यक्रमका विषयहरू वास्तविक र विद्यमान अवस्थालाई समेट्ने दृष्टिले सान्दर्भिक थिए ?
    - अभिनेता र अभिनय – भौतिक वा सशरीर अभिनेता (मानिसहरू) र अभौतिक अभिनेताहरू (संघसंस्थाहरू) दुबैले कार्यक्रममा आफ्नो भूमिका सही ढंगले खेले ?
    - संचार विधि – कार्यक्रम एकतर्फी थियो कि सहभागितात्मक ? श्रोताहरूले यसको आलोचनात्मक विश्लेषण गरे कि ?
    - सन्देश प्रस्तुति – मूल सन्देश स्पष्ट भयो कि भएन ? तर्क, भावुकता र बनावटी कुराहरूबीच राम्रो सन्तुलन थियो ? विषयवस्तुसँग कार्यक्रम संरचना सुहाउँदो भयो कि भएन ?

सामुदायिक रेडियोको व्यवस्थापक र उनका कर्मचारीहरूले सुरुदेखि नै के कुरा बुझ्नु आवश्यक छ भने कार्यक्रम समय तालिका निर्धारण गर्नु एउटा गतिशील वा निरन्तर चल्ने प्रक्रिया हो । श्रोताहरूको आवश्यकता र चाहना पूरा गर्न कार्यक्रम समय तालिकालाई सुधार्नु र संशोधन गर्नुपर्छ । यो प्रक्रियालाई श्रोताहरूको प्रतिक्रिया (फिडब्याक) र मूल्यांकनले निरन्तर डोऱ्याइरहनुपर्छ । कार्यक्रम समय तालिकालाई यथास्थितिमा राखियो र जे कुरा प्रसारण गरियो त्यसमा श्रोताहरू सन्तुष्ट छन् भनी अनुमान गरियो भने श्रोताहरूले चाँडै नै रेडियो सुन्न छाड्छन् ।

## पत्रकारहरूको आचरणका सम्बन्धमा सैद्धान्तिक घोषणा

*यो घोषणा सन् १९५४ अप्रिल २५-२८ मा फ्रान्सकोबोर्डोमा सम्पन्न इन्टरनेसनल फेडरेसन अफ जर्नलिस्टको दोस्रो विश्व सम्मेलनले स्वीकृत गरेका थियो । १९८६ जुन २-६ मा हेल्सिंगोरमा भएको सो फेडरेसनको १८ औं विश्वसम्मेलनले यसको संशोधन गरेको थियो । यो अन्तर्राष्ट्रिय घोषणालाई*

*समाचार र सूचना बटुल्ने, पठाउने, फैलाउन र त्यसमाथि टिप्पणी गर्ने तथा घटनाहरूको व्याख्या गर्ने काममा लागेका पत्रकारहरूका लागि व्यावसायिक स्तरीय आचरणको रूपमा उद्घोषण गरिएको छ ।*

१। सत्यप्रति निष्ठा/सम्मान र जनताको सत्यतथ्य थाहा पाउने अधिकारप्रति सम्मान गर्नु पत्रकारहरूको पहिलो कर्तव्य हो ।

२। यो कर्तव्य पूरा गर्दा पत्रकारहरूले इमान्दारीपूर्वक समाचार संकलन र प्रकाशन गर्नुपर्ने सिद्धान्तलाई हमेसा रक्षा गर्नुपर्छ ।

३। पत्रकारहरूले आफूले जानेको स्रोतबाट पाएका तथ्यहरूको आधारमा मात्र समाचार संप्रेषण गर्नुपर्छ । पत्रकारहरूले आवश्यक/महत्वपूर्ण सूचना लुकाउनु वा दबाउनु हुँदैन, तथा कुनै अभिलेख वा तथ्यलाई गलत अर्थ लाग्ने गरी प्रस्तुत गर्नु वा बंग्याउनु हुँदैन ।

४। पत्रकारहरूले समाचार, फोटो तथा अभिलेखहरू हासिल गर्नका लागि उचित उपाय मात्र प्रयोग गर्नुपर्छ ।

५। कुनै पनि प्रकाशित सामग्री कसैलाई हानी हुने गरी गलत भएको थाहा पाइयो भने त्यसलाई सच्याउन पत्रकारहरूले सकेसम्म सबै प्रयास गर्नुपर्छ ।

६। पत्रकारहरूले स्रोतको गोप्यता कायम राख्ने वाचा गरेर समाचार प्राप्त गरेको छ भने त्यस्तो स्रोतको गोप्यता कायम राख्ने पेशागत कर्तव्य पालन गर्नुपर्छ ।

७। आमसंचार माध्यमहरूले गर्ने भेदभावको खतरनाक परिणामबारे पत्रकारहरू सचेत हुनुपर्छ । जातिभेद, लिंगभेद, लैंगिक धारणागत भेदभाव, भाषिक भेदभाव, धार्मिक भेदभाव, राजनीतिक वा सैद्धान्तिक भेदभाव लगायत विभिन्न खालका भेदभावहरूलाई प्रश्रय दिने कामबाट पंछिन पत्रकारहरूले सम्पूर्ण प्रयास गर्नुपर्छ ।

८। पत्रकारहरूले निम्नलिखित कामलाई गंभीर व्यावसायिक अपराध मान्नुपर्छ : अर्काको कृति, विचार, भाव वा शब्द आफ्नो भनी प्रकाशित गर्नु अर्थात् कृति चोरी गर्नु; कुनितयले वा रिसले गलत व्याख्या गर्नु; झूठो अभियोग लगाउनु; निन्दा गर्नु; मानहानी, बेइज्यती गर्नु, आधारहीन आरोप लगाउनु तथा कुनै समाचार प्रकाशित गर्छु वा लुकाउँछु भनी कुनै पनि खालको घुस, उपहार, सहुलियत स्वीकार गर्नु ।

९। आफूलाई पत्रकार हुँ भनी गर्व गर्ने पत्रकारहरूले माथि उल्लेखित कुराहरू पलन गर्नु आफ्नो कर्तव्य मान्नुपर्छ । हरेक देशमा प्रचलित कानूनभित्र रहेर पत्रकारहरूले आफ्नो पेशागत विषयमा आफ्ना सहधर्मीहरूको निर्णयमात्र स्वीकार गर्नुपर्छ । पत्रकारिता व्यवसाय पालनको सिलसिलामा हरेक प्रकारको सरकारी हस्तक्षेपलाई अस्वीकार गर्नुपर्छ ।

## समुदायको समाचार

ठूला व्यवसायिक वा सरकारी रेडियो स्टेसनहरूसंग प्रतिस्पर्धा गर्ने सन्दर्भमा सामुदायिक रेडियोलाई शक्ति दिने प्रमुख तत्व सामुदायिक समाचार नै हो । तर, के कुरा बिर्सनु हुँदैन भने मूलधारका संचारको विपरीत सामुदायिक रेडियोले दिने समाचार कुनै घटनाको एक्लो समाचार वा घटना नभई समुदायलाई अगाडि बढाउन र विकास गर्न सघाउने गतिविधिको निरन्तर र भविष्यको एउटा हिस्सा हुन्छ । यसैले समुदायको जीवन सँग सम्बन्धित स्थानीय समाचार नियमित रूपले प्रसारण गर्नु भनेको सामुदायिक रेडियोको जीवनमा रक्त संचार गर्नुजस्तै हो । कार्यक्रम समय तालिकाको नीति बनाउँदा र स्टेसन संचालत गर्दा समुदायको समाचारलाई सबैभन्दा बढी ध्यान दिनुपर्छ ।

स्थानीय समाचार बटुल्नु सँधै सजिलो हुँदैन । खास गरी स्टेसनका कर्मचारीहरूको आवतजावत गर्ने साधन नहुँदा स्थानीय समाचार बटुल्न गाह्रो हुन्छ । यस्तोमा गाउँमा फैलिएका स्वयंसेवीहरू, जसलाई लोकप्रिय रिपोर्टर वा गाउँले सम्बाददाता भन्न सकिन्छ, बाट टेलिफोन, सेलुलर वा मोबाइल फोन, वा भीएचएफ रेडियो सेटबाट समाचार पाउने व्यवस्था गर्नु उपयुक्त हुन सक्छ ।

तैपनि, अरु ठूला समाचार समितिहरूमा जस्तै समुदायको समाचार बटुल्ने काममा पनि पत्रकारिता आचार संहिताको पालना गर्नु उत्तिकै अवश्यक छ । वास्तवमा, यी आचरणहरू सामुदायिक रेडियोमा झन धेरै महत्वपूर्ण हुन्छ । सामुदायिक रेडियोमा श्रोता र रेडियोबीच घनिष्ठ नाता हुने हुनाले तथा समुदायको हिस्साको रूपमा श्रोतासँग अन्योन्याश्रित सम्बन्ध हुने हुनाले पनि यदि गलत वा कुनै पक्षलाई फाइदा पुग्ने समाचार, वा कुनै घटना वा विषयको गलत व्याख्या गरी समाचार प्रसार भयो भने ठूला संचार माध्यमहरूमा कम सरोकार भएका श्रोतालाई भन्दा सामुदायिक रेडियोका श्रोतालाई बढी हानी पुग्नसक्छ ।

यसरी, समुदायको समाचारको सम्बन्धमा सामुदायिक रेडियोको कार्यक्रम नीति बनाउँदा पत्रकारिताका नैतिक पक्षहरू राम्रोसित बुझेका पत्रकारहरूबाट गराउनु पर्छ । यसभित्र इमान्दारी, निष्पक्षता र वस्तुनिष्ठता, तथा समाचार पठाउनु अघि स्रोतको वैधता जाँच्नेजस्ता पक्षहरू पर्छन् । बेलाबेलामा गल्ति हुनु अस्वाभाविक होइन, तर यस्तो भयो भने, तत्कालै गल्ति स्वीकार गरेर त्यसको भुलसुधार प्रसारित गर्नु पर्छ । (अर्को अध्यायमा आचार संहिता पनि हेर्नुस् । )

कतिपय सामुदायिक रेडियोहरूले क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार पनि समेटेर समाचार बुलेटिन प्रस्तुत गर्छन् । ती समाचारहरूको स्रोत प्रायः मूलधारका संचार माध्यमहरू, अखबार, रेडियो टेलिभिजन हुने गर्छ । सरकारी वा व्यापारिक रेडियो स्टेसनसँग लिंक गरेर तिनले प्रसारण गर्ने समाचार बुलेटिन समुदायमा पुनः प्रसारण गर्न सकिन्छ । कुनैकुनै सामुदायिक रेडियोले समाचारमा प्रसारित कुनै विषयवस्तुलाई लिएर श्रोताहरूबीच टेलिफोनबाट वा स्टुडियोमा दुई तीन जना श्रोताहरूलाई बोलाएर छलफल चलाउने गर्छन् ।

बाहिरका समाचारको लागि जुन उपाय अपनाए पनि समग्रमा समुदायका श्रोताहरूको लागि काम लाग्ने र तिनले सुन्नसक्ने गरी ती समाचारबारे टिप्पणी वा प्रतिक्रिया प्रसारित गर्ने नीति हुनुपर्छ ।

## विचारको सन्तुलन

आपसमा बाझ्ने विचारहरूलाई प्रजातान्त्रिक ढंगले सहमति गराई समाधानमा पुऱ्याउने उद्देश्यले निष्पक्ष छलफल र वादविवाद संचालन गर्नु सामुदायिक रेडियोको मूल उद्देश्य हो । यसको लागि रेडियो स्टेसनमा काम गर्ने कर्मचारीहरू र तिनको व्यवहार नै आधारभूत कुरा हो । (कर्मचारी भन्नाले स्वयंसेवकहरू पनि पर्छन्)

यसैले रेडियो स्टेसनका कर्मचारीहरू निश्चय पनि निष्पक्ष देखिनुपर्छ । उनीहरूको आफ्नै व्यक्तिगत विचार वा दृष्टिकोण हुनुहुँदैन भन्ने आशय होइन, तर कुनै छलफल संचालन गर्न प्रेरित गर्दा वा कार्यक्रम प्रसार गर्दा कुनै पनि हालतमा उनीहरूले आफ्नो विचारले प्रभावित पार्नु हुँदैन । कर्मचारीले कार्यक्रम प्रसार गर्दा र सामान्य सामाजिक सम्पर्क गर्दा उसमा कुनै पूर्वाग्रह नदेखियोस भन्ने कुरामा स्टेसन म्यानेजर सतर्क हुनुपर्छ । कुनै विचारप्रति कुनै कर्मचारीको कडा विरोध छ र उसले यो कुरा बाहिर भन्दै हिँडचो भने त्यही विषयमा कार्यक्रम प्रसारित गर्दा निष्पक्ष देखिन गाह्रो हुन्छ । साथै, श्रोताहरूबाट स्टेसनका कुनै कर्मचारीको पूर्वाग्रही विचार वा कुनै सूचनालाई तोडमोड गरेको सिकायत आयो भने स्टेसन म्यानेजरले यो कुरालाई गंभीर रूपमा लिनुपर्छ र निगरानी गर्नुपर्छ ।

विचारको सन्तुलन कायम राख्नका लागि विभिन्न विचारहरू प्रसारण गर्न बराबरी अवसर र समय दिनुपर्छ । यसको लागि व्यवस्थापनले ठोस नीति नियम बनाउनपर्छ ।

रेडियोको सफलता र दिगोपनका लागि रेडियो र यसमा काम गर्ने कर्मचारीहरूको सेवाको विश्वसनीयता र इमान्दारी अति महत्वपूर्ण हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

## धार्मिक र सांस्कृतिक घटनाहरू

समुदायमा हुने धार्मिक कार्यक्रमहरू सांस्कृतिक घटना पनि हुन्छन् । रेडियो स्टेसनका कार्यक्रमहरूले यी घटनाहरू पनि पर्याप्त मात्रामा समेट्नुपर्छ । बहुधार्मिक समुदायमा सबै विभिन्न धार्मिक संस्थाहरू र क्षेत्रहरूले रेडियो स्टेसनमा उचित पहुँच पाउन् भन्न कुरा स्टेसनले सुनिश्चित गर्नुपर्छ । यस्तो अवस्थामा विभिन्न धर्मका अगुवाहरू समावेश भएको एउटा समिति बनाएर विभिन्न धार्मिक कार्यक्रम प्रसार गर्न र कार्यक्रम समय तालिका निर्धारण गर्न एउटा सहमतिमा पुग्न सकिन्छ । सामुदायिक रेडियोमा धार्मिक कार्यक्रम प्रसारण गर्नुको मूल उद्देश्य समुदायमा धार्मिक मेलमिलाप कायम गर्नु हो । अर्को धर्मावलम्बीको धार्मिक विश्वासलाई बदनाम गर्ने काम कुनै पनि हालतमा हुनदिनु हुँदैन ।

## स्थानीय चुनावको प्रसारण

कुनैकुनै देशको कानूले नै सामुदायिक रेडियोलाई कुनै पनि खालको राजनीतिक अभियानमा लाग्न स्पष्ट रोक लगाएको हुन्छ । केही देशले निर्वाचनको निश्चित समयमा मात्र कडा नियन्त्रित अवस्थामा रहेर राजनीतिक अभियान संचलन गर्ने छुट दिन्छन् । सामुदायिक रेडियोका व्यवस्थापनले चुनाव अभियानको सन्दर्भमा बनेका विशेष नियम कानूनहरूको राम्ररी अध्ययन गर्नुपर्छ ।

यदि सामुदायिक रेडियो राजनीतिक अभियानमा लागेको छ भने कुनै पनि राजनीतिक दल वा उम्मेद्वारले यसबाट अनुचित फाइदा नउठाउन् वा तिनले अनुचित नोक्सान भोग्न नपरोस् भन्ने कुरा निक्कै महत्वपूर्ण हुन्छ । कानूनसम्मत ढंगले दर्ता भएका राजनीतिक दल र उम्मेद्वारहरूले समान अवसर र बराबरी समय पाउने पारदर्शी व्यवस्था बनाउनुपर्छ । अवसर र समयको समानताको अवधारणाले प्रसारण समयको अवधि, प्रस्तुतिको गुणस्तर, र प्रसारण गरिने समय र दिनको कुनै लाभ छ कि भन्ने कुरा समेट्नुपर्छ । यदि सम्बन्धित पक्षहरूबीच सहमति हुन नसके गोला प्रथा वा अन्य कुनै तरिका प्रयोग गर्नसकिन्छ ।

मतदाताहरूलाई कुनै दिशातिर डोऱ्याउने उद्देश्यले शुल्क तिरेर वा प्रायोजन गरेर प्रसारण गरिने राजनीतिक प्रकृतिका कुनै पनि कार्यक्रम प्रसारण गरिन्छ भने त्यस्तो कार्यक्रमबारे सुरुमा, नियमित अन्तरमा र फेरि अन्त्यमा सही ढंगले पहिचान गरिनुपर्छ । (सातौं अध्यायमा आचार संहितामा राजनीतिक प्रसारण खण्ड हेर्नुस् ।)

सामुदायिक रेडियोले प्रभावकारी अनुगमन गर्न चुनावको असल आचरण सुनिश्चित गर्नसक्छ । यसरी, सामुदायिक रेडियोले महत्वपूर्ण प्रजातान्त्रिक प्रक्रियालाई सघाउन सक्छ ।

## शैक्षिक प्रसारण

(रेडियोमा स्कुल)

सन १९६० र ७० को दशकमा, विकासे संस्थाहरूले ग्रामीण प्रसारणका लागि व्यापक रूपमा बढाइरहेको बेलामा रेडियोले उपलब्ध गराउने शैक्षिक संभावनाहरूमाथि धेरै जोड दिइएको थियो । कोलम्बियामा रेडियो सुतातेन्जाले यो रणनीतिको अगुवाइ गरेको थियो ।। तर, शैक्षिक माध्यमको रूपमा रेडियो एक्लैलाई उपयोग गर्नु त्यति प्रभावकारी नहुने कुरा अनुभवले देखायो । यसलाई पूर्ण प्याकेज बनाउनका लागि छापिएका सामग्रीहरूका साथै अन्तर्व्यक्ति सम्पर्कजस्ता अरु संचार माध्यमहरूले सघाउनु पर्ने रहेछ ।

सामुदायिक रेडियोले आफ्नो कार्यक्रम समय तालिकाको केही भाग शैक्षिक प्रसारण हुनसक्ने कुरा निर्णय गर्नु बेस हुन्छ । उदाहरणका लागि किसानहरूका लागि कृषि प्रविधि वा आमाहरूको लागि बालबच्चाको स्याहार वा भोजनको विषयमा कार्यक्रम बनाउनसकिन्छ । रेडियोले यस्तो कार्यक्रम प्रसार गर्ने नीति लागू गऱ्यो भने राम्रो परिणामको लागि सही प्रौढ शिक्षा विधिको आधारमा कार्यक्रम तयार पारिनुपर्छ । यसको लागि सुरुमा रेडियोमा प्रसारण गरिने शैक्षिक विषयवस्तुलाई प्रशिक्षार्थीहरूको परिस्थिति, आवश्यकता र क्षमता अनरूप ढाल्नुपर्छ । श्रोता प्रशिक्षार्थीहरूलाई पछिसम्म अल्झाइराख्न र उनीहरूको सहभागिता सुनिश्चित गर्नका लागि उनीहरूको नाम दर्ता गर्ने वा भर्ना गर्ने कुनै उपाय निकाल्नु पर्छ साथै उनीहरूको मेहनतलाई मान्यता दिने खालको पुरस्कारको पनि व्यवस्था गर्नुपर्छ ।

सामुदायिक रेडियोको लागि शैक्षिक प्रसारण निक्कै उपयोगी काम हुनसक्छ । तर यसलाई विचार पुऱ्याएर, योजना बनाएर तथा संबंधित सेवा दिने निकायहरू, जस्तै स्वास्थ्य सेवा, कृषि सेवा आदिसँग मिलेर लागू गर्नुपर्छ । प्रौढ शिक्षा विशेषज्ञहरूको सल्लाह र सहयोगले सफल कार्यक्रम बनाउन सघाउँछ ।

सामुदायिक रेडियोले शैक्षिक कार्यक्रम प्रसारण गर्ने निधो गरे पनि नगरे पनि यसभित्र यो अन्तर्निहित हुन्छ । यसको नीतिले शिक्षालाई व्यापक अर्थमा लिनुपर्छ, तथा जनतालाई उनीहरूको जीवनस्तर उकास्न सघाउने सन्दर्भमा लिनुपर्छ, जुन कुरा सामुदायिक रेडियोको आधारभूत उद्देश्य नै हो । यो दृष्टिले, रिपोर्ट, अन्तर्वार्ता, समूह छलफल, प्रश्नोत्तर, मनोरंजन, नाटक आदि विविध ढाँचामा भए पनि शैक्षिक विषयवस्तु हमेसा विद्यमान हुन्छ ।

**रेडियोमा स्कुल – गिराण्डुरुकोट्टे सामुदायिक रेडियो, श्रीलंका**

“रेडियोमा स्कुल एउटा कार्यमूलक योजना थियो । यसको प्राथमिक उद्देश्य यस्तो काम सिकाउने शिक्षा दिनु थियो जसले काम गर्नतिर डोऱ्याओस् । यसले त्यो क्षेत्रमा काम गर्ने विकाससँग सम्बन्धित सबैलाई मिलेर काम गर्ने समन्वित उपाय तयार पाऱ्यो । यस्तो उपायले हाम्रा श्रोताहरूले रेडियो र संचारका अरु माध्यमहरूबाट पाएका शिक्षालाई व्यवहारमा उतार्ने बाटो तयार गर्नेछ भन्ने हाम्रो विश्वास थियो ।

कृषि कार्यक्रम बनाउने जिम्मा लिएको कार्यक्रम उत्पादकले त्यो क्षेत्रको कृषि कार्यालयका कर्मचारीहरू र रेडियोमा स्कुल कार्यक्रमको कृषि कार्यक्रमलाई सल्लाह दिन बनेको समितिसँग मिलेर कृषि क्यालेण्डर बनाउने र आगामी मौसममा खेतबारीमा नियमित काम र तिनको प्राविधिक विषयवस्तुहरू स्पष्ट पार्ने काम गऱ्यो ।

सान्दर्भिक विषयवस्तु वा जानकारी सहितको कृषि क्यालेण्डर तयार गरी रेडियोमा स्कुल कार्यक्रममा नाम दर्ता गरेका ११५ जना कृषकहरूलाई बाँडियो । यी कृषकहरूलाई नियमित रूपमा रेडियो कार्यक्रम सुन्न र क्यालेण्डरका पछिल्ला खाली पानाहरूमा टिपोट गर्न भनियो ।

हरेक कार्यक्रम सकिने बेलामा एउटा प्रश्न सोधिन्थ्यो । किसानहरूले त्यो प्रश्नको जवाफ लेखेर हुलाकबाट पठाउँथे वा रेडियो स्टेसनमा आएको बेलामा बुझाउँथे । कार्यक्रममा सरदर २०० देखि २५० सम्म चिठी आउँथ्यो । तीमध्ये धेरै कार्यक्रममा दर्ता नभएका किसानहरूबाट आउँथ्यो ।

सही उत्तरबारे त्यसपछिको कार्यक्रममा छलफल गरिन्थ्यो र सही उत्तरलाई नम्बर दिइन्थ्यो ।

एउटा मौसमको कार्यक्रम २-३ महिनासम्म चल्थ्यो । कार्यक्रमको आखिरमा उत्तीर्णांक पाएका किसानहरूलाई रेडियोमा स्कुल पुरस्कार दिइन्थ्यो ।"

एम.जे.आर.डेभिड, *महावेली कम्युनिटी रेडियो : अ फिल्ड प्रोडचुसर्स नोटबुक, इन्स्टिटचुट अफ डेभ्लप्मेण्ट कम्युनिकेसन,* लागुना (फिलिपिन्स, १९९३) ।

## श्रोता सर्वेक्षण

जुन सामुदायिक रेडियो स्टेसनमा श्रोताहरूले चिठी पठाएर, टेलिफोन गरेर, स्टुडियोमा आएर व्यक्त गर्ने विचार/प्रतिक्रिया व्यक्त गर्छन् तथा माथि भनिएझैं आफ्नो कार्यक्रमका बारेमा सहभागितात्मक मूल्यांकन गराउँछन् तिनले आफ्नो कार्यक्रमको बारेमा गुणात्मक सूचना पाउँछन् । तर, रेडियो स्टेसनको काम र त्यसको अवस्था थाहाबारे पूर्ण स्वरूप जान्नका लागि यतिमात्र पर्याप्त नहुनसकछ । तल लेखिएका जस्ता प्रश्नहरूको विश्वासिलो जवाफ पाउनका लागि स्वतन्त्र बाहिरी सर्वेक्षण टोलीको आवश्यकता हुन्छ :

- आफ्ना श्रोताहरूको माझमा रेडियो स्टेसन विश्वसनीय छ ?
- रेडियो स्टेसनलाई सूचनाको विश्वसनीय स्रोतको रूपमा लिइन्छ ?
- समुदायको दृष्टिमा रेडियो स्टेसना कर्मचारीहरूको छवि र स्तर के छ ?
- सूचना र विकासे सामग्रीका लागि समुदाय कतिसम्म स्टेसनमाथि भर पर्छन् ?
- श्रोताहरूले आफूले पाएका सूचना के गर्छन् ? के उनीहरूले यसको उपयोग गर्छन् ? सँभालेर राख्छन् ? अरुलाई दिन्छन् ? वा थप सूचना खोज्छन् ?
- समुदायमा रेडियोको कसतो प्रभाव छ ? कुन परिवर्तनलाई रेडियोले गर्दा भएको भन्नसकिन्छ ?

यसबाहेक, कति जनाले रेडियो सुन्छन् र कति बेला सुन्छन् , अरु रेडियो स्टेसनका श्रोताहरूको तुलनामा, कुन कार्यक्रम कति जनाले सुन्छ आदि केही संख्यात्मक तथ्यांकहरू पनि चाहिनसक्छ । यी सूचनाहरूले श्रोताहरूलाई उपलब्ध अरु संचार च्यानलहरूको तुलनामा सामुदायिक रेडियोको स्थितिको चित्र स्पष्ट पार्नसघाउँछन् ।

माथि उल्लेख गरिएका तथ्यांकहरू पाउन प्रायः गाह्रो हुन्छ । प्रायः ठूला व्यापारिक स्टेसनको श्रोता सर्वेक्षण गर्न विशेषज्ञता हासिल गरेका कम्पनीहरू पनि हुन्छन् । रेडियोमा बजाइने विज्ञापनको दर श्रोता संख्यामा निर्भर हुने हुनाले श्रोता सर्वेक्षण गर्न ठेक्का दिने रेडियो स्टेसनको श्रोता संख्यालाई बढाउने ती कम्पनीहरूको स्वाभाविक प्रवृत्ति हुन्छ । साथै यी कम्पनीहरूको अनुभव मुख्य रूपमा सहरी क्षेत्रमा हुन्छ ।

सर्वेक्षण गर्ने सबैभन्दा प्रचलित तरिका हो श्रोताहरूको एउटा नमुना वा स्याम्पल लिनु र त्यसभित्र पर्ने श्रोताहरूबाट प्रश्नको उत्तर हुलाकबाट वा कुराकानी/अन्तर्वार्ता गरेर लिनु । नमुना छान्ने पनि विशेष प्रविधिहरू छन् । नमुनाको आधारमा आएको परिणामको सरदर निकालेर पूरै समुदायको चित्र तयार पारिन्छ ।

श्रोताहरूको रेडियो कार्यक्रम सुन्ने बानी थाहा पाउन गरिने सर्वेक्षणका लागि रेडियो स्टेसन आफैले केही प्रविधिहरू प्रयोग गर्नसक्छ । श्रोताहरूलाई कुनै प्रतियोगितामा भाग लिनका लागि नाम पठाउन निम्त्याउने वा कुनै सामुदायिक काम वा अभियानका लागि सहयोग गर्न आह्वान गर्ने एउटा उपाय हुनसक्छ । त्यस्तो आह्वान वा घोषणा दिनभरि प्रसारण हुने कार्यक्रममा नियमित विराममा डोहोऱ्याइन्छ र श्रोताहरूलाई उनीहरूले कुनकुन बेला त्यो आह्वान सुने भनेर सोधिन्छ ।

धेरैजसो देशहरूमा सामुदायिक रेडियोको लागि सर्वेक्षण गर्दा व्यापारिक मिडिया अनुसन्धान कम्पनीहरूलाई नकार्नसक्छन् । यसको लागि कुनै गैरसरकारी संस्था, विश्वविद्यालयका विद्यार्थीहरू, वा स्वयंसेवकहरूको मदत लिन सकिन्छ । सर्वे गर्ने मानिसहरू समुदायले नचिनेको हुनुपर्छ किनकि सर्वे गर्ने वा अन्तर्वार्ता लिने मानिस समुदायमा परिचित भयो भने जवाफ दिने मानिसले अप्ठ्यारो मान्न र सही जवाफ नदिनसक्छ । यसरी बाहिरका मानिसले समुदायको विचार बुझ्नुपर्दा अर्को सामुदायिक रेडियोका कर्मचारीहरूको सहयोग लिनु बेस हुन्छ । यो अनुभवबाट उनीहरूले पनि केही सिक्छन् ।

व्यवस्था गर्न जति गाह्रो भएता पनि बेलाबेलामा बाहिरबाट सर्वेक्षण गराएर सामुदायिक रेडियोले कसरी र कस्तो काम गरिरहेछ र श्रोताहरूले यसबाट कस्तो फाइदा पाइरहेका छन् भनी बुझ्नु आवश्यक हुन्छ ।

# अध्याय ७ : सामुदायिक प्रसारक

यो अध्यायमा सामुदायिक प्रसारकको लागि आचार संहिताको एउटा सुधारिएको नमुना दिइएको छ । सामुदायिक रेडियो स्टेसनले यसलाई जस्ताको तस्तै उपयोग गर्नसक्छ वा स्थानीय विशेष आवश्यकता वा परिस्थिति अनुरूप सुधार्नसक्छ । यसभित्र विभिन्न खण्डहरू छन् जसमा कार्यक्रम उत्पादन र नैतिक आचारबारे, मिलेर काम गर्दा र स्टुडियोमा काम गर्दा समूहमा गरिने व्यवहारबारे, उपकरणहरूको स्याहार सम्भारबारे तथा समुदायमा सामान्य दैनिक जीवनमा प्रसारकको आचरण र व्यवहारबारे छलफल गरिएका छन् ।

केही खण्डमा आर्थिक व्यवहारसम्बन्धी कुराहरू र त्यसलाई संचालन गर्ने तरिका विस्तृत रूपमा दिइएको छ । राजनीतिक प्रसारण, विज्ञापन तथा प्रायोजित कार्यक्रमका लागि उचित नीति र व्यवहार पनि समेटिएका छन् ।

सामुदायिक प्रसारकहरूको छनौट र तालिमको खण्डमा छनौटका आधारहरू, आवश्यक तालिमको विषयवस्तु र श्रेणी, तथा तालिमका विभिन्न नमूनाहरूको वर्णन गरिएको छ । स्थलगत, देशभित्र र समुद्रपारका तालिमहरूको बेलीबिस्तार दिइएको छ भने अन्त्यमा तालिमको लागि आर्थिक सहयोगबारे छलफल गरिएको छ ।

पाठकले यी अपेक्षाहरू पूरा गर्नसक्छन् :

- सामुदायिक प्रसारकको लागि आचार संहिताको आवश्यकता किन ? यसमा केके विषय हुन्छन् भनी बुझ्नेछन्;
- यहाँ दिइएको नमुनाको आचार संहिता जस्ताको तस्तै वा स्थानीय परिस्थितिअनुसार सुधारेर लागू गर्नसक्छन्;
- सामुदायिक प्रसारकका लागि चाहिने विभिन्न खालका तालिमहरू र ती तालिमका विषयवस्तुहरूबारे सिक्नेछन् तथा तालिम संचालन गर्नका लागि सामान्य योजना बनाउने निर्देशिका पाउने छन् ।

## आचार संहिता

सामुदायिक रेडियोको सफलताका लागि जुन स्तरको कार्यकुशलता, इमान्दारी र स्वच्छ/सकारात्मक छविको खाँचो पर्छ त्यसका लागि यसमा काम गर्ने कर्मचारीहरूको (स्वयंसेवक समेत) आचरण अत्यन्तै महत्वपूर्ण हुन्छ । सामुदायिक  रेडियोलाई पनि समावेश गर्ने केही देशका राष्ट्रिय प्रसारण कानूनहरूमा प्रसारकहरले पालन गर्नुपर्ने आचार संहिता उल्लेख गरिएको हुन्छ । साथै, फिलिपिन्समा युनेस्को/डेनिडाको सहयोगमा संचालित ताम्बुली परियोजनाको पनि आफ्नै आचार संहिता छ । ( ताम्बुली परियोजना व्यवस्थापन, *सामुदायिक प्रसारकको आचार संहिता,* युनेस्को/डेनिडा ताम्बुली परियोजना (मनिला १९९८) ।

अधिकांश आचार संहिताहरूको सामान्य उद्देश्य र धारणा प्रायः मिल्दोजुल्दो छ, तैपनि, कुनै देशको विशेष परिस्थितिलाई ध्यानमा राखेर आचार संहितामा विशेष कुराहरू समावेश गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, सामुदायिक रेडियोमा विज्ञापन प्रसार गर्न पाइने ठाउँहरूमा, वा राजनीतिक

अभियानहरूमा संलग्न हुन पाइने अवस्थामा यी कामहरू गर्न उचित नैतिक आचार व्यवहारका बुँदाहरू आचार संहितामा समावेश गर्नुपर्छ ।

यस कारण देशभरिका सामुदायिक रेडियो प्रसारकहरूको संघ बनाएर सर्वसम्मतिबाट आफ्नो परिस्थिति सुहाउँदो आचार संहिता तयार पार्नु उत्तम उपाय हो । सारमा, आचार संहिता सरकार वा राज्यले पालन गर्न लगाउने वाध्यकारी ऐन कानून होइन । यो त आफैले पालन गर्ने स्वअनुशासनकारी हुनुपर्छ । सामुदायिक रेडियोले समेट्ने समुदायलाई पनि कस्तो आचार संहिता लागू गरिँदैछ भन्ने जानकारी दिनुपर्छ ।

तल उल्लिखित आचार संहितामा विभिन्न स्रोतहरूबाट बटुलिएका कुराहरू समावेश छन् , तर यो ताम्बुलीको ढाँचामा बनेको छ । यो एउटा नमुनामात्रै हो । सामुदायिक रेडियोले यसलाई जस्ताको तस्तै वा इच्छानुसार सुधारेर लागू गर्नसक्छन् ।

## नमुना आचार संहिता

प्रसारणको तयारी र प्रसारण गर्दा

### सामान्य कुराहरू

- नयाँ विचार, नयाँ सूचना र नयाँ दृष्टिकोण प्रस्तुत गर्न कार्यक्रमका लागि राम्रो तयारी गर्नुपर्छ ।
- प्रसारकहरूले विश्वासिलो स्रोतहरूबाट सूचना लिनुपर्छ र प्रसारण गर्नुअघि कार्यक्रमलाई राम्ररी मिलाउनुपर्छ ।
- समाचार, मनोरंजन र जनसेवी कार्यक्रमहरूबीच राम्रो संतुलन कायम गर्नुपर्छ ।
- कार्यक्रम समय तालिका बनाउँदा समुदायमा भएका विभिन्न बहुसंख्यक र अल्पसंख्यक हिस्साहरूको बेग्लाबेग्लै हितहरू उचित तरिकाले पूरा हुने गरी संतुलित बनाउनुपर्छ ।

### अनुसन्धान

- प्रसारकहरूले सक्रियतासाथ र नियमित रूपले नयाँ, रोचक र सकेसम्म सबै कुरा र पक्ष समेट्ने व्यापक सूचना खोजिरहनुपर्छ । सबैभन्दा लगनशील र जिज्ञासु अनुसन्धानकर्ता नै अन्ततः अरुहरूको लागि सूचनाको सबैभन्दा बढी विश्वसनीय स्रोत बन्छ ।

### शिष्टता र सुरुचि

- अशिष्ट, अमर्यादित, अश्लील, फोहोरी वा जनताको नैतिकतालाई धक्का लाग्ने वा समुदायको कुनै पनि हिस्साको धार्मिक आस्थामा चोट पुग्ने कार्यक्रमहरू प्रसारण गर्नु हुँदैन ।
- कार्यक्रमहरूले समुदायका विभिन्न हिस्साहरूबीच सुसम्बन्ध बढाउनुपर्छ, तथा पटक्कै पूर्वाग्रही हुनु हुँदैन ।
- वर्वरता, हिंसा, अन्याय, लागूपदार्थको दुर्व्यसन तथा अश्लीलतासँग सम्बन्धित मनासिब माफिकका सामग्रीहरूलाई निक्कै विचार पुऱ्याएर तथा संवेदनशील भएर प्रस्तुत गरिनुपर्छ । तथा यस्ता सामग्रीहरू उचित सन्दर्भमा र आवश्यक भएको अवस्थामामात्र उपयोग गरिनुपर्छ, बिना कारण वा नचाहिने ठाउँमा उपयोग गर्नु हुँदैन । यदि त्यस्ता कार्यक्रम केटाकेटीले सुन्ने सम्भावना छ भने विशेष ध्यान दिनुपर्छ ।

- श्रोताहरूले, खास गरी केटाकेटी र युवाहरूले रेडियो उद्घोषकहरूलाई आफ्नो आदर्श बनाउने गर्छन् भन्ने कुरा प्रसारकहरूले बिर्सनुहुँदैन । यस कारण त्यसैअनुरूप आचरण गर्नुपर्छ ।

### गोपनीयताको सम्मान

- मानिसहरूको व्यक्तिगत जीवन र निजी मामिलाका बारेमा प्रसारकहरूले विशेष ध्यान दिनुपर्छ । समुदायको रुचि वा जान्न पाउने अधिकार छ भन्दैमा कसैको निजी जीवनमा हस्तक्षेप गर्न पाइँदैन । तर केही अपवाद पनि छन् जसमा उचित सार्वजनिक हितका लागि व्यक्तिको गोपनीयताको हक खोसिनसक्छ ।
- “अफ द रिकर्ड” अर्थात् उल्लेख नगर्ने भनेर अन्तर्वार्तामा भनिएका कुरा वा दिइएका जानकारीहरूलाई संवाददाताहरूले गोप्य नै राख्नुपर्छ ।

### सकारात्मक तथा रचनात्मक सोचको चाहना

- आफ्नो कार्यक्रममा हल्ला, गफ, लांछना, आलोचना, झगडा, घुमाउरो प्रचारलाई समावेश गर्ने मोह दृढतासाथ त्याग्नुपर्छ ।
- सार्वजनिक हित खतरामा परेको अवस्थामा र कुनै विवादका विषयमा छलफल प्रसारण गर्दा सम्बन्धित विषयका सबै पक्षको विचार, भनाइ आओस् अर्थात् सबै पक्षको उपस्थिति वा प्रतिनिधित्व होस् भन्ने कुरामा प्रसारकहरूले सबै उपाय अपनाउनुपर्छ ।
- झगडा हुने वा राय बाझिने कुरामा अल्झिएर बस्नुभन्दा प्रसारकले रोचक र उपयोगी सूचनाहरूमा जोड दिनुपर्छ ।
- कुनै समस्याको बारेमा छलफल गर्दा त्यसबारे दुखमनाउ गर्नुभन्दा समस्या सुल्झाउन के गर्नुपर्छ, कसले गर्नुपर्छजस्ता सकारात्मक पक्षमा छलफल चलाउनुपर्छ ।

## संचालनको क्रममा आचार व्यवहार

### समूह-सहयोग

- सामुदायिक रेडियोमा काम गर्ने सबै कर्मचारीहरू (स्वयंसेवकसमेत) एउटै समूह वा टिमका हिस्साहुन् र त्यसै अुनसार काम र व्यवहार गर्नुपर्छ । यसको मतलब, अरु कुराहरूका साथै, कुनै पनि कारणले गाह्रो साँगुरो वा अप्ठ्यारोमा परेका सहकर्मीहरूलाई मदत गर्नु र सूचना, सम्पर्क सूत्र, र आवश्यक सामग्री खाँचो भएका सहकर्मीहरूलाई उपलब्ध गराएर सहयोग गर्नु हो ।
- उनीहरूले मूल्यांकन र छलफलमा भाग लिनुपर्छ र आफ्ना सहकर्मीहरूलाई आफ्नो कामको मूल्यांकन र आलोचना गर्न प्रेरित गर्नुपर्छ ।
- मूल्यांकन गर्दा भएका आलोचनाहरू स्वीकार गर्न र त्यसैअनुसार सुधार्न उनीहरू तत्पर हुनुपर्छ ।
- स्टेसनको प्रसारण तालिकामा परेका अरु कार्यक्रमहरूको बारेमा उद्धोषण गरेर सो कार्यक्रमलाई अगाडि बढाउन प्रसारकहरू तत्पर हुनुपर्छ । अर्थात् एक जना प्रसारकले अर्को प्रसारकको कार्यक्रमलाई अगाडि बढाउनुपर्छ ।
- रिकर्डबाट होइन सोझै माइक्रोफोनबाट कार्यक्रम प्रसारण गर्दा प्रसारकले आफ्नो कार्यक्रमपछि प्रसारण गरिने कार्यक्रम प्रसारण नहुँदासम्म पर्खेर बस्नुपर्छ । किनकि अर्को प्रसारक आउन ढिला हुनसक्छ । कुनै पनि कार्यक्रमलाई त्यसलाई संचालन गर्ने व्यक्तिबिना अलपत्र पारेर छोड्नु हुँदैन ।

## व्यवस्थापनको सम्मान

- कर्मचारीहरूले स्टेसन व्यवस्थापनको सम्मान गर्नुपर्छ र त्यसले निर्धारण गरेको प्रशासनिक तथा संचालन प्रक्रिया पालन गर्नुपर्छ ।
- कुनै कर्मचारी वा कर्मचारीहरू र व्यवस्थापनबीच कुनै विषयमा असहमति भएमा सबैभन्दा पहिले स्टेसन म्यानेजरसँग यसबारे छलफल गर्नुपर्छ । त्यो तहमा समस्या नसुल्झिए त्यसलाई सामुदायिक रेडियोको व्यवस्थापन समितिसमक्ष लैजानुपर्छ । यसको निर्णय अन्तिम हुनुपर्छ । समस्या समाधान गर्ने छलफलहरूमा दुबै पक्षले एकअर्काको मर्यादा राख्नुपर्छ र प्रजातान्त्रिक प्रक्रिया अपनाउनुपर्छ । समस्या समाधान गर्ने सम्पूर्ण काम कार्वाहीमा रेडियो स्टेसन र यसले सेवा पुऱ्याउने समुदायको हितलाई सर्वोपरि राख्नुपर्छ ।

### समयनिष्ठा र विश्वसनीयता

- जसको कार्यक्रम प्रसारण हुन लागेको छ उनीहरू समयमै स्टेसनमा आइपुग्नुपर्छ । आफूलाई तयार पार्न, सामग्री र उपकरण ठिकठाक गर्न, स्टेसन म्यानेजरसँग सरसल्लाह गर्न वा अन्तर्वार्ताका लागि कुनै पाहुनालाई बोलाइएको छ भने ऊसँग छलफल गर्न र उसलाई तयार पार्न लाग्ने समयको हिसाब राखेर पर्याप्त समय अगावै स्टेसनमा आउनुपर्छ । कम्तीमा पनि १० मिनेट अगाडि स्टेसनमा आउनैपर्छ, सकेसम्म त्योभन्दा चाँडै स्टेसनमा आइपुग्नैपर्ने नियम बसाल्नु बेस हुन्छ ।
- यदि कसैले आफूले पहिले नै निर्धारण गरे अनुसार कार्यक्रम गर्न नसक्ने भए उसले कम्तीमा एक दिन अगावै स्टेसन म्यानेजरलाई खबर गर्नुपर्छ ता कि स्टेसन म्यानेजरले उसको सट्टामा अर्को मानिस खोज्न र ठिकसँग तयारी गर्न सकोस् ।

### स्टुडियो परिसरमा पालन गर्नुपर्ने आचरण

- स्टेसन परिसरभित्र कसैलाई पनि विस्फोटक पदार्थ लिएर आउन दिनु हुँदैन चाहे त्यो व्यक्ति प्रहरी वा सैनिक नै किन नहोस् ।
- स्टेसन परिसरभित्र मादक पदार्थ वा लागू पदार्थ खानु स्टेसनकै सम्मान र इज्जतमा धक्काको रूपमा लिइनुपर्छ । यस्तै मादक पदार्थ खाएर मात्तिएर वा लागेको अवस्था स्टेसन परिसरमा पस्नु पनि स्टेसनकै गरिमामा चोट पुऱ्याउनु हो भन्ने मान्नुपर्छ ।
- प्रसारकहरूले कुनै पाहुना वा नातेदारलाई स्टुडियोमा बोलाउनुभन्दा पहिले स्टेसनभित्र पालन गर्नुपर्ने व्यवहार, खास गरी सामान छुने चलाउने नगर्ने र नबोल्ने कुरा, राम्ररी बुझाउनुपर्छ ।
- पाहुनाहरूले प्रसारकहरूको ध्यान खिच्ने, काममा बाधा पुऱ्याउने, स्टेसनको उपकरण र सम्पत्तिमा हात हाल्ने, सानातिना सामान लुकाउन गर्नुहुँदैन ।
- केटाकेटीहरूलाई स्टेसनमा ल्याउँदा उनीहरूसँग उनीहरूको आमाबा वा अरु जिम्मेवार मानिस हुनुपर्छ ।

### उत्तरदायित्व

"हरेक सुअवसरसँग जिम्मेवारीहरू पनि गाँसिएजस्तै रेडियो उपयोग गर्ने अवसरसँग पनि संस्थाप्रति र त्यसभन्दा बढी समाजप्रति जिम्मेवारीहरू गाँसिएका हुन्छन् । रेडियो स्टेसन र आफ्ना सहकर्मीहरूको सम्मान बढाउनु संचारको शक्तिको उपयोग गर्ने सबैको जिम्मेवारी हो । निष्पक्ष, इमान्दारीपूर्ण र सत्य संचारको निम्ति समुदाय जुन व्यक्तिमाथि भर पर्छ उसको लागि रेडियो समुदायको सेवा गर्ने साधन हो

। यो आफ्नो स्वार्थ पूरा गर्ने औजार होइन । कुनै प्रसारकले आफ्नो समुदायको हित गर्दैछ कि आफ्नो हित गर्दैछ भनी पत्ता लगाउनु गाह्रो छैन । ”

तामबुली परियोजना व्यवस्थापन, *सामुदयिक प्रसारकको आचार संहिता,* युनेस्को/डेनिडा ताम्बुली परियोजना (मनिला १९९८)

**‘घृणा फैलाउने रेडियो’ : चेताउनी**

युनेस्कोका पूर्व महानिर्देशक एमादाऊ महातार एम्बाऊले भनेका थिए : “रेडियो निक्कै शक्तिशाली हुनसक्ने हुनाले कहिलेकाहिँ यो आफूले सेवा गर्ने समुदायका मानिसहरूको लागि निर्णायक पनि बन्नसक्छ । रुवाण्डाको एउटा रेडियो स्टेसन रेडियो मिले कोलिन्सले त्यो देशमा दुःखद परिणाम ल्याउने काममा आपराधिक ढंगले योगदान दियो । मानवअधिकार हननलाई रोक्न, चाहे ती सानातिना नै किन नहुन्, सामुदायिक संचारकर्मीहरू र मानव अधिकारवादीहरू मानव अधिकारका यस्ता संभावित कामहरूलाई रोक्न एउटा जनताको संचार बडापत्र तयार पारेर अन्तर्राष्ट्रिय सचेतन कार्यक्रम गर्ने प्रयासमा छन् ।” अरु कुराहरूका साथै सो बडापत्रमा “अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डहरूले तोकेको अवस्थामा, वा प्रजातान्त्रिक समाजको रक्षा गर्न, वा कसैको आधारभूत अधिकार रक्षाजस्ता असल र वाध्यकारी कारणहरू भएमा मात्रै कसैलाई सूचनामा पहुँचबाट बंचित गर्न सकिनेछ ।” भनी स्पष्ट गरिनेछ ।

**वास्तविक संकट परेमा मात्र छुट दिनसकिन्छ**

“वास्तवमै कुनै संकट परेको भए मात्रै रेडियो उद्घोषकलाई बिना पूर्वसूचना अनुपस्थित हुने छुट दिनसकिन्छ । उनको परिवारको कुनै सदस्यको मृत्यु भएको भए वा ज्वरोले सिकिस्त भएर परिवारको सदस्यलाई अस्पताल पुऱ्याउनु परेको अवस्थालाई यस्तो संकटको अवस्था मान्नुपर्छ ।”

तामबुली परियोजना व्यवस्थापन, *सामुदयिक प्रसारकको आचार संहिता,* युनेस्को/डेनिडा ताम्बुली परियोजना (मनिला १९९८)

## स्टुडियोको सामानको हिफाजत

- स्टेसनका हरेक कर्मचारी स्टेसनका उपकरण, मालसामान र सम्पत्तिको सुरक्षा गर्ने काममा सहभागी हुनुपर्छ ।
- स्टुडियोभित्रका उपकरणहरू सो उपकरण चलाउने तालिम र अधिकार पाएका योग्य व्यक्तिले मात्र चलाउनुपर्छ ।
- प्रयोगमा नभएका सबै उपकरणलाई बन्द (स्विच अफ) गरेर राख्नुपर्छ । सबै कर्मचारीहरूले आफूले कुनै उपकरण प्रयोग गरिसकेपछि त्यसलार्य सफा गरेर, बिर्को बन्द गरेर, खोलमा राखेर भण्डारमा ठिक ठाउँमा राख्नुपर्छ ।
- कुनै पनि उपकरण वा त्यसको हिस्सा स्टेसन म्यानेजर वा उनले जिम्मा दिएको व्यक्तिको अनुमतिबिना स्टेसन परिसरभन्दा बाहिर लैजानु हुँदैन । यस्तो अनुमति लिखित रूपमा हुनु बेस हुन्छ ।
- स्टुडियो परिसरबाहिर लगिएको उपकरण काम सकिनासाथ तुरुन्तै फर्काउनुपर्छ ।

- उपकरणको उपयोग गर्ने र सापटी लैजाने बारेमा बेग्लै व्यवस्था गर्नुपर्छ । उपयोगकर्ताको खाता र सापटी लैजानेको खाता राख्नुपर्छ ।
- प्रसारकले आफूले प्रयोग गरिरहेको कुनै उपकरणले ठिकसित काम गरेन, हरायो वा नोक्सान भयो वा बिग्र्यो भने कुन बेला र कुन परिस्थितिमा हरायो भन्ने खुलाएर तुरुन्तै स्टेसन म्यानेजर वा अधिकारप्राप्त व्यक्तिलाई त्यसको रिपोर्ट गर्नुपर्छ ।
- माथि उल्लेख गरिएका बुँदाहरूको आधारमा स्टेसन म्यानेजरले सामुदायिक रेडियो व्यवस्थापन समितिसित मिलेर स्टेसनका उपकरणहरूको प्रयोगको सम्बन्धमा नियम बनाउनुपर्छ र सम्पूर्ण कर्मचारीहरूलाई यसको जानकारी दिनुपर्छ ।

## स्टेसनबाहिर कर्मचारीहरूको आचरण

- सामुदायिक प्रसारकहरू सुधारक तथा सकारात्मक परिवर्तन र विकासका वाहक हुन् । सामाजिक र पारिवारिक जीवनमा उनीहरूको आचार व्यवहार तथा समुदायमा उनीहरूको दैनिक जीवन उनीहरूले सामुदायिक रेडियोको कर्मचारीको रूपमा समुदायलाई देखाउने छवि र हैसियतसँग मिल्ने हुनुपर्छ ।
- कुनै पनि कर्मचारी कुनै अपराध वा गैरकानूनी काममा संलग्न भएको पाइयो भने उसलाई स्वतः बर्खास्त गर्नुपर्छ । सामुदायिक रेडियोको व्यवस्थापनसँग यस्ता कर्मचारीहरूलाई बर्खास्त वा निलम्बन गर्ने कानूनी अधिकार हुनुपर्छ । त्यस्तो व्यक्तिलाई राख्दा स्टेसनको इज्जत र छविप्रति पूर्वाग्रह हुन्छ भन्ने लागेमा तत्काल कार्वाही गर्नुपर्छ ।
- कुनै पनि कर्मचारीले गोप्य भनी वर्गीकरण गरेको सूचना खोल्नु वा बाहिर लैजानु हुँदैन ।

## कोष संकलन, विज्ञापन वा प्रयोजन

- व्यवस्थापनले अधिकार दिएको व्यक्तिले मात्रै सामुदायिक रेडियोको लागि कोष संकलन गर्न , सहयोग लिन, कुनै खास कार्यक्रमको प्रायोजन स्वीकार गर्न वा कुनै प्रकारको आर्थिक सहयोग लिनसक्छ । यस्तो अधिकार लिखित रूपमा दिइएको हुनुपर्छ ।
- कुनै पनि रेडियो स्टेसनले अवैध स्रोतबाट सहयोग रकम स्वीकार गर्नु हुँदैन । अथवा, जुवा खेलाउनेहरू, तस्करहरू, लागू पदार्थ ओसारपसारको धन्दा गर्नेहरू, सूर्तीजन्य पदार्थ र मादक पदार्थ उत्पादकहरू वा त्यस्ता उत्पादकहरूलाई कच्चापदार्थ आपूर्ति गर्नेहरू जस्ता समुदाय, समाज र राष्ट्रलाई नै नकारात्मक प्रभाव पार्ने तथा वातावरण नष्ट गर्ने वा प्रदूषण गर्ने आदि स्रोतहरूबाट सहयोग लिनुहुँदैन ।
- रेडियो स्टेसनको सम्पादकीय स्वतन्त्रतामाथि पछि गएर प्रभाव पार्ने गरी राजनीतिक दलहरू वा अरु स्वार्थनिहित समूहहरूसँग आर्थिक सहयोग लिनुहुँदैन ।

## आर्थिक स्रोतहरूको व्यवस्थापन

- सामुदायिक रेडियोले एक जना कोषाध्यक्ष मनोनीत गरेर उनले रेडियोको आर्थिक स्रोतसाधनलाई सुरक्षित, व्यवस्थित रूपले संचालन र भुक्तानी गर्नका लागि बैंकमा खाता खोल्नुपर्छ । कुन बैंकमा खाता खोल्ने भन्ने निर्णय रेडियो व्यवस्थापन समितिको सल्लाह लिएर गर्नुपर्छ ।
- बैंक खाताबाट रकम निकाल्न दुई जनाको हस्ताक्षर चाहिने व्यवस्था गर्नुपर्छ ।
- सबै रकम, अनुदान, आम्दानी, संकलन र अरु खालका आम्दानीहरू अधिकारयुक्त कोषाध्यक्षलाई सकेसम्म चाँडो बुझाउनुपर्छ । तर, कर्मचारीले बुझिलिएपछि २४ घण्टाभन्दा ढिलो गर्नुहुँदैन ।

कुनै कर्मचारीले धेरै दिनसम्म रकम बुझाएन भने त्यस्तो कर्मचारीलाई पैसा हिनामिना गरेको मानेर अनुशासनको कार्वाही गर्नुपर्छ ।

- कोषाध्यक्षले सबै आम्दानी र भुक्तानी/खर्चको अभिलेख राख्नुपर्छ । स्टेसन व्यवस्थापन समितिको कुनै सदस्य वा अधिकारप्राप्त व्यक्तिले खोजेको कुनै पनि बेला जाँच्नको लागि उपलब्ध गराउनुपर्छ ।
- कोषाध्यक्षलाई आम्दानी बुझाएर त्यसको रसिद अभिलेखमा उल्लेख गरेपछि मात्रै यो खर्च गर्न सकिन्छ । कुनै पनि कर्मचारी यसरी आम्दानीमा उल्लेख नभएको रकम खर्च गर्न हुँदैन । उनीहरूले गरेको वैधानिक खर्चमा समेत आम्दानी नबाँधेको रकमबाट सोधभर्ना गर्नुहुँदैन ।
- स्टेसन म्यानेजरसँग एउटा सानो नगदी कोष हुनुपर्छ । यो कोषमा पूर्वनिर्धारित रकमभन्दा थोरै हुनेबित्तिकै कोषाध्यक्षले रकम थप्नुपर्छ । सानो नगदी कोषबाट भएको खर्च र यसमा थपिएको रकमको पूरा अभिलेख राख्नुपर्छ ।
- समुदायलाई नियमित रूपमा बेलाबेलामा रेडियो स्टेसनको आर्थिक स्थितिको जानकारी दिनुपर्छ । समुदायसँग सम्बन्धित विषयको बारेमा जुन बेला पनि सोध्ने अधिकार हुन्छ ।

<u>**राजनीतिक प्रसारण** (इजाजत भएका ठाउँमा)</u>

- राजनीति/चुनावी अभियानको बेलामा रेडियो प्रसारणको सम्बन्धमा राष्ट्रिय प्रसारण ऐनमा भएका प्रावधानहरूलाई सामुदायिक रेडियो व्यवस्थापनले विस्तार एवं गहनतासाथ बुझ्नुपर्छ र त्यसलाई कडाइकासाथ पालन गर्नुपर्छ ।
- प्रसारकहरूले कुनै दल वा उम्मेद्वारलाई अनुचित लाभ वा हानी पुऱ्याउनु हुँदैन ।
- वैधानिक रूपले दर्ता भएका दल र उम्मेद्वारहरूलाई समान समय र समान अवसर दिनुपर्छ । यहाँ समानको तात्पर्य प्रसारणको लम्बाइ, प्रसारणको गुणस्तर, कुनै दिन वा समयमा प्रसार गर्दा हुने सम्भावित फाइदा बुझ्नुपर्छ ।
- यदि समानताका लागि सहमति हुन सकेन भने गोला थुतेर वा यस्तै कुनै तरिका अपनाउनसकिन्छ ।
- तथ्यगत समाचारमात्र प्रसारित गर्न तथा कुनै पनि दल वा उम्मेद्वारको पक्ष वा विपक्षमा कुनै प्रकारको पूर्वाग्रह आउन नदिनका लागि समाचार र अरु सूचनामूलक कार्यक्रमहरूलाई राम्ररी सम्पादन गर्नुपर्छ ।
- सामुदायिक रेडियोको कुनै कर्मचारी र व्यवस्थापन समितिका सदस्यले समेत कुनै पनि राजनीतिक दलसँग संलग्न हुनु अगावै वा संलग्न हुने घोषणा गर्दा सामुदायिक रेडियोमा आफूले सम्भालेको पद र जिम्मा परित्याग गुर्नपर्छ, साथै प्रसारकको रूपमा रेडियोको नियमित गतिविधिबाट पंछिनुपर्छ ।

<u>**विज्ञापन र प्रायोजन** (इजाजत भएका ठाउँमा)</u>

- विद्यमान कानूनअन्तर्गत इजाजत भएको खण्डमा विज्ञापन प्रसारण गर्नु सामुदायिक रेडियोको लक्ष्य र उद्देश्यसँग मिल्छ कि मिल्दैन भनी व्यवस्थापन समितिले निर्णय गर्नुपर्छ ।
- यदि विज्ञापन स्वकार गर्ने निर्णय भएमा व्यवस्थापन समितिले जसको प्रचार गरिन्छ उसको व्यपारिक हित के हुन्छ भन्ने आधार तयार पार्नुपर्छ ।
- सामुदायिक रेडियो अवस्थित क्षेत्रभित्रका व्यापारिक सेवा वा उत्पादकका समाचार, मालसामान र सेवालाई प्राथमिकता दिइनुपर्छ ।

- खास गरी स्वास्थ्य वा आचरणमा हानी गर्नेजस्ता (जस्तै चुरोट सूर्ती र रक्सी) व्यक्ति, समुदाय वा समाजलाई हानी पुऱ्याउने वस्तु उत्पादन गर्नेहरूको विज्ञापन लिनु हुँदैन । न त विपन्नहरूको सामाजिक आर्थिक हितलाई बाधा पुऱ्याउने खालका सामानहरूको विज्ञापन नै लिनुहुन्छ । (उदाहरणका लागि पौष्टिकता विहीन खानेकुरा वा जंक फुड, कार्बनयुक्त पेयपदार्थ, तथा पौष्टिकताको दृष्टिले कमसल तर महँगो खाने कुराहरू ।)
- प्रायोजनको सम्बन्धमा जहाँ प्रायोजिक कार्यक्रम प्रसारण गर्न छुट छ त्यहाँ कार्यक्रम प्रायोजन गर्नेहरू वा विज्ञापन दिनेहरूको स्वार्थ र रेडियो स्टेसनको परिवर्तन र विकासका उद्देश्यहरूबीच टक्कर नपरोस् भन्ने विचार पुऱ्याउनुपर्छ ।

**रेकर्ड कम्पनीहरूसँग सतर्कता**

"सामुदायिक स्टेसनहरूले दिनभरि गीत बजाएर बस्न सक्छन् । समुदायलाई चाहिने कार्यक्रम प्रसारण गर्नुको सट्टा गीतको रेकर्ड बजाउन संगीत उद्योग/कम्पनीहरूले सजिलो पारिदिएका छन् । मानिसहरूले नयाँ गीत सुन्न पाउने एक मुख्य साधन रेडियो नै भएको हुनाले संगीत कम्पनीहरूले रेडियो स्टेसनलाई सित्तैमा गीत संगीतका रेकर्ड दिनुको मतलब स्टेसनलाई रेकर्ड बेच्ने माध्यम बनाउनु हो । दक्षिण अफ्रिकामा सामुदायिक रेडियो सुरु भएपछि गीत संगीतको रेकर्डको बिक्री अनौठोसित बढ्यो । रेडियो स्टेसनको पहिचान बनाउन प्रसार गरिने गीतको सूची तयार पार्ने जिम्मेवारी लिएका व्यक्तिलाई रेकर्ड कम्पनीहरूले दिने उपहारहरू र नचाहेर पनि उनीहरूबारे लिइने चासो अर्को समस्या हो ।"

जेने इब्राहिम र मिस एडम्स, बुस रेडियो ५८.५ एफएम, दक्षिण अप्रिका, (केस स्टडी ४ हेनुस्) ।

## राजनीतिक दलहरू र उम्मेद्वारहरूको विज्ञापन

दलीय राजनीतिक प्रसारणभन्दा भिन्न, चुनाव अभियानको बेलमा हुने राजनीतिक स्वार्थका विज्ञापनले विशेष समस्या खडा गर्छ । सामुदायिक रेडियो व्यवस्थापन समितिले यी तीन वटा संभावित निर्णयहरूमध्ये एउटा निर्णय लिनुपर्छ:

- दलीय राजनीतिक प्रसारणमा जस्तै राजनीतिक विज्ञापनकर्ताहरूका लागि पनि समान समय र समान अवसरको सिद्धान्त अपनाउने;
- हरेक राजनीतिक दललाई किन्न चाहेजति र किन्नसक्नेसम्म प्रसारण समय किन्ने स्वतन्त्रता दिने;
- राजनीतिक दल र उम्मेद्वारहरूबाट विज्ञापन स्वीकार नगर्ने ।

कुनैकुनै सामुदायिक रेडियोले व्यापारिक विज्ञापनको भन्दा राजनीतिक विज्ञापनको धेरै शुल्क लिन्छन् । विज्ञापन गर्न चाहने र पैसा तिर्नसक्ने जुनसुकै राजनीतिक दललाई चाहेर होस् कि नचाहेर प्रसारण समय बेचेर दिगोपनको समस्याले ग्रस्त रेडियोका धेरै समस्या सुल्झाउनु एउटा आकार्षण हो । तथापि, सामाजिक प्रगति ल्याउनसक्ने कमजोर वैकल्पिक दलहरूको विरुद्ध पहिलेदेखि नै बलिया राजनीतिक दलहरूलाई झन बलियो बन्न सामुदायिक रेडियोले सघाउन हुन्छ कि हुन्न भन्ने कुरा शंकास्पद छ । नैतिक दृष्टिले समानताको सिद्धान्त अपनाउनु वा आयको स्रोत खेर जाने भए पनि कुनै पनि राजनीतिक विज्ञापन स्वीकार नगर्नु बेस हो ।

*चौकोसमा*

**विज्ञापनको आम्दानी र जनसाधारणको हितबीच संभावित स्थार्थको द्वन्द्वका केही उदाहरणहरू**

- केटाकेटीका लागि बोतलमा ख्वाइने तयारी दूधको विज्ञापन गरेर पैसा कमाउने कि आमाको दूध ख्वाउन प्रोत्साहित गर्ने ।
- खेतबारीमा किरा नियन्त्रण गर्न कीटनाशकको विज्ञापन गरेर आम्दानी बढाउने कि एकीकृत कीट व्यवस्थापन प्रणलीलाई प्रवर्द्धन गर्ने ।
- बोतलबन्द अन्तर्राष्ट्रिय उत्पादन कार्बनयुक्त पेयको विज्ञापन गरेर आम्दानी गर्ने कि स्थानीय रूपमा उत्पादित फलफूलको रसयुक्त पेयलाई बढाउन सघाउने ?
- व्यापारिक डिलरको कृषि कार्यक्रम वा तिनको फार्मको उत्पादनलाई अभिवृद्धि गर्ने कार्यक्रम प्रायोजन गर्ने कि किसानहरूलाई उनीहरूको उत्पादनको राम्रो मोल दिलाउन सघाउने ?
- स्थानीय रूपमा संचालित खानी कम्पनीको प्रायोजन गर्ने कि त्यसबाट हुने नकारात्मक वातावरणीय प्रभाव घटाउने कार्यक्रम प्रसारण गर्ने ?

*व्यापारिक रेडियोको दृष्टिकोण*

इकवेडोरमा छोटो अवधिमै निर्वाचनहरूको श्रृंखला चलेपछि कुएन्का स्थित व्यापारिक स्टेसनको मालिकले आधा ठट्टा गर्दै भने, “यो राजनीतिक अस्थिरताले हामीमध्ये आधालाई टाट पल्टनबाट जोगायो ।”

ब्रुस गिरार्ड, *रेडियो चागुआरुर्को* (केस स्टडी ५ हेर्नुस्)

## सामुदायिक प्रसारकहरूको छनौट

केही सामुदायिक रेडियोमा यस्ता कर्मचारी हुन्छन् जसको छनौट आफ्नो समुदायको हित र उन्नतिप्रति उनीहरूको वचनवद्धता तथा सामाजिक प्रगतिका लागि रेडियोलाई एउटा साधनको रूपमा उपयोग गर्ने उनीहरूको रुचिको आधारमा गरिएको हुन्छ । केही सामुदायिक रेडियोले संचार वा पत्रकारिताको क्षेत्रमा केही अनुभव र तालिम पाएका, तर समुदायबाहिरका समेतलाई लिन्छन् । बाहिरबाट लिइएका यस्ता मानिसहरू समुदायभित्रका सामान्य सदस्यहरूभन्दा धेरै शिक्षित तथा सिपालु पनि हुनसक्छन् तैपनि, समुदायको लागि उनीहरू अपरिचित हुने हुनाले समुदायलाई चिन्न र समुदायले कसरी काम गर्छ भनी नबुभ्दा सम्म उनीरुलाई सुरुमा गाह्रो हुन्छ ।

समुदायभित्रबाट मानिसहरूलाई छान्दा उनीहरूको वचनवद्धताका साथै केही आधारहरू लागू गर्नु उपयोगी हुन्छ । उनीहरू समुदायमै बसोबास गर्ने हुनुपर्छ रै तत्कालै समुदायबाट बसाइ सरेर जाने इच्छा नभएको हुनुपर्छ । उनीहरूमा मौखिक वा बोलेर संचार गर्ने राम्रो सीप हुनुपर्छ । उनीहरूमा असल नैतिक चरित्र र नेतृत्व गर्नसक्ने क्षमता हुनुपर्छ । उनीहरू समुदायभित्रको कुनै जाति, जनजाति तथा धार्मिक समुदायको र राजनीतिक संलग्नता भएको हुनुपर्छ । सुरुको तालिम अवधिका लागि र स्वयंसेवक भएर काम गर्न उनीहरूसँग पर्याप्त समय हुनुपर्छ ।

कर्मचारीमा महिला र पुरुषको संख्यामा सन्तुलन मिलाउनु जरुरी हुन्छ । धेरैजसो मुलुकमा सामान्यतया तालिम दिँदा मुख्य रूपमा पुरुषहरू नै अगाडि सर्छन् । तर महिलाहरूलाई पनि सन्तुलन मिलाएर सहभागी गराएर तालिम संचालन गर्नुपर्छ । लैंगिक समताका आधारभूत विषयहरूबाहेक अधिकांश

सामुदायिक रेडियोका श्रोताहरूमा महिलाको संख्या निक्कै धेरै हुन्छ । उनीहरूलाई सूचनाहरू चाहिन्छ र यो काम अरु महिलाहरूले राम्रोसित पूरा गर्छन् । रेडियो प्रसारकहरूमा महिलाहरू भए भने समुदायका विभिन्न काम तथा विषयहरूमा महिलाहरूले समतायुक्त तथा सम्मानजनक भूमिका बढाउन अरुलाई सघाउँछ र समुदायको विकासमा मदत हुन्छ । महिलाहरू कामको खोजीमा बाहिर कमै जाने हुनाले महिला कर्मचारी भए भने कर्मचारीहरूको दिगोपन पनि बढ्छ ।

रेडियो प्रसारकहरूलाई तालिम दिने दक्षिण अफ्रिकाको एउटा सामुदायिक रेडियो स्टेसनले कम्तीमा आधा सहभागी महिला भएनन् भने तालिम नै चलाउँदैन । (केस स्टडी ४ हेर्नुस् ।) सांस्कृतिक कारणहरूले गर्दा कुनैकुनै देशमा तुरुन्तै यो नियम लागू गर्नु गाह्रो हुनसक्छ । तर, सबै ठाउँमा यही लक्ष्य हुनुपर्छ ।

## सामुदायिक प्रसारकहरूको तालिम

सामुदायिक रेडियो स्टेसनहरू प्रायः यस्ता मानिसहरूलाई तालिम दिन्छन् जसले कहिल्यै रेडियो स्टुडियोभित्र पाइला टेकेको हुँदैन, माइक्रोफोन समातेको हुँदैन, र संचारको संसार वा पत्रकारितामा कहिल्यै लागेको हुँदैन । यस्ता मानिसलाई तालिम दिँदा धेरै चुनौतिहरू झल्नेपर्छ , तर अनुभवले के देखाउँछ भने यो काम सोचेजस्तो गाह्रो हुँदैन ।

### तालिमको विषयवस्तु

प्रसारणका लागि धेरै प्रकारका सीपहरू चाहिन्छन् । स्टेसनका कर्मचारीहरूसँग सामूहिक रूपले मुख्यतया तीन प्रकारका सीप हुनुपर्छ :

प्राविधिक : उपकरणको प्रयोग र सामान्य मरमतको काम ।

कार्यक्रम उत्पादन : रेडियो कुराकानी/छलफल, स्वर सम्पादन, स्क्रिप्ट लेखन, अन्तर्वार्ता संचालन, समाचार संकलन र प्रेषण, म्यागिजन प्रोग्राम उत्पान, रेडियो स्पट उत्पादन, जिंगल र जनसेवी विज्ञापनहरू, समूदायमा सहभागितामूलक कार्यक्रम उत्पादन, आधारभूत संचार सिद्धान्त र व्यवहार आदि ।

व्यवस्थापन र संचालन : व्यवस्थापन सीपलगायत सामुदायिक रेडियोको समग्र रूपमा संचालन, मार्केटिङ, श्रोता सर्वेक्षण विधि, रेडियो संबंधी कानून र नैतिक आचार ।

यसका साथै सामुदायिक रेडियोमा काम गर्ने हरेक व्यक्ति प्रचलित आचार संहितासँग सुपरिचित हुनुपर्छ ।

### तालिमका प्रकार र चरणहरू

प्रसारकहरूलाई चाहिने तालिमहरू मोटामोटी रूपमा दुई खण्डमा पर्छन् :

- प्रसारकहरूलाई काम गर्नको लागि चाहिने न्यूनतम योग्यता हासिल गर्नका लागि परिचयात्मक तालिम;

- कार्यक्रम उत्पादक, उद्घोषक, संवाददाता, स्टुडियो प्राविधिक आदि मध्य एउटा वा धेरै भूमिका खेल्नका लागि पूर्ण योग्यता हासिल नगरेसम्म उनीहरूको सीप परिमार्जनग गर्ने तालिम । धेरैजसो साना सामुदायिक रेडियो स्टेसनहरूमा यीमध्ये कुनै या सबै काम गर्न जान्नुपर्छ ।

<u>परिचयात्मक तालिम</u>

यो तालिमले तीन प्रकारका अधाभूत विषयवस्तुहरू समेट्नुपर्छ :

- सामुदायिक रेडियोको सिद्धान्त र अवधारणा । समाचार, मनोरंजन, शिक्षा र खास गरी सामाजिक परिवर्तन र विकासमा यसको भूमिका;
- सामुदायिक रेडियोको लागि बनेको आचार संहिताका मुख्यमुख्य कुराहरू;
- प्रसारण उपकरणहरूको प्रयोग/संचालन र कार्यक्रम उत्पादनका आधारभूत कुराहरू ।

कुनैकुनै सामुदायिक रेडियो स्टेसनले समुदायमै तीन साताको सघन परिचयात्मक तालिम संचालन गरेर यो आधारभूत तालिम दिन्छन् । पाठ्यक्रममा सैद्धान्तिकभन्दा व्यावहारिक तालिमको संख्या धेरै हुनुपर्छ । वास्तवमा प्रसारकहरूलाई दिइने सबै खालका तालिममा यो कुरा लागू हुन्छ ।

सामुदायिक रेडियो सेवा थाल्ने बेलामा चलाइने परिचयात्मक तालिमका लागि प्रशिक्षक तथा आर्थिक सहयोग जुटाउन पक्कै पनि बाहिरी सहायताको खाँचो हुन्छ । प्रशिक्षकहरू देशभित्रै राम्रोसित चलेका सुस्थापित सामुदायिक रेडियोबाट वा जनसेवी प्रसारण स्टेसनबाट ल्याउनसकिन्छ ।

परिचयात्मक तालिमलाई कर्मचारी छान्ने प्रक्रियाको रूपमा पनि उपयोग गर्नसकिन्छ । चाहिने कर्मचारी संख्याभन्दा धेरै जनालाई तालिम दिने र तालिम सकिएपछि तीमध्येबाट सबैभन्दा राम्रा प्रशिक्षार्थीहरूलाई रोज्नु बेस हुन्छ ।

सामुदायिक रेडियो स्थापना भै चल्न थालेपछि नयाँ मानिसहरूलाई दक्ष कर्मचारीहरूसँगै काम गर्न लगाएर आधारभूत तालिम दिनसकिन्छ । उनीहरू काम गर्दै सिक्नसक्छन् । साथै उनीहरूलाई बेलाबेलामा कक्षा चलाएर सैद्धान्तिक ज्ञान, आचार संहिता र सामुदायिक रेडियोसम्वन्धी अरु अवधारणात्मक जानकारी दिनुपर्छ ।

<u>सीप परिमार्जन</u>

समुदायिक प्रसारकहरूले सिक्न कहिल्यै छाडनु हुँदैन । यो निरन्तर चल्ने प्रक्रिया हो । जस्तोसुकै सिपालु प्रसारकले पनि अरु मानिसबाट, पुस्तक पढेर वा उनीहरूले बनाएको कार्यक्रमबारे समुदायमा भएको टिकाटिप्पणीबाट केही न केही नयाँ कुरा सिक्नसक्छन् । यसबाहेक, नयाँनयाँ प्रविधि र उपकरणहरू आइरहन्छन् । ती प्रविधि र उपकरणबारे पनि सिक्न छाड्नु हुँदैन ।

काम गर्दै सिक्दै जाँदा केही हदसम्म सीप परिमार्जन स्वभावतः हुन्छ । तर यतिले पुग्दैन । प्रसारकहरूलाई उनीहरूको कार्यसम्पादनमा सघाउन धेरै उपाय अपनाउनसकिन्छ ।

**कार्यस्थलमा वा देशभित्रै औपचारिक तालिम** : राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रशिक्षकहरूलाई डाकेर प्रसारण र कार्यक्रम उत्पादनको विषयमा छोटो तालिम कार्यशाला चलाउनसकिन्छ ।

विभिन्न सामुदायिक रेडियो स्टेसनबाट प्रशिक्षार्थीहरूलाई सहभागी बनाउनसकियो भने यो खालको तालिम अति प्रभावकारी हुन्छ । यसले विभिन्न समुदायिक रेडियोहरूबीच भविष्यमा सम्पर्क गर्ने सम्बन्ध गाँस्ने, एकआपसमा सहयोग गर्ने र आदानप्रदान गर्ने बाटो बनाउँछ । उदाहरणका लागि एउटा सामुदायिक रेडियोको कार्यक्रम र कामको मूल्यांकन अर्को सामुदायिक रेडियोका कर्मचारीहरूबाट गराउनु निक्कै उपयोगी हुन्छ । उनीहरूको बाहिरी दृष्टिकोण अमूल्य हुनसक्छ । साथै उनीहरूले यो अनुभवबाट सिक्न पाउँछन् ।

**अरु रेडियो स्टेसनसँग तालिममा संलग्नता** : प्रायः अर्को धेरै अनुभवी सामुदायिक रेडियो वा जनसेवी रेडियो स्टेसनमा केही समयका लागि कर्मचारीलाई सिक्न पठाउने संभावना हुनसक्छ । दक्षिण अफ्रिकाजस्ता केही नाम चलेका देशमा सामुदायिक रेडियोमा अगुवाइ गर्ने स्टेसन अरु नयाँ कम अनुभवी स्टेसनहरूका लागि प्रशिक्षण केन्द्र बनेको छ । यसका धेरै फाइदा छन् । खास गरी यसमा खर्च कम लाग्छ र अनुभव बाँडचुँड गर्नपाइन्छ । सफल सामुदायिक रेडियो स्टेसनमा गएर तालिम लिँदा प्रशिक्षार्थीहरूले कुनै समस्या कसरी सुल्झइयो र कार्यक्रम बनाउँदा र प्रसारण गर्दा कस्ताकस्ता नयाँ र रचनात्मक विचारहरू अपनइए भन्ने कुराहरू सिक्नसक्छन् ।

व्यापारिक रेडियोसाग संलग्न हुँदा विचार पुऱ्याउनुपर्छ । तिनीहरूको सिद्धान्त सामुदायिक रेडियोभन्दा यति फरक हुन्छ कि प्रशिक्षार्थीले कार्यक्रम उत्पादनका प्राविधिक पक्षका केही कुरा सिके पनि उसले रेडियोलाई सामाजिक विकासको औजारको रूपमा प्रयोग गर्ने कुराबारे केही पनि सिक्दैन ।

**विदेशमा छात्रवृत्ति** : संसारका नाम चलेका प्रसारण संस्थाहरूमध्ये धेरैले आफ्नो देशमा तालिम संचालन गर्छन् । तीमध्ये रेडियो नेडरल्याण्ड, बीबीसी र डचेवेलेहरू हुन् । सरकार र विकासे निकायहरूले कहिलेकाहीँ सामुदायिक प्रसारकहरूलाई ती स्टेसनहरूमा दिलाउन लिन छात्रवृत्ति उपलब्ध गराउन खोज्छन् । रेडियो कार्यक्रम उत्पादनको पक्षमा यसले प्रशिक्षार्थीहरूलाई निश्चयनै अमूल्य सिकाइ र अनुभवको अवसर दिन्छ । तर यसका केही बेफाइदाहरू छन् जो अर्को खण्डमा खुलाइएको छ ।

*तालिम कार्यस्थलमा, देशभित्रै कि विदेशमा ?*

माथिका प्रत्येक खालका तालिमका फाइदा र बेफाइदाहरू छन् ।

**कार्यस्थलमा तालिम** : समुदायमा रेडियो भएको ठाउँ सबैभन्दा वास्तविकक तालिम स्थल हो । यहाँ प्रशिक्षार्थीहरूको समूहले उपकरणहरूसँग र जनतासँग र उनीहरूले पछि काम गर्नु पर्ने ठाउँको वातावरणमा बसेर काम गर्छन् । यसले यात्रा खर्च र प्रशिक्षार्थीहरूको बस्ने खाने खर्च पनि जोगाउँछ ।

यस्तो खालको तालिमको सबैभन्दा ठूलो बेफाइदा के हुनसक्छ भने प्रशिक्षार्थीहरू यसलाई ठूलो शहर वा राजधानी वा विदेशमा दिइने तालिमको दाँजोमा दोस्रो दर्जाको तालिम ठान्नसक्छन् । भविष्यमा यही काममा लागेर वृत्ति विकास गर्न चाहने प्रशिक्षर्थीहरू यस्तो तालिम लिन कम प्रेरित हुनुसक्छन् ।

**देशभित्र तालिम** : प्रशिक्षार्थीहरूको नजरमा अर्को रेडियो स्टेसनमा गएर लिने तालिमजस्तै सामुदायिक रेडियो स्टेसन भएको ठाउँभन्दा बाहिर गरिने तालिमको इज्जत माथि हुन्छ । यसको अर्को फाइदा सम्पर्क, सम्बन्ध र आदानप्रदान हो जो भविष्यमा एउटै क्षेत्रमा काम गर्ने व्यवसायीहरूबीच बढनसक्छ ।

**विदेशमा तालिम** : यो सबैभन्दा इज्जतदार र खर्चिलो तालिम हो । यसले प्रशिक्षार्थीको वृत्तिविकास भएर उसले काम गर्ने समुदायको रेडियोभन्दा माथि हुन्छ । फलस्वरूप उसले बाहिरको स्टेसनमा काम

पाउनसक्छ । कर्मचारीको स्थायित्वको लागि यो बेफाइदा हो । अरु बेफाइदाहरू पनि छन् । विदेशमा उसले जुन प्रविधि र यन्त्रउपकरण तथा काम गर्ने परिस्थिति देख्छ त्यस्तो प्रविधि र वातावरण सामान्य सामुदायिक रेडियोमा नभएपछि ऊ असन्तुष्ट हुनसक्छ । फलस्वरूप ऊ मूलधारका रेडियो स्टेसन वा व्यापारिक रेडियो स्टेसनमा काम गर्न जानसक्छ । अन्ततः विदेशको तालिम प्राविधिक दृष्टिले जतिसुकै उपयोगी भए पनि प्रशिक्षार्थीको सामान्य सांस्कृतिक सन्दर्भभन्दा बाहिर वा संस्कृति नमिल्ने परिवेशमा हुने हुनाले यसको कार्यान्वयन पक्ष कमजोर हुन्छ ।

**प्राविधिक तालिमबारे मार्टिन एलार्डको भनाइ**

"मेरो विचारमा सामुदायिक रेडियो संचालनमा प्राविधिकको काम बेग्लै हो भनी नछुटयाउने र स्टेसन म्यानेजर र कार्यक्रम प्रसारकहरूको कामसम्बन्धी तालिमको विषयवस्तुमा सीमित मात्रामा प्राविधिक तालिम समावेश गरियो भने सामुदायिक रेडियोको भविष्य राम्रो हुन्छ ।"

मार्टिन एलार्ड, टेक्नेलोजिया एडाप्टाडा, इन्टेरेडियो, खण्ड ९, अंक १, १९९७, अमार्क, (मोन्ट्रेल, १९९७)

**रेडियो सगरमाथा, नेपालको तालिम अनुभव**

दुई प्रकारका तालिम संचालन गरिएका थिए : पहिलो, फराकिलो अवधारणा र प्रविधिमा केन्द्रित थियो । यसले सफलतासाथ सामान्य सीप अभिवृद्धि गऱ्यो र मानिसहरूलाई सामुदायिक रेडियोको अवधारणासँग परिचित गरायो । दोस्रोमा स्टेसनका विशेष आवश्यकताहरू र त्योसँग सम्बन्धित सान्दर्भिक विषयहरू, कार्यक्रम उत्पादकहरूसँग मिलेर काम गर्ने र नयाँ कार्यक्रम बनाउने विषयहरू थिए ।

पहिलो खालको तालिम समान्यतः अन्तर्राष्ट्रिय प्रसारकहरूका तालिम केन्द्रहरूजस्तो विदेशी स्रोत साधनबाट चलाइएको थियो । जनशक्ति पहिचान गर्न र तयार पार्न यो तालिम उपयोगी भयो । नेपालमा संचारकर्मीहरूको आफ्नै राम्रो स्रोत भएता पनि यी अन्तर्राष्ट्रिय प्रसारकहरूको विशेषज्ञता अत्यन्तै उपयोगी बन्यो ।

दोस्रो खालको तालिमा स्थानीय स्रोतसाधन उपयोग गरियो । तालिमको पठचक्रम बनाउँदा र संचालन गर्दा स्टेसनको आबश्यकता र प्रशिक्षार्थीहरूको आवश्यकतालाई मिलाएर सैद्धान्तिकभन्दा पनि व्यावहारिक उपायहरू उपनाउँदै तथा काम गरिरहेकाहरूलाई नै सिकाउने सोच अपनाएर तालिम दियो । स्टेसनको समग्र विकास र विद्यमान तथा उपलब्ध प्रविधिको दृष्टिले यो तालिम उपयुक्त साकित भयो । तालिम स्टेसनका कर्मचारीहरू र स्थानीय रूपमा काम गरिरहेका अन्तर्राष्ट्रिय प्रविधिक सल्लाहकारहरूबाट संचालन गरिएको थियो । यसले नयाँ कर्मचारीहरूभन्दा पनि स्टेसनमा कार्यरत कर्मचारीहरूमाथि ध्यान दिएको थियो ।

### *तालिमको लागि सहयोग*

सामुदायिक प्रसारकहरूलाई तालिम दिनका लागि आर्थिक सहयोग दिने विभिन्न स्रोतहरू छन् । अन्तर्राष्ट्रिय विकासे निकाय वा गैरसरकारी संस्थाहरूले स्टेसन स्थापना गर्नका लागि यन्त्रउपकरणको सहयोग दिँदा प्रायः तालिम कार्यक्रम पनि त्यही परियोजनामा समावेश गरिएको हुन्छ । सामान्यतः

यस्तो तालिममा प्रारम्भिक चरणमा कम्तीमा पनि परिचयात्मक तालिम राखिएको हुन्छ । तर, धेरै समयको लागि योजना बनेको भए त्यसमा सीप परिमार्जन तालिमहरू पनि समावेश हुन्छन् ।

विकासे संस्थाहरू तथा गैरसरकारी संस्थाहरूले सामुदायिक प्रसारकहरूलाई छात्रवृत्ति पनि दिनसक्छन् । कुनै छात्रवृत्ति विदेशमा गएर पढनका लागि पनि हुनसक्छ । तर, धेरैजसो देशभित्रै हुने तालिमको लागि हुन्छ । अथवा, एसाइनमेन्ट अर्थात् कुनै खास काम गर्नको लागि पनि छात्रवृत्ति दिइनसक्छ । यस्तो एसाइनमेन्ट तालिम अनुभवकै हिस्साको रूपमा हुन्छ ।

देशभित्र संचालिन कुनै खास विकास योजना पनि तालिमको अर्को स्रोत हुनसक्छ । जस्तै, भनौं वातावरण संरक्षण वा स्वास्थ्यसंबंधी कुनै योजनाले रेडियोको सहयोग खोज्नसक्छ । तिनीहरूले आफ्नो योजनाको लक्षसँग मिल्ने र सकेसम्म राम्रो कार्यक्रम बनाउनका लागि प्रसारकहरू वा कार्यक्रम उत्पादकहरूलाई तालिम दिलाउन सहयोग गर्नसक्छन् ।

कुनै देशमा सहायताको स्रोत वा सहायता दिने तरिका जस्तो भए पनि स्टेसनका कर्मचारीहरूलाई कस्तो तालिम चाहिन्छ भन्ने बारेमा सामुदायिक रेडियोको व्यवस्थापन हमेसा सजग हुनुपर्छ । एकातिर योग्यता बढ्दा काम वा पेशाप्रति सन्तुष्टि बढनुका साथै कर्मचारीको दक्षता पनि बढछ भने अर्कोतिर धेरै कर्मचारी नियमित जागिरे नभई स्वयंसेवकको रूपमा काम गर्ने ठाउँमा कर्मचारीहरू हेरफेर हुनु लगभग निश्चित हुन्छ । यस कारण व्यवस्थापन पक्षले सट्टाभर्ना भएर आउने वा नयाँ कर्मचारीहरूलाई राम्रसँग नियमित रूपमा तालिम दिने कुराका लागि तयार हुनुपर्छ ।

"धेरैजसो मानिसहरूको विचारमा रेडियो व्यक्तिगत अर्थात् एक जनाले अर्कोसँग कुरा गर्ने माध्यम हो । यस्तो माध्यम जो आमजनताको बीचमा बस्ने नचिनेका एक्लाएक्लै व्यक्तिहरूसम्म पुग्छ । यो धारणा उहिले हवाइजहाजबाट खसालेर बाँडिने पर्चाको बारेमा गरिएको संचार अनुसन्धानमा प्रतिविम्बित हुन्छ । यो काम मूल रूपमा समान स्वभाव वा गुण भएको जनसमूहमा सूचना 'संक्रमण' गर्नु जस्तै हो ।

तैपनि, रेडियो प्रसारणको अर्को छेउमा हरेक रेडियो सेटको अगाडि सामान्यतयाः दुई वा तीन जना व्यक्तिहरूमात्रै बसेका हुन्छन् । अनि ठूलो श्रोतासमूहका प्रत्येक व्यक्तिलाई बेग्लाबेग्लै सम्बोधन गर्ने अर्थात् अन्तर्व्यक्ति संचार गर्ने प्राकृतिक प्रतिभायुक्त स्वरहरूले कहिलेकाहीँ हाम्रा कानहरूलाई आकर्षित गर्छन् । ती स्वरहरू राजनीतिक नेताहरूको, धार्मिक नेताहरूको, कुनै व्यक्ति विशेषतिर लक्षित, संगीतको रेकर्ड बजाउने डिस्क जकीका वा दक्ष समाचार वाचकको पनि हुनसक्छ । उनीहरूको बोलीमा यस्तो स्वाभाविक वा प्राकृतिक आकर्षण हुन्छ कि तिनले श्रोताहरूको ध्यान तानिरहन्छ । उनीहरूको कुरामा विश्वास नगर्नेहरूलाई पनि सुनिरहन मन लाग्ने जादूगरी आकर्षण हुन्छ । उनीहरू दृढ विश्वासको अन्तस्करणबाट बोल्छन् र श्रोताहरूको अन्तर्मनको प्रश्न, शंका र दोमनलाई झक्झकाउँदै आफूतिर आकर्षित गर्छन् । आमसंचारका परम्परागत नियमहरूलाई हाँक दिने हुनाले यी उद्घोषक वा प्रसारकहरू सफल भएका हुन् भनी कसैकसैले भन्नसक्छ । उनीहरूले लेखेका कुरा (स्क्रिप्ट) पढ्दैनन्, त्यसको अर्थ पढ्छन् । स्क्रिप्टलाई उनीहरूले सन्देशको गहन भाव वा महत्व सम्झाउने सामग्रीको रूपमा मात्रै प्रयोग गर्छन् । उनीहरूका लागि माइक्रोफोन उनीहरू र आमश्रोता समूहमाझ बसेका व्यक्तिहरूको बीचमा सम्पर्क गराइदिने माध्यममात्रै हो ।

उनीहरू माइक्रोफोनसँग कुरा गर्दैनन् । माइक्रोफोनमार्फत मानिसहरूसँग कुरा गर्छन् । उनीहरूले संचार माध्यमलाई बीचको माध्यम भएता पनि मानिसहरूसम्म पुग्न उपयोग गर्छन् । यो नै अन्तर्व्यक्ति संचारमाध्मको विशेषचा हो जो हिँजो आज हराएको देखिन्छ ।"

*कार्लोस ए. अर्नाल्डो*

# अध्याय ८ : घटना अध्ययन

अब सुरु हुने खण्डमा एशियाका दुई देश (फिलिपिन्स र नेपाल), अफ्रिकाका दुई देश (घाना र दक्षिण अफ्रिका) र ल्याटिन अमेरिकाको एउटा देश (इक्वेडर) मा संचालित सामुदायिक रेडियो स्टेसनका पाँच वटा घटना अध्ययनहरू छन् । यिनका लेखकहरू सबै आफ्ना रेडियो स्टेसनसँग घनिष्ठ रूपले सम्बन्धित छन् । स्टेसनको स्थापना कसरी भयो, आइलागेका समस्याहरू कसरी सुल्झाइए, तथा परिणाम के भयो भन्ने बारेमा उनीहरूले रोचक अन्तर्दृष्टि प्रस्तुत गरेका छन् । यस कारण सामुदायिक रेडियोमा लागेका वा भविष्यमा लाग्न चाहनेहरूका लागि यी घटना वारे अध्ययनहरू महत्वपूर्ण हुन्छन् ।

घटना अध्ययनहरूको सम्पादन यो पुस्तकको मूल अंशका लेखकहरूबाट गरिएको थियो । सम्पादन गर्दा मौलिक संरचनालाई कायम राख्दै वाध्यतापूर्वक तिनलाई निक्कै छोट्याउनु परेको थियो । आशा छ, महत्वपूर्ण सूचनाहरू जस्ताको तस्तै छन् । व्यक्तिगत संस्मरण वा अनुभवहरूलाई घटना अध्ययनबाट निकालेर यो किताबका मूल भागमा राखिएका छन् ।

## फिलिपिन्स : समुदायमा, समुदायका लागि, समुदायका बारेमा र समुदायद्वारा रेडियो

*लुई एन. ताबिङ*

*ओलुटांगा, रेडियो स्टेसनको लागि अनुपयुक्त समुदाय ?*

सन् १९७० को दशकमा मिन्डानाओ प्रान्तको ओलुटांगा टापु संघर्षरत मुसलमान र इसाईहरूको युद्धभूमि जस्तै थियो । यस्तै एउटा घटनामा शहरका केन्द्रहरू ध्वस्त भएका थिए ।

तर, रक्ताम्य संघर्ष भएको दुई दशकपछि मुसलमान र इसाईहरू अहले शान्तिपूर्वक बसिरहेका छन् । धेरैजसो अल्पसंख्यक मुसलमानहरू टापुको उत्तरपूर्वी र दक्षिणी भागमा बसेका छन् । टापुको जनघनत्व पातलो छ । जनसंख्या लगभग ३५,००० छ र यो तीन वटा शहरमा केन्द्रित छ ।

पहिलेको दाँजोमा अहिले टापुमा शान्ति देखिएता पनि विगतको अस्थिरता र खतरा पुर्ख्यौली सम्पत्तिको रूपमा रहेको छ । यहाँका घरहरू सस्ता हल्का सामग्रीहरूबाट बनेका छन् । टापुमा स्थायी रूपले बसोबास गर्न कोही इच्छुक छैन जस्तो देखिन्छ । टापुको एक छेऊदेखि अर्को छेऊसम्म बनेको १८ किलोमिटर लामो सडक मौसम अनुसार कहिले हिलाम्य त कहिले धुलाम्य हुन्छ । यसको उपयोग गर्ने चार पांग्रे गाडीहरूको संख्या थोरै छ । सार्वजनिक सडकको धेरैजसो उपयोग भैंसी गाडा, रिक्सा, घोडा र पैदल यात्रीहरूले गर्छन् ।

ओलुटांगाका अधिकांश निवासीहरू असिंचित खेती र क्षमताभन्दा बढी माछा मार्नाले रित्तिन लागेका जलक्षेत्रबाट हुने उत्पादनबाट गुजारा गर्छन् । केही व्यापारीहरू टापुमा बस्ने अधिकांश गरिबहरूले उत्पादन गर्न र किन्नसक्ने मालसामानको किनबेच गर्छन् ।

टापुमा धार्मिक मिसनरीहरूले चलाएका दुइटा हाइस्कुल छन् । माबुहे र तालुसानका उत्तरी शहरहरूको लागि संचालित स्कूलमा ३०० विद्यार्थी पढ्छन् । अर्को स्कूल टापुको दक्षिणी छेऊमा बसेको सुबा-निपा शहरमा स्थित छ । यसमा पनि विद्यार्थीको संख्या सीमित छ । यीबाहेक अर्को कुनै स्कुल वा

व्यावसायिक विद्यालय छैन । आफ्ना सन्तानलाई वरिपरिका ठूला टापुका शहरहरूमा भएका स्कुलहरूमा पढ्न पठाउनसक्ने बाबुआमाको संख्या थोरै छ ।

शिक्षा, स्वास्थ्य, कानून पालन, सुरक्षा आदि सरकारी सेवाहरू अति थोरै छन् । टापुमा कुनै बैंक छैन । संचार सुविधा साह्रै कमजोर छ । रेडियो ट्रान्समिटर र रिसिभर एकै सेटमा भएका भीएचएफ ट्रान्ससिभरको संख्या धेरैछ ।

जाम्बोआंगा शहरबाट डुंगामा ८ घंटा यात्रा गरेपछि मात्रै पुगिने यो सुदूर टापुमा रेडियो स्टेसन चलाएको देखेर बाहिरबाट घुम्न आउने यात्रीहरू छक्क पर्छन् । सन् १९९३ मा ताम्बुली परियोजनाले प्रस्ताव राख्दा द्वीपबासीहरू आफैलाई विश्वास थिएन । रेडियो स्टेसनको पूर्ण नियन्त्रण परियोजनाले उनीहरूलाई नै दिने प्रस्ताव राख्दा उनीहरू झन सशंकित भएका थिए ।

### *ओलुटांगा, ताम्बुली रेडियो स्टेसनको लागि अति उपयुक्त ठाउँ*

मिन्डानाओ प्रान्तमा पहिलो सामुदायिक रेडियो स्टेसन राख्ने सिफारिस सुरुमा स्थानीय क्याथोलिक नेताहरूले गरेका थिए । यो ओलुटांगाको लागि नभएर इपिलको लागि थियो । इपिलले ताम्बुलीको लागि चाहिने सर्तहरू पूरा गरेन, किन भने यो अति सम्पन्न थियो र आर्थिक उन्नतिको केन्द्र बनिसकेको थियो ।

ताम्बुलीले यस्तो ठाउँ खोजिरहेको थियो जो सूचनाको पहुँचको दृष्टिले विपन्न, आर्थिक रूपले दयनीय होस्, एफएम सिग्नल प्रसार गर्न सहयोग गर्ने मानिसहरू होउन् र जहाँ सामुदायिक रेडियोले अधिकतम परिणाम देखाओस् । ४० किलोमिटर पर समुद्रमा रहेको ओलुटांगाले यी सबै सर्तहरू पूरा गर्थे । निश्चय नै यो टापु विपन्न र अरुबाट अलग्ग थियो । तुलनात्मक रूपले यो सम्म थियो, थोरै क्षमताको एफएम सिग्नल प्रसार गर्न समस्या थिएन । तैपनि एउटा कुराको कमी थियो । सहयोग गर्ने स्थानीय संस्था थिएन । यस्तो संस्था तयार पार्नुपर्ने थियो ।

### *सुरुको यात्रा र पहिलो बैठक*

पहिलो परामर्श बैठक भीएचएफ रेडियोको मद्दतबाट क्याथोलिक कन्भेन्टमा हतारमा आयोजना गरिएको थियो । यसमा दस जनाभन्दा थोरै नेताहरूले भाग लिएका थिए । तीमध्ये उप नगरप्रमुख सहित धेरैजसो नगरपालिकाका अधिकृतहरू, चर्चका पादरी र अरु थिए । तिनीहरूले परियोजनाको बारेमा शंका व्यक्त गरे । महिना दिनअघि मात्रै मनिलाबाट कोही आएर नाटकको तालिम दिने भन्ने बहानामा पैसा बटुलेर लगेको घटनातिर उनीहरूले औंल्याए । त्यो मानिस पैसा लिएर गएपछि फेरि फर्केको थिएन । प्रस्तावित रेडियो परियोजनाको अवधिमा ओलुटांगाबाट कुनै मानिस, उपकरण वा रकम बाहिर पठाइने छैन भनेर मैले उनीहरूलाई वचन दिनुपर्‍यो ।

त्यसो भए तिम्रो वास्तविक उद्देश्य के हो त ? उनीहरूले मसँग साधे । तिमीले उपकरण बेच्न लागेको हो कि ? रेडियो सेट बेच्ने हो कि ? यदि तिमी साँच्चै युनेस्कोबाट आएका हौ भने किन हाम्रो लागि स्कुल बनाउँदैनौ ? सामान कहाँ छ ?

ताम्बुलीले उनीहरूलाई सामुदायिक रेडियो स्टेसन स्थापना गर्न मद्दत गर्न खोजेको छ भनेर हामीले स्थानीय मानिसहरूलाई भनेपछि यस्ता प्रश्नहरू फटाफट आए । तैपनि, यो सुविधा उपयोग गर्ने र यसको संचालन गर्ने संभावनाले समुदायका नेताहरूलाई लोभ्यायो । नगरपालिकाले सूचना प्रसार गर्न

उपयोग गर्नसक्थ्यो । जनसेवाको लागि रेडियो स्टेसन सजिलो साधन हुनसक्थ्यो । युवाहरूले यसलाई आफूले "चाहेको गीत सुन्न र अरुलाई सुनाउन" उपयोग गर्नसक्थे । डेढ घण्टा लामो बैठकमा कमिकजस्तो चित्रहरूबाट परियोजनाको बारेमा बुझाउने कोशिस गरिएको ताम्बुली पुस्तिका हेर्न/पढ्न दिइयो र रेडियोको अवधारणाबारे थप छलफल गरियो । स्थानीय मानिसहरूको रुचि जगाउन हामी सफल भयौं । साथै, हामीले त्यो ठाउँको राजनीतिक तथा सामाजिक गतिविधिका केही स्पष्ट विशेषताहरूबारे जानकारी पायौं । हाम्रो नियतको विश्वसनीयताबारे प्रश्न सोध्ने मानिसहरूबाट म चिन्तित भइन । एउटा विपन्न समुदायलाई सित्तैमा केही कुरा दिन लाग्दा उनीहरू सतर्क र शंकालु हुनु अस्वाभाविक पनि थिएन ।

अर्को बैठक बस्नुभन्दा पहिले पहिलो बैठकमा जुनजुन समदाय वा क्षेत्रको उपस्थिति वा प्रतिनिधित्व भएको छ ती प्रत्येक समुदाय वा क्षेत्रका सकेसम्म धेरै मानिसहरूसँग यस विषयमा सल्लाह गर्ने निर्णय भयो । यसमा उनीहरूले आआफ्नो समुदायको दृष्टिकोण र भावनाहरूलाई स्पष्ट पार्ने प्रस्ताव पनि पेश गर्नसक्थे । यो बीचको अन्तरिम अवधिले उनीहरूलाई आफ्ना मतदाताहरू वा समर्थकहरूसँग सरसल्लाह गर्ने समय दिन्थ्यो । उनीहरूले हाम्रो वास्तविक परिचय वा आधिकारिकता तथा उद्देश्यबारे जाँच्ने अवसर पनि पाउँथे ।

केही सातापछि भएको दोस्रो बैठकमा पच्चीसवटा जति खासखास क्षेत्रका अगुवाहरूले भाग लिए । शिक्षकहरू, किसानहरू, माझीहरू, महिलाहरू, विभिन्न धार्मिक समूहका मानिसहरू, रिक्सा चालकहरू, मोटरसाइकल चालकहरू भेला भए । प्रतिद्वन्द्वी राजनीतिक दलहरू पनि उपस्थित थिए । अचम्म के भयो भने परियोजना बारे पहिले उठाइएका शंका सबै विलाइसकेका थिए । धेरै नेताहरूले रेडियो स्टेसन स्थापनाको स्वागत गर्दै सुझाव/समाधानहरू दिए ।

त्यसपछि भएका बैठकहरूमा परियोजनाका कुराहरू व्यवस्थित गर्नको लागि अगुवाहरूको एउटा मूल समूह गठन गरियो । उपस्थितहरूमध्येबाट एउटा तदर्थ समिति बनाइयो । अगुवाहरूले काम गर्ने अधिकृतहरूको सूचि तयार पारे । ओलुटांगा द्वीपबासीहरूको संचार विकास संस्थापनाको रूपमा यी सबैको दर्ता गरियो । नगरपालिकाकी सक्रिय महिला पार्षद मेरियम आरानासले यसको अध्यक्षता गरिन् ।

संस्थापनाले गरेका पहिला निर्णयहरू मध्ये एउटा निर्णय स्टेसन राख्ने ठाउँको बारेमा थियो । सामुदायिक रेडियो राजनीतिक दलहरू र धार्मिक समूहहरूको नियन्त्रणभन्दा बाहिर हुनुपर्छ भन्ने सिफारिसको आधारमा स्थानीय नेताहरूले स्टेसन इसाईहरूको कन्भेन्टमा राखिनु हुँदैन भन्ने निर्णय गरे । नगरपालिकालाई राजनीतिक रूपमा हेरिने हुनाले नगरपालिका भवनमा पनि स्टेसन हुनुहुँदैन भन्ने निर्णय भयो । कुनै सर्त बन्देज नराखी स्टेसन राख्न दिएमा मात्रै नगरपालिकाका पदाधिकारीहरूको प्रस्ताव स्वीकार गर्ने सहमति भयो । कुनै दानदातव्य वा सहयोग स्वीकार गर्न, सम्झौता गर्न, कर्मचारीहरू नियुक्ति गर्न र स्टेसनको प्रशासन चलाउनका लागि संस्थापनालाई एउटा बेग्लै न्यायिक एकाइको आवश्यकता भयो । यसकारण संस्थापनालाई सेक्युरिटी एण्ड एक्स्चेंज कमिसनमा दर्ता गर्ने निर्णय गरियो ।

चाँडैनै संस्थापनाका सदस्यहरूमध्येबाट एउटा नयाँ समूह प्रकट भयो । रेडियोको बारेमा र संचालनको संबन्धमा निर्णय गर्नका लागि औपचारिक रूपले दर्ता गरिएको संस्था बाहेक एउटा सामुदायिक संचार परिषद बन्नसक्छ भनी ताम्बुली पुस्तिकामा उल्लेख गरिएको कुरा औंल्याइयो । उनीहरूको तर्क के थियो भने संस्थापनाका सदस्यहरूले काम गरे पनि नगरे पनि उनीहरू स्थायी सदस्य हुन् । परिषदका सदस्यहरूले राम्रो काम गरेनन् भने वर्षैपिच्छे फेर्नसकिन्छ । अतः ११ सदस्यीय सामुदायिक संचार

परिषद पनि गठन गरियो । यसको अध्यक्षमा नेपोलियन एबोक छानिए । उनी व्यापारीका साथै निवृत्त प्रहरी पनि थिए ।

चाँडै नै एबोक र आर्नासका समर्थकहरूको गुटबन्दी भएर परिषद र संस्थापनाबीच प्रतिद्वन्द्विता देखा पर्‍यो । ती दुबै जना बेग्लाबेग्लै राजनीतिक समूहका हुन् भनेर चिनिन्थे । यो द्वन्द्वले दुबै नेताहरूलाई एकै ठाउँमा मिलेर काम गर्न लगाउनुको सट्टा विभाजन गर्छ भन्ने कुरा ताम्बुली परियोजना व्यवस्थापनले बुझ्यो । नेतृत्वलाई मिलाउन निक्कै धेरै समय र मेहनत लाग्यो ।

*स्थान चयन र स्थापना*

परियोजनाको सुरुको चरणमा सुबा-निपाका केही नेताहरूले उनीहरूको दक्षिणी सहरमा स्टेसन राख्नुपर्छ भनी मत तयार पार्न खोजेको (लबी गरेको) स्पष्ट देखियो । तीन वटा सहरहरूमध्ये सुबा-निपाको जनसंख्या सबैभन्दा धेरै छ भन्ने उनीहरूको तर्क थियो । ताम्बुली परियोजना व्यवस्थापनले स्टुडियो राख्ने ठाउँ कस्तो हुनुपर्छ भन्ने मानक आधार उपलब्ध गरायो । आधारहरूमा सहभागीहरू र समुदायका सदस्यहरूको पहुँच, कम घरबहाल र मरमत संम्भार खर्च, रेडियो सिग्नल प्रसार गर्ने सुविधाजस्ता प्राविधिक कुरा, बिजुलीको उपलब्धता, एन्टेना राख्नका लागि अग्लो ठाउँको निकटता, साथै कुनै खास समूहले एकाधिकार गर्न वा हैकम जमाउन नसक्ने र अरु समूहलाई सहभागी हुन हतोत्साहित गर्ने ठाउँ हुन नहुने आदि कुराहरू थिए ।

स्टेसन कहाँ राख्ने भन्ने बारेमा लामो र दिक्कै पार्ने विवाद चल्यो । सहभागीहरूमध्ये माबुहे र तालुसानबाट आएका मानिसहरूको बहुमत भएको हुनाले उनीहरूकै कुरा मान्य भयो । स्टेसन टापुको उत्तरी भागमा राखिने भयो । माबुहेमा २० बाटको ट्रान्समिटर राखियो भने पूरा टापु समेटिने भयो । सुबा-निपाका लागि पछि अतिरिक्त स्टेसन विचार गर्नसकिने निधो भयो ।

क्याथोलिक चर्चका अगुवाहरूलाई सुरुमा सम्पर्क व्यक्ति बनाइएको हुनाले माबुहेको गिरजाघरका पादरी नै सो टापुमा हाम्रो मुख्य आश्रयदाता भए । अस्थायी परियोजना स्थलको रूपमा कन्भेन्टलाई प्रयोग गर्न उनले स्वीकृति दिए । गिरजाघरका पादरी र पछि उनका उत्तराधिकारीले कत्ति पनि बडप्पन नदेखाइकन वा प्रभाव नपारिकन परियोजनामा सक्रिय भूमिका खेले । पादरीहरूको संलग्नताले परियोजनाको स्थान र इज्जत बढ्यो । राजनीतिक उद्देश्यले यो परियोजना आएको भन्ने भ्रम मेट्न सघायो ।

रेडियो स्टेसन १९९३ को जुनदेखि संचालन भयो । यसको अस्थायी स्टुडियो कन्भेन्टमा राखिएको थियो । क्याथोलिक चर्चसँग नजिकका केही नेताहरूले रेडियो स्टुडियो स्थायी रूपमै कन्भेन्टा राखिने आशा गरेका थिए । अरुहरूले केही सार्वजनिक विषयहरूमा चर्चको स्पष्ट रूपले बेग्लै विचार भएको कारण देखाएर कन्भेन्टमा स्थायी रूपले स्टुडियो राख्ने कुराको विरोध गर्थे । उनीहरूको भनाइमा, यो अवस्थामा अर्को पक्षका धार्मिक नेताहरूले प्रसारणमा भाग नलिनसक्छन् ।

गरमागरम छलफलपछि रेडियो स्टेसन अस्थायी रूपले क्याथोलिक चर्चमा चलाउने निर्णय भयो । तर, पछि गएर यो 'तटस्थ' र स्थायी स्थलमा पुनर्स्थापना गरिने भयो ।

*यन्त्रउपकरण जडान*

परियोजनाका इंजिनियर रोमी कारबाल्लो आफैले उन्त्रउपकरणहरू जडान गरे । उनले रेडियोबारे परिचित गराएर तालिम दिएका पाँच जनाजति स्थानीय प्राविधिकहरूले उनलाई सघाए । यसमा जडान भएका यन्त्रउपकरणहरू मुख्य रूपमा अध्याय ४ को चौकोसमा लेखिएअनुसारका थिए ।

रेडियो स्टेसन 'सामुदायिक रेडियो कार्यक्रम समय निर्धारण र उत्पादन' विषयमा हुन लागेको तालिमको लागि परीक्षण प्रसारणको रूपमा संचालन भइरहेको थियो । यसले भ्रण्डै १० किलोमिटरको अर्द्धव्यासको क्षेत्र ओगट्न सक्थ्यो । यसको सिग्नल सुबा-निपा सहरमा अलि कम सुनिएता पनि टापुको सबै कुनाकाप्चामा पुग्थ्यो । स्टेसनलाई नयाँ ठाउँमा राखेर एन्टना अग्लो बनाएर १०० फिट माथि राखेपछि रेडियो अझै परसम्म सुनिनसक्छ भनेर इंजिनियरले आश्वासन दिए ।

*द्वीपबासीहरूलाई प्रसारक बन्ने तालिम*

पन्ध्र जनाजति स्वयंसेवी प्रसारकहरूलाई तीन सातासम्म तालिम दिने सहमति भएको थियो । प्रशिक्षार्थीहरू रोज्ने आधारहरूको बारेमा परिषद, संस्थापना र ताम्बुलीको बीचमा सहमति भएको थियो । निवेदकहरूमध्येबाट स्वयंसेवीहरू छान्ने काम स्थानीय नेताहरू, संस्थापना र परिषदले गर्ने भयो । सम्भव भएसम्म महिला र पुरुष, जनजातीय समूहहरू, धार्मिक समुदायहरू तथा राजनीतिक दलहरूमा संलग्न मानिसहरूको सन्तुलन मिलाइने सहमति भयो ।

तालिमका लागि निवेदन दिएका ३५ जनामध्ये १५ जनामात्रै छानिए । छनौटमा नपरेका तीन जनाले तालिम लिन नपाए पनि पर्यवेक्षकको रूपमा बस्न खोजे । सहभागीहरूमा किसान, माझी, महिला, मुसलमान र युवाहरूको प्रतिनिधित्व भएको थियो । प्राथमिक विद्यालयका दुई जना शिक्षक, एक जना अर्द्धसैनिक सिपाही र निर्वाचन पंजिकाधिकारी पनि समूहमा थिए ।

तालिमका सहभागीहरूमध्ये दुई जनालाई सात किलोमिटर टाढाबाट दिनदिनै हिँडेर तालिम स्थलमा आउनुपर्थ्यो । परीक्षण प्रसारण गर्न कहिलेकाहीँ उनीहरू बिहान ५ बजे रेडियो स्टेसनमा आइपुग्नुपर्थ्यो । बाकी सबै प्राशिक्षार्थीहरू पनि कम्तीमा केही किलोमिटर हिँडेर आउनुपर्थ्यो ।

फिलिपिन्स विश्वविद्यालयको विकास संचार संस्थाका प्रशिक्षकले तालिमको अगुवाइ गरेका थिए । उनी लस बानोस, लागुनाको रेडियो डीजेएलबीसँग काम गर्छन् । उनलाई परियोजनाका कर्मचारीहरूले सघाएका थिए । प्रवचन, व्यावहारिक काम, मूल्यांकन र वास्तविक प्रसारण विधिबाट तालिम दिइएको थियो । तालिमका विषयहरू थिए : रेडियो कुराकानी; स्वर/ध्वनी, अभिनय, सम्पादन; स्क्रिप्ट लेखन; समाचार संकलन, लेखन तथा संप्रेषण; म्यागेजिन प्रोग्राम उत्पादन; रेडियो स्पट, जिंगल उत्पादन; जनसेवी विज्ञापन; समुदायमा सहभागितात्मक तरिकाले कार्यक्रम उत्पादन; रेडियोसंबंधी ऐनकानून र नैतिक आचार व्यवहार; संचारका आधारभूत सिद्धान्त र व्यवहार; तथा सामुदायिक रेडियोको लागि प्रोग्रामिङ अर्थात कार्यक्रम प्रसारण समय तालिका निर्घारण । तालिमलाई व्यवहारिक वनाउन एक दिन पागादियान शहरमा चलिरहेको रेडियो स्टेसनमा अध्ययन भ्रमण गराइयो ।

प्रशिक्षार्थीहरूलाई कार्यक्रमको फर्म्याट रोज्न र प्रसारण अवधि निधो गर्ने साथै आफ्ना नेता छान्ने अवसर दिइएको थियो । स्टेसन म्यानेजर छानिएका भाल टोटो सामोन्टे त्यो क्षेत्रको अर्द्धसैनिक एकाइको सदस्य भएको हुनाले यो रोजाइ अनुपयुक्त देखिन्थ्यो । ताम्बुली व्यवस्थापनको दृष्टिमा एउटा सामुदायिक रेडियो संचलन गर्न एक जना सिपाही उपयुक्त हुनसक्छ भन्ने लागेन । तर टोटो सही छनोट रहेछ भन्ने सावित भयो । उसँग सन्तुलित सामाजिक धारणा र नेतृत्व गर्नसक्ने खुबी थियो । ऊ समर्पित स्वयंसेवक सिद्ध भयो ।

*स्टुडियो निर्माण*

समुदायमा रेडियो स्टेसनको अन्तर्निहित क्षमता र महत्व बुझेर माबुहेको स्थानीय सरकारले उपयुक्त स्टुडियो बनाउनका लागि संस्थापनलाई ४०० वर्गमिटर घडेरी जग्गा दियो ।

स्टुडियो भवन बनाउनका लागि रकम संकलन गर्न कार्यक्रम थालियो । रेडियो प्रसारण सुरु भइसकेको हुनाले मानिसहरूलाई सहयोग गर्न विश्वास दिलाउन सजिलो भयो । सुरुमा “पिसो–पिसो” (एक जनाले एक स्थानीय मुद्रा एक पेसो) अभियान चलाइयो । धरै मानिसहरू एक पेसो होइन पाँच दस पेसो दिन तत्पर थिए ।

पैसा उठाउन चिट्ठा पनि खोलियो । स्थानीय बासिन्दा र बाहिरबाट घुम्न, हेर्न आउनेहरू साथै नजिकैका शहरहरूका बासिन्दाहरूलाई पनि टिकट बेचियो । २० टिकटको एउटा ठेली बनाइएको थियो र प्रत्येक टिकटको दाम १०० पेसो (साढे तीन अमेरिकी डलर) राखिएको थियो । पुरस्कारमा एउटा गाई, चामल भरिएका बोराहरू, र घरमा बनेका सामानहरू राखिएका थिए । संस्थापनका लागि धेरै रकम संकलन गर्ने आशाका बाबजुद पुगनपुग ५०,००० पेसो (१५०० अमेरिकी डलर) मात्रै उठ्यो ।

प्रान्तीय सरकार र ताम्बुली परियोजनाको सहयोगबाट १९९४ मई महिनामा २५ वर्गमिटरको स्टुडियो भवन र १०० मिटर अग्लो एन्टेना टावर खडा भयो । बंगला शैलीको कंक्रिटको भवन बनाउन सिकर्मी, स्वयंसेवी कर्मचारीहरूका साथै स्थानीय बासिन्दाले पनि मद्दत गरे ।

भवनभित्र बार लगाएर उद्घोषक कक्ष, प्राविधिक कक्ष र स्वागत र काम गर्ने क्षेत्र छुट्याइयो । हावा खेल्ने ठाउँ नभएको हुँदा उद्घोषकको कोठा दिउँसो, खास गरी गर्मी याममा निक्कै तात्थ्यो । यस कारण एक जना राजनीतिक नेताले हावा चिस्याउने यन्त्र (एयर कन्डिसन युनिट) ल्याइदिने वचन दिए । तर, त्यो वचन पूरा हुन दुई वर्षभन्दा धेरै समय लाग्यो ।

रेडियो स्टेसनको भवनले स्टुडियोको लागि नयाँ ठाउँ दिनुका साथै रेडियो स्टेसनलाई स्वतन्त्र हैसियत पनि प्रदान गर्‍यो । यसले परियोजनामा समुदायको सक्रिय सहभागिताको प्रमाणको काम पनि गर्‍यो । अझ यसले हरेक ओलुटांगाबासीहरूलाई रेडियो स्टेसन आफ्नै हो भनी स्वामित्वको दाबी गर्नसक्ने अधिकार दियो ।

पछि गएर, माबुहेको प्रसारण राम्ररी नसुनिने सुबा-निपाका केही भागमा प्रसारण पुर्‍याउन २० वाटको एउटा रिले स्टेसन खडा गर्नुपर्‍यो । तर यो स्टेसनले सुबा-निपाका बासिन्दाहरूको चाहना पूरा गर्न बेलाबेलामा नाचघर वा रात्री क्लबहरूमा बजाइने प्लेयर र रेकर्डर उपयोग गरेर आफ्नै कार्यक्रम उत्पादन गर्थ्यो । यसको ट्रान्समिटर स्थानीय युवा नेताको घरमा राखिएको थियो ।

*रेडियोमा रमेको द्वीप*

एउटा अनौठो कुरा के पत्ता लाग्यो भने टापुको गरिबीको बाबजुद धेरै मासिहरूसँग सानो गैरव्यावसायिक/सोखिन भीएचएफ ट्रान्सरिसिभर सेटहरू थिए । आलुटांगा स्टेसनले समेटने क्षेत्रभित्र सय वटाजति यस्ता ट्रान्सरिसिभर सेटहरू थिए । यस्तो सेटलाई चल्तीको बोलीमा आइकम भनिन्थ्यो । केही आइकमहरू सरकारले बारांगे (क्षेत्र वा इलाका) का नेताहरूलाई बाँडेको थियो । तर अनौठैसँग धेरै सेटहरू निजी थिए । तीमध्ये धेरैको सही खालको इजाजतपत्र थिएन र तिनीहरू कहाँबाट ल्याइएका

थिए भन्ने अस्पष्ट थियो । केही चोरी पैठारी गरिएका थिए भने केही सोक्षेत्रमा सक्रिय विद्रोही वा पृथकतावदीहरूका थिए ।

तिनीहरू सरकारी इजाजतबाट वा गैरकानूनी तरिकाले टापुमा भित्रिएका भएता पनि तिनको उपयोग राम्रो काममा गरियो । टोटो सामोन्टेले रेडियो श्रोता क्लब गठन गर्ने काममा यसको उपयोग गर्ने मौका छोपे । श्रोता क्लब गठन गर्न डाकिएको पहिलो भेलामा ५० जनाभन्दा धेरैले भाग लिए । यसमा पदाधिकारीहरूको चुनाव गरियो । रेडियो क्लबका सदस्यहरूले प्रसारणमा कसरी सहभागी हुनसक्छन् भन्ने विषयमा मैले १९९५ मा दुई दिने कार्यशाला संचालन गरेँ ।

अहिले आएर समाचार संकलक, सूचना दाता, तथा रेडियो कार्यक्रमका नियमित सहभागीको रूपमा आइकम धनीहरूको ठूलो नेटवर्क बनेको छ । (ताम्बुलीले रेडियो स्टेसनलाई भीएचएफ सेट उपलब्ध गराएको छ) ।

स्टेसनलाई महत्वपूर्ण सूचना दिने वा कसैको नाममा गीत बजाउने फार्माइस गर्ने, शुभकामना दिने जस्ता सामान्य सामाजिक काममा रेडियो स्टेसनमा सम्पर्क गर्न भीएचएफ सेट धनीहरूले आफ्नो सेट छरछिमेकका जोसुकैलाई पनि उपयोग गर्न दिन्छन् । यसरी उनीहरूले आम नागरिकहरूको पहुँच रेडियो स्टेसनसम्म पुऱ्याउने क्षमता बढाइ दिएका छन् । रेडियो स्टेसनले यस्तो नियमित र सक्रिय अन्तर्क्रियाका लागि केन्द्रविन्दुको रूपमा सेवा गरेको छ ।

ठूला सहरका रेडियोले टेलिफोनलाई प्रयोग गरेर श्रोताहरूलाई रेडियोसँग कुरा गर्न प्रेरित गरेझैँ भीएचएफ ट्रान्सरिसिभर उपयोग गरेर यो रेडियो स्टेसनले द्वीपका सैयौँ मानिसहरूलाई सहभागी बन्न प्रेरित गरेको छ । समुदायका सबै क्षेत्रका विभिन्न खालका मानिसहरूलाई रेडियोमार्फत प्रेमालापदेखि राजनीति वा अर्थतन्त्रसम्मका कुरा लगायत व्यक्तिगत र समुदायको समस्याबारे छलफल गर्न भीएचएफ ट्रान्सरिसिभरले मद्दत गरेको छ ।

*ओलुटांगाको आवाज कार्यक्रम निर्माण तथा प्रसारण*

टिंगोग सा ओलुटांगा अर्थात् ओलुटांगाको आवाज दिनदिनै विहान ५ बजेदेखि ७ बजेसम्म, दिउँसो ११ बजेदेखि १ बजेसम्म र साँझ ६ बजेदेखि ८ बजेसम्म बीचबीचमा प्रसारण गरिन्छ ।

स्टेसनले मुख्य रूपमा समाचार र जनसरोकारका कार्यक्रमहरू चलाउँछ । प्रमुख वा परिचित व्यक्तित्वले कार्यक्रम संचालन गर्छ । अरु उत्पादक वा कार्यक्रम निर्माता तथा रिपोर्टरहरूले फिचर, समाचार, रमाइला र उपयोगी जानकारी तथा नियमित कार्यक्रमहरू चलाउँछन् । धेरैजसो समाचार र जनसरोकारका कुराहरू भीएचएफ ट्रान्सरिसिभर भएका स्थानीय बासिन्दाहरूबाट आउँछन् । तात्तातो सूचना, समाचार र द्वीपबासीहरूको हित गर्ने जनसेवी कुराहरू ल्याउने काममा स्वयंसेवक रिपोर्टरहरूको मुख्य भूमिका हुन्छ । फेरीसेवा अर्थात् नियमित यात्री ओसार्ने डुँगा ढिला भएको वा यात्रा स्थगित भएको समाचार; फलफूलका बेर्ना, सुँगुरका पाठापाठी पाइने वा किसानलाई खेतीपातीका लागि चाहिने सामानको जानकारी; कृषिसंबंधी बैठक; हराएको सामानको जानकारी तथा विरामीलाई सहायताजस्ता कुराहरूका लागि रिपोर्टरहरूलाई जस दिनुपर्छ ।

एउटा लोकप्रिय कार्यक्रम हो, साप्ताहित *बारांग्गायान सा काहांगिनान* । यो फिचर कार्यक्रम गाउँमा काराओके वा गीत बजाउने यन्त्रउपकरण उपयोग गरेर तयार पारिन्छ । यसरी, रेडियोसंबधी कुनै तालिम कत्ति पनि नपाएका सामान्य मानिसहरूले पनि आफ्नो छिमेकमा कार्यक्रम आयोजना गर्छन् ।

टेप गरिएका यस्ता कार्यक्रमहरूमा गीत, सामूहिक छलफल, अन्तर्वार्ता, घरेलु उपयोगी कुराहरू, कविता, आदि हुन्छन् । कार्यक्रमको मुख्य उद्देश्य मनोरंजन भएता पनि समुदायका समस्याबारे खुला छलफल गरिन्छ । टेप गरिएका कार्यक्रमहरू तुरुन्तै प्रसारण गर्न स्टेसनमा पठाइन्छ । निस्संकोच व्यक्त गरिएका विचार र आलोचनाले नेताहरू र सरकारी कर्मचारीहरूलाई निरन्तर सचेत बनाउँछ । अनि उनीहरूले जनताको विचारप्रति आफ्नो प्रतिक्रिया जनाउने अवसर पनि पाउँछन् ।

व्यापारिक रेडियोले श्रोताहरूलाई रमाइला मनोरंजनका कुरा सुन्ने बानी बसालेका हुनाले उनीहरूले सामुदायिक रेडियो स्टेसनले पनि संगीत कार्यक्रम सुनाओस् भन्ने माग गर्छन् । यस कारण साँझको कार्यक्रमको केही समय फर्मायसी गीत वा कसैको नाममा गीत समर्पण (डेडिकेट) गरी बजाइने गीतको कार्यक्रमको लागि छुटचाइन्छ । यस्तो कार्यक्रमको बीचबीचमा जीवनोपयोगी विचारहरू, रोचक कुराहरू समावेश गरिन्छ । साताभरि लडाइँझगडा, विरोध प्रदर्शन जुलुस आदि कार्यक्रम प्रसार गरेपछि सप्ताहान्तमा धार्मिक कार्यक्रमले ठाउँ पाउँछ । आइतबारको दिन बहुसंख्यक क्याथोलिक समुदायका लागि आइतबारे भेलाको कार्यक्रम प्रत्यक्ष प्रसारण गरिन्छ । यस्तै मुसलमान वा प्रोटेस्टेन्ट आदि धार्मिक नेताहरको कार्यक्रम पनि प्रसार गरिन्छ । ताम्बुलीका अरु रेडियोले झैँ कार्यक्रमको बारेमा कर्मचारीहरूले प्रस्ताव राख्छन् र सामुदायिक संचार परिषदले स्वीकृत गर्छ ।

*स्वयंसेवक कर्मचारी*

दिनदिनै कार्यक्रम संचालन/उद्घोषण गर्ने छ जना नियमित कर्मचारी छन् भने आंशिक रूपमा वा बेलाबेलामा समय र सामग्री दिने एक दर्जनजति मानिसहरू छन् । स्टेसन म्यानेजरलगायत सबै संचालकहरू स्वयंसेवक वा अवैतनिक छन् । उनीहरूको जीविकोपार्जनका अरु नै साधनहरू छन् । जस्तै कसैको माछा मार्ने, कसैको पढाउने, कसैको खेतीपाती, कसैको पसल छ । कोही नगरपालिकामा काम गर्छन् । प्रमुख संचालकहरूले स्टुडियोमा जानआउनका लागि अलिकति यातायात खर्च पाउँछन् ।

कार्यक्रम उत्पादन र उपकरण संचालन संभारको तालिम पाएका सात जना स्वयंसेवी प्राविधिकहरू सातामा एक दिन पालैपालो स्टेसनमा आउँछन् । तीमध्ये एक जना इजाजतपत्र प्राप्त रेडियो संचार अपरेटर हुन् । अरु कुनै बिजुली मिस्त्री (इलेक्ट्रिसियन) कुनै इलेक्ट्रोनिक सामान मरमत गर्ने व्यवसायमा छन् । समुदायबाट स्टेसनलाई नियमित रूपमा प्राप्त हुने सहयोगबाट स्टेसनमा नियमित रूपमा आउने उद्घोषक र प्राविधिकहरूलाई अलिकति पारिश्रमिक दिइन्छ ।

यस बाहेक धेरैजसो उद्घोषकहरू र प्राविधिकहरूले जीविकोपार्जन ऋण पाउँछन् । यो ऋणको रकम ताम्बुलीले दिन्छ र ओलुटांगा द्वीपबासीहरूको संचार विकास संस्थापनाले व्यवस्थापन गर्छ । यो जीविकोपार्जन परियोजनाको उद्देश्य उनीहरूले झण्डै पाँच हजार पेसोसम्म (१२० अमेरिकी डलर) लगानी हुने उनीहरूले रोजेको व्यवसाय गर्न सघाउनु हो । कर्मचारीहरूलाई आफ्नो सानो व्यवसाय गरेर जीविकोपार्जन गर्न सघाउनका लागि फिलिपिन्स विश्वविद्यालयको लघु उद्योग संस्थाबाट एक जना विशेषज्ञ आएर उनीहरूलाई उद्यमशीलता र साना परियोजना विषयमा तालिम दिएका थिए ।

ऋण लिने अधिकांश स्वयंसेवकहरूले यस्तो व्यवसाय गर्न चाहन्छन् जसको बारेमा उनीहरूलाई राम्ररी थाहा होस् र उनीहरूको स्थिति सुहाउँदो होस् । जस्तै हाँस पाल्ने, चामलको व्यापार गर्ने, कुर्सीको गद्दा बनाउने, घरायसी मिसिन मरमत गर्ने, माछा पाल्ने, सुँगुर पाल्ने आदि । कर्मचारी जीविकोपार्जन परियोजनाबाट ऋण लिनेहरूमध्ये सैकडा नब्बे जनाले आफ्नो व्यवसायमा सफल भएर ऋण तिरेका छन् ।

सामुदायिक संचार परिषदका सदस्यलगायत रेडियो परियोजनाका बाकी सहभागीहरू विशुद्ध रूपले स्वयंसेवक भएर काम गर्छन् । वास्तवमा अधिकांश ताम्बुली रेडियोमा कामगर्ने कर्मचारीहरूले कुनै पारिश्रमिक वा भत्ता पाउँदैनन् ।

*ओलुटांगाको सपना*

*"ओलुटांगा फिलिपिन्समा सबैभन्दा राम्रो टापु बन्नेछ !"* टोटो भाल सामोन्टेले रेडियोबाट जहिले वक्तव्य दिए पनि उनको स्वरमा निक्कै ठूलो आशा झल्किन्छ । तर, केही द्वीपबासीहरूका लागि ओलुटांगाले आर्थिक तथा भौगोलिक प्रतिकूलताबाट मुक्ति पाउनु भनेको अझै पनि एउटा सपना हो ।

तर, आफ्नो मद्दत आफै गर्ने परियोजनाहरू तथा निरन्तरको लगनशीलताले कसरी द्वीपबासीहरूलाई प्रसारणमा अगाडि लैजानसक्छ भन्ने छलफलमा टोटोको आत्मविश्वास छचल्किन्छ । ओलुटांगा यो क्षेत्रको सबैभन्दा विकसित टापु बन्ने सम्भावना अझै पनि थारै हुनसक्छ, तर म टोटोको स्वार्थरहित समर्पण र अथक प्रयासको प्रशंसक हुँ ।

## रेडियो सगरमाथा : नेपालको अनुभव

*इयान प्रिंगल*

*राजनीतिक तथा कानूनी सन्दर्भ*

सन् १९९० मा नेपालको राजनीतिक व्यवस्था दलविहीन राजतन्त्रबाट संसदीय ढाँचाको व्यवस्थामा फेरियो । नयाँ संविधानमा सूचनाको हक समावेश गरियो, जसमा जनताले सार्वजनिक चासोका कुनै पनि विषयमा सूचना माग्ने र पाउने अधिकारको प्रत्याभूति गरिएको छ । त्यसपछि सोही अनुरूप नीति र व्याबहारिक निर्देशिकाको रूपमा सन् १९९२ मा राष्ट्रिय संचार नीति; सन १९९३ मा राष्ट्रिय प्रसारण ऐन; र १९९५ मा राष्ट्रिय प्रसारण नियमावली आयो ।

१९९५ भन्दा पहिले, रेडियो प्रसारण १९५१ मा स्थापित सरकारी प्रसारण निकाय रेडियो नेपालको एकलौटी क्षेत्र थियो । १९८४ मा युनेस्को र जर्मनीको सहयोगबाट स्वतन्त्र रेडियो स्टेसन स्थापना गर्ने प्रयास अस्वीकृत भएको थियो । १९९० पछि पनि प्रसारणमा सरकारी एकाधिकारलाई खुकुलो पार्ने कुरामा सरकारले ढिलाई गर्‍यो । पहिलो निवेदन दिएको चार वर्षपछि १९९७ मा नेपालको पहिलो स्वतन्त्र, समुदायमा आधारित जनसेवी प्रसारण संस्था रेडियो सगरमाथाले इजाजत पायो ।

*नेपालको संचार परिवेश*

नेपालको पहाडी बनावट इलेक्ट्रोनिक मिडिया र छापा माध्यमको प्रसारको लागि अनुपयुक्त छ । व्यापक गरिबी, निरक्षरता (खास गरी महिलाहरूमा) तथा विजुलीको अति कम सुविधाको कारणले गर्दा सबै खालका मिडियामा पहुँच सीमित छ ।

१९९० मा प्रजातान्त्रिक व्यवस्था नआएसम्म इलेक्ट्रोनिक माध्यमहरू - रेडियो नेपाल, नेपाल टेलिभिजन (१९८४ मा स्थापित) - र छापा माध्यम - दुइटा दैनिक अखबारहरू - सरकारको नियन्त्रणमा थियो । कार्यक्रम र विषयवस्तुहरू, खास गरी काठमाडौंमा तयार पारिएका सामग्रीहरू गाउँमा बस्ने झण्डै ८० प्रतिशत जनताका लागि असान्दर्भिक ठानिन्छ । निजी आमसंचार माध्यमहरूको संख्या बढेको छ तर तिनका कमी कमजोरी वा सीमितताहरू पनि उही हुन् ।

रेडियो प्रसारण सरकारी नियन्त्रणबाट मुक्त भएपछि नेपालमा व्यापारिक रेडियोको थालनी भयो। सुरुमा रेडियो नेपालले आफ्नो राष्ट्रिय प्रसारणलाई आर्थिक सहयोग हुने हिसाबले एफएम प्रसारण थाल्यो। यो एफएम युवा तथा सम्पन्न शहरबासीहरूलाई लक्षित गरी खास गरी पप संगीत सुनाउने पाँच वटा व्यापारिक संचालकहरूलाई ठेक्कामा दिइयो।

राष्ट्रिय मिडियाका सीमितता र कमीकमजोरीहरू तथा नयाँ एफएम प्रसारणको अस्वदेशीय/बिरानो चरित्रलाई दृष्टिगत गर्दै यिनको विकल्पको रूपमा धेरै पत्रकारहरू, स्वतन्त्र संचार संस्थाहरू, तथा विकासे निकायहरूले देशभरि साना, समुदायमा आधिरित, जनसेवी रेडियो चलाउने परिकल्पना गरे। रेडियो सगरमाथा यो परिकल्पना साकार पार्ने दिशातिर पहिलो प्रयास हो।

*प्रसारण इजाजतको लागि लामो संघर्ष*

रेडियो सगरमाथाले प्रसारण गर्ने इजाजत लिनका लागि जुन संघर्ष गर्नुपर्‍यो त्यो लामो र कठिन थियो। यो अभियानमा लाग्ने मुख्य संस्था नेपाल वातावरण पत्रकार समूह (नेवापस) थियो र पछि नयाँ प्रजातन्त्रलाई सफल पार्न देशको संचार प्रणालीमा नयाँनयाँ काम गर्न समर्पित अरु संस्थाहरू सामेल भए। उनीहरूको रणनीति स्थानीय एफएम रेडियो थियो भने रेडियो सगरमाथा उनीहरूको लक्ष बन्यो।

अस्थिर राजनीतिक वातावरण, नयाँ कुरा आँट्ननसक्ने राजनीतिक नेताहरू, परिवर्तन नरुचाउने र रेडियो नेपालको एकाधिकारयुक्त उपस्थितिलाई बदल्न नखोज्ने कर्मचारीतन्त्र यसका मुख्य बाधक थिए। यो संघर्षमा राष्ट्रिय महत्वका व्यक्तिहरू, व्यावसायिक संगठनहरू, गैरसरकारी संस्थाहरू, सरकारी अखबारलगायत छापामाध्यमहरू, विदेशी दूताबासहरू, र संयुक्त राष्ट्रसंघीय निकायहरू पनि उत्रे। यो संघर्षका अवधिमा चार वटा सरकार फेरिए। हरेक पटक सरकार फेरिँदा समर्थकहरू तयार पार्ने (लबिइङ) र मनाउने काम फेरि थाल्नुपर्थ्यो।

१९९३ मा दक्षिण एशियामा सामुदायिक प्रसारणको विषयमा काठमाडौंमा अन्तर्राष्ट्रिय गोष्ठी भयो। तत्कालीन संचार मन्त्री गोष्ठीका प्रमुख अतिथि थिए। उनी सकारात्मक रूपले प्रभावित भए, र नेवापससँग यससंबंधी ऐन कानून र नियमावलीबारे छलफल गर्न तत्पर भए। त्यसैताका सरकार ढल्यो र उनीपछि आउने मन्त्री त्यति सकारात्मक थिएनन्।

यससंबन्धमा स्थिति स्पष्ट पार्दै र स्थानीय समुदाय र विदेशी नियोगहरूलाई अनुरोध गर्दै नेवापसले एउटा खुलापत्र लेख्यो। यो रणनीतिले काम गर्‍यो। तर मन्त्रीले सकारात्मक भएर काम गर्न नभ्याउँदै फेरि सरकार ढल्यो।

एकातिर इजाजतको लागि संघर्ष अगाडि बढदै गयो भने अर्कोतिर रेडियो स्टेसन स्थापना गर्ने तयारी पनि भइरहेको थियो। नेवापसका स्रोतसाधनहरू, र रेडियो कार्यक्रम बनाउने अनुभवलाई उपयोग गर्दै तथा युनेस्को र अरु संस्थाहरूको आर्थिक सहयोगबाट तालिम र यन्त्रउपकरण जम्मा गर्ने काम भयो। १९९६ को आखिरीतिर रेडियो स्टेसनका लागि मजबूत आधार तयार भयो। लाइसेन्समात्रै थिएन। यसको पक्षमा ऐन कानून भएता पनि इजाजत पाइएको थिएन।

१९९७ को सुरुतिर यो संघर्ष अन्तर्राष्ट्रिय मिडियामा पुर्‍याइयो। स्टेसनसँग तालिम पाएका कर्मचारी थिए, यन्त्रउपकरणहरू पनि थिए। तर, पाँच वर्षको संघर्ष र नियम कानून पालन गर्दै इजाजत पाउन

प्रतीक्षा गर्दा पनि लाइसेन्स पाइएन । यसका प्रमुख व्यक्तिहरू एक वर्ष जेल र थुप्रै जरिवानाको खतरा झेल्न तयार हुँदै विना इजाजत प्रसारण गर्न तम्सिए ।

१९९७ को अप्रैलको सुरुमा नेवापसले आफनो यन्त्रउपकरणको परीक्षण गर्ने निहुँले अस्थायी इजाजत पाउन अनुरोध गऱ्यो । उनीहरूले यसको मौन जवाफ पाए । जेहोस्, कानूनी परामर्शअनुसार चल्दै नेवापसले पाँच दिने परीक्षण प्रसारण थाल्ने निधो गऱ्यो । कसले प्रसारण गऱ्यो भनेर सरकार अलमलियो । तेस्रो दिन रेडियो सगरमाथाका कार्यक्रम निर्देशकले विचारपूवर्क संबन्धित अधिकृतलाई आफैले नभनेसम्म सरकारलाई थाहै भएन । केही घण्टा नबित्दै कसको इजाजत लिएर प्रसारण गरेको भनी संचार मन्त्रालयको चिठी आयो । सो प्रसारण गैरकानूनी हो भनी उल्लेख गर्दै सरकारले कडा कार्वाही गर्ने चेतावनी दियो ।

यी घटनाहरूको समाचार बन्यो । स्थानीय र अन्तर्राष्ट्रिय मिडियाहरूले यो भिडन्तको समाचार प्रचार गरे । दुइटै सरकारी अखबारहरूले समेत आफ्नो मुखपृष्ठमा सहानुभूतिपूर्ण समाचार छापे । कानून व्यवसायीहरूले सहयोगस्वरूप निशुल्क सेवा दिएपछि नेवापसले अदालत गुहार्ने तयारी गरयो ।

विवादास्पद परीक्षण प्रसारणको क्रममा स्टेसनले इजाजत पाए पनि नपाए पनि २० मई १९९७ को दिन शांतिका दूत भगवान बुद्धको जन्मदिनदेखि नियमित र सम्पूर्ण प्रसारण थाल्ने घोषणा गऱ्यो । यदि सरकारले स्टेसनको विरोधमा कानूनी कार्वाही गऱ्यो भने आगामी स्थानीय निर्वाचनमा सरकारको विरुद्ध मिडियाको सहयोग लिइने छ भनेर सरकारलाई सूचित गरियो ।

तीन दिनपछि, निवेदन दिएको साढे चार वर्षपछि अन्ततः लाइसेन्स पाइयो । लाइसेन्स हस्तान्तरण गर्दै सरकारी कर्मचारीले भने "तपाईंहरूले लडाइँ जित्नुभयो ।" यसको जवाफमा रेडियो सगरमाथाका कार्यक्रम निर्देशकले भने, "ढिलै भए पनि तपाईहरूले कानूनको पालना गर्नुभयो ।"

त्यति लामो समयपछि आएको लाइसेन्स १४ वटा शर्तहरू र बन्देजहरू गाँसिएर आएका थिए, जसमा यी कुराहरू समावेश थिए : व्यापारिक कार्यक्रम प्रसारण गर्न पाइने छैन, राजनीतिक टिप्पणी वा राजनीतिक घटनाको समाचार प्रसार गर्न पाइने छैन, दिनको दुई घण्टामात्रै प्रसारण गर्नपाइने छ, हरेक हप्ता मन्त्रालयमा साप्ताहिक प्रतिवेदन बुझाउनु पर्ने छ । यति हुँदाहुँदै पनि रेडियो सगरमाथाले वाचा गरेअनुसार २२ मई १९९७ देखि प्रसारण सुरु गऱ्यो, दक्षिण एशियाकै पहिलो स्वतन्त्र रेडियो ।

*संस्थागत स्थापना*

रेडियो सगरमाथालाई हाँक्ने शक्ति नेपाल वातावरण पत्रकार समूह हो । यसले वातावरण, विकास र मानवअधिकारका विषयमा विभिन्न मिडियामार्फत काम गर्छ । सन् असीको दसकको अन्त्यतिर नेवापसले वातावरण र विकास विषयमा साप्ताहिक रेडियो कार्यक्रम तयार पारेर रेडियो नेपालमार्फत प्रसारण गर्न थालेको थियो । १९९० को दशकको सुरुतिर यो नयाँ ठाउँमा सर्दा रेडियो स्टुडियोको लागि ठाउँ राखिएको थियो । तर, यन्त्र उपकरण झण्डै केही पनि थिएन । कार्यक्रम उत्पादन गर्ने धेरैजसो काम रेडियो नेपालकै स्टुडियोमा गरिन्थ्यो ।

सन् १९९३ मा दक्षिण एशियामा सामुदायिक रेडियो विषयमा अन्तर्राष्ट्रिय गोष्ठी काठमाडौंमा भएपछि युनेस्को मिसनले नेपालमा नेवापस र त्यसैसँग मिल्दोजुल्दो संस्थाका पत्रकारहरूलाई रेडियो कार्यक्रम उत्पादनसंबंधी एक हप्ते आधारभूत सीप सिकाउने तालिम दियो । साह्रै थोरै उपकरणहरूबाट तालिम चलाइएता पनि यो तालिम सीप सिकाउन र रेडियो स्टेसनको धारणा बुझाउन र बढाउन सफल भयो ।

अन्तर्राष्ट्रिय गोष्ठी र युनेस्को मिसन दुबैले अरु संचारसंबंधी संस्थाहरूलाई पनि तानेर तथा रेडियोको लागि अघिल्लो वर्ष दिइएको निवेदनमा संलग्न प्रस्तावनाभन्दा धेरै बेलीबिस्तारपूर्वकको प्रस्तावना तयार पारेर रेडियो परियोजनाका लागि स्थानीय र अन्तर्राष्ट्रिय समर्थनलाई मजबूत बनायो ।

रेडियो सगरमाथाको लागि १९९४ मा यन्त्रउपकरण आउन थाल्यो । पहिलो पटक नेवापस आफ्नै स्टुडियोमा कार्यक्रम उत्पादन गर्न समर्थ भयो । लाइसेन्स नभए पनि रेडियो सगरमाथाले कार्यक्रम उत्पादन गर्दै गयो । १९९७ को सुरुमा प्रसारण उपकरण आइपुगेपछि स्टेसनले आफ्नो गतिविधि प्राविधिक रूपले बढी उपयुक्त र एकान्त ठाउँमा एक जना प्रमुख कार्यकर्ताको घरमा सा-यो ।

*इजाजत पाएपछि सरकारसँग सम्बन्ध*

इजाजत प्राप्त गर्न अनेकौं दुःखकष्ट भए पनि त्यसपछिको औपचारिक सम्बन्ध अहस्तक्षेपकारी र उत्पादनशील रहेको छ ।

१९९८ तिर संचार मन्त्री सामुदायिक रेडियोप्रति संवेदनशील भए, र टुंगो लाउन बाकी रहेका निवेदनहरू सदर भए । रेडियो सगरमाथाको कार्यक्रम अवधि दिनको १३ घण्टा पु-याइयो, त्यसपछि २४ घंटा । यसले व्यापारिक विज्ञापन पनि प्रसार गर्न पाउने भयो । बीबीसीको नेपाली सेवा र अंग्रेजीको अन्तर्राष्ट्रिय सेवा पुनः प्रसारण गर्न पायो । साथै देशको कुनै पनि भागबाट घुम्ती स्टेसनमार्फत ( मोबाइल) प्रसारण गर्न पाउने इजाजत पायो ।

*तालिम र नयाँ नियुक्ति*

तालिम र नयाँ नियुक्तिलाई एकीकृत गरिएको छ । कुन अर्थमा भने नयाँ कर्मचारी छान्दा तालिम अवधिमा गरेको काम र फेलोसिपको आधार लिइन्छ । अहिलेका धेरैजसो कर्मचारीहरू पत्रकारिताको पृष्ठभूमिबाट आएका छन् । १९९३ मा युनेस्कोको सहयोगमा भएको तालिमपछि १९९४ र १९९५ मा थप तालिम र फेलोसीपहरूको आयोजना गरियो । यी काम पूरा गर्न नेवापस र नेपाल प्रेस इन्स्टिच्युटले युनेस्को, पानस (लण्डन), डानिकम, र वर्ल्डभ्यु इन्टरनेसनल फाउण्डेसनसँग मिलेर काम गरे । फेलोसिपले प्रशिक्षार्थीहरूलाई कुनै खास विषयमा रेडियो कार्यक्रम उत्पादन गर्ने अवसर दियो । यसरी, तालिम/फेलोसिप, कार्यक्रम उत्पादन र कर्मचारी चयनमा एकीकृत योजनाबाट काम गरियो ।

ओडिए (बेलायत) र डचेवेले (जर्मनी) को सहयोगमा सन् १९९६ र १९९७ मा थप तालिमहरू भए । ओडिएलाई सामुदायिक वनको विषयमा कार्यक्रम चाहिन्थ्यो । रेडियो र सहयोगदाताबीचको साझेदारी कार्यक्रमअन्तर्गत अन्तर्वार्ता लिने सीप, कुनै विषयमा आधारित रेडियो कार्यक्रम उत्पादन, कार्यक्रम संकलन र निर्माण विषयहरू थिए । डचेवेलेले रेडियो सगरमाथा र अरु एफएम स्टेसनका कम अनुभवी कर्मचारीहरूलाई आधारभूत रेडियो कार्यक्रम उत्पादनका विषयमा तालिम दिन सघायो ।

अक्टोवर १९९७ मा नेपालमा कार्यरत डेनिस पत्रकारहरूको सहयोगबाट रेडियो सगरमाथाका कर्मचारीहरूका लागि सानो समूहमा, सघन, काममै तालिम (अन द जब) को आयोजना गरिएको थियो । तीन हप्ते यो तालिमले प्रशिक्षार्थीहरूमा व्यावहारिक रूपमा सबै कुरा गर्ने सीपलाई तिखा-यो । अघिल्ला तालिमहरूभन्दा यो तालिम व्यक्ति केन्द्रित थियो र यसमा बोलेर वा निर्देशन दिएर, काम गर्न दिएर र अरुको कामको समीक्षा गरेर सिकाउने विधि अपनाइएको थियो ।

छ महिनापछि यस्तै अर्को तर धेरै महिलाहरू सामेल गरिएको तालिम दश जना नवनियुक्त कर्मचारीहरूका लागि संचालन गरिएको थियो । यसका साथै अर्को समूह, पानस फेलोसिप समूहलाई एचआईभी/एडसबारे कार्यक्रम बनाउन तालिम दिइएको थियो ।

अर्को सहयोग रेडियो नेदरल्याण्डबाट आयो । त्यसले १९९८ मा एक जनालाई हल्याण्ड स्थित उनीहरूको तालिम केन्द्रमा चार महिना बसेर सिक्ने फेलोसिप उपलब्ध गरायो । क्यानाडाको गैरसरकारी संस्था सेन्टर फर इन्टरनेसनल स्टडिज एण्ड कोअपरेसनले एकजना सल्लाहकार पठाएर सहयोग गऱ्यो ।

*भविष्यका तालिम र नियुक्ति*

स्टेसनले स्वयंसेवकहरूका लागि व्यवस्थित तालिम लागू गर्न बाकी नै छ । तर, १९९९ को लागि बनाएको योजनामा यसलाई प्राथमिकता क्रममा राखेको छ । डचेवेलेले इन-हाउस र अन-द-जब तालिम दिन सघाउने वचन दिएको छ । बाहिरी सहयोग पाए पनि नपाए पनि स्थानीय आवश्यकताअनुसारका तालिमहरू नियमित रूपले चलिरहने छन् । रेडियो सगरमाथालाई नेपाल र यस क्षेत्रका अरु मुलुकहरूको लागि तालिम स्रोत केन्द्रको रूपमा विकसित गर्ने यसको घोषित उद्देश्य नै छ ।

*सांगठनिक संरचना*

रेडियो स्टेसन चार वटा नेपाली गैरसरकारी संस्थाहरू – नेवापस, हिमाल एसोसिएसन, वर्ल्डभ्यु नेपाल र नेपाल प्रेस इन्स्टिच्युट, – को औपचारिक साझेदारी भए पनि रेडियो सगरमाथाको सांगठनिक छाता नेवापस हो । स्टेसनको नेतृत्व नेवापसले विधिवत नियुक्त गरेको सात सदस्यीय स्वशासित बोर्ड आफ डाइरेक्टर्सले गर्छ । बोर्डमा चारै वटा साझेदार गैरसरकारी संस्थाहरूको प्रतिनिधित्व हुन्छ । कार्यक्रम तथा गतिविधिहरूको समीक्षा गर्न, योजना बनाउन, नीति निर्धारण गर्न र स्टेसनलाई सामान्य निर्देशन दिन हरेक महिना बोर्डको बैठक बस्छ ।

स्टेसन म्यानेजर / कार्यक्रम निर्देशक रेडियो सगरमाथाको प्रमुख हुन्छ । ऊ सदस्य/ सचिवको हैसियतले बोर्ड अफ डाइरेक्टर्समा हुन्छ । ऊ दैनिक कार्य सम्पादनको लागि उत्तरदायी हुन्छ ।

*कर्मचारी*

रेडियो सगरमाथामा दरबन्दी यस प्रकार छ : स्टेसन म्यानेजर/कार्यक्रम निर्देशक; ६ जना पूर्णकालिक कार्यक्रम निर्माता; २ जना प्राविधक; म्युजिक लाइब्रेरियन; इन्जिनियर (काम परेको बेलामा आउने); लेखापाल; र एक जना स्टेसन सहायक । यसबाहेक २६ जना स्वयंसेवकहरू छन् जो कार्यक्रम प्रसारण, उत्पादन र संचालनमा निकै महत्वपूर्ण छन् । तिनीहरूमध्ये केहीलाई केही खर्च मिनाहा वा अलिकति पारिश्रमिक दिइन्छ ।

*महिलाहरूको सहभागिता*

रेडियो सगरमाथाको अनौपचारिक नीति संस्थाभित्र महिलाहरूको क्षमता र आत्मविश्वास बढाउनु, महिलाहरूलाई अवसर प्रदान गर्नु, र प्रसारणको माध्यमले महिलाहरूको भूमिकाबारे सोचाइ बदल्न प्रभावकारी काम गर्नु हो ।  तर, यो नीतिको बाबजुद नेपालको सांस्कृतिक पूर्वाग्रहले गर्दा महिलाहरूको

सहगागिता कम छ, तै पनि हाल केही सुधारिएको छ। कार्यक्रम उत्पादन गर्ने कर्मचारीहरूमध्ये पाँच भागको एक भाग र स्वयंसेवकहरूमध्ये महिलाको संख्या एक तिहाइ छ।

*श्रोताहरू*

धेरैजसो श्रोताहरूले चिठी पठाएर, फोन गरेर र स्टुडियोमै आएर प्रतिक्रिया विचार व्यक्त गर्ने गर्छन्। यसबाट श्रोताहरूको केही स्वभाव/ प्रकृति वा चित्र थाहा पाउनसकिन्छ। श्रोताहरूमध्ये नीति निर्माण वा निर्णय तहका शिक्षिकहरू साथै सामान्य पसलेहरू पनि छन्। श्रोताहरू काठमाडौं उपत्यकाभित्रका गाउँमा मात्रै होइन राजधानीको शहरिया परिवारहरूमा पनि छन्। उमेर र सोचाइको हिसाबले के देखिन्छ भने अधिकांश श्रोताहरूको उमेर २५ वर्षभन्दा माथि छ र उच्च शिक्षा हासिल गरेका सार्वजनिक चासोका विषयमा रुचि भएका वा स्थानीय संगीत र संस्कृति रुचाउनेहरू छन्।

रेडियो सगरमाथाका केही कार्यक्रमहरू खास श्रोतावर्ग जस्तै बालबालिका तथा आमाबाबु, तामाङ समुदाय र घरेलु कामकाजी महिलाहरूलाई लक्षित गरिएका छन्। तर रेडियो सगरमाथाको बारेमा एउटा धारणा के बनिसकेको छ भने यो गंभीर र महत्वपूर्ण कुरा प्रसारण गर्ने रेडियो हो र यसका सबै कार्यक्रम पूर्णतया नेपाली र जनहितमा हुन्छन् अर्थात् यो चिन्तन मनन गर्नेहरूको रेडियो हो।

*समुदायको पहुँच र सहगागिता*

संसारका अरु भागमा भएका सामुदायिक रेडियोको तुलनामा रेडियो सगरमाथामा समुदायको सहभागिता सीमित छ। कार्यक्रम उत्पादनका मुख्य आधारहरू तलबी पत्रकारहरू हुन्। कार्यक्रमहरू निश्चित रूपमा योजना, संगठन र निर्देशन गरी तयार पारिन्छन्। रेडियो सगरमाथाले धेरै कुरामा आफूलाई सामुदायिकभन्दा जनसेवी प्रसारक; तथा खुला सामुदायिक सहभागिताको संवाहकको विपरीत जिम्मेवार सार्वजनिक प्रवक्ता एवं सहजकर्ताको रूपमा हेर्छ।

जे भए पनि, रेडियो सगरमाथाका कार्यक्रमहरूमार्फत सैकडौं होइन हजारौं मानिसहरूले सार्वजनिक मंचमा आफ्नो आवाज र विचार पुऱ्याइसकेका छन्। दिनदिनै यो स्टेसनले आफ्ना श्रोताहरूलाई सडकमा र आमजनताको दैनिक जीवनसंग सरोकार राख्ने सार्वजनिक स्थलहरूमा पुऱ्याउने गर्छ।

दैनिक प्रसारण गरिने सार्वजनिक विषयको पत्रिका कार्यक्रममा पनि आमजनता सहभागी हुने दुईवटा अवसर छन् : पहिलो, श्रोताहरूले फोनबाट व्यक्त गरेका विचारहरू आन्सरिङ मिसिनमा रेकर्ड गरिन्छ र टिप्पणीको रूपमा पत्रिका कार्यक्रममा सुनाइन्छ। अर्को, भक्स पप कार्यक्रममा कार्यक्रम उत्पादकहरूले बाटोमा हिँडिरहेका मानिसहरूसँग कुनै खास विषयमा कुरा गरेर उनीहरूको विचार रेकर्ड गर्छन् र पत्रिका कार्यक्रममा सुनाउँछन्।

“अब मेरो पालो” कार्यक्रममा समुदायका विभिन्न क्षेत्रका मानिसहरूले उनीहरूले चाहेको विषयमा विचार पोख्छन्। यो कार्यक्रम पहिले नै रेकर्ड गरिन्छ र सम्पादन नगरी प्रसार गरिन्छ। अहिले सम्म यो कार्यक्रममा विभिन्न पृष्ठभूमि भएका र विभिन्न व्यवसायका मानिसहरूले यसमा भाग लिइसकेका छन्।

टेलिफोन लाइनलाई स्टुडियोसँग जोडने हाइब्रिड प्रणालीको अभावले गर्दा अन्तर्क्रियात्मक फोन-इन कार्यक्रम चलाउन ढिला भएका छ। रेडियो सगरमाथाले १९९९ मै यो कार्यक्रम सुरु गर्ने अपेक्षा गरेको थियो।

स्थानीय समूहहरूसँग मिलेर कार्यक्रम सहउत्पादन गर्ने काममा समुदायको पहुँच हुन्छ । रेडियो सगरमाथाको प्राविधिक तथा उत्पादन सहयोग लिएर समुदायभित्रका समूहहरू तथा स्थानीय गैरसरकारी संस्थाहरूले साप्ताहिक/मासिक कार्यक्रम तयार पार्छन् । कार्यक्रमको यो एउटा महत्वपूर्ण स्रोत हो । साथै यसले समुदायका विभिन्न हिस्साहरूसँग सम्बन्ध पनि बढाउँछ ।

*प्राविधिक पक्ष*

चारैतिर पहाडले घेरिएको, झण्डै समतल परेको लगभग २५ किलोमिटर लामो र ३० किलोमिटर चौडाइमा फैलिएको काठमाडौं उपत्यका एफएम प्रसारणका लागि नमुनाको ठाउँ हो । ऐतिहासिक, आर्थिक र राजनीतिक राजधानी तथा देशको केन्द्र भएको यो उपत्यकामा १५ देखि २० लाख मानिसहरू बस्छन् ।

१९९७ अप्रैलमा परीक्षण प्रसारण गरिँदा यहीं बनेको एन्टेना प्रयोग गरिएको थियो । एक महिनापछि औपचारिक प्रसारण थाल्नुभन्दा पहिले गरिएको यो प्रसारण होँचो ठाउँबाट गरिएको थियो । रेडियो राम्ररी सुनिने गराउन अर्थात् राम्रो रिसेप्सनका लागि स्टेसनले १९९९ को नवेम्बरमा अलि अग्लो ठाउँ खोज्न थाल्यो । धेरै परीक्षणहरूपछि छानिएको अग्लो ढिस्कोको छेउमा रहेको अहिलेको ठाउँबाट काठमाडौं शहर पूरै देखिन्छ र झण्डै पूरै उपत्यका यहाँबाट दृश्यरेखामा (लाइन अफ साइट) पर्छ । यहाँ एउटा घर बहालमा लिएर स्टुडियो बनाइएको छ । घरको छानामै एन्टेना राखिएको छ ।

औपचारिक रूपले प्रसारण थालेदेखि स्टेसनले दैनिक कार्यक्रम प्रसार गरिरहेको छ । १९९८ को सुरुमा ५०० वाटको एलार्ड मोडेलको ट्रान्समिटर नजलेसम्म यसको कार्यक्रम ठाउँ सार्ने क्रममा पनि रोकिएन । युनेस्कोमार्फत चीनमा बनेको २० वाटको ट्रान्समिटर र  फिलिपिन्सको ताम्बुली परियोजनाबाट १०० वाटको एम्प्लिफायर नआइपुगेसम्म, ४० दिन, यो स्टेसन बन्द भएको थियो ।

सानातिना उपकरण र टयुनर/डिकोडरसहितको स्याटेलाइट डिसलाई छाडेर रेडियो सगरमाथामा भएका सबै मुख्य यन्त्रउपकरणहरू सुरुमा जे थिए अहिले पनि त्यही नै छन् । प्रसारण स्टुडियोको स्तर बढाउनु र डिजिटल उपकरणयुक्त उत्पादन सुविधा/संरचना स्थापना गर्नु अबको प्राथमिकता हो ।

*कार्यक्रम निर्माण तथा प्रसारण समय निर्धारण (प्रोग्रामिङ)*

सुरुदेखि रेडियो सगरमाथाले श्रोताहरूका लागि विविध विषय र मनोरंजन, सामाजिक विषयमा छलफल र संगीत, साथै नेपालको रेडियो माध्यममा पहिले नसुनिएका स्वर र विचारहरूको विविधता पस्कने काम गरिरहेको छ ।

सुरुमा इजाजत दिँदा रेडियो सगरमाथालाई दुई घण्टाको लागि प्रसारण गर्न दिइएको थियो । यसको लागि विहान ७ देखि ९ बजेको समय यसले रोज्यो । दुई घण्टाको नेपाली संगीत, दुर्लभ लोक गीतहरूको संकलनदेखि समसामयिक लोकप्रिय गीत, संगीत तथा बीचबीचमा छोटा सन्देशहरू र स्टेसनका सूचनाहरू प्रसार गर्दै उपत्यकाका श्रोताहरूमाझ यसले आफूलाई परिचित गरायो ।

**जनचासो** : मिडियालाई बढी जनउत्तरदायी र बढी बहुलबादी समाज सिर्जना गर्ने रेडियो सगरमाथाको लक्षअनुसार जन सरोकारका विषयहरूको प्रसारण यसको आत्मा हो । फेलोसिपहरू दिएर यसले सुरुमा वातावरणीय अवस्था, देशका विभिन्न क्षेत्रका सांस्कृतिक तथा सामाजिक पक्ष, एचआईभी/एडस, सामुदायिक वन, खानेपानी, नेपालमा प्रजातन्त्र आदि विषयमा कार्यक्रमहरूको श्रृंखला तयार पार्‍यो ।

१९९७ को शरददेखि रेडियो सगरमाथाले हाम्रो खाल्डो शीर्षक दैनिक रेडियो म्यागजिन कार्यक्रम चलाइरहेको छ । यसले विभिन्न ताजा विषयहरू समेट्छ र समाजको विस्तृत क्षेत्रबाट विभिन्न समुदाय र वर्गका मानिसहरूको आवाज सुनाउँछ । यसले समेटेका केही विषयहरू यस प्रकार छन् : टेक्सी ड्राइभरहरूले मिटरमा गर्ने गडबडी; चोर र पाकेटमार; वेश्यावृत्ति; एडस, कुष्ठरोग, क्षयरोग; उपत्यकामा बढदो वायु तथा जल प्रदूषण; बालश्रम; गर्भपतन; तथा बदलिँदो लैंगिक भूमिका ।

यसका साथै साप्ताहिक डबली कार्यक्रममा सामाजिक, सांस्कृतिक तथा विकासका विषयमा छलफल चलाइन्छ । आमसंचार माध्यम तथा सार्वजनिक भेटघाट, कुराकानी र छलफल गर्ने परम्परागत नेपाली माध्यम र स्थानको मेल डबली अहिले रेडियोको आधुनिक माध्यम बनेको छ ।

हालसालै रेडियो सगरमाथाले सफा रेडियो (वातावरण अभियान)कार्यक्रम थालेको छ । सातामा पाँच दिन यसले शहरका विभिन्न भागको वायू प्रदूषण परीक्षणको नतिजा प्रसार गर्छ । हप्तामा एक दिन सबै नतिजालाई केलाएर छलफल कार्यक्रम प्रसार गरिन्छ ।

**संगीत र संस्कृति** : पप संगीत बजाउने व्यापारिक रेडियोको रेडियो सगरमाथाले स्पष्ट विकल्प उपलब्ध गराउँछ । यसले झण्डै पूर्ण मात्रामा नेपाली परम्परागत, लोक तथा आधुनिक संगीत तथा बाहिरबाट ल्याइएका केही मौलिक संगीतहरू प्रसार गर्छ । यसले संगीतमा मात्र समर्पित एउटा दैनिक र चारवटा साप्ताहिक कार्यक्रम प्रस्तुत गर्छ । तामाङ समुदायको एउटा समूहले पनि तामाङ संगीत सहित दुबै भाषामा कार्यक्रम सहउत्पादन गर्छ ।

स्टेसनसँग संगीतहरूको रहरलाग्दो संग्रह छ, जसमा धेरै संख्यामा दुर्लभ रिकर्डहरू र आधिकारिक राष्ट्रिय, सांस्कृतिक तथा ऐतिहासिक महत्वका सामग्रीहरू छन् । यो संग्रह निःशुल्क प्राप्त भएको हो । आधाजति रेडियो नेपालको संकलनबाट कपी गरेर ल्याइएका हुन् । बाकी आधाजति दाताहरूले दिएका हुन् ।

नेपालमा मौखिक लोक संचारको लामो परंपरा छ । ५० वर्षजति अघिसम्म समाचारको एउटा स्रोत कलाकारहरू थिए । उनीहरूले खास अवसर वा विषयका लागि विशेष रूपले रचिएका गीतहरूको माध्यमबाट कुनै घटनाको समाचार गाउँ बस्तीहरूमा फैलाउँथे, गाउँलेहरूको मनोरंजन गर्थे र उनीहरूलाई शिक्षित बनाउँथे । रेडियो सगरमाथाले यी परम्पराहरूलाई दैनिक श्रृंखलामार्फत उपयोग गऱ्यो । स्टेसनले गाउँबाट संगीत टोली बोलाएर उनीहरूको संगीत रेकर्ड गर्न थाल्यो । उनीहरूले समसामयिक विषयमा परम्परागत ढंगले रचना गरेर गाएका १० वटा गीतहरू रेकर्ड गराए । काठमाडौंमा उनीहरूले शहरको भयावह पक्ष, प्रदूषणको बारेमा एउटा नयाँ गीत रेकर्ड गराए ।

**सहउत्पादन** : विभिन्न हित/रुचिको लागि काम गर्ने स्थानीय समूहहरूले खास श्रोता समूहका लागि खास शीर्षकमा कार्यक्रम बनाउँछन् । कार्यक्रमको सम्पादकीय दायित्व सामान्यतया समुदायको समूहमाथि हुन्छ । रेडियो सगरमाथाले प्राविधिक सहयोग र प्रसारण समय उपलब्ध गराउँछ । रेडियोको प्रसारण तालिका पूरा गर्न सघाउनुका साथै यी कार्यक्रमहरू सामुदायिक सहभागिताको महत्वपूर्ण हिस्सा पनि हुन् ।

**बाल कार्यक्रम** : रेडियो सगरमाथाले युनिसेफद्वारा प्रायोजित १० मिनेटको शैक्षिक सोप अपेरा शैलीको श्रृंखला बनाउन लगाएर प्रसार गऱ्यो । यसमा रुख बाजे र सुगाको बच्चालाई पात्र बनाइएको थियो । उनीहरूले रुखमुनि खेल्न आउने केटाकेटीहरूसँग कुराकानी गर्छन् र उनीहरूका कुरा सुन्छन् । यो

कार्यक्रम सुप्रसिद्ध नेपाली हास्यव्यंग्य कलाकारहरूले बनाएका थिए । यो श्रृंखला केटाकेटी आफैले स्टुडियोभित्र बनाएको २० मिनेटको कथा, कविता र छलफल कार्यक्रमसँगै प्रसार गरिन्थ्यो ।

*मोबाइल रेडियो : सडकमा*

१९९८ मा रेडियो सगरमाथाले आफ्नो फ्रिक्वेन्सी एफएम १०२.४ प्रयोग गरेर नेपालको कुनै पनि भागबाट घुम्ती रेडियो प्रसारण गर्ने इजाजत पायो । यसको उद्देश्य रेडियो सगरमाथाको प्रसारण उपत्यका बाहिर फैलाउनु होइन, अपितु ग्रामीण तथा सानासाना समुदयहरूमा बस्ने ८० प्रतिशत नेपालीहरूमाझ स्थानीय रेडियो अवधारणा पुऱ्याउनु हो ।

१९९९ मा सानो स्टुडियो, ट्रान्समिटर र सहजकर्ताहरूको टोली सहितको गाडी गाउँले समुदायहरूमा पुगेर गाउँलेहरूले आफ्नै रेडियो स्टेसन संचालन गर्न रुचि लेउन भन्ने उद्देश्यले आधारभूत तालिम दिन र रेडियोबारे भ्रम हटाउन थाल्यो । रेडियो सगरमाथालाई हमेसा नेपालमा व्यापक समुदायमा आधारित रेडियो सेवा संचालन गर्न प्रारम्भ विन्दूको रूपमा हेरिने गरिएको छ । वास्तवमा यसको गति बढ्न थालिसकेको छ । काठमाडौं उपत्यकाबाहिर धेरै समुदायहरू आफ्नो रेडियो स्थापना गर्ने दिशामा अगाडि बढिसकेका छन् ।

*सहयोग र खर्च*

पूरै संरचना र सुविधा स्थापना गर्न, सुरुको संचालन खर्च, तालिम र फेलोसिपको खर्च अन्तर्राष्ट्रिय सहयोगबाट जुटेको थियो । युनेस्कोले झण्डै ६५ हजार अमेरिकी डलर उपलब्ध गराएको थियो । यो रकम मध्ये अधाजति यन्त्रउपकरणमा लागेको थियो । डानिडाले दोस्रो वर्षको संचालन खर्च उपलब्ध गरायो । साथै विभिन्न संस्थाहरूले कसैले फेलोसिप, कसैले तालिम आदि उपलब्ध गराएको कुरा माथि उल्लेख भइसकेको छ । आत्मनिर्भरता प्राथमिकता हो । प्रसारणको दुई वर्षपछि रेडियो सगरमाथा स्थानीय रूपमा आर्जित आम्दानीमा चल्न थालेको थियो । स्थानीय संस्थाहरूसँग साझेदारी गर्नु दिगोपनमा पुग्ने मुख्य रणनीति हो । तिनीहरूले कार्यक्रम प्रायोजकका रूपमा र सहउत्पादकका रूपमा सहयोग गर्छन् । हालै व्यापारिक विज्ञापन प्रसारणमा लागेको रोक हटाइएको हुनाले पनि आम्दानीको संभावना बढेको छ ।

१९९९ मा यसको मासिक संचालन खर्च २,७५० डलर थियो । यसमध्ये १,३०० डलर तलबमा जान्थ्यो । आम्दानी १,०७५ डलर अडकल गरिएको थियो जो मुख्य रूपमा सहउत्पादकहरू र प्रायोजकहरूबाट हुन्थ्यो । नपुग १,६७५ डलर डानिडाबाट संचालन अनुदानको रूपमा प्राप्त हुन्थ्यो ।

आधारभूत तालिम र प्रसारणको तयारीको बारेमा पूर्ण जानकारी पाउन कार्लोस ए. अर्नाल्डो र केल लिन्डरको इस्टयाब्लिस्मेन्ट अफ कम्युनिटी रेडियो (नेपाल, आईपीपीसी - ३२३ - एनईपी ०१ टेक्निकल रिपोर्ट), युनेस्को (पेरिस, १९९४) हेर्नुस् ।

"सगरमाथा माउण्ट एभरेस्टको पुरानो नेपाली नाम हो । यसको आलंकारिक अर्थ हो 'स्वर्गको शीर' । रेडियो सगरमाथा पनि यस्तै बन्न चाहन्छ – स्वास्थ्य, वातावरण, शिक्षा, सामाजिक कल्याण तथा समुदायको विकासका विषयमा रेडियो तरंगमार्फत विचार आदानप्रदान गरी सामुदायिक चिन्तनलाई फैलाउने बौद्धिक स्रोत ।"

*– कार्लोस ए. अर्नाल्डो*

# घानाको रेडियो आदा - डाङ्मेका जनताकालागि वरदान

*एलेक्स र विल्ना क्वार्मेन*

*परिचय र उत्पत्ति*

रेडियो आदा पूर्वी घानाको गाउँले सामुदायिक रेडियो हो । स्टेसनले १९९८ फेब्रुअरी १ देखि प्रसारण सुरु गरेको हो । यसले निरक्षर बहुल श्रोताहरूको माझमा भक्त समर्थकहरू पाएको छ ।

स्टेसनको प्रारम्भको सूत्र खोज्दै जाँदा सन् १९५० र ६० को दशकमा पुगिन्छ । त्यस बेला संस्थापकहरूले यस्तो प्रसारण सुरु गरेका थिए : लाइबेरियाको मोनरोभियामा स्थापित सानो रेडियो स्टेसन जो समुद्रले बगाएर लगेको थियो । अर्को फिलिपिन्समै सबैभन्दा पहिलो सामुदायिक रेडियो डीजेड्जेओ, जो अहिले पनि क्वेजोनको इन्फाना आधारबाट संचालन भइरहेको छ । १९८२ मा संस्थापकहरूमध्येका एक जना अफ्रिकामा पहिलो सामुदायिक रेडियो सुरु गर्न कारक बन्नपुगे । केनियाको लेक भिक्टोरियाको किनारामा खोलिएको अभिशप्त होमा बे स्टेसन स्वतन्त्र सूचना प्रणालीको वैरी महाद्वीपमा थालिएको एउटा दुस्साहसिक प्रयासको अनुभव थियो ।

वास्तवमा त्योभन्दा पहिले १९७४ मा घानामा सरकारी एकाधिकार भएको प्रसारण सुरु गरेर स्वतन्त्र सूचना प्रणालीप्रतिको वैरभावलाई मेटन् खोजिएको थियो । महत्वपूर्ण ओहोदामा बसेका सरकारी कर्मचारीहरूसँग भएको निजी कुराकानीबाट उत्साहित भएर रेडियो आदाका संस्थपकहरूले औपचारिक निवेदन दिए । त्यो निवेदन स्वीकृत भएको भए यो अफ्रिकाको पहिलो सामुदायिक रेडियो स्टेसनको रूपमा होमा बे स्टेसनभन्दा अगाडि हुने थियो । निवेदन अस्वीकृत भयो ।

*कानूनी सन्दर्भ*

यो घटना भएपछि घानामा स्वतन्त्र मिडिया सुरु हुन झण्डै दुई दशक लाग्यो । १९९२ मा संवैधानिक सरकारको पुनर्स्थापना भयो र योसँगै संचारमा नयाँ परिदृश्यको सम्भावना देखापर्‍यो । जनवरी १९९३ देखि लागू भएको नयाँ संविधानमा उल्लेख छ : “निजी प्रेस वा मिडियाको स्थापना गर्न कुनै बाधा अवरोध हुने छैन, खास गरी अखबार, पत्रिका वा आमसंचार वा सूचना केन्द्र स्थापना वा संचालन गर्नु अघि कसैलाई पनि इजाजत लिनुपर्ने कानूनको आवश्यकता हुने छैन ।”

तर १९९५ मा घाना फ्रिक्वेन्सी रजिस्ट्रेसन एण्ड कन्ट्रोल बोर्ड (जीएफआरसीबी) ले निजी प्रसारण स्टेसन संचालनका लागि निवेदन दिने निर्देशिका जारी गरेपछि मात्रै निजी प्रसारण स्थापना गर्ने प्रक्रिया सुरु भयो ।

*फ्रिक्वेन्सी बाँडफाँड*

रेडियो आदाको फ्रिक्वेन्सीको लागि यसको आधिकारिक संस्था घाना सामुदायिक प्रसारण सेवाले १७ मार्च १९९५ मा निवेदन दर्ता गरेको थियो । सो संस्था नाफा नकमाउने कम्पनीको रूपमा पहिले नै दर्ता भइसकेको थियो । तर रेडियो आदाको निवेदन १६ अप्रैल १९९६ मा मात्रै स्वीकृत भयो ।

यो ढिलाइको एउटा सकारात्मक काम के भयो भने यो बीचको समयमा प्रसारण कम्पनीहरूले फ्रिक्वेन्सी दिँदा लिइने शुल्कमा ठूलो कटौती गराए । सुरुमा यो शुल्क सबै स्टेसनका लागि १३,००० अमेरिकी डलर बराबर थियो । रेडियो आदाले सामुदायिक रेडियोको रूपमा यसको दसौँ भागमात्रै तिर्नु पर्‍यो । ३ मे १९९६ मा यसले ६ वर्षको लागि एफएम ९३.७ फ्रिक्वेन्सी पायो । पछि यो फ्रिक्वेन्सी फेरेर ९३.३ गरियो । यसको कारण पछि बताइने छ ।

*रेडियो आदा सुरु गर्दा विचार गरिएका प्रमुख कुराहरू*

जीएफआरसीबीलाई दिइएको रेडियो आदाको निवेदनमा दिइएका सूचनाहरूमा निम्नलिखित बुँदाहरूअनुसार स्टेसनको पहिचानका विशेषताहरू झल्काइएका थिए :

**उद्देश्य** :रेडियो आदाको विशेष पहिचान जनाउने प्रमुख कुराहरू यसको घोषित लक्षमा अन्तर्निहित छ । स्टेसनका स्वयंसेवकहरू र समुदायका अरु सदस्यहरूले व्यक्त गरेका उद्देश्यहरू तथा अपेक्षहरूबाट यसले मूर्तरूप लिएको हो । घोषित लक्षमा निम्नलिखित कुराहरू समावेश छन् :

- जीवनको हरेक क्षेत्रमा डाङ्मेकाका जनताका विकासका आकांक्षाहरू र उद्देश्यहरूलाई सघाउनु;
- हरेक विषय र सन्दर्भमा र हरेक तहमा आवाजविहीनहरूलाई आवाज दिनु;
- राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भमा डाङ्मे संस्कृतिको समृद्धिलाई  दिगो बनाउनु;
- यी सबैमा सुसूचित छलफल र सुविचारित कार्य गर्न प्रेरित, अभिवर्द्धन र सहयोग गर्नु ।

**प्रसारण क्षेत्र र लक्षित श्रोता** : रेडियो आदाको मुख्य श्रोताहरू डाङ्मे भाषा बोलिने घानाका चार वटा जिल्लामा बस्छन् । यी जिल्लाहरू राजधानी आक्रादेखि १०० किलोमिटरभित्र देशको पूर्वी भागमा छन् । यीमध्ये धेरै ठाउँमा पाइपको पानी, बिजुलीजस्ता आधारभूत पूर्वाधारहरूको कि त अभाव छ कि हालसालै यी पूर्वाधारहरू तयार भएका छन् । रेडियोले समेट्ने जनसंख्या ६० हजार अनुमान गरिन्छ र यीमध्ये ६० प्रतिशत निरक्षर छन् । गरिबी व्याप्त छ ।

**भाषा** : रेडियो आदा आफ्ना श्रोताहरूको भाषा, डाङ्मे भाषामा मात्र प्रसार गर्छ । डाङ्मे भाषाअन्तर्गत आदा, गुब्ला, क्लो, निन्गो र से पाँच वटा आपसमा बुझिने भाषाहरू पर्छन् । यी भाषा बोल्नेहरूबीच स्पष्ट रूपले भिन्न सांस्कृतिक विशेषताहरू छन् । तर तिनीहरूको भाषिक मेल तथा राष्ट्रिय बहसमा उनीहरू अहिलेसम्म भाषिक दृष्टिले पनि पाखा पर्ने कारणले गर्दा उनीहरूबीच एक खालको एकता बनेको छ । अहिले आएर शैक्षिक तथा धार्मिक संस्थाहरूले “स्तरीय डाङ्मे” अर्थात् विभिन्न भाषाहरूमा एकरूपता ल्याएर सबैले बुझ्नसक्ने भाषा बनाउने प्रयास गरिरहेका छन् । तर विभिन्न मौलिक तथा स्थानीय बासिन्दाको बोलिचालीको डाङ्मे भाषा प्रयोग गर्ने रेडियो आदाको नीति छ ।

**स्थान - आधार क्षेत्र** : रेडियो स्टेसन पूर्वी डाङ्मे जिल्लाको आदामा छ । सैद्धान्तिक हिसाबले, स्टेसन रेडियो प्रसारणले समेट्ने क्षेत्रभित्र कुनै पनि ठाउँमा हुनसक्थ्यो । तर संस्थापकहरूमध्ये एक जना आदाको स्थानीय बासिन्दाका छोरा थिए । यसको मतलब हो स्टेसन चलाउनका लागि स्थानीय समुदायको सहयोग र स्थानीय स्रोतसाधनको उपयोग गर्न सजिलो बनाउनका लागि चाहिने विश्वासको वातावरण बन्नु । भोल्टा नदीको पुच्छारतिर फैलिएको क्षेत्रमा एक अर्कोसँग जोडिएका दुइटा शहर छन् जसलाई ठूलो आदा र आदा फोह भनिन्छ । ती शहरका चारैतिर यस्ता गाउँहरू छन् जहाँ पुगेपछि बाटो टुंगिन्छ । यसले गर्दा स्थानीय बासिन्दाहरूलाई समुदायको गहिरो बन्धनको भावनाले बाँधेको छ । यो क्षेत्रका अधिकांस मानिसहरू खेतीपाती र माछा मार्ने व्यवसायमा छन् ।

**वास्तविक आकार** : वरिपरिको समुदाय सजिलोसँग आउन सकुन भन्ने उद्देश्यले स्टेसन भवनको ठाउँ रोजिएको थियो । यो भवन राष्ट्रिय राजमार्गको मुख्य सहायक मार्गमा ठूलो आदा र आदा फोह जोडिने ठाउँमा टाढैबाट देखिन्छ ।

**नाम** : रेडियो प्रसारणको नाम रेडियो आदा हो । यो स्टेसन आदाका निबासीहरूको लागि मात्रै नभएर डाङ्मे भाषा बोल्ने सबै समुदायहरूको लागि हो तापनि स्टेसन राखिएको ठाउँको नामबाट रेडियो प्रसारणको नाम राखिएको हो । यसैले यो रेडियोको नाम 'डाङ्मे रेडियो' राख्नुपर्ने सुझाव दिइएको छ । तर, यसको नाम रेडियो आदा नै कायम छ किनकि एकातिर यसले ठोस राष्ट्रिय विकासको लागि सबल सांस्कृतिक आधारलाई बलियो बनाउँछ भने अर्कोतिर यसले तर्कहीन अन्ध जातिवादको विरुद्धमा पनि काम गर्छ ।

**भवन** : रेडियो आदाको भवन यसको उद्देश्यसँग मिल्ने गरी डिजाइन गरी बनाइएको थियो । यसमा एउटा प्रसारण स्टुडियो कोठा, दुइटा कार्यक्रम उत्पादन स्टुडियो र सँगै नियन्त्रण कोठा, दुइटा कार्यालय कोठा र विभिन्न कामका लागि केही सानासाना कोठाहरू छन् । बनीबनाउ घर किनेर वा भाडामा लिएर त्यसलाई रेडियो स्टेसनको लागि अनुकूल बनाउनु भन्दा नयाँ घर बनाउनु खर्चको हिसाबले बेस हुने ठहर भएपछि यो भवन बनाउने निर्णय गरिएको थियो ।

यो भवनको डिजाइन बनाउँदा व्यावसायिक प्रसारण संचालनका तत्वहरूसँग सामुदायिक रेडियो स्टेसनका विशेष आवश्यकताहरू, खास गरी ग्रामीण जनताको सहज पहुँच र ग्रामीण क्षेत्रमा काम गर्ने वास्तविकतालाई मिलाउने प्रयास गरिएको छ । उदाहरणका लागि, प्रसारण स्टुडियोलाई गोप्य राख्नुको सट्टा बाटोबाटै देख्नसकिन्छ । स्टेसनमा आउने जोसुकैले पनि उद्घोषकलाई काम गरिरहेको देख्नसक्छ । बाटो हिँडनेले पनि उसलाई अभिवादन गर्न र भलाकुसारी गर्नसक्छ । यसको कोठाको सिलिङ स्थानीय निगालो वा नर्कट बुनेर बनाइएको मान्द्रो "सासा" ले छोपिएको छ । यसले स्टुडियोभित्र आवाज प्रतिध्वनित हुननदिन सन्तोषजनक काम गर्नुका साथै स्टुडियोलाई शीतलता र स्थानीयपन दिएको छ ।

**यन्त्रउपकरणको छनौट** : यो स्टेसनका लागि छानिएका यन्त्रउपकरणहरूले स्टेसनको दुई प्रकारको विशेषता झल्काउँछ : गाउँले समुदायमा आधारित तर व्यावसायिक रूपले पूर्ण प्रसारण सेवा । ती उपकरणहरू प्राविधिक दृष्टिले तिनको मूल्यअनुसार उत्कृष्ट रोजाइ हुन् । तिनको कार्यक्षमता उच्चस्तरको छ र कार्यक्रम उत्पादन गर्न सजिलो छ । तिनलाई चलाउँदा बिजुलीको खर्च धेरै हुँदैन र मरमत सम्भार धेरै गर्नु पनि पर्दैन ।

<u>ट्रान्समिटर :</u> लक्षित क्षेत्रमा प्रसारण पुऱ्याउन ३५० वाटको मिलार्ड ट्रान्समिटरले निक्कै राम्रो काम गरेको छ । तर, चाँडै नै यसलाई जगेडाको रूपमा राखिने छ । यसको बदलामा १ किलोवाटको ट्रान्समिटर जडान गरिने छ जसले स्टेसनले प्रसार गरेको रेडियो तरंग नजिकका शहरी क्षेत्रहरूमा पनि पुग्नेछ जहाँ डाङ्मे भाषा बोल्नेहरूको संख्या निक्कै छ । यसरी रेडियोको व्यापारिक संभाव्यता र क्षमता बढने छ ।

<u>एन्टेना टावर :</u> एन्टेना राखिएको टावर स्टेसन भवनको छेउमै छ । यो १५० फिट अग्लो छ । यसअघि बनेको १०० फिट अग्लो टावरले काम नदिएपछि त्यसलाई बिगारेर त्यसकै सामानबाट यो टावर बनाइएको हो । जहाजको पाल तान्ने व्यवसायीहरूले आफ्नो बचेको समयमा यसलाई खडा गरेका थिए ।

स्टुडियोको उपकरण : तीन वटामध्ये दुइटा स्टुडियो उपकरणहरूले पूरै भरिपूर्ण छन् । तेस्रो स्टुडियो पनि चाँडै नै पूरै उपकरणयुक्त हुने अपेक्षा गरिएको छ । प्रसारण गर्ने स्टुडियोका उपकरणमा प्रोफेसनल कम्प्याक्ट डिस्क प्लेयर, मिनी डिस्क र क्यासेट रेकर्डर/प्लेयर र १२ च्यानलको अडियो मिक्सर प्रत्येकको दुई सेट छन् । कार्यक्रम उत्पादन स्टुडियोमा पनि तिनै उपकरणहरू छन्, तर ती अर्द व्यावसायिक स्तरका (सेमी प्रोफेसनल) छन् । यी उपकरणहरूको मेल र कार्यकुशलता बिल्कुल सन्तोषजनक छन् ।

फिल्ड रिकर्डिङ उपकरण : रेडियो आदाले फिल्ड रिकर्डिङ उपकरणहरूलाई निक्कै महत्व दिन्छ किन कि यसले समुदायमा उत्पादन गरिएका कार्यक्रमहरूमाथि बढी जोड दिन्छ । हाल यो सँग चार वटा मिनी डिस्क रिकर्डर र दुइटा प्रोफेसनल र एउटा सेमी प्रोफेसनल अडियो क्यासेट रिकर्डर छन् । मिनी डिस्क रिकर्डरहरू धेरै हाइटेक भए भनेर सुरुमा विरोध भए पनि बोक्न सजिलो, रिकर्डिङको गुणस्तर राम्रो, चलाउन सजिलो, नझुक्किने, सम्पादन गर्ने सुविधा भएको, रिचार्ज गर्न मिल्ने बेट्री यसभित्रै हुने हुनाले अहिले कर्मचारीहरू यसैलाई रुचाउँछन् । मिनी डिस्क महँगो पर्ने हुनाले त्यसको उपयोग मास्टर वा मुख्य उपकरणको रूपमा गरिन्छ । धेरैजसो कार्यक्रमहरू अडियो क्यासेटमा डब गरिन्छ ।

**सहयोग** : दीर्घकालीन दिगोपनलाई ध्यानमा राखेर, सुरुमा यन्त्रउपकरणहरूको लागि मात्रै सहयोग माग्ने निर्णय गरियो । जग्गा र भवन संस्थापकहरूको सीमित स्रोतसाधनबाट जुटाइयो । भावनात्मक कारणले गर्दा रेडियो आदाले यन्त्रउपकरणका लागि युनेस्कोलाई गुहाऱ्यो, किनकि सामुदायिक रेडियोमा युनेस्कोलाई अगुवा मानिन्छ । युनेस्कोले पनि अनुरोध स्वीकार गऱ्यो । तर चाहिनेभन्दा आधा रकममात्रै दिनसक्यो । यन्त्रउपकरणको लागि नपुग रकम, एउटा स्टुडियोको लागिबाहेक, नेदरल्याण्डको स्टम भान अफ्रिका फाउण्डेसन र वर्ल्ड एसोसिएसन फर क्रिस्चियन कम्युनिकेसनले पुऱ्याइदियो ।

## *सामुदायिक रेडियो संचालन गर्न चाहिने प्रमुख कुराहरू*

सामुदायिक रेडियो संचालन गर्नका लागि चाहिने गाँठी कुराहरू यी हुन् :

**कार्यक्रम** : रेडियो आदाले विहान ५ बजेदेखि राती १० बजेसम्म, १७ घण्टा प्रसारण गर्छ । कार्यक्रमलाई मोटामोटी रूपमा निम्नलिखित श्रेणीमा बाँड्नसकिन्छ : समाचार र ताजा विषय, सामाजिक-आर्थिक विकास, स्थानीय संस्कृति तथा धार्मिक, युवा रुचि तथा अन्य सामान्य रुचिका विषय । प्रत्येक कार्यक्रमलाई विकासको संभावित औजारको रूपमा लिने स्टेसनको समग्र दृष्टिकोण नै कार्यक्रम निर्माण तथा प्रसारणको निर्देशक सिद्धान्त हो । समाचारका मुख्य कार्यक्रमहरूमा १५ मिनेटको दैनिक तीन वटा समाचार बुलेटिन र दैनिक ११० मिनेटको न्युज म्यागजिन कार्यक्रम पर्छन् । समाचार बुलेटिनहरूमा स्थानीय समाचार, खास गरी स्टेसनका स्वयंसेवक सम्वाददाताहरूले पठाएका समाचार दिन जोड दिइन्छ । हाट बजार लाग्ने दिनहरूमा १० मिनेटको बजार भाऊ र बजारको अवस्थाको रिपोर्ट प्रसार गरिन्छ ।

विशेष गरी विकासमूलक उद्देश्यले बनाइएका कार्यक्रमहरूमा आधाआधा घंटाको हप्तामा चार वटा कार्यक्रम चार प्रकारका पेसा गर्नेहरू, किसान (महिला तथा पुरुष), माछा मार्ने माझी, माछा व्यापारी ( जस्तै माछा बेच्नेहरू जो माछा सेक्ने/सुकाउने काम पनि गर्छन्) र ड्राइभरहरूका लागि बनाइने कार्यक्रमहरू पर्छन् । साथै, स्वास्थ्य, वातावरण, साक्षरता तथा विकासका कार्यक्रम पनि यसमा पर्छन् । यी सम्पूर्ण कार्यक्रमहरू फिल्डमै उत्पादन र रिकर्डिङ गरिन्छन् । तिनीहरू सहभागीहरूको चासो र हित/रुचिमा आधारित हुन्छन् । तिनमा चाखलाग्दा छलफलहरू, अन्तर्वार्ताहरू र काम गर्दा गाइने गीत वा अन्य संगीतहरू स्वतः पर्छन् ।

पेसागत साथै साक्षरता कार्यक्रमहरूमा “न्यारो कास्टिङ” को सिद्धान्त अपनाइन्छ र ती कार्यक्रमहरू सामान्य रुचिका कार्यक्रमहरूका बीचमा लक्षित समुदायका सबैभन्दा धेरै मानिसले रेडियो सुन्ने बेलामा बजाइन्छन् । अरु पनि पेसेवर कार्यक्रमहरू बनाइँदै छन् । उदाहरणका लागि, कालीगढ/कर्मी/हस्तकलाकर्मीहरू, व्यापारी, शिक्षकहरूको लागि कार्यक्रम बन्दैछ । रेडियो सुन्नसकिने क्षेत्रका सबै पेसाका मानिसहरूले आफ्ना लागि रेडियोमा केही न केही कार्यक्रम छ भन्ने अनुभूति गरुन् भन्ने यसको उद्देश्य हो । समाचार र विकासमूलक कार्यक्रमका साथै स्टेसनले अरु श्रेणीका आधाआधा घण्टाका झण्डै तीस वटा कार्यक्रम बनाउँछ । स्थानीय संस्कृतिको सम्बन्धमा बनाइने यसका कार्यक्रमहरूमा कथा सुनाउने, परम्परगत खानेकुराको परिकार, डाङ्मे भाषाको किताब पढेर सुनाउने, संस्कृतिका विविध पक्षमाथि छलफल, तथा स्थानीय समुदायहरूले स्टुडियोमा वा फिल्डमा रिकर्ड गरिएका परम्परागत गीत तथा संगीतको दैनिक आधा घण्टाको कार्यक्रम पर्छन् ।

वातावरणको बारेमा विकासमूलक एउटा कार्यक्रम यात्रा वर्णनको शैलीमा बनाइएको छ, जसमा कार्यक्रम उत्पादक हरेक हप्ता गाउँगाउँमा जान्छन् र त्यहाँ भएका उल्लेखनीय, रोचक कुराहरूको सजीव वर्णन गर्छन्, अनि यही मेसोमा वातावरणीय समस्यातिर औंल्याउँछन् । यसमा विषयवस्तुलाई रोचक तथा नपिर्ने किसिमले प्रस्तुत गरिए पनि भन्न खोजेको कुरा वा सन्देश मर्मस्थलमा पुग्छ र प्रभाव पार्छ । एक दिन एउटा गाउँमा पुग्दा कार्यक्रम निर्माताले हल्ला र हतारो देख्नुपऱ्यो । गाउँलेले उनलाई चिनेछन् । पाका मानिसहरूले आफ्ना घरका केटाकेटीलाई कुचो लिन दौडाए र बढार्न लगाए । यो घटना गाउँलेहरूले कार्यक्रम सुन्छन् भन्ने फुर्क्याउने प्रमाण हो तापनि स्टेसनको अन्तिम उद्देश्य कार्यक्रममार्फत दिगो सामुदायिक काममा सक्रिय बनाउनु हो । यसको लागि जनतासँग भएको ज्ञान र सूचना तथा स्थानीय तहमा त्यो ज्ञानको उपयोगका कुराहरूलाई आकर्षक र सान्दर्भिक ढंगले प्रस्तुत गर्नु आवश्यक हुन्छ ।

**कर्मचारी** : रेडियो आदामा ५० जना स्वयंसेवी कर्मचारी छन् । १४ जना पूर्णकालिक छन् । बीस जना कर्मचारी फिल्डमै बसेर काम गर्छन् । उनीहरू कार्यक्रमबारे सरसल्लाह र रिकर्ड गरिएका कार्यक्रम सम्पादन आदि काम गर्न सातामा एक पल्ट स्टेसनमा आउँछन् । कर्मचारीहरूको उमेर २० देखि ५० वर्षसम्म छ । उनीहरूमा किसान, शिक्षक, हजाम, डकर्मी, सरकारी कर्मचारी, व्यापारी, स्कुल छाडेका र विस्तारित कार्यक्रमका कार्यकर्ताहरू छन् । झण्डै एक तिहाइ कर्मचारी महिला छन् । आधाजति स्वयंसेवकहरू स्टेसनबाहिर पूर्णकालिक काम गर्छन् । बाकी कोही विभिन्न काममा लागेका छन् र कोही बेरोजगार छन् । स्रोत जुटेपछि मुख्यमुख्य कर्मचारीहरूको समूहलाई पारिश्रमिक दिने विचार गरिनेछ । स्टेसनका संस्थापकहरूले स्वयंसेवी/अवैतनिक रूपमा कार्यकारी निर्देशकको हैसियतले काम गर्छन् ।

कर्मचारीलाई तालिम : रेडियो आदासँग संलग्न हुनुअघि कुनै पनि कर्मचारीसँग प्रसारणसंबंधी अनुभव वा तालिम थिएन । नाइजेरियाको कादुनामा गएर पाँच जनाले रेडियो कार्यक्रम उत्पादनसंबंधी छोटो तालिम लिनुबाहेक अरु सबै कर्मचारीले रेडियो आदाले आयोजना गरेका तालिमहरूमार्फत सबै तालिम लिएका थिए । यसका दुइटा कारण थिए : पहिलो, परम्परागत तालिम कार्यक्रमहरूले विकासका सिद्धान्त र समुदायमा आधारित पद्धतिमाथि जोड दिँदैनन् । दोस्रो, परम्परागत तालिम लिनेहरूसँग यस्ता योग्यताहरू हुनुपर्छ जो सामुदायिक रेडियोका लागि काम लाग्दैन वा असान्दर्भिक हुन्छन् । रेडियो आदामा स्वयंसेवक भएर काम गर्ने मुख्य आधार सरल र निम्नलिखित छन् : समुदायप्रति संकल्प, स्वयंसेवक भएर काम गर्ने इच्छा, र डाङ्मे र अंग्रेजी बोल्नसक्ने । धेरैजसो प्रशिक्षकहरू डाङ्मे भाषा बोल्न नजान्ने हुनाले प्रशिक्षार्थीहरूले अंग्रेजी बोल्नसक्ने सर्त राखिएको हो ।

सबै औपचारिक तालिमहरू सहभागितात्मक कार्याशालाको श्रृंखलामार्फत् आयोजना गरिएका थिए । यसमा सहभागितात्मक अनुसन्धानका औजारहरू, आधारभूत कार्यक्रम उत्पादन, समाचार उत्पादन, तथा उद्घोषण सीपहरू समावेश थिए । रेडियो आदाका उद्देश्यहरूलाई समर्थन गर्ने प्रशिक्षकहरूबाट यसको विकासका सिद्धान्त र आवश्यक व्यावसायिक अवधारणाबाट कार्यशाला सुरु गरियो र उनीहरूले व्यावहारिक रूपले काम गर्दै सिकाउने विधि अपनाए । विभिन्न ढाँचामा आयोजना गरिने तालिमहरू स्टेसनको निरन्तर चल्ने र स्थायी गतिविधि हुन् ।

**व्यवस्थापन** : सात जना वरिष्ठ स्वयंसेवीहरूको समितिले स्टेसनको व्यवस्थापनको धेरैजसो काम गर्छ । यसले स्टेसनका सबै पक्षका नीतिहरू बनाउने, लागू गर्ने र अनुगमन गर्ने काम गर्नुका साथै स्टेसनको बैंक खाता पनि संचालन गर्छ । संयोजक (कोअर्डिनेटर) स्टेसनको मान्यताप्राप्त प्रमुख हो । तर उसले नियमित रूपले कार्यकारी निर्देशकसँग सल्लाह गरेर वा ऊमार्फत काम गर्छ । समितिले आपसमा तथा स्वयंसेवकहरूसँग परामर्श गरेर निर्णय गर्छ । हरेक महिनामा हुने मूल्यांकन कार्यशालामार्फत सामूहिक भावना र जोश जगाउने तथा आत्ममूल्यांकन गर्ने काम गरिन्छ । यस्ता कार्यशालाहरूमा संबंधित क्षेत्रका अस्थानीय समाचारदाताहरूलाई छाडेर अरु सबै स्वयंसेवकहरूले भाग लिन्छन् ।

**समुदायको सहयोग, पहुँच र सहभागिता** : रेडियो प्रसारणको इजाजत लिनुअघि लक्षित समुदायमा संबंधित परम्परागत नेताहरू र सरकारी कर्मचारीहरूसँग छलफल गरेर रेडियो आदा स्थापना गर्ने अनौपचारिक सहमति लिइएको थियो । यसले फ्रिक्वेन्सी पाएपछि पहिलो काम यसका लागि समुदायको समर्थन र सहयोग जुटाउने प्रक्रियालाई फराकिलो पार्नु थियो । स्टेसनको सबैभन्दा नजिकको क्षेत्रमा यो काम केन्द्रित गरियो जहाँबाट यसको लागि मुख्य स्रोतसाधन जुटाउनु थियो । यो प्रक्रियाभित्र स्वयंसेवकहरूको भर्ना र तालिम पनि थियो ।

जुलाई १९९६ मा यी स्वयंसेवकहरूले सामुदायिक सर्वेक्षण गरे । यसको उद्देश्य विकासमूलक, स्थानीय भाषाको स्टेसनको बारेमा जानकारी गराउनु र कार्यक्रम निर्माण तथा प्रसारणको संम्बन्धमा समुदायको विचार जान्नु थियो । यो सर्वेक्षणमा ४२ गाउँका १,२०० जना उत्तरदाताहरूले रेडियो स्टेसन राख्नेबारे भावुकताले भरिएको, झण्डै एउटै धारणा र समर्थन व्यक्त गरे । सामुदायिक बैठकहरूमा व्यक्त गरिएका रोचक टिप्पणीहरू यस्ता थिए :

"हो आदामा एफएमले मद्दत हुनेछ । हामीले रेडियोमा कुनै कुरा भइरहेका सुनेका छैनौं । कसैले रेडियोको विरोध गर्‍यो भने उसलाई जेलमा हाल्नुपर्छ । पहिले हामीले यो अवसर पाएनौं । अहिले आएको यो मौका छाड्नु हुँदैन । अब हामी सबैले आफ्नो स्वर सुन्नसक्छौं । अब हामीले आफ्नै मातृभाषामा सुन्नसक्छौं । यो हुनै पर्छ अहिले नै हुनुपर्छ ।"

स्टेसनको बारेमा समुदायको उत्साहजनक प्रतिक्रिया कार्यक्रम उत्पादन र प्रसारण तथा संचालनमा समुदायको सहभागिताको रूपमा अझै दिगो रूपमा रहेको छ । सामुदायिक सहगागिताका लागि अर्को एउटा अवसर दिन दिउँसो र साँझको समाचारपछि पाँचपाँच मिनेट टिप्पणीको लागि छुट्याइएको छ । यो समयमा श्रोताहरूले जुनसुकै विषयमा आफनो विचार रिकर्ड गराउनसक्छन् । तर सर्त के छ भने त्यस्तो भनाइ झुटा, हानीकारक र कसैलाई बेइजत गर्ने हुनु हुँदैन ।

एउटा टिप्पणीमा माछा बेच्ने महिलाहरूको संगठन संलग्न थियो । परम्पराअनुसार माछा मार्ने काम पुरुषहरूलेमात्रै गर्छन् । महिलाहरूले पुरुषहरू र आफ्ना लोग्नेहरूसँग माछा किनेर सेक्छन्/सुकाउँछन् र बेच्छन् । पुरुषहरूले आफ्नो मोलमा माछा बेच्छन् । महिलाहरूले ग्राहकहरूलाई माछा बेच्दा आएको नाफा आफैले राख्छन् र घरको काममा खर्च गर्छन् ।

माछा बेच्ने महिलाहरूको समूहकी नेताले आफनो टिप्पणीमा रेडियो आदाको बजार भाउको रिपोर्टको निक्कै कडा आलोचना गरिन् । साथै आफ्नो संस्थाका केही सदस्यलाई तिनका पतिले पिट्ने गरेकोमा विरोध प्रकट गरिन् । यस्तो किन भयो भने रेडियोले माछाको बजार भाऊ सुनाउन थालेपछि माछा बेच्ने महिलाका पतिहरूले रिसाउँदै तिनका पत्नीहरूले धेरै दाममा माछा बेच्छन् र आफूलाई थोरै पैसा दिएर ठगिरहेका छन् भन्ने दाबी गरे छन् ।

फलस्वरूप रेडियो आदाले आफ्नो कार्यक्रममा के कुरा प्रस्तुत गऱ्यो भने रेडियोमा प्रसार गरिने माछाको बजार भाऊले माछाको भाऊ निर्धारण गर्ने काममा संलग्न १२ वटा विभिन्न प्रक्रियाहरूको मूल्य र समयलाई जनाउँछ । अर्थात् माछा किनेको र बेचेको अवधिको बीचमा थपिएको मूल्य जनाउँछ । यो प्रस्तुतिले समझदारी र सम्मान बढायो र स्थितिलाई शान्त पाऱ्यो ।

**श्रोता प्रतिक्रिया** : आवश्यक स्रोतको अभावले गर्दा रेडियो आदाले विधिवत श्रोता सर्वेक्षण गर्नसकेको छैन । तैपनि कर्मचारीहरू कार्यक्रम रिकर्ड गर्न फिल्डमा जाँदा श्रोताहरूसँगको कुराकानीबाट, चिठीपत्रको ओइरो र स्टेसनमा आउनेहरूबाट प्रतिक्रियाहरू निरन्तर आइरहन्छन् । रेडियो आदालाई “डाङमे समुदायको लागि बरदान” भनेर प्रतिक्रिया दिने काममा निरन्तरता छ । विभिन्न स्रोतबाट आएका चिठी र टिप्पणीहरूमा निकै मिहिन र बिस्तारपूर्वक कार्यक्रमको उल्लेख गरिएको पाइन्छ । यसबाट श्रोताहरूले कार्यक्रमको विषयवस्तुमाथि निक्कै मेहनतसाथ ध्यान दिन्छन भन्ने जनाउँछ । धेरैले रचनात्मक आलोचना गर्छन् र अरु कार्यक्रमका लागि सुझाव दिन्छन् । साप्ताहिक पत्रोत्तर कार्यक्रममा सकेसम्म धेरै चिठीको जवाफ दिइन्छ ।

फिल्डबाट प्राप्त रिपोर्टहरूले के संकेत गर्छन् भने शहर र गाउँका पूरै हिस्सा कुनै न कुनै निश्चित कार्यक्रम सुन्न रोकिन्छन् । जस्तै सडकमा गाउने आदिवासी जसले स्थानीय लोककथा वा लोक घटना गीत गाउँछ, तथा नीति कथाहरूको गीत रचेर गाउने मानिसको श्रृंखलावद्ध रेडियो कार्यक्रम । धेरै जनाको निम्ति यो स्टेसन बाहिरी संसारको बारेमा जान्ने एकमात्र सूचनाको स्रोत हो भन्ने कुरा स्पष्ट छ । समुदायको जीवनमा कतिपय कुरामा यसले निर्णायकको भूमिका पनि खेलिरहेको छ । कुनै कुराको सत्यता प्रमाणित गर्ने र झगडा मिलाउने काममा यसको उपयोग गरिएको छ ।

**संचालन खर्च** : रेडियो आदाले आफ्नो संचालन खर्च जुटाइदिनका लागि अनुदान वा सहयोग मागेको छैन । यो पूरै खर्च व्यापारिक विज्ञापन र सस्ता सामाजिक विज्ञापन (जस्तै समवेदना सन्देश) बाट हुने आम्दानीबाट चलाउने उद्देश्य राखिएको छ । अहिलेको खर्च भनेको खास गरी बिजुली, पानी, फोन आदि सेवाहरू, सामानहरू र स्टेसनको गाडी नभएको बेलामा यातायात भत्ता हो जो वास्तविक खर्चअनुसार दिइन्छ । संचालन भएको लगभग एक वर्षपछि साथै सबै कर्मचारी बेतलबी स्वयंसेवक हुँदा पनि स्टेसनको आम्दानी कुल संचालन खर्चको आधाजति मात्रै छ । स्टेसनको स्थापना गर्न अरु धेरै काम गर्नु परेकोले व्यापार प्रवर्द्धनमा प्रर्याप्त ध्यान दिन नसक्नु यसको एउटा मुख्य कारण हो । जोडदार मार्केटिङ गरेर दोस्रो वर्षको अन्त्यसम्ममा स्टेसनको आम्दानी खर्च बराबरी हुने अपेक्षा गरिएको छ ।

*समस्या र अप्ठयाराहरू*

**समस्याहरू** : भवन बनाउन चाहिने सामान आउन ढिला भयो, तैपनि यो १३ महिनामा तयार भयो । प्रसारण फ्रिक्वेन्सी सबैभन्दा गाह्रो समस्या भयो । १९९७ मा रेडियो आदाको सफल परीक्षण प्रसारणपछि नाइजेरियाको लागोसमा एउटा शक्तिशाली एफएम स्टेसन त्यही फ्रिक्वेन्सीमा सुरु भयो । यसले रेडियो आदाको प्रसारणलाई रोक्यो र १९९७ को क्रिसमसदेखि पूर्ण रूपमा प्रसारण गर्ने यसको योजनालाई

असंभव बनाइदियो । रेडियो आदाले नयाँ फ्रिक्वेन्सीको लागि निवेदन दिनुपर्‍यो । १९९८ को जनवरीको मध्यतिर ९३.३ मेगाहर्ज स्वीकृत भयो । १ फेब्रुअरीसम्म प्रसारण स्थगित गर्नुपर्‍यो ।

सोह्र दिनपछि रेडियो आदा बिजुलीको कडा रासनिङले आश्चर्यचकित भयो । केही समयको लागि यसले बाहिरबाट सापट ल्याएको जेनरेटरबाट बिजुली निकालेर काम चलाउन कोशिस गर्‍यो । पहिले एउटा गैरसरकारी संस्थाबाट र पछि स्थानीय सरकारी विभागबाट जेनरेटर ल्याइयो तर पूर्ण रूपमा स्टेसन चलाउन दुबैले पर्याप्त बिजुली दिन नसकेकोले काम लागेन । कार्यक्रम प्रसारण समय घटाएर दिनको १० घंटा गरियो । तर श्रोताहरूले अधैर्य भएर स्थानीय सरकारी अधिकारीहरूसमक्ष जेनरेटर उपलब्ध गराउने माग गरे । रेडियो आदाले अनुरोध नगरिकनै डाङमे पूर्वी जिल्ला सभाले स्टेसनलाई यसको सामुदायिक सेवाको महत्वलाई स्वीकार्दै एउटा जेनरेटर सहयोग स्वरूप दियो । अहिले रेडियो स्टेसनले बिजुली बन्द हुँदा पनि नरोकिइकन काम गरिरहन्छ ।

**अप्ठ्याराहरू :** स्वयंसेवकहरूको विशाल डफ्फाको व्यवस्थापन गर्नुपर्दा विशेष समस्याहरू आइलाग्छन् । यी समस्याहरूलाई छलफल, कुराकानी, सल्लाह, सुझाव, तथा आत्मआलोचना र मूल्यांकनद्वारा समाधान गरिन्छ । तैपनि, तलबी कर्मचारीहरूमा पनि आवश्यक गुण र सीप हुँदैन । साथै, सहभागितात्मक विकास अभ्यास सिकाउने प्रशिक्षकहरूको अभाव छ । रेडियो कार्यक्रम उत्पादन तथा सान्दर्भिक स्थानीय भाषा सीपको अभाव छ ।

अर्को अप्ठ्यारो विकासे सेवाहरू साह्रै कमजोर छन् । तिनीहरूले रेडियो कार्यक्रमलाई सहयोग गर्न र ठिकसँग अनुगमन गर्न सक्तैनन् । यस परिस्थितिमा, कामको महत्वले गर्दा तिनलाई छोड्न वा स्थगित गर्न पनि नसकिने हुनाले स्टेसनले ती सेवाहरूको उपयोग गर्न र तिनलाई सघाउन परिरहेको छ । यी सबै आवश्यकताहरू पूरा गर्नका लागि आवश्यक स्रोतमा पहुँच पुर्‍याउनु धेरै मानिसहरू पूर्णकालिक रूपमा काम लाग्नुपर्छ । त्यस्ता मानिस अहिले छैनन् ।

बजारको विज्ञापन संभाव्यताको उपयोग गर्नका लागि स्टेसनले अहिलेसम्म मार्केटिङ रणनीति बनाएको छैन । रेडियो प्रसारणले समेट्ने क्षेत्रभित्रका सानासाना उद्यमी तथा व्यापारीहरूमाझ "विज्ञापन संस्कृति" को बानी बसाल्न बाकी नै छ । विज्ञापन यस्तो काम हो जो सामुदायिक रेडियोको उद्देश्यको प्रतिकूल हुने कुनै सम्झौता नगरीकन गरिनुपर्छ ।

*मुख्य श्रोता*

पहिलो वर्षको संचालन अनुभवले वैधानिकताको क्षेत्रमा महत्वपूर्ण पाठ सिकायो । समुदायलाई उनीहरूको दैनिक जीवनमा रेडियोले महत्वपूर्ण र विकासे भूमिका खेल्नसक्छ भन्ने सिकायो । स्वयंसेवकहरूलाई उनीहरूले प्रसारण स्टेसन संचालन र संभार गर्नसक्छन् भन्ने सिकायो । अनि स्टेसन आफैलाई यसले महत्वपूर्ण तथा प्रशंसनीय सेवा प्रदान गर्छ भन्ने सिकायो ।

यसबाट सिकिएका मुख्य पाठहरू हुन् : दिगोपनका लागि व्यापारिक पक्षलाई सुरुदेखि नै विचार पुर्‍याउनु पर्ने रहेछ । स्टेसन खडा गर्न र संचालन गर्न यति धेरै बोझ पर्‍यो कि स्टेसनका सेवाहरूको विक्री गर्न कुनै पनि कर्मचारीलाई लगाइएन ।

यो कुरा विशेष रूपले अब जरुरी भएको छ । रेडियो आदाका उपलब्धिहरूले आफ्नै गति लिइसकेको छ । स्टेसनका क्षमताहरू रातारात बढेका छन् । समुदायको प्रतिक्रिया यति उत्साहजनक छ कि कहिल्यै

नचिताएका विभिन्न प्रकारका सेवाहरू बढाउन स्टेसनसँग अनुरोध गरिन्छ । आवश्यक स्रोतहरू उपलब्ध छन् । तिनलाई परिचालन गर्न स्टेसन अगाडि सर्नुपर्छ ।

अन्तिम पाठ अलिकति सम्झाउने खालको छ । कुनै पनि विचारलाई अघि बढाउन भौतिक स्रोतहरू, ज्ञान र सीपसँगै विश्वास र पारस्परिक भरोसा तथा एकता चाहिन्छ, जुन कुरा रेडियो आदाका स्वयंसेवकहरूले पर्याप्त मात्रामा देखाएका छन् । स्टेसनलाई भन्दा राजनीतिक दलीय कामलाई प्राथमिकता दिएकोमा सहकर्मी स्वयंसेवकको आलोचना गर्दै एक जना स्वयंसेवकले भनेका थिए, *"दलीय राजनीति चार वर्षको लागि हो, तर रेडियो आदा सँधैका लागि हो ।"*

*एलेक्स क्वार्मेनले सामुदायिक रेडियोको अभिवर्द्धन गर्न युनेस्कोमा धेरै वर्षसम्म काम गरेका थिए । सेवानिवृत्त भएपछि उनी र उनकी पत्नी रेडियो आदा संचालन गर्न आफनो गृह समुदायमा फर्के ।*

## दक्षिण अफ्रिकाको बुस रेडियो एफएम ८९.५ – विगत, वर्तमान, र भविष्य

*जेन इब्राहिम र एम. एडमस*

### *सामुदायिक रेडियोको सन्दर्भ*

वर्षौंसम्म दक्षिण अफ्रिकाको तत्कालीन रंगभेदी सरकारको साउथ अफ्रिकन ब्रोडकास्टिङ कर्पोरेसनको ( एसएबीसी) एकाधिकार कायम रहेपछि "रेडियो तरंगलाई स्वतन्त्र बनाउने संघर्ष" को जित भयो । एस एबीसीको पुर्नसंरचना गरियो र १९९३ मा एउटा स्वतन्त्र प्रसारण प्राधिकरण - इन्डिपेन्डेन्ट ब्रोडकास्टिङ अथरिटी (आईबीए) को स्थापना भयो । पहिलो इजाजतपत्र १९९५ मा दिइएको थियो भने अहिले दक्षिण अफ्रिकामा ८५ वटा स्वतन्त्र रेडियो स्टेसनहरू छन् र, सामुदायिक रेडियो यहाँ स्थापित भइसकेको छ । (दक्षिण अफ्रिकाको रेडियोसम्बन्धी कानून बिस्तारपूर्वक जान्नका लागि तेस्रो अध्याय हेर्नुहोला ।)

सामुदायिक रेडियोको उपस्थितिले दक्षिण अफ्रिकाको प्रसारणको अनुहारै फेरिएको छ । यसले असंख्य स्वयंसेवक तथा सामुदायिक कार्यकर्ताहरूलाई भर्ना गरेको छ र उनीहरू आआफ्ना रेडियो स्टेसनहरूमा सक्रिय रूपले काम गरिरहेका छन् । साथै यो क्षेत्रले विज्ञापकहरूलाई आकर्षित गरेको छ । कतिपय स्टेसनहरूले प्रसारण समयको विक्री र विशेष अवसर/कार्यक्रम/समारोह/मेलाहरूको प्रवर्द्धन गरेर आम्दानी गरिरहेका छन् । तर, यसरी आर्थिक आत्मनिर्भरता हासिल गर्ने कतिपय स्टेसनहरू एक प्रकारले सफलताका शिकार पनि बनेका छन् । तिनीहरूलाई विकासे सामुदायिक रेडियोभन्दा व्यापारिक क्षेत्रको स्टेसनको रूपमा हेरिन थालेको छ ।

थोरै समयमै सामुदायिक रेडियोको क्षेत्रले बाँच्नसक्ने उल्लेखनीय सामर्थ्य देखाएको छ । तर, विकास गर्ने काम निरन्तर जारी राख्ने, तालिम चलाइरहने र, सबैभन्दा महत्वपूर्ण कुरा, आत्मनर्भरताको लागि काम गर्नुपर्ने खाँचो त स्पष्टै छ ।

बिगत केही वर्षदेखि दाताहरूले, खास गरी प्रसारण यन्त्रउपकरण दिने काममा, राम्रोसँग सहयोग गरिरहेका छन् । केही स्टेसनहरूले दैनिक संचालनका लागि आवश्यक रकम पनि पाउँछन् । रेडियो स्टेसन स्थापना गरेर सुरुमा संचालन गर्न एउटा भरपर्दो विकल्पको रूपमा दाताहरूको सहयोग पाइने कुरा अहिलेसम्म स्पष्ट छ । आत्मनिर्भरताको दिशामा धेरै स्टेसनहरूले अरु संभावित आयस्रोत पहिचान गरेका छन् । विज्ञापनबाहेक, सदस्यता शुल्क तथा सामुदायिक कोष स्थापना प्रमुख स्रोतहरू हुनसक्छन् ।

*प्रारम्भ*

१९८० को दशकको अन्त्यतिर वैकल्पिक श्रव्य संचार प्रणालीको विकासमा रुचि राख्ने मानिसहरूको सानो समूहले एउटा संस्था स्थापना गरे । उनीहरूले सूचना सामग्रीहरूलाई रेडियो कार्यक्रमको ढाँचामा क्यासेटमा रेकर्ड गर्थे, त्यो क्यासेटको धेरै प्रति/थान बनाउँथे र केपटाउन वरिपरि बाँडथे ।

त्यो संस्थालाई क्यासेट (क्यासेट एजुकेसन ट्रस्ट) भनिन्थ्यो । साल्ट रिभरमा यसको सानो कार्यालय थियो । साक्षरता, स्वास्थ्य विज्ञान/सरसफाइ, स्वास्थ्य तथा सान्दर्भिक राजनीतिक विषयजस्ता विषयहरूमा विपन्नहरूलाई शिक्षित बनाउनु यसको उद्देश्य थियो । शैक्षिक तथा सबलीकरणको दीर्घकालीन उद्देश्य हासिल गर्ने काममा रेडियो प्रसारण एउटा अभिन्न हिस्सा हुनेछ भन्ने कुरा परियोजनाका अगुवाहरूलाई सानो रूपमा काम सुरु गरेदेखि नै थाहा थियो । कास्टले यो धारणा र यसको संभाव्यताबारे छलफल चलाउन थाल्यो र अन्ततः केपटाउनको ठिक बाहिर अवस्थित युनिभर्सिटी अफ वेस्टर्न केपमा सामुदायिक रेडियो सुविधा स्थापित गर्ने प्रस्ताव राख्यो ।

तर, धेरै छलफल पछि युनिवर्सिटी क्याम्पस उपयुक्त स्थान हुनसक्तैन भन्ने स्पष्ट भयो । योठाउँ समग्र रूपमा कालो वर्णका समुदायको पहुँचदेखि धेरै टाढा थियो । वास्तवमा यो विश्वविद्यालय काला र गोराहरूको समागमबाट जन्मेका "अस्वेत" (कलर्ड) भनेर जातीय आधारमा चिनिने वर्णसंकरहरूका लागि १९६० मा बनाइएको थियो । यो कलेज शहरदेखि टाढा र बाक्लो बुटयान र झाडीहरूले घेरिएको हुनाले यसलाई बुस कलेज भन्न थालिएको थियो । अनि यसको चमेनाघरमा रहेको रेडियो स्टेसनलाई बुस रेडियो भनेर चिनिन्थ्यो ।

कालान्तरमा, कास्ट विघटन भयो र एउटा महत्वाकांक्षी सामुदायिक रेडियो अभियानको रूपमा पुनर्गठन भयो । क्याम्पसको मौलिक/पुरानो नामलाई कायम राख्दै बुस रेडियोको जन्म भयो । स्वयंसेवी संगठनको रूपमा १९९२ मा गठन भएको यो संस्थाको स्वामित्व र संचालन यसका सदस्यहरूको हातमा थियो र समुदायलाई प्रसारणमा पुऱ्याउने काममा यो केन्द्रित थियो । यसको उद्देश्य काला जातिका मानिसहरूलाई प्रसारक बन्ने अवसर दिनु थियो । यो प्रयासलाई जारी राख्न पैसा चाहिन्थ्यो । धेरै दाताहरूकहाँ धाउने काम भयो र अन्त्यमा प्रसारणसम्बन्धी तालिममा संलग्न जर्मन फाउण्डेसन फ्रेडरिक इबर्ट स्टिफटुङले (एफईएस) सहयोग दियो ।

एफईएसको सहयोगको खबर फैलियो । सामुदायिक रेडियोको अवधारणा उत्साहजनक थियो । चारैतिरबाट तालिमका लागि निवेदनको बाढी आउन थाल्यो । बुस रेडियोले चाँडै नै आफूलाई दक्षिण अफ्रिकामा सामुदायिक रेडियोको स्थापनाको लागि प्रमुख प्रशिक्षक र अभियानकर्ताको रूपमा स्थापित गऱ्यो । प्रसारणको इजाजत पाउन सरकारलाई दबाव दिँदै र भर्खर खुल्न लागेका देशभरका स्टेसनहरूलाई तालिम दिँदै थोरै समयमै बुस रेडियोले आफूलाई र सामुदायिक रेडियोको अवधारणा दुबैलाई एउटा महत्वपूर्ण शक्तिको रूपमा स्थापित गऱ्यो ।

*अवज्ञा*

प्रसारण इजाजतका लागि दिइएका धेरै निवेदनहरू अस्वीकृत भएपछि बुस रेडियोले गैरकानूनी तरिकाले प्रसारण गर्ने निधो गऱ्यो । मे १९९३ मा सक्रियतावादी स्वयंसेवकहरूको एउटा समूहले गैरकानूनी रूपले ल्याइएको ट्रान्समिटरलगायत स्टेसनका उपकरणहरू एउटा कोठामा जडान गरे र प्रसारण गर्ने तयारी गरे । एउटा प्रेस विज्ञप्ति बाँडियो, र एउटा छोटो कार्यक्रम समय तालिकाको तर्जुमा गरियो,

अनि एउटा गीत रचियो । केही परीक्षण पूरा गरेपछि बुस रेडियो तयार भयो । बीचबीचमा लघु नाटक, कुराकानी, छोटा कविता र हास्यव्यंग्य कार्यक्रमहरू दिँदै बुस रेडियोको प्रसारण सुरु भयो ।

अधिकारीहरूले स्टेसन स्थलमा हमला गरेर यन्त्रउपकरण जफत नगरेसम्म, चार घण्टा, प्रसारण जारी रह्यो । बुस रेडियोका मुख्य दुई जना सदस्यहरूमाथि तीन वटा अभियोग लाग्यो : गैरकानूनी प्रसारण गरेको; गैरकानूनी रूपमा प्रसारण उपकरणहरू राखेको; र न्याय/कानून सम्पादन प्रक्रियामा बाधा पुऱ्याएको । अदालतमा मुद्दा लम्बिँदै गयो । तर बुस रेडियोका सदस्यहरूले सुन्न र सुनाउन पाउने अधिकारको लागि जेल जाने खतरा लिएको कुरा देशभरका र अन्तर्राष्ट्रिय मित्र तथा समर्थकहरूले बुझेका थिए । विश्वभरिबाट व्यक्तिगत रूपमा र संस्थाहरूबाट ठूलो दबाव परेपछि आठ महिनापछि सरकारले मुद्दा फिर्ता लियो ।

*तालिम र सक्रियता*

त्यसपछिका दुई वर्षमा देशभित्र ठूलो राजनीतिक परिवर्तन भयो र पहिलो प्रजातान्त्रिक चुनावको तयारी सुरुभयो । यसबीच बुस रेडियोले सामुदायिक रेडियो प्रसारण गराउने प्रयास जारी राख्यो । यसले राष्ट्रियस्तरमा तालिम क्रियाकलाप जोडतोडका साथ संचालन गरिरह्यो । सामुदायिक रेडियो प्रसारकहरूको विश्व संगठन अमार्कको सदस्य बन्ने यो पहिलो दक्षिण अफ्रिकी देश भयो । दक्षिण अफ्रिकामा सामुदायिक रेडियोको लागि अभियान चलाउने काम यसले जारी राख्यो ।

१९९३ को सुरुमा एफईएसले प्राथमिक तहको तालिम संचालन गर्न पूर्ण सुसज्जित स्टुडियो दिएर सहयोग गऱ्यो । यो वास्तवमै अचम्मलाग्दो दृश्य थियो । बुस रेडियो साँच्चिकै रेडियो स्टेसनजस्तो देखिन थालेको थियो ।

बोर्डमा एक जना पूर्णकालिक प्रशिक्षक ल्याइयो । तालिम पाठ्यक्रममा यी विषयहरू थिए : सामुदायिक रेडियोको परिचय; फिचर र डक्युमेन्ट्री कार्यक्रम उत्पादन; महिला र प्रविधि; तथा सामुदायिक रेडियो व्यवस्थापन । तालिम गतिविधिको मूल ध्येय प्रशिक्षकहरू तयार पार्नु थियो । सहभागीहरू आआफ्नो स्टेसनमा फर्केपछि स्वयंसेवकहरूलाई तालिम दिने अपेक्षा गरिएको थियो । चाँडै नै अरु संस्थाहरू पनि यसमा संलग्न भए र डचेवेले, रेडियो फ्रान्स इन्टरनेसनल, युएसआईएस, र क्यानेडियान ब्रोडकास्टिङ कर्पोरेसनसँग साझेदारी र आदानप्रदान गर्ने सम्झौताहरू भए ।

इन्स्टिच्युट फर एडभान्समेण्ट अफ जर्नालिजम र मिडिया ट्रेनिङ सेन्टरलगायतका राष्ट्रिय संस्थाहरूले पनि रेडियो विषयमा तालिम दिन थाले । यसरी विस्तारै आधारभूत रेडियो कार्यक्रम उत्पादन तथा व्यवस्थापन सीपका लागि स्रोत स्थापित भयो । रेडियो तालिम, नेट वर्किङ, र लबिइङबाट आजको दक्षिण अफ्रिकामा सामुदायिक रेडियोको आन्दोलनको बीउ रोपिँदै थियो ।

सामुदायिक रेडियो प्रवर्द्धन गर्ने काम अझ अघि बढाउन सरकारलाई मनाउन र यो क्षेत्रको समन्वय र मार्ग निर्देशन गर्नका लागि १९९४ मा नेसनल कम्युनिटी रेडियो फोरम (एनसीआरएफ) को स्थापना गरियो । सुरुमा यसले बुस रेडियोको कार्यालयबाट काम गऱ्यो भने पछि सहयोग रकम जुटाएर गाउटेंङमा आफ्नै कार्यालय खोल्यो । १९९४ को आखिरसम्ममा इण्डिमेण्डेन्ट ब्रोडकास्टिङ अथरिटी ( आईबीए) समक्ष प्रसारण इजाजतका लागि एक सयभन्दा धेरै निवेदन परिसकेको थियो ।

***आखिरमा इजाजत प्राप्त भयो***

१९९५ को जुनमा, क्यासेटले जनताको लागि प्रसारण गराइछाड्ने संकल्प गरेको ठीक सात वर्षपछि, बुस रेडियोले प्रसारण इजाजत पायो । तर आईबीएले उत्तराधिकारको रूपमा पाएको अर्थात् पहिले नै बनेको फ्रिक्वेन्सी योजनाअन्तर्गत रहेर काम गर्नु पर्थ्यो र सो योजनाले निवेदनको बाढीलाई थेग्न सक्तैनथ्यो । साथै केपटाउनको अप्ठारो टेबुल माउन्टेनको कठिनाइले गर्दा आईबीएले बुस रेडियोलाई एउटा फ्रिक्वेन्सी सी-फ्ल्याट नामक सामुदायिक स्टेसनसँग आधाआधा बाँडेर उपयोग गर्ने इजाजत दियो । यो कुरा त्यति पूर्ण नभए पनि सबै जना खुशी भए । बुस रेडियोले दैनिक दिउँसो २ बजेदेखि राती २ बजेसम्म र सी-फ्ल्याटले विहान २ बजेदेखि दिउँसो २ बजेसम्म प्रसारण गर्ने इजाजत पायो ।

*प्रसारणको तयारी*

इजाजत प्राप्त गर्ने लक्ष पूरा भयो, अब प्रसारण सुरु गर्न बाकी थियो । त्यस बेलासम्म बुस रेडियोमा तीन जना पूर्णकालिक कर्मचारी, तालिम पाएका उत्साही स्वयंसेवकहरूको जमात, र सुसज्जित तालिम स्टुडियो थियो ।

अब सफल कार्यक्रम प्रसारण कार्यतालिका बनाउने, मार्केटिङ गर्ने र रेडियो संचलनका लागि सहयोग संकलन गर्ने काम बाकी थियो । जुलाई १९९५ मा बुस रेडियोले आफ्नो भविष्यको कार्यक्रमबारे समीक्षा/मूल्यांकन गर्न, योजना बनाउन र एउटा साझा दृष्टिकोण तयार पार्न रणनीतिक कार्यशाला आयोजना गऱ्यो । बुस रेडियोको सदस्यहरूको संख्या बढेर १००० पुगेको थियो र १०० जनाजति सक्रिय र तालिमप्राप्त स्वयंसेवकहरू थिए । सामुदायिक रेडियोलाई सघाउन र सामुदायिक रेडियोको सेवामा सहभागी हुन अनगिन्ती गैरसरकारी संस्थाहरू उत्सुक थिए ।

मनोरंजन र शिक्षालगायतका कार्यक्रम समय तालिकाको बारेमा सदस्यहरूसँग छलफल गरियो । संस्कृति, भाषा र स्थानीय समुदायहरूका इच्छा आकांक्षाहरू इमान्दारी र गर्वका साथ प्रतिनिधित्व हुने गरी कार्यक्रम बनाइनुपर्छ भन्ने कुरामा निक्कै जोड दिइयो । स्टेसनको प्रसारण भाषाको रूपमा स्वभावतः केपटाउनका तीन वटा प्रमुख भाषाहरू, सोसा, अंग्रेजी र अफ्रिकान, स्वीकृत भए । यो नारा वा मूल वाक्यमा सबैको सहमति भयो : "तपाईंको, मेरो हो, हाम्रो रेडियो" ।

कार्यक्रम तालिकामा सहमति भएपछि तथा प्रसारण गर्न आठ हप्ता बाकी छँदा स्वयंसेवकहरू ताजगी तालिम लिन, कार्यक्रम प्रसारण समय तालिका बनाउन र अरु तयारी गर्ने काममा जुटे । सोरोस ओपन सोसाइटी फाउण्डेसनले अत्याधुनिक प्रसारण सुविधाका लागि सहयोग गऱ्यो ।

आखिरमा १ सेप्टम्बर १९९५ को दिन बुस रेडियोले दिउँसो २ बजे प्रसारणको शुभारंभ गऱ्यो । यो दिन राष्ट्रिय महिला दिवस हो । स्टेसनले देशको विकासमा महिलालाई दिएको महत्वको प्रतीकको रूपमा बिचार पुऱ्याएरै त्यो दिनलाई रेडियो प्रसारण आरम्भ गर्ने दिनको रूपमा रोजेको थियो ।

हालसालै बुस रेडियो साल्ट रिभरमै नयाँ र विशाल परिसरमा सरेको छ । भवनको दुई तलामा गरेर ३०० वर्ग मिटरको क्षेत्र पहिलेको ठाउँभन्दा दुई गुना धेरै छ । परिसरभित्र भव्य एनालग तालिम, उत्पादन र प्रसारण सुविधा छ । प्रविधिको दृष्टिले सायद देशको सबैभन्दा परिष्कृत सामुदायिक स्टेसन हो यो ।

*ध्वनि व्यवस्थापन र सामुदायिक सहभागिता*

बुस रेडियो मूलतः गुठियारहरूको मनोनित बोर्ड र कार्यकारी समितिको नेतृत्वमा स्वयंसेवी संगठनको रूपमा गठन गरिएको थियो । प्रसारण सुरु भएपछि आत्मनिर्भरताको स्थितिमा पुग्नका लागि संगठनको नयाँ ढाँचा बनाउनुपर्छ भन्ने निर्णय भयो । बोर्डले नाफारहित कम्पनी खडा गर्ने निधो गऱ्यो । अब यसले स्टेसन संचालन गर्ने काम गरिरहेको छ । यो ढाँचाले गर्दा कार्यक्रम प्रायोजन गराउन र व्यापारिक समुदायबाट सहयोग पाउन सघाएको छ किनकि कम्पनीको संगठनात्मक आधार बलियो हुन्छ ।

कानूनी प्रावधानअनुसार कम्पनीको जायजेथा र संचालनको जिम्मा सात सदस्यीय निर्देशक मण्डल (बोर्ड अफ डाइरेकटर्स) ले लिनुपर्छ । बुस रेडियोका नवनियुक्त डाइरेक्टरहरू दक्ष र स्टेसन प्रति पूर्णरूपमा समर्पित छन् । उनीहरूमध्ये कोही सहयोग जुटाउन, कोही कार्यक्रम निर्माण तथा समय तालिका बनाउन, कोही मार्केटिङमा त कोही कर्मचारी प्रशासनको काम गर्छन् । बोर्डमा केपटाउनका उपल्लो तहका सफल व्यवसायीहरू छन् ।

समुदायको सहभागिता बुस रेडियोको मुटु हो । स्टेसनको एकमात्र उद्देश्य समुदायको सेवा गर्नु हो भन्ने कुरा सुरुदेखि नै स्पष्ट पारिएको थियो । समुदायका जोसुकैले पनि यसको सदस्यता र तालिम लिनसक्थे । यसको प्रसारण, उत्पादन र तालिममार्फत स्टेसनले आफ्ना लक्षित समुदायसँग सम्बन्ध कायम गर्छ ।

यसका साथै यी समुदायहरूमा गरिने बाहिरी प्रसारण तथा स्वयंसेवकहरूको आधार तयार पार्ने र फैलाउने, जसको संख्या ५०० नाघिसकेको छ, काम पनि बुस रेडियोले सुरुदेखि नै लिएको अवधारणाको हिस्सा हो ।

सदस्यहरू समुदायका सबै क्षेत्रका छन् । उनीहरू विभिन्न रुचि/हित, संस्कृति तथा भाषाबाट आएका छन् । ती भित्र विद्यार्थी, एक्ली आमा, अपांग, पुरुष समलिंगी समर्थक, बेरोजगार तथा नयाँ सेवा निवृत्त व्यक्तिहरू पर्छन । प्रशासन र आर्थिक विषयदेखि कार्यक्रमको विषयवस्तु र तालिमसंबन्धी आवश्यकतासम्म सबै कुरामा सदस्यहरूको प्रत्यक्ष पहुँच हुन्छ । नीतिसंबंधी निर्णय तथा कार्यशालाहरू महिनामा एक पल्ट आयोजना गरिन्छ र स्टेसन चलाउने बारेमा आफ्नो रायसुझाव दिन समुदायका सदस्यहरूलाई निम्त्याइन्छ । यसरी समुदायको स्वामित्व र नियन्त्रण सुनिश्चित गरिन्छ ।

*कार्यक्रमको सामान्य रूपरेखा*

प्रसारणमा पहिचान गर्न वा जसले पनि चिन्नसक्ने स्वर र भूमिका दिनु चुनौतिपूर्ण काम हो । गीत संगीत कार्यक्रम हिपहप, रेगी, आर एण्ड बी, जाज, ब्लुज, र जंगलजस्ता अपरम्परागत संगीतका साथै लोकप्रिय संगीतमा बढी केन्द्रित हुन्छ । संगीत कार्यक्रममा प्रायः प्रतियोगिता, फोन-कल-इन, अन्तर्वार्ता, गिग गाइड, म्युजिक चार्ट तथा हास्यव्यंग्यसमेत समावेश हुन्छ । स्थानीय कलाकार र अभिनयकर्ताहरूका साथै व्यापारिक रेडियोमा उपलब्ध नहुने नयाँ शैलीको संगीतको प्रवर्द्धन गर्नु पनि एउटा उद्देश्य हो ।

एकातिर संगीत महत्वपूर्ण अंग हो भने समुदायलाई व्यस्त राख्ने र शिक्षित तुल्याउनु पनि रेडियोको प्रतिवद्धता हो । अतः यसले सूचना आदानप्रदान गर्ने, आलोचनात्मक विचार सुनाउने वादविवाद चलाउन सघाउने खालका छलफल र फिचर कार्यक्रम पनि चलाउँछ । फिचर तथा टक सो कार्यक्रमहरूमा रेडियो बुसले समुदायका सदस्यहरूलाई एउटा प्रसारणको मंच वा चौतारी उपलब्ध

गराउँछ, जहाँ सदस्यहरूले रेडियोलाई साँचो विकासको उद्देश्यमा डोऱ्याउँछन् । हालै यसले शरणार्थीहरूको पलायनको बारेमा जनतालाई जानकारी दिने उद्देश्यले शरणार्थीहरूले नै चलाएको शरणार्थी कार्यक्रम प्रसार गरेको थियो ।

केही खासखास नियमित कार्यक्रमहरू यस प्रकार छन् :

<u>ब्याकच्याट अर्थात् कन्डापरि :</u> विभिन्न सामुदायिक संस्थाका प्रतिनिधिहरूले उनीहरूले के भूमिका खेल्छन् वा के काम गर्छन्, अनि समुदायले उनीहरूको सेवा कसरी पाउनसक्छन् भन्ने कुरा बताउँछन् । यो कार्यक्रम प्रसार भइरहेको बेलामा हुने छलफल र बाहिरबाट/फोनबाट सोधिने प्रश्नहरूबाट के देखिन्छ भने समुदायलाई सघाउनसक्ने विभिन्न संस्थाहरूको बारेमा उनीहरूलाई जानकारी दिने काम पर्याप्त मात्रामा भएको छैन । बलात्कारका सिकारहरू, स्वास्थ्य, बालबालिकाको सेवा, वृद्धहरूको भत्ता आदि सेवाहरू यसअन्तर्गत पर्छन् ।

<u>सामुदायिक कानून :</u> यो कार्यक्रम वेस्ट केपटाउन विश्वविद्यालयका चौथो तथा पाँचौं वर्षका कानूनका विद्यार्थीहरूले तयार पार्छन् । यसमा विभिन्न विषयमा सामान्य जनताले प्रायः नजानेका वा तिनलाई नबताइएका तथ्यगत सूचनाहरू दिइन्छ । मानवअधिकारका अति सरल कुराहरूजस्ता सरल कानूनका विषयहरू पनि यो कार्यक्रममा दिइन्छ । यो कार्यक्रमको फोन इन खण्डले यो कार्यक्रम अत्यन्त लोकप्रिय छ भन्ने कुरा साबित गर्छ । साथै कुनै विषयमा लिखित अनुरोध पठाउन पनि उत्साहित गरिन्छ ।

<u>एभ्रिडे पिपुल अर्थात दैनिक जनसरोकारका कुरा :</u> दैनिक तीन घण्टा चल्ने यो कार्यक्रम संगीत म्यागजिन फर्म्याट (ढाँचा) मा छ । गीत संगीतको बीचबीचमा जनसेवाका सूचना, विज्ञापनहरू ( पीएसए), सूचना/समाचार बुलेटिनहरू, सूचनापाटीका समाचारहरू, प्रतियोगिताहरू, र सेवा आवश्यकताहरूबारे सूचना प्रसार गरिन्छ । समुदायमा यसको ठूलो महत्व छ । यो मात्रै युवाहरूको यस्तो कार्यक्रम हो जसले केपटाउनका सोसा भाषा बोल्ने जनताको भाषिका/भाषि विशेषता र व्यक्तित्व झल्काउँछ ।

<u>टीआरसी रिपोर्ट :</u> टुथ एण्ड रिकन्सिलिएसन कमिसन (टीआरसी) को स्थापना दक्षिण अफ्रिकामा बर्षौंसम्म चलेको वर्णभेदी सिद्धान्त र व्यवहारको पीडाबाट मुक्ति पाउन सहयोग पुऱ्याउनका लागि भएको थियो । बुस रेडियो पन्ध्र पन्ध्र दिनमा कमिसनका सदस्यलाई बोलाउँथ्यो ।स्टेसनको समाचार रिपोर्ट कार्यक्रममा कमिस्नरले त्यो साताभरि टीआरसीले गरेका कामको बारेमा व्याख्या गर्थ्यो । यसमा भएको छलफलमा कमिस्नरले गराएको सुनुवाइ कार्यक्रममा छुटेका मसिना कुराहरू प्रस्तुत गरिन्थ्यो र कमिस्नरको कामको बारेमा स्पष्ट पारिन्थ्यो । विभिन्न कार्यक्रममा श्रोताहरूलाई थप जानकारी दिन आवश्यक र उपयुक्त ठानेका विषयहरूमा उनीहरूले फोन गरेर स्टेसनका पाहुना कमिस्नरसँग प्रस्न सोध्थे ।

<u>टचाक्सी टक :</u> शहरमा मिनीबस टचाक्सीमात्रै यातायतको भरपर्दो साधन हो । तर, टचाक्सीवालाहरूको बढदो हानथाप/प्रतिस्पर्धाले गर्दा आपसमा गोली हान्ने अवस्थासम्म पुगेको छ । यस्तोमा यात्रीहरूलाई पनि गोली लाग्छ र मारिन्छन् । बुस रेडियो र सेल आयल कम्पनी मिलेर टचाक्सी टक कार्यक्रम बनाए । यसमा टचाक्सी व्यवसायमा संलग्न सम्पूर्ण पक्षहरूलाई आआफ्ना गुनासाहरू पोख्न स्टेसनमा निम्त्याइन्छ । प्रतिद्वन्द्वी पक्षहरूबीच मध्यस्थता गर्ने काममा केन्द्रिय यातायात मन्त्रीले पनि महत्वपूर्ण भूमिका खेलेका थिए ।

बलात्कार र मादक पदार्थ सेवन : सबै उमेरका महिलाहरूलाई बलात्कार महामारीको स्तरमा पुगेको छ । यो सामाजिक रोग घटाउन र सके निर्मूलसमेत पार्न सघाउन कस्तो कार्यक्रम बनाउने भनी सर्वोत्तम उपाय पत्ता लगाउन बुस रेडियोले गहन अध्ययन गराउन समूहहरू गठन गऱ्यो । यसमा मादक पदार्थको सेवनले ठूलो भूमिका खेल्ने हुनाले स्टेसनले मादक पदार्थको विज्ञापन अस्वीकार गर्छ । यसै गरी स्वास्थ्यलाई हानी पुऱ्याउने हुँदा यसले सूर्तीजन्य उत्पादनको पनि विज्ञापन गर्दैन । यो कार्यक्रम तयार भएपछि बलात्कार र मादक पदार्थ सेवन कार्यक्रम सबै सामुदायिक रेडियो स्टेसनहरूलाई बाँडिने छ ।

*प्रशिक्षण स्टेसन*

बुस रेडियोको लागि प्रसारण जत्तिकै महत्वपूर्ण काम स्टेसन तालिम केन्द्रको रूपमा चलाउनु पनि हो । प्रसारण समय तालिका जसरी भए पनि भर्नुको सट्टा समुदायबाट सक्षम प्रसारक तयार पार्न जोड दिइन्छ । व्यवस्थापक तथा प्रशासकहरूबाहेक बुस रेडियोका सबै कर्मचारीहरूले काम गर्दा गर्दै, अन-द-जब, समाचार, संगीत, फिचर र प्रोग्रामिङमा मूल्यवान अनुभव संगालेका सेवा अवधिमै, इन-सर्भिस, तालिम पाएकाहरू हुन् ।

हरेक वर्ष, देशभरबाट र कहिले कहीँ विदेशबाट समेत तालिम पाउन समुदायहरूबाट सैकडौँ निवेदनहरू स्टेसनमा आउँछन् । निवेदन दिने उम्मेदवारहरूलाई छान्ने आधारमाथि, साथै उनीहरूले आफ्नो सीप हस्तान्तरण गर्ने भविष्यको क्षमता माथि धेरै ध्यान दिइन्छ । बुस रेडियोले प्रशिक्षार्थीहरूको विविध सांस्कृतिक, भाषिक तथा शैक्षिक पृष्ठभूमिलाई मिल्ने गरी तालिम विधि र आधारभूत पाठचक्रम तयार पारेको छ ।

प्रसारणका सुरुका दुईवर्षमा यसका धेरैजसो क्रियाकलाप ठोस कार्यक्रम निर्माण, तथा व्यवस्थापनमा लाग्यो । यसको मतलब तालिम पछाडि पऱ्यो । अब प्रसारण क्षमताको हिसाबले रेडियो अलि राम्ररी स्थापित भएको हुनाले, साथै यो क्षेत्रबाट धेरै माग आएको हुँदा, यसले तालिममा ध्यान दिएको छ । १९९८ को सेप्टेम्बरमा बुस रेडियोले यन्त्रउपकरणहरूले पूर्ण रूपले सुसज्जित सुविधा जुटायो र सर्वांगयुक्त , अवरोधरहित रेडियो तालिम कार्यक्रमतर्फ अग्रसर भयो । तालिममा प्रसारण पत्रकारिता, र प्राविधिक तथा व्यवस्थापन सीपहरू सिकाइन्छन् । यी सबै अध्ययनका गहन तथा जटिल विषयहरू हुन् बुस रेडियोले यी सबैमा अति आवश्यक परिचयात्मक स्तरको तालिम दिन्छ ।

*तालिम पाठचक्रमको रूपरेखा :*

**परिचयात्मक तालिम पाठचक्रम** : यो पाठ्यक्रमले रेडियोका विभिन्न रूप र प्रकारहरू, सामुदायिक रेडियो र यसको भूमिका, फिल्ड रिकर्डरको जानकारी/परिचय, रिल टु रिल मेसिन (एउटा चक्काबाट अर्को चक्कामा टेप बेर्ने रेकर्डिङ विधि), स्टुडियो, सम्पादनका आधारभूत कुराहरू, कार्यक्रमका विभिन्न फर्म्याटहरू, कार्यक्रम निर्माता, प्रस्तुतकर्ता, संवाददाता, इंजिनियर आदिको भूमिका समेट्छ । तालिमको अन्त्यमा प्रशिक्षार्थीहरूमा रेडियो प्रसारणको क्षेत्रमा काम चाहिने न्युनतम स्तरको योग्यता हासिल गर्छन् ।

**सेवाकालीन प्रशिक्षार्थी** : काम गरिरहेको बेलामै एक वर्षको व्यावहारिक/प्रायोगिक तालिमले भर्खरका स्नातकहरू वा अरुलाई रेडियोको क्षेत्रमा काम गर्दागर्दै सिक्ने अवसर दिन्छ । उनीहरूले यी क्षेत्रहरूमा काम गर्छन् :

समाचार : समाचार बटुल्न, लग गर्न/लेख्नु, सम्पादन गर्न, र प्रत्यक्ष समाचार वाचन गरी प्रसार गर्न सेवाकालीन तालिमको आवश्यकता हुन्छ ।

संगीत : प्रशिक्षार्थीहरूले स्वतन्त्र प्रसारण प्राधिकरणले निर्धारण गरेको कोटाअनुसार स्थानीय संगीत प्रसारण गर्नुपर्ने सर्त कडाइका साथ पालन गर्ने कुरा सुनिश्चित गर्नुपर्छ । उनीहरूले म्युजिक लाइब्रेरीको रेखदेख र सम्बर्द्धन गर्ने, रिकर्डिङ कम्पनीहरूसँग सम्बन्ध राख्ने, तथा विभिन्न संगीत सन्तुलन मिलाएर प्रसारण गर्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

उत्पादन/निर्माण : कार्यक्रम उत्पादनका प्राविधिक पक्षहरूका साथै प्रशिक्षार्थीहरूले समुदायका विकाससम्बन्धी आवश्यकताहरू, जस्तै स्वास्थ्य, सुरक्षा, शिक्षा आदि सिक्न वा जान्नबुझ्न धेरै समय लगाउनुपर्छ । कहिलेकाहीँ अनुसन्धान गर्नुपर्ने विषय र सामग्री सँभाल्नै नसक्ने गरी साह्रै धेरै हुन्छ । तर कार्यक्रम बनाउन योजना तर्जुमा गर्दा प्रशिक्षकहरूले आवश्यक सीप हासिल गर्छन् ।

कार्यक्रम व्यवस्थापन : प्रोग्रामिङको विशेषज्ञता वा दक्षताको क्षेत्रमा धेरै स्टेसनहरूमा समस्या देखिन्छ । तालिमको कार्यक्रम व्यवस्थापन समूहले प्रशिक्षार्थीहरूलाई स्टेसनको आवश्यकता, यसको लागि उपलब्ध स्रोतसाधन र समुदायको संरचना र आवश्यकता वा चाहनाको मूल्यांकन गर्न सघाउँछ । प्रशिक्षार्थीहरूलाई सर्वांगपूर्ण कार्यक्रम तालिका बनउन र लागू गर्न सक्षम बनाइन्छ ।

*कारागार रेडियो*

केपटाउन विश्वविद्यालयको अपराध विज्ञान विभागले युवा कैदीहरूलाई रेडियो स्टेसन संचालन गर्ने तालिम दिनका लागि बुस रेडियोसँग तालिम कार्यक्रम बनाइदिन आग्रह गऱ्यो । कारागारका अधिकारीहरूसँग महिनौँसम्म वार्ता गरेपछि कारागारको नियम र सुविधाअन्तर्गत रहेर एउटा सानो रेडियो स्टेसन संचालन गर्न कैदीहरूलाई सक्षम बनाउने एउटा संभाव्य योजना बन्यो । सहभागीहरूले देखाएको उत्साहबाट कारागारका अधिकारीहरूलाई कैदीहरूको पुनर्स्थापना गर्ने काममा रेडियो कार्यक्रमको उपचारीय प्रभावले फाइदा गर्छ भन्ने विश्वास भयो । यो कार्यक्रम चलिरहेको छ र अरु धेरै कारागारहरूले यस्तै कार्यक्रम लागू गर्न यन्त्रउपकरणको सहयोग पाइरहेका छन् ।

*सिकेको पाठ*

**व्यवस्थापन र संचालन** : स्टेसन दक्षतापूर्वक संचालन गर्न तालिम तथा अन्य व्यावसायिक क्रियाकलापहरूमार्फत निरन्तर विकास गरिरहनु पर्छ । आन्तरिक संचार अति महत्वपूर्ण हुन्छ । संस्थामा आफू कहाँ फिट हुन्छु भन्ने कुरा प्रत्येक कर्मचारीले निश्चित गर्न र बुझ्न नियमित रूपमा स्टाफ मिटिङ हुनुपर्छ । कर्मचारीहरूबीच साधन जुटाउन उत्साहित तुल्याउन तथा विचार आदानप्रदान गर्न यी बैठकहरूको उपयोग गर्नसकिन्छ ।

कर्मचारीहरूलाई स्वयंसेवकहरूसँग बलियो संबंध गाँस्न उत्साहित गर्नुपर्छ । बुस रेडियोमा हामीले के सिक्यौं भने कर्मचारीहरूमा स्वयंसेवकहरूभन्दा हामी वरिष्ठ वा जान्ने हौं भन्ने भावना बढने गर्छ । हाम्रो बेरोजगारीको संख्या निकै ठूलो भएको हुनाले यस्तो भावना आएको हुनसक्छ । रेडियो स्टेसनको कर्मचारी हुनु भनेको एउटा आकर्षण वा ग्लेमर पनि हो ।

स्टेसनलाई आत्मनिर्भर हुनु छ भने यसको मार्केटिङ पनि धेरै महत्वपूर्ण हुन्छ ।

**स्वयंसेवकहरू :** बुस रेडियोमा काम गर्ने धेरैजसो स्वयंसेवकहरू विपन्न/सुविधाविहीन समुदायबाट अर्थात् स्टेसनको लक्षित श्रोताहरूबाट आउँछन् । उनीहरूको शैक्षिकस्तर प्रायः सीमित हुन्छ र धेरैजसो बेरोजगार हुन्छन् । उनीहरूमध्ये धेरैजना जुन समुदायहरू हुर्के बढे ती समुदायको अवस्था निक्कै गाह्रो छ । उनीहरूसँग अनुकरण गर्न योग्य आदर्श व्यक्तित्व अर्थात् रोल मोडेलको बिल्कुलै अभाव छ । सरसुविधा र सुखका साधनहरूको पनि अभाव छ । फलस्वरूप सामुदायिक रेडियोमा चोरी, दुरूपयोग, अधिकारीहरू तथा परिवर्तनको विरोध, आत्मविश्वास, गौरव र वचनवद्धता/संकल्पको अभाव, तथा तालिम र शिक्षाप्रति भयग्रस्त हुने पुर्ख्यौली मनस्थिति धेरै मात्रामा हुन्छ । अति थोरै स्वयंसेवकहरूले मात्रै स्वयंसेवाको अवधारणा, यसका दायित्वहरू तथा सीमाहरू बुझेका हुन्छन् । उनीहरू यति विपन्न हुन्छन् कि उनीहरू प्रायः सार्वजनिक यातायातका साधनमा गैरकानूनी ढंगले यात्रा गर्छन् ।

तैपनि, केही स्वयंसेवकहरूको वचनवद्धता निक्कै अचम्म लाग्दो हुन्छ । उनीहरूमा शक्ति र आत्मबल भएता पनि, साथै उनीहरू प्रसारणमा लागिरहेको भएता पनि उनीहरूको योगदानमाथि मात्रै निर्भर हुन गाह्रो हुन्छ । किनकि, कार्यक्रम बिस्तारै सफलताको अवस्थामा पुग्न लागेको बेलामा समेत, उनीहरू जागिर पाउनासाथ, वा परिवारको दायित्व पूरागर्न, वा अन्य बढी लाभको काम पाउनासाथ बिना कुनै क्षतिपूर्ति उनीहरू छाडेर जानसक्छन् ।

**तालिम र नियुक्तिमा महिला :** प्राविधिक ज्ञान चाहिने क्षेत्रहरूमा महिलाहरूलाई प्रायः बाहिर पारिन्छ । यसैले बुस रेडियोले कम्तीमा पनि ५० प्रतिशत महिला सहभागी भएनन् भने तालिम कार्यक्रम सुरु नगर्ने नीति लिएको छ ।

**सामुदायिक पहुँच र सहभागिता :** सामुदायिक रेडियोले समुदायलाई रेडियोमा सजिलो पहुँच उपलब्ध गराउने उपायहरू पत्तालगाउने प्रयास निरन्तर गरिरहनुपर्छ । यससंबंधी विचारहरू ल्याउन स्टेसनले कर्मचारी, स्वयंसेवक र सरोकारवाला समूहहरूलाई प्रेरित गर्नुका साथै बुस रेडियोले समुदायका सदस्यहरूलाई स्टेसनमा आउन प्रेरित गर्छ । तर, यो काम तोकिएको दिन र तोकिएको समयमा सीमित हुनुपर्छ । यसो भएन भने धेरै मानिसहरू झुम्मिन्छन् र संचालनमा बाधा पुग्छ ।

**सहयोग संकलन :** कुनै पनि सहयोग लिनुअघि सहयोगदाताहरूको र परियोजनाको अपेक्षाबारे विचारपूर्वक छलफल गरेर मात्रै सम्झौता गर्नुपर्छ । गलत बुझाइका कारणले धेरै परियोजनाहरूले नोक्सान व्यहोर्नुपर्ने हुन्छ । सहयोगको लागि कुनै पनि निवेदन दिँदा स्टेसनले आफ्नो घोषित लक्ष्यलाई पालन गर्नैपर्छ । रकम पाउनका लागि कतिपय परियोजनाहरूले घोषित लक्ष्यसंग नमिल्ने गरी सम्झौता गर्छन् । पछि गएर यसले अन्यौल पैदा हुन्छ ।

सहयोगको लागि निवेदन दिने विभिन्न ढाँचाहरू छन् । संभावित सहयोगदाताहरूसँग सम्पर्क गरेर चाहिएको सूचना लिनु कुनै गल्ती होइन । यसको लागि बनिबनाउ निवेदन फर्म वा यस्तै कुनै ढाँचा भए पनि फरक पर्दैन ।

धेरै सहयोगदाताहरूले नियमित रूपमा सूचना पाइरहने अपेक्षा पनि गर्छन् । उनीहरूले मागे पनि नमागे पनि नियमित रूपमा सूचना दिइरहनु बेस हुन्छ । स्टेसनले विकासको काममा लागेका दातृसंस्थाहरू वा कार्यक्रम प्रायोजकहरूको सूची नवीकरण गरिरहनुपर्छ ।

# इक्वेडोरको रेडियो चागुआरुर्को – अब तिमी एक्लो छैनौ !

*ब्रुस गिरार्ड*

## *उद्गमस्थल ल्याटिन अमेरिका*

विश्वको पहिलो सामुदायिक रेडियोको अनुभवको थालनी ५० वर्षअघि ल्याटिन अमेरिकामा भएको थियो । त्यतिखेर दुइवटा बेग्लाबेग्लै आन्दोलनहरूले आफ्नो प्रभाव बढाउन र समुदायको विकासमा योगदान दिन रेडियोलाई माध्यम बनाए । ती थिए कोलम्बियाको रेडियो सुतातेन्जा र बोलिभियाको माइनर्स रेडियो । (अध्याय १ को चौकोस १ र २ हेर्नुस्)

ग्रामीण इसाई सामाजिक विकास तथा जोधालु मजदुर संघीय आन्दोलनबाट जन्मेका यी दुई मूल जराहरूबाट ल्याटिन अमेरिकामा सामुदायिक रेडियोको उल्लेखनीय विकास भयो । चर्च, व्यापारिक संस्था, विश्वविद्यालय, मजदुर संगठन तथा आदिवासीहरूको रेडियो स्टेसनहरूको मेलले यो क्षेत्रमा विश्वमै नभएको गतिशीलता र विविधता प्रदान गरेको छ ।

## *संचारको खाँचो*

इक्वेडोरको दक्षिणी प्रदेश आजुएको ग्रामीण भेगमा अवस्थित रेडियो चागुआरुर्को ल्याटिन अमेरिकी सामुदायिक रेडियोको परम्परालाई निरन्तरता दिने नयाँ स्टेसन हो । यसको स्थापना गर्ने विचार १९९० मा धेरै कार्यशालाहरूको श्रृंखलाबाट सुरु भएको हो । यी कार्यशालाहरूको आयोजना कृषि मजदुरहरूका संगठनहरू र स्थानीय चर्चहरूले आजुएको सान्ता इसाबेल काउन्टी र पुकारामा आयोजना गरेका थिए ।

यी कार्यशालाहरू खानेपानी, विजुलीजस्ता आधारभूत सेवामा समुदायको पहुँच पुऱ्याउन र मानवअधिकारको सम्मान गराउनका लागि समुदायहरूलाई संगठित गर्ने उद्देश्यले आयोजना गरिएका थिए ।

स्टेसनका संस्थापकहरूले लेखेको एउटा अभिलेखले रेडियो स्टेसन कसरी स्थापना भयो भन्ने स्पष्ट पार्छ :

*"हामीलाई के चाहिन्छ भन्ने कुरा हामीले गर्न थाल्यौं । पहिले हामीले बिजुली र खानेपानी भन्यौं । तर त्यसपछि हामी संचारको बारेमा कुरा गर्न थाल्यौं । संचारलाई सुधार्नका लागि यसका साझा यथार्थहरू बुझ्न र यसको विश्लेषण गर्न समर्थ बन्न के गुर्नपर्छ भन्ने छलफल गऱ्यौं । यसरी रेडियो चागुआरुर्को सुरु भयो । गर्नुपर्ने काम प्राथमिकताको सूचिमा यति धेरै हुँदाहुँदै किन सामुदायिक रेडियो चाहिन्छ भनेर गाउँमा नबस्ने केही मानिसहरूले प्रश्न गरे । रेडियो स्टेसन शोखको कुरा होइन र ? निश्चय नै स्वास्थ्य, पोषण, शिक्षा, केटाकेटीलाई दिउँसोको स्याहार सुसार, उत्पादन बढाउन राम्रो कृषि प्रविधिजस्ता अनेकौं आवश्यकताहरू छन् । तर हाम्रा आवश्यकताहरू टालटुले तरिकाले अस्थायी रूपमा पूरा गर्नुभन्दा समस्याको कारण पत्ता लगाउनु, गरिबी र सुविधा वंचित गराउने अन्याय र असमानताको बारेमा विचार गर्नु/जान्नु बढी आवश्यक छ ।"*

संचारको आवश्यकताबाट रेडियोको विचार आएको कुरा स्टेसनका निर्देशक बताउँछन् । रेडियो चागुआरुर्को जुन इलाकामा छ त्यहाँ अरु रेडियो स्टेसन सुन्न धेरै गाह्रो छ । टेलिभिजनमा पहुँच भएका मानिसहरू थोरै छन् । अखबार पढ्नेहरूको संख्या त झन थोरै छ । धेरै शहरहरूमा अहिले पनि टेलिफोन उपलब्ध छैन । धरै मानिस बसोबास गर्ने गाउँहरूमा त टेलिफोन छँदैछैन ।

समुदायहरू छरिएर बसेका छन् । राजनीतिक गतिविधि र बजार भएका केन्द्र वा बस्तीहरूदेखि कुनै ३० मिनेट पर छन् भने कुनै एकदेखि १२ घण्टा हिँडेर मात्रै पुगिन्छ । सडक छैन । यस्ता समुदायहरूमा बस्ने मानिसहरूका निम्ति केन्द्रसँग दैनिक वा साप्ताहिक सम्पर्कमा आउनु व्यावहारिक दृष्टिले असंभव छ ।

चर्च तथा कृषि मजदूर संगठनहरूले संचारको आवश्यकतालाई बुझे । यसरी सामुदायिक रेडियोको धारण द्रुत गतिले फैलियो । केही महिनाभित्रै यो कार्यशालाहरूमा छलफलको विषय हुनथाल्यो । गाउँमा बस्ने मानिसहरूलाई संचार माध्यमहरूबाट बाहिर राखिने बानी परिसकेको थियो । यसैले उनीहरू आ-आफ्ना समुदायका आवश्यकताहरू र आधारभूत सेवाका समस्याहरूको बारेमा छलफल गर्ने चौतारीको रूपमा आफ्नै रेडियो स्टेसन हुने कुराले खुशी एवं उत्साहित भए ।

रेडियो स्टेसनको विचार राम्रो थियो भन्ने कुरामा शंका छैन, तर कसले यो सपनालाई साकार पार्छ ? रेडियो फ्रिक्वेन्सी र सरकारी अनुमति आवश्यक हुन्छ । यन्त्रउपकरणहरू किन्नुपर्छ । स्टेसन कसको स्वमित्वमा हुन्छ ? स्टेसन कहाँ राख्ने ? यसले कुनकुन समुदायलाई सेवा पुऱ्याउँछ ?

स्थानीय चर्च र किसान संगठन, प्रोएक्टो नोर्टे, दुइटा यो परियोजनाका प्रमुख सहयोगीको रूपमा देखा परे । तिनीहरूले अघिल्ला विकास परियोजनाहरूमा मिलेर काम गरिसकेका थिए र सुरुमै रेडियो स्टेसनको बारेमा छलफलमा भाग लिइसकेका थिए । त्यो इलाकाका संसदका प्रतिनिधिको मद्दतले तिनीहरूले योजनाहरू बनाउन थाले ।

पहिलो समस्या थियो प्रसारण इजाजत पाउनु । १९९२ मा इक्वेडोरको कानूनले सामुदायिक रेडियोलाई मान्यता दिँदैनथ्यो । व्यापारिक स्टेसनको लागि इजाजत पाउन धेरै जटिल प्रक्रियाहरू पूरा गर्नु पर्थ्यो र वर्षौं पर्खेर पनि असफल हुनसक्थ्यो । तर, सान्ता इसाबेलमा उहिले एउटा स्टेसन थियो । यसका मालिकको निधन भइसकेको र प्रसारण गर्न छाडेको वर्षौं भइसके तापनि त्यसको व्यापारिक इजाजत अझै पनि वैध थियो । इजाजत भएको रेडियो स्टेसन किन्न पनि सरकारको अनुमति चाहिन्थ्यो, जुन काम नयाँ फ्रिक्वेन्सी पाउनुजत्तिकै जटिल थियो । तर यसको निश्चित संभावना थियो ।

रेडियो फ्रिक्वेन्सीको वैध स्वामित्व प्राप्त गर्ने प्रक्रिया सुरु भयो अब यसको सँगसँगै स्टेसन कहाँ राख्ने भनी निर्णय गर्नु अर्को काम बाकी थियो ।

*सान्ता इसाबेल र पुकारा*

सान्ता इसाबेल एउटा जिल्ला (काउन्टी) को सदरमुकाम हो जसको जनसंख्या ३००० जति छ । स्टेसनको लागि यो तर्कसंगत ठाउँ थियो किनकि यो इलाकाको सबैभन्दा ठूलो शहर र महत्वपूर्ण व्यापारिक थलो थियो । यहाँ चर्चका साथै सेन्ट्रल प्लाजा वरिपरि बैंकहरू, डाक्टरका कार्यालयहरू र पसलहरू थिए । प्रादेशिक राजधानी कुएनाबाट यो शहर दुई घण्टाभन्दा कम दूरीमा थियो । यहाँ टेलिफोन भएको हुनाले यो इलाकाकै महत्वपूर्ण संचार केन्द्र पनि थियो । यो १५०० मिटरको उचाइमा थियो र इक्वेडोरभरि बिक्री हुने गोलभैँडा, प्याज र उखुको समेत खेती गर्न विल्कुल मिल्ने हावापानी थियो ।

अर्को जिल्ला सदरमुकाम पुकाराको गाउँको जनसंख्या १००० भन्दा थोरै छ र सान्ता इसाबेलबाट ४० किलोमिटर टाढा छ । तर पिच नभएको उकालो बाटोभएर समुद्री सतहदेखि ३१०० मिटर अग्लो त्यो

ठाउँमा पुग्न ननस्टप बसले पनि दुई घण्टा लगाउँछ । वर्षा याममा त्यो बाटो कैयौं दिनसम्म बन्द हुन्छ । टेलिफोन छैन र बाटो बन्द हुँदा त्यो गाउँ संचारविहीन हुन्छ ।

पुकारामा, जहाँ मोटरबाटो टुँगिन्छ, एउटामात्रै घुमाउरो सडक छ । माझमा चहकिलो रंग पोतेको चर्च छ । वरिपरि अचम्मलाग्ने पहाड र उपत्यकाहरू छन् । यो भव्य दृश्यले एउटा कठोर वास्तविकतालाई ओझेलमा पार्छ । यहाँको वार्षिक औसत तापक्रम केवल १२ डिग्री सेन्टिग्रेड छ र राती तापक्रम घटेर झण्डै शून्यमा पुग्छ । पुकाराको हावापानी कृषिको लागि अनुकूल छैन । केही गेडागुडी र आलू खेती हुन्छ । कृषिबाट गुजारा गर्न गाह्रो छ । तर पुकारामा भावी रेडियो स्टेसनका लागि एउटा महत्वपूर्ण कुरा के छ भने यो अग्लो ठाउँमा छ साथै इलाकाको बीच भागमा छ । यसको मतलब ट्रान्समिटर राख्नका लागि प्राविधिक दृष्टिले यो ठाउँ सान्ता इसाबेलभन्दा राम्रो छ । कुनै पनि अवस्थामा शहरको जनसंख्या कुल जनसंख्याको २० प्रतिशतभन्दा धेरै हुँदैन र लक्षित श्रोता गाउँमा बस्ने ८० प्रतिशत जनता हुन्छन् ।

तर, स्टेसन कहाँ राख्ने भन्ने प्रश्नको राजनीतिक आयाम पनि हुन्छ । जहाँ स्टेसन राखिन्छ त्यहाँको समुदायले आफ्ना चासोका कुरा धेरै प्रसार गर्न पाउँछन्, उनीहरूको आवाज बढी प्रसार हुन्छ र सबैभन्दा धेरै उनीहरू नै लाभान्वित हुन्छन् ।

यो समस्याको समाधान यस्तो निकालियो : ट्रान्समिटर पुकारामा राख्ने, प्रशासनिक केन्द्र सान्त इसाबेलमा राखेर माइक्रोवेभको माध्यमबाट दुबै समुदायमा रहेका स्टुडियोको सम्पर्क गराउने । यसरी चागुआरुर्कोको डाइरेक्टरले रेडियोको बारेमा कुरा गर्दा उनले एउटै फ्रिक्वेन्सी प्रयोग गर्ने र एउटै पहिचान भएका वास्तवमा दुइटा स्टेसनको कुरा गरिरहेका हुन्छन् ।

दुबै स्टेसनमा समाचार संकलन गरिन्छ । समाचार कार्यक्रमहरू पनि दुई ठाउँबाट गरिन्छ, दुई जना प्रस्तुतकर्ता (एंकर) हुन्छन् – एक जना पुकारामा र अर्को सान्ता इसाबेलमा । केही अन्तर्वार्ता पनि दुईठाउँबाट लिइन्छ । अन्तर्वार्ता लिने व्यक्ति एक ठाउँमा र दिने व्यक्ति अर्को ठाउँमा हुनसक्छ । केही संगीत कार्यक्रमहरू केही पुकारामा मात्रै र केही सान्ता इसाबेलमा गरिन्छ । तर धेरै कार्यक्रमहरू दुबै ठाउँमा उत्पादन गरिन्छ ।

यो लेख्ने बेलामा साग्ली गाउँमा तेस्रो स्टुडियो बन्दै थियो । यहँको जनसँख्या २५० मात्रै छ । तर यो ठाउँ २५०० गाउँबासीहरूका लागि सबैभन्दा नजिक पर्छ । अरु समुदायहरूमा पनि स्टुडियो स्थापना गरेर विकेन्द्रीकरणको प्रक्रिया जारी राख्ने योजना छ ।

*चागुआरुर्को फाउण्डेसन*

स्टेसनको स्वमित्व स्टेसन राख्ने ठाउँ जत्तिकै महत्वपूर्ण विषय हो । स्टेसन स्थानीय पादरी, चर्चको जिल्लास्तरीय निकाय, पारिस, वा कुनै व्यक्तिको स्वमित्वमा हुने छैन भन्ने कुरामा सुरुमै सहमति भएको थियो । यो जनताको स्वमित्वमा हुने निर्णय गरिएको थियो । सेप्टेम्बर १९९२ मा ग्रामीण विकासका लागि चागुआरुर्को फाउण्डेसनको स्थापना भयो । यसमा दुई जिल्लाका कृषि मजदुरका संगठनका प्रतिनिधिहरू, क्याथोलिक चर्च पारिसका प्रतिनिधि, तथा रेडियो स्टेसनका कर्मचारी र स्वयंसेवकहरू थिए । रेडियो फाउण्डेसनको रेखदेख र सुपरिवेक्षणअन्तर्गत छ । यसले रेडियोका बास्तविक मालिक जनता हुन् र यसमा उनीहरूको पहुँच तथा नियन्त्रण हुने व्यवस्थालाई सुनिश्चित गर्छ ।

चागुआरुर्को फाउण्डेसनको बोर्डको बैठक तीनतीन महिनामा हुन्छ। आवश्यक परेको बेलामा असाधारण बैठक बस्छ। बोर्डले स्टेसनका निर्देशकबाट रिपोर्ट लिन्छ र कार्यक्रम तथा बजेटसंबंधी महत्वपूर्ण निर्णय गर्छ।

फाउण्डेसनको स्थापना हुँदासम्म रेडियो स्टेसनको सपना फैलिन थालेको झण्डै दुई वर्ष भइसकेको थियो। फाउण्डेसनले यन्त्रउपकरण किन्न रकम जुटाउने, फ्रिक्वेन्सीको अनुमति पाउने र स्टेसनको लागि मानिसहरूलाई तालिम दिने आदि काम गरेको हेर्न थप अढाई वर्ष पर्खनु पर्ला भनेर कसैले पनि सोचेका थिएनन्।

यो इलाकामा सहयोग जुटाउनु गाह्रो छ। यो परियोजना खर्चिलो बन्दै थियो। यो ठाउँको भौगोलिक स्थितिले एएम प्रणालीको आवश्यकता देखाउँदै थियो, जो एफएमभन्दा निक्कै धेरै खर्चिलो हुन्थ्यो। ५ किलो वाटको नौटेल ट्रान्समिटर साथै यसको एन्टेना र जडान खर्च ८०,००० अमेरिकी डलर बराबर पुग्न लागेको थियो। समुदायले आफ्नो तर्फबाट यति धेरै मोल तिर्नसक्तैनथ्यो। फाउण्डेसन खडा भएपछि यसले स्थानीय तथा अन्तर्राष्ट्रिय स्रोतहरूबाट रकम जुटाउने मन्द प्रक्रिया सुरु गर्‍यो। तर समुदायलाई रेडियोको लागि पैसा चाहिए तापनि उनीहरू स्टेसनको स्वतन्त्रतालाई बलिदान गर्न तयार थिएनन्।

सम्पूर्ण सामान व्यबहारमै नयाँ किन्नुपर्थ्यो किनकि पुरानो स्टेसनमा भएका यन्त्रउपकरणहरू संग्रहालयमा राख्न लायक पनि थिएन। ट्रान्समिटर, एन्टेना र जडान खर्च स्पेनी सहयोग निकाय, इन्टरमोनले अनुदान दियो। कारिटास, मानोस युनिडास, केही स्पेनी स्वयंसेवकहरू र म्याड्रिडको सोलिडारिटी ग्रुपले पनि मद्दत गरे। प्रादेशिक राजधानी क्युएन्काको चर्चले एउटा पिकअप ट्रक दियो।

सहयोग यन्त्रउपकरणहरू र तिनको जडानका लागि मात्रै खोजियो। स्टेसनको अरु खर्च आफैले गर्ने भनी फाउण्डेसनले निश्चय गरेको थियो र यस्तै भइरहेको छ।

*समुदायलाई तालिम*

फ्रिक्वेन्सी किन्ने प्रक्रियालाई कानूनी मान्यता दिलाउने काम विस्तारै अघि बढिरहेको थियो भने यसबीच स्वयंसेवकहरूको एउटा समूहले समुदायबाट सदस्यहरूलाई तालिम दिन थाल्यो। एउटा समस्या के थियो भने दुई जना स्पेनी स्वयंसेवकहरूको म्याड्रिडमा सामुदायिक रेडियो स्टेसनको थोरैमात्र अनुभव थियो। त्यो बाहेक यो परियोजनामा काम गर्ने कसैसँग पनि रेडियोको कुनै अनुभव थिएन।

यसको तात्पर्य परियोजनामा संलग्न मानिसहरूले अरुलाई तालिम दिनुभन्दा पहिले आफैले तालिम लिनु पर्ने थियो। उनीहरूले यस विषयमा भेट्टाएजति पुस्तक पढे र स्टेसन कसरी चलाइन्छ भन्ने बुझ्न अरु स्टेसनहरू हेर्न गए। रेडियोसंबंधी अनुभवी मानिसहरूलाई बोलाएर उनीहरूलाई बोल्न र तालिम दिन लगाइयो। अन्त्यमा उनीहरूले सिकेको आधारमा एउटा तालिम निर्देशिका र तालिम प्याकेज तयार पारियो। त्यसपछि तालिम पाएका ती नयाँ प्रशिक्षकहरू सामुदायिक स्वयंसेवकहरूलाई तालिम दिन निस्के।

डिसेम्बर १९९३ मा गंभीरतापूर्वक तालिम सुरु भयो। हरेक समुदायले रेडियोको लागि उपयुक्त ठानेको एक जना प्रतिनिधि रोज्न सकोस् भन्ने यसको उद्देश्य थियो। यसका साथै तालिममा भाग लिन चाहने जोसुकैलाई पनि खुला निम्तो दिइएको थियो।

डिसेम्बर १९९३ देखि अक्टोबर १९९४ को बीचमा हरेक साता विभिन्न समुदायहरूमा जानको लागि चार जना प्रशिक्षकहरूले आपसमा काम बाँडे । स्वयंसेवकहरूको कमी थिएन । उनीहरूमध्ये धेरै जनालाई तालिम संचालन हुने ठाउँसम्म पुग्न चार, पाँच र कहीँ छ घण्टासम्म हिँडेर जानुपर्थ्यो । धेरै खालका संघर्ष, झगडा चर्केको र अधिकारीहरूले अख्तियारको धेरै दुरूपयोग गरेको एउटा गाउँमा विशेष उत्साह देखियो । त्यहाँ केही मानिसहरू मारिएका पनि थिए । यस्तो अवस्था समाप्त गर्न रेडियोले उनीहरूलाई सघाउँछ भन्ने त्यहाँका केही मानिसहरूको विश्वास थियो ।

नवेम्बर १९९४ मा तालिम पाएकाहरूमध्येबाट कर्मचारीहरू छानिए । डिसेम्बरमा उनीहरूलाई एक महिनाको गहन तथा बढी विशिष्ट तालिम दिइयो । संचालित तालिम तथा रेडियोसंबंधी छलफलहरूले परियोजनालाई अगाडि बढाइरहेको थियो र मानिसहरूको संलग्नता पनि बढिरहेको थियो । तर, परियोजनाको बारेमा पहिलो छलफल सुरु भएको पाँच वर्ष बितिसकेको थियो र यति लामो पर्खाइको फल पनि भोग्नु पर्ने नै थियो । केही मानिसहरू निराश भए र छाडे ।

तापनि, अन्ततः १ जनवरी १९९५ को दिन स्टेसनबाट प्रसारण सुरु भयो । एक जना सहभागी सदस्यको भनाइअनुसार :

*"यो सबैभन्दा सुन्दर घटना थियो । असंख्य मानिसहरूले सुनिरहेका थिए । हामीहरू उमंगले पागलजस्ता भएका थियौँ । सबैलाई स्वागत अभिवादन गरिरहेका थियौँ । हामीलाई सुरुदेखि साथ दिनेहलाई, हामीसँगै तालिम लिनेहरूलाई, गाउँगाउँमा काम गरिरहेका हाम्रा प्रतिनिधि/सम्बाददाताहरूलाई, सबैलाई धन्यवाद दिइरहेका थियौँ । कुएन्का शहरमा ठिकसँग सुनियो कि सुनिएन भनेर त्यहाँका साथीहरूलाई फोन गरिरहेका थियौँ । हामीहरूले प्रसारण गर्दैछौँ भन्ने पहिले नै थाहा पाउने मानिसहरू पनि थिए । उनीहरूले हामीलाई फोन गरे । हामीले थुप्रै गीत बजायौँ र केही मिनेटको अन्तरमा उद्घोषण गर्दैरह्यौँ : 'यो रेडियो चागुआरुर्को हो ! हामीले प्रसारण सुरु गरेका छौँ ! १५५५ किलोहर्जमा हामीलाई सुन्नुहोस् ! तपाईंका छिमेकीहरूलाई पनि सुन्न भन्नुहोस् !' । यो पागलपन थियो !*

*'अब तिमी एक्लो छैनौ'*

वर्षौंको प्रतीक्षापछि मानिसहरूका अपेक्षाहरू माथि पुगेका थिए । उनीहरू अरु रेडियो स्टेसनजस्तो स्टेसनबाट सन्तुष्ट थिएनन् । उनीहरू आफ्नै स्वरमा, आफ्नै भाषामा बोलिएका आफ्नै अनुभव र आफ्नै चासोका कुरा सुन्न चाहन्थे । अब मानिसहरूले बोल्नसक्ने, उनीहरूको मनमा लागेको कुरा भन्नसकिने र आफूलाई दुःख दिने अधिकारीहरूको आलोचना गर्ने संचार माध्यम उपलब्ध थियो । 'अब तिमी एक्लो छैनौ' भन्ने वाक्यले रेडियोले उत्पन्न गरेको भावनाको सार प्रस्तुत गर्थ्यो ।

समुदायले चाहेजस्तो रेडियो बनाउनका लागि विशेष खालका कार्यक्रम उत्पादकहरूको आवश्यकता थियो । आठ जना पूर्णकालीन कर्मचारी र २० जना स्वयंसेवकहरूमध्ये केवल चार जनाले औपचारिक रूपमा पत्रकारिता पढेका थिए । अरुले चागुआरुर्कोको आफ्नै तालिमबाट यो सीप सिकेका थिए । तर अब ती सबैले पत्रकार र कार्यक्रम निर्माताको रूपमा काम गर्छन् । पूर्णकालीन कर्मचारीहरूमध्ये पाँच जना सान्ता इसाबेल स्टेसनमा र बाकी तीन जना पुकारामा काम गर्छन् ।

स्टेसनमा काम गर्ने कर्मचारीहरू झण्डै स्वयंसेवक नै हुन् । उनीहरूको तलब कानूनले निर्धारण गरेको न्युनतम तलबभन्दा पनि थोरै छ । तर, रेडियोको आम्दानी बढ्दै जाँदा उनीहरूको तलब पनि बिस्तारै बढ्छ ।

*स्वयंसेवकहरूको भूमिका*

तलबी कर्मचारीहरू बाहेक २० जनाजति स्वयंसेवकहरू छन् । तीमध्ये ६ जना वरिपरिका गाउँमा सम्बाददाताको काम गर्छन् । उनीहरू आआफ्नो इलाकाको समाचार संकलन गर्छन् र आफूले तयार पारेका समाचार र लेखहरू साथै रेकर्ड गरिएका टेपहरू लिएर बेलाबेलामा स्टेसनमा पुग्छन् । स्टेसनले उनीहरूलाई टेपरेकर्डर र पुनः प्रयोग गर्नमिल्ने रिचार्जेबल व्याट्री दिन्छ । कोष संकलन गर्न विक्री गरिने बार्षिक चिट्ठाको नाफा उनीहरूको बस भाडा तिर्न उपयोग गरिन्छ ।

एक जना महिला स्वयंसेवकले हप्तामा छ दिन एकएक घण्टाको संगीत कार्यक्रम तयार पार्छिन् । यसमा इक्वेडोरको संगीत हुन्छ । रेडियोमा यस्तो संगीत कार्यक्रम सुन्न नपाइने बेलामा उनले यो विशेष शोख पालेकी थिइन् । उनले रेकर्डहरूको आफ्नो निजी संग्रह उपयोग गरेर कार्यक्रम बनाउँछिन् । उनी भन्छिन्, “रेडियो कार्यक्रमले यसलाई एकै ठाउँमा ल्याएर ‘साझा सम्पत्ति’ मा परिणत गरेको छ ।”

अरु स्वयंसेवकहरूले साप्ताहिक बजार कार्यक्रम तयार पार्छन् । यो कार्यक्रम पुकारा र सान्ता इसाबेलमा एकै पटक सुनाइन्छ । यसले त्यो इलाकाको बजार भाऊ र बजारको प्रवृत्ति स्पष्ट पार्छ । अडकलबाजी र हल्लालाई नियन्त्रण गर्न यसले महत्वपूर्ण काम गरेको छ ।

स्वयंसेवकहरू आउने जाने क्रम निरन्तर चलिरहने हुनाले स्टेसनले निरन्तर नयाँ मानिसहरूलाई तालिम दिइरहन्छ ।

*सहभागिता र कार्यक्रम निर्माण तथा प्रसारण*

चागुआरुर्कोलाई अरु स्टेसनभन्दा फरक बनाउने महत्वपूर्ण चरित्र, गुण वा विशेषताहरू छन् । सबैभन्दा महत्वपूर्ण विशेषता यसले स्थानीय स्वर, आवाज, भाषा र संस्कृतिलाई दिने प्राथमिकता हो । शहरका रेडियो स्टेसनहरूमा काम गर्ने उद्घोषक वा प्रस्तुतकर्ताहरूले आफ्नो भाषा, बोली तथा उच्चारणमा आंचलिकता वा क्षेत्रीयताको गन्ध पनि आउन नदिने प्रयास गर्न खोज्छन् भने चागुआरुर्कोका उद्घोषकहरू आफ्नो मौलिक भाषा, बोली र उच्चारणमा गर्व गर्छन् । अर्को महत्वपूर्ण भिन्नता के हो भने यो स्टेसनले गाउँलेहरूलाई स्टेसनमा निम्त्याएर, उनीहरूको कुरा भन्न लगाएर, गाउन लगाएर, वा रेडियोमार्फत आफ्ना साथीभाइ, इष्टमित्र र परिवारजनलाई अभिवादनमात्रै भए पनि गर्न लगाएर सक्रिय रूपमा ग्रामीण क्षेत्रका मानिसहरूलाई सहभागी बनाउन खोज्छ ।

स्टेसनले टेलिफोन सुविधा नभएकाहरूलाई सो सुविधा उपलब्ध गराएर संचारको माध्यमको रूपमा पनि समुदायको महत्वपूर्ण सेवा गर्छ । रेडियो सुनिने क्षेत्रका गाउँहरूमा बाटो बन्द भएर जानआउन गाह्रो हुँदा त्यहाँका बासिन्दाहरूले रेडियो सुनेर गाउँमा आउन नसकेर रोकिएका आगन्तुकहरूको बारेमा सूचना पाउँछन् र आवश्यक तयारी गर्छन् ।

उदाहरणका लागि, सामुदायिक स्वास्थ्य परियोजनाको दुर्गम गाउँहरूमा गएर काम गर्ने एउटा चिकित्सा टोली छ । चागुआरुर्को रेडियो नहुँदा यो टोलीलाई कुनै समुदायमा जाँदा त्यो समुदायसम्म टोली आएको खबर पुऱ्याउन र समुदायका मानिसहरूलाई टोली बसेको ठाउँमा आउँदासम्म टोलीलाई कैयौं घण्टा वा दिन खेर फाल्नु पर्थ्यो । अब रेडियोले टोलीको भ्रमण कार्यक्रमबारे पहिलेनै जानकारी दिन्छ र समुदायहरू टोलीको सेवा लिन तयार परेर पर्खिरहेका हुन्छन् ।

स्वास्थ्यसंबंधी कुराहरू स्टेसनका लागि निक्कै महत्वपूर्ण हुन्छ । उदाहरणका लागि, ती कुराहरू रेडियोले तयार पारेर दैनिक प्रसार गरिने नाटकहरूमा समावेश गरिन्छन् । ती नाटकहरूमा यस्ता पात्रहरू हुन्छन् जसलाई गाउँका मानिसहरूले चिन्नसक्छन् । ती पात्रहरूले आपसमा कुरा गर्छन् र यसै मेसोमा स्वास्थ्य र अन्य संबंधित विषयहरूका जानकारीहरू सुनाउँछन् । उनीहरू फोहोरमैला तह लगाउने, विभिन्न रोगको विरुद्ध खोप, पोषण तथा वातावरणको बारेमा कुरा गर्छन् । केही नाटकहरू राजनीति, संस्कृति तथा मानवअधिकारसँग संबंधित पनि हुन्छन् । स्टेसनकै कर्मचारीहरूबाट अभिनय गरिएका यी नाटकहरू दैनिक जीवनमा प्रयोग हुने भाषामा र जनताले सजिलैसँग बुझ्ने शैलीमा जटिल विषयहरूको व्याख्या गरी जनतालाई बुझाउने अति उपयोगी उपाय हुन् ।

स्टेसनको कार्यक्रममा हालै ल्याटिन अमेरिका र विश्वका समाचार थपिएको छ, जो यसले ल्याटिन अमेरिकन एसोसिएसन फर रेडियो एजुकेसन (एल्रेड) नामक संस्था र पल्सर समाचार एजेन्सीबाट पाउँछ । पुकारा स्टेसनमा भएको डिस एन्टेनाले एल्रेडको कार्यक्रम टिप्छ भने पल्सरको समाचार इन्टरनेटबाट आउँछ ।

पहिलेपहिले मानिसहरूले सुन्न नपाएका अरु देश र महादेशहरूबाट आएका यी सूचनाहरूलाई सकारात्मक रूपमा लिइएको छ । *"अरु देश र बाहिरी संसारमा पनि हामीजस्तै मानिसहरू, कृषि मजदुरहरू रहेछन् भन्ने हामीले बुझ्दैछौँ । हामी उनीहरूसँग सूचना साटासाट गर्छौँ । यसै गरी हामीले यहाँ अरु देशबाट सूचना पाउँछौँ । हमीले यहाँबाट अरुदेशमा पनि समाचार पठाउँछौँ । दाइभाइबीचजस्तै गरी संचार गर्नु रमाइलो हुन्छ ।"*

## *चागुआरुर्कोको लागि श्रमदान*

चागुआरुर्को फाउण्डेसनले खर्च कम गरेर, यसबाट सेवा पाउने समुदायले निःशुल्क प्रदान गरेका साधनहरू उपयोग गरेर स्टेसनको संचालन खर्च चलाउने उद्देश्य पूरा गर्छ । स्वयंसेवी सेवाका साथै पुकारा र सान्ता इसाबेलमा भएका स्टुडियोहरू स्थानीय चर्चहरूले निःशुल्क दिएको जग्गामा बनेका छन् । स्टुडियोको लागि केही काम गर्न मानिस चहियो भने वा मिंगा अर्थात् परियोजनाको लागि एक दिन ज्याला नलिइकन काम गर्न आएका मानिसहरूलाई दिउँसोको खाजा ख्वाउनु पर्‍यो भने वरिपरि आफ्नो सीप र बल तथा मद्दत दिन खोज्ने मानिसहरूको कमी छैन । यति हुँदाहुँदै पनि चागुआरुर्कोले संचालन खर्च चलाउन प्रतिमहिना २००० अमेरिकी डलर बराबरको रकम जुटाउनु पर्छ ।

स्टेसनको आर्थिक स्थिति राम्रो छ । यसले आफ्नो नियमित खर्च चलाउन पर्याप्त आम्दानी गर्छ । साथै यन्त्रउपकरण सुधार्न र अन्य आकस्मिक वा नचिताएको खर्च गर्नको लागि बर्षैपिच्छे केही हजार डलर जोगाएर राख्छ । विज्ञापन, सामुदायिक सन्देश, उत्पादन सेवा तथा सांस्कृतिक समारोहहरूको प्रसारण यसका आम्दानीका स्रोतहरू हुन् ।

स्टेसनको कुल आम्दानीको २० प्रतिशत आम्दानीको स्रोत विज्ञापन संधै विवादास्पद विषय बनेको छ । सामुदायिक रेडियोमा व्यापारिक विज्ञापन हुनुहुँदैन भनी कसैकसैले तर्क गर्छन् । रेडियो बाँच्नु र उन्नति गर्नु सबैभन्दा महत्वपूर्ण कुरा हो र सबै विज्ञापनलाई स्वागत गरिनुपर्छ भनी अरुहरू भन्छन् । स्थानीय उत्पादन र सेवाको मात्र विज्ञापन गरेर दुई विचारबीच सम्झौताको नीति अपनाइएको छ । उच्च प्रविधि र रासायनिक पदार्थहरू प्रयोग गरेर उत्पादन गरिएका बाहिरबाट पैठारी भएका मालसामानहरूको खपतभन्दा परम्परागत तथा स्थानीय उत्पादनलाई सम्बर्द्धन गर्नु स्टेसनको सिद्धान्त हो । व्यापारिक स्टेसनहरूको सन्देश घरेलु उत्पादनलाई हतोत्साहित नगरेर यी उत्पादनहरूलाई प्रवर्द्धन गर्नु रहेको

देखिन्छ । अतः यो स्टेसनले बहुराष्ट्रिय कम्पनीहरूले उत्पादन गरेका कार्बोनेटेड पेय पदार्थहरूको विज्ञापन प्रसारण गर्दैन, न त मादक तथा सूर्तिजन्य पदार्थको विज्ञापन गर्छ ।

राजनीतिक विज्ञापन पनि विवादास्पद हुन्छ । देशका धेरैजसो रेडियो स्टेसनका लागि चुनाव कमाउने सुनौला अवसर हुन्छ । एक दर्जनभन्दा धेरै दलहरूले प्रसारण समय किन्छन् र नियमित मूल्यमाथि २० देखि १५० प्रतिशत सम्म सर्चार्ज थप्नु चलन नै हो । विज्ञापनप्रतिको आकर्षण निकै बलियो छ । हालका चुनावहरूमा एउटा दलले चागुआरुर्कोबाट प्रसारण समय किन्न जुन मूल्य दिने प्रस्ताव गऱ्यो त्यो रकमले स्टेसनको महिनौंको खर्च चल्नसक्थ्यो । त्यो प्रस्ताव स्वीकार गरिएन । समुदायका लागि यो लाभदायक ठानिएन । यो स्टेसन बलिया दलहरूलाई विज्ञापन गर्न दिएर थप लाभ पुऱ्याउनुभन्दा सबै दलहरूलाई समान अवसर दिन रुचाउँछ ।

सामुदायिक सूचना तथा व्यक्तिगत सन्देशहरूबाट हुने आम्दानीले स्टेसनको आम्दनीमा ४० प्रतिशत योगदान गर्छ । साथै, स्थानीय गैरसरकारी र सरकारी संस्थाहरूका लागि स्वस्थ्य तथा अन्य विषयहरूमा कार्यक्रम उत्पादन गरिदिनु स्टेसनको आम्दानीको अर्को स्रोत हो । स्टेसन स्थापना गर्न सघाएका स्पेनमा एकजना स्वयंसेवकले गठन गरेको सोलिडारिटी समूहबाट पनि स्टेसनले निरन्तर सहयोग पाइरहेको छ । यसले बिंगो खेलाएर, भोजको आयोजना गरेर तथा घरेलु उत्पादन बेचेर रकम संकलन गर्छ ।

*कसैले सुनिरहेको छ ?*

१९९६ को जुन र नवेम्बरको बीचमा सान्ता इसाबेलबाट डच स्वयंसेवकको अगुवाइमा विद्यार्थीहरूको एउटा समूहले स्टेसन सुनिने क्षेत्रका ४००  मानिसको सर्वेक्षण तर्जुमा र संचालन गरेको थियो । त्यसले गरेका मुख्य निष्कर्षहरू यस्ता छन् :

- रेडियो सबैभन्दा उपयोगी माध्यम हो । शहरमा ६४ प्रतिशत मानिसहरूले, खास गरी साँझको समयमा टेलिभिजन हेर्छन् । ग्रामीण क्षेत्रमा ४० प्रतिशत मानिसहरूको मात्र टेलिभिजनमा पहुँच छ ।
- शहर र काँठ दुबै ठाउँमा श्रोता संख्याको दृष्टिले रेडियो चागुआरुर्को पहिलो नम्बरमा छ । अझ काँठमा, प्रौढ श्रोताहरूकोबीचमा र साथै कम शिक्षित व्यक्तिहरूमा यो बढी लोकप्रिय छ ।
- गाउँका ४० प्रतिशत मानिसहरूले रेडियो चागुआरुर्को "दिनदिनै" सुन्ने गरेको दाबी गरे । काँठतिर यो संख्या झण्डै ५० प्रतिशत पुग्छ ।
- गीत संगीत सबैभन्दा लोकप्रिय कार्यक्रम हो । त्यसपछि समाचार र सामुदायिक सूचना वा घोषणाहरू पर्छन् ।

सर्वेक्षणले स्टेसनलाई श्रोताहरूले रुचाएको देखायो । तर समय तालिका मिलाउने, उद्घोषकहरूलाई राम्रो तालिम दिने, कार्यक्रममा कृषि संबंधी जानकारी बढाउनेजस्ता कहाँ कस्ता सुधारको खाँचो छ भन्ने पनि यसले देखाएकोछ ।

सर्वेक्षणले तथ्यांकहरूमात्र दिएन यसले चार वर्षको संचालन अवधिमा रेडियो चागुआरुर्कोले समुदायको जीवनका केके महत्वपूर्ण परिवर्तनहरू ल्याउन मद्दत गऱ्यो भन्ने पनि स्पष्ट पारेको छ । यसले समुदायहरूको बीचमा संचारलाई सुधाऱ्यो । बढी प्रजातन्त्र ल्याउन र अख्तियारको दुरूपयोग रोक्न सघायो । अनुभवहरू बाँडचुँड गर्न र समस्याको समाधान खोज्न मद्दत गऱ्यो । साथै मानिसहरूलाई आफ्नो संस्कृतिप्रति सचेत हुन र गर्व गर्न सिकायो ।

*समुदायलाई रेडियो स्टेसनले कसरी मद्दत गरेको छ ?*

घोषणा, सूचना तथा विज्ञप्तिहरूका लागि स्टेसनले चाँजो मिलाएको छ। विहान, दिउँसो र साँझ तीन पटक आधाआधा घण्टा समय छुटचाइएको छ । यो अवधिमा मानिसहरूले अस्पतालमा बिरामीको अवस्था, निधन, चौपाया हराएको, बैठकमा भागलिन निम्तो आदि सबै खालका सन्देशहरू रेडियोमा पठाउनसक्छन्। यसरी रेडियोले टेलिफोन नहुनेहरूका लागि टेलिफोनको काम गर्छ।

स्टेसन भएको फलस्वरूप सरकारी अधिकारीहरू, संस्थाहरू र व्यापारीहरू बढी प्रजातान्त्रिक बनेका छन् । यसअघि कृषक तथा कृषि मजदुरहरूप्रति दुर्व्यवहार गर्नु, उनीहरूलाई महँगो दाममा मालसामान बेच्नु, सार्वजनिक परियोजनाको काममा ल्याइएका सामान उनीहरूलाई बेच्नु आदि सामान्य दैनिक व्यवहार वा चलन नै बनेको थियो । अब यस्तो दुर्व्यवहार वा दुरूपयोग भयो भने सबैले रेडियोबाट थाहा पाउँछन्। फलस्वरूप यस्तो दुरूपयोग व्याबहारिक रूपमै बिलाएको छ।

अनुभव र समस्या बाँडचुँड गर्न रेडियोले सघाएको छ। उदाहरणका लागि, कुनै समुदाय बिजुली वा खानेपानी जस्तो सेवा पाउन सफल भएको छ भने त्यो समुदायले कसरी त्यो सेवा पाउन सफल भयो, कुनकुन प्रक्रिया पूरा गर्नुपर्‍यो, कुनकुन सरकारी वा सार्वजनिक कार्यालयहरूमा जानुपर्‍यो भन्ने कुरा रेडियोबाट सुनाउँछ । यो सुनेपछि अरु समुदायहरूलाई त्यो सेवा पाउन सजिलो हुन्छ । साथै दैनिक समस्याका समाधानहरू पनि बाँडचुँड गरिन्छ। जस्तै, खेतीपातीका सीप र प्रविधिहरू, वा चर्पी बनाउने विधि आदि।

रेडियोले स्थानीय संस्कृति, संगीत र बोल्ने तरिकाको पुनर्मूल्यांकन गर्न पनि मद्दत गरिरहेको छ । व्यावहारिक रूपमा हराइसकेका र बूढाबूढीहरूले पारिवारिक जमघटमा मात्रै गाउनमा सीमित भएका गीतहरू फेरि रेडियोमा सुनिन थालेका छन् । यस्ता गीत समावेश भएका कार्यक्रमहरू रेडियोका सबैभन्दा लोकप्रिय कार्यक्रमहरूमध्ये पर्छन् । यी गीतहरूले स्थानीय संस्कृतिलाई नवीकरण गर्दै गौरवान्वित पार्दैछन्।